# भग्न आस्थाको खण्डहर

विजय चालिसे



Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# भग्न आस्थाको खण्डहर

(कथा सङ्ग्रह)

*विजय चालिसे*

लेखक : विजय चालिसे

प्रकाशक : साङ्ग्रिला प्रकाशन, काठमाडौं ।

पहिलो संस्करण : २०५६ ...

मुद्रक : गोरखापत्र संस्थानको छापाखाना, धर्मपथ

मूल्य : रु. ६०।-

कम्प्यूटर : प्यारामाउन्ट कम्प्यूटर, कालिमाटी, फो. २७८७२५

---

**BHAGNA ASTHA KO KHANDER,**

**Story Collection by : VIJAYA CHALISE**

# कथाक्रम


युगयुगकी जानकी ........................................ १
रगतको फूल ........................................ ७
हर्के केही बुझ्दैन ........................................ १४
आगोको फिलुङ्गो ........................................ १७
विश्वास / अविश्वास ........................................ २१
पारू ........................................ २५
धमिरो ........................................ ३२
भग्न आस्थाको खण्डहर ........................................ ३८
कोटाको सिकार ........................................ ४६
स्वतन्त्रताको मूल्य ........................................ ४९
एउटा निर्दोष प्रश्न ........................................ ५३
छायाँमुक्ति ........................................ ५८
चर्केको घर ........................................ ६३
रणनीति ........................................ ७०
बादलमाथिको उडान ........................................ ७५
द्रौपदी नियति ........................................ ८४
जोगी मामा ........................................ ९२
सम्पूर्ण क्रान्ति ........................................ ९९

# आभार

- आस्था र विश्वासहरू विखण्डित भइरहेका छन् । हिजोका शिखरपुरूषहरू आफ्नो कदलाई आफैं होच्याइरहेका छन् । चरित्रविघटनको प्रक्रिया तीव्र छ र मानवीय सम्वेदना, राष्ट्र र राष्ट्रिय चेतना सबै विकृत राजनीतिको बन्धक बनेका छन् ।

- यिनै पीडाका सर्पदंशबाट पीडित सामाजिक परिवेश भोग्ने लेखकका रचना त्यो पीडाबोधभन्दा अलग हुन सक्दारहेनछन् । त्यसैले कथामा यही दंश, यही पीडा र यही युगबोध मुखरित भएका रहेछन् भने अन्यथा ठानिने छैन ।

- सङ्ग्रहका बारेमा थप केही भन्न चाहन्न, कथाहरू स्वयम् नै बोल्नेछन् भन्ने विश्वासमा छु ।

- सङ्ग्रहका कथाहरू आद्योपान्त पढेर मन्तव्यहरू लेखिदिनुहुने कथासाहित्यका मूर्धन्य समालोचक डा. दयाराम श्रेष्ठज्यू तथा मेरा मित्र युवा समालोचक पुरुषोत्तम सुवेदीज्यूप्रति कृतज्ञतापूर्ण आभार प्रकट गर्दछु ।

- यस्तै सङ्ग्रह प्रकाशन गर्न प्रेरणा दिने मेरा अनन्य मित्र तेजप्रकाश श्रेष्ठ, आवरण कला तयार गरिदिने आलोक, छपाइशुद्धिमा सहयोग गर्ने कृष्णप्रसाद भण्डारी र कम्प्युटर टाइप गरिदिने दीपककिरण श्रेष्ठ तथा मुद्रणको भार लिइदिने गोरखापत्र संस्थान लगायत सम्बद्ध सबै धन्यवादका हकदार हुनुहुन्छ ।

- विजय चालिसे

# मन्तव्य

**भग्न आस्थाको खण्डहरमा** संग्रहित कथाहरू पढ्दा मलाई भन्न मन लागेका कुराहरू यस प्रकार छन् :

- यो सङ्ग्रह समकालीन, सामाजिक तथा राजनैतिक परिस्थितिको साहित्यिक अभिलेख बन्न सकेको छ ।
- कथाकार विजय चालिसेज्यूले आफू बाँचेको समयको राजनीतिले जन्माएका दुर्गन्धहरूलाई राम्ररी चिनाउनु भएको छ ।
- उहाँले संकीर्ण सामाजिक रुढ प्रवृत्ति र पुरातन संस्कारमाथि प्रहार गरी आफ्नो विद्वेषलाई स्पष्टसँग प्रकट गर्नुभएको छ ।
- विभिन्न क्षेत्रहरूबाट निमुखा मानिसहरू (विशेष गरेर गरीब गाउँलेहरू) ले खप्नु परिरहेको कष्टप्रति उहाँले सहानुभूति देखाउनु भएको छ ।
- सामाजिक अन्याय र अत्याचार मात्र नभएर दमन र आतङ्कप्रति पनि उहाँले विद्रोहको भावनालाई खुलेर व्यक्त गर्नुभएको छ ।
- व्यङ्ग्यको सचेत र प्रभावकारी प्रयोगमा पनि उहाँ निकै सक्रिय देखिनुभएको छ ।
- व्यक्ति र समाजभित्रको मूल्य द्वन्द्व, ग्रामीण परिवेशभित्रका आर्थिक र संस्कारगत द्वन्द्व तथा युगीन यथार्थले जन्माएका मानवीय द्वन्द्वहरूलाई उहाँले ज्यादै राम्ररी पकड्न सक्नुभएको छ ।
- कथाका पात्र र सम्वादबीच मेल संयोजन गरेर कलात्मकतालाई स्वायत्त गर्न उहाँ अग्रसर हुनुहुन्छ ।

संक्षेपमा भन्नुपर्दा विजय चालिसेज्यू परिवर्तित समय, युग र मूल्यको सन्निकटमा रहेर निम्न वर्गका मानिसहरूको जीवनको आलेख तयार पार्ने कथाकारका रूपमा देखिनुहुन्छ । तीव्र चेतनाको परिधिभित्र रहेर उहाँले कथाकार हुनाको संवेदनालाई इमानदारपूर्वक लिपिबद्ध गर्नुभएको छ । त्यसैले प्रस्तुत सङ्ग्रह नलेखिएको आजको नेपालको सामाजिक इतिहास लेख्न चाहने समाजशास्त्रीका लागि सन्दर्भ-सामग्री हो भन्ने मेरो ठनाइ छ । उहाँको कथा-यात्राको अझ गतिशील प्रगतिको कामना गर्दछु ।

- डा. दयाराम श्रेष्ठ
त्रि.वि., कीर्तिपुर

# विजय चालिसेको रचना संसार

समकालीन नेपाली कथाका सक्रिय हस्ताक्षर विजय चालिसेको नयाँ कथा पाण्डुलिपि छ अहिले मेरो हातमा । "भग्न आस्थाका खण्डहर" कथा सङ्ग्रहमा संकलित कथाहरूले समकालीन नेपाली राजनीति र सामाजिक संक्रमणसँग जोडिएको विक्रम सम्वतको दोश्रो सहस्राव्द (Millennium) वि.सं. २००० को लगत्तै अघि र पछि आम नेपालीको नयाँ राजनीति, अर्थतन्त्र र सामाजिक जीवनको लागि संघर्षरत आशावादी तर पीडादायी आख्यानको चमत्कारी र मौलिक रूप प्रस्तुत गर्छन् । इस्वी सन्को दोस्रो सहस्राव्दको समाप्तिपछि हाम्रो संघारमा आइपुगेको तेस्रो सहस्राव्दको संघार (सन् २०००) मा आशा र जिजीविषाका सपनाहरू कोरलेर संघर्षरत हाम्रो पुस्ता (जसमा विजय चालिसे पनि पर्छन्) ले जुन उज्यालोको आह्वान गरेको हो, त्यसको कुनै आभाष पनि नदेखिएर विस्मृत हुन पुगेको छु म, जसरी विजय चालिसे विस्मृत छन् आफ्ना कथामा आस्थाको तिरोहण, सपनाको हत्या र लक्ष्यको असफलताबाट यस संग्रहका कथाहरूभित्र वि. सं. १९९७, २००७, २०१७, २०३६ र २०४६ साल मात्र होइन, तिनका बीचका रक्तरञ्जित समयहरू र ती समयमा मारिएका सपनाका शवहरू, शवका अवशेष र इतिहासले छोडेका आस्थाका भग्न खण्डहर यततत्र देखिन्छन् । वि.सं. २००७ मा जन्मेको नेपाल राष्ट्रको नयाँ चेतना राजनैतिक अर्थमा जति अन्यौलग्रस्त छ, साँस्कृतिक-सामाजिक रूपमा ज्यादा अग्रगामी रहेको यथार्थ अनेक घटना र सङ्केतहरूले प्रमाणित गर्दछन् । एउटा धार्मिक, जातिवादी र सामन्तवादी राष्ट्रको राष्ट्रिय जीवनमा आएको उथलपुथल र संक्रमणबाट शान्त तलाउमा अनेक लहरहरू उठे र ती लहरमा धेरै विजय चालिसेहरू किनारा भेट्न अहिलेसम्म पनि संघर्ष गरिरहेका छन् । नेपाली समाजको यही संघर्षमा पीडा, निराशा, क्रूरता, कोमलता, उष्मा, चेतना, कुण्ठा र जिजीविषाका अन्तर/बाह्य पत्रहरू विजयका प्रत्येक कथामा टिपिएका छन् । सांस्कृतिक, सामाजिक र मूल्यगत यथास्थिति विरुद्ध नयाँ जीवनको निर्माण र विस्तारमा प्रतिबद्ध विजय चालिसेको पुस्ता नेपाली समाजको चेतनागत संक्रमणबाट सबैभन्दा बढी प्रभावित र परिवर्तन ग्रहणशीलता तीव्र रहेको पुस्ता हो । परिवर्तित समयले सृजना गरेको जीवनमूल्यको विघटनका साथ राष्ट्र र सामान्य मान्छेले भोगेको दमन र पीडा तथा आस्थाप्रतिको प्रतिबद्धता प्रत्येक कथामा कतै प्रत्यक्ष र कतै परोक्ष रूपमा टिपिएका कारण सरोकारको सूक्ष्मता र यथार्थवादी चेतना मुखरित भएको छ । विजयका कथामा रूपगत सहजता र अन्तर्वस्तुको लक्ष्यभेदी सरोकार

कथाको प्राणको रूपमा रहेको छ । त्यो सरोकार कतै सीताको बिम्बमा नारी स्वतन्त्रताको पक्षमा, कतै धमिरो दार्शनिकको रूपमा, कतै सुकुम्वासीको रूपमा, कतै स्वतन्त्रता सेनानी र उसको शहीद पुत्रको रूपमा र कतै आर्थिक विश्रृङ्खलताको कारण प्रताडित जोगीमामाको रूपमा समकालीन संघर्षका काँचो वायुको रूपमा पात्रहरूको मुक्ति संघर्षमार्फत टिपिएको छ । यसरी हेर्दा कथाको समयसापेक्षता प्रगतिशील त छ नै पुरातनताको गरिमा पनि आफ्नै मौलिक सर्तमा जोगाएर अघि बढ्ने दम छ विजय चालिसेको रचना संसारमा । विजय चालिसेको कथा चेतनामा यथार्थवादी, जनसरोकारवादी र प्रगतिवादी चेतना बाल्यकालमै रोपियो स्वनामधन्य पिता कथागुरू रमेश विकलको प्रभाव-प्रेरणा र यात्राको (सम्पत्ति जस्तै उत्तराधिकार नभनिए पनि) एक खालको विरासतको रूपमा । अत्यन्त कम उमेर मै लेखन शुरु गरेका र चेतना परिष्कारका लागि पूरै वातावरण आफ्नो पोल्टामा पाएका विजय चालिसे गाउँ र शहर, गरीबी र भोकमरी, प्रतिबद्धता र पलायन, आस्था र अनास्थाजस्ता अनेक संकटहरूको अनुभव गरेका र जीवनको यात्रा आफ्नो सर्तमा बचाएका हाम्रो समयका एक प्रभावशाली लेखक हुन् । प्रत्येक रचनामा लक्ष्यप्रतिको एकाग्रताले आफूलाई एउटा वर्गीय शिविरको पक्षधरता पूरै कलाका शर्तहरू पालना गरेर उनले प्राप्त गरेका छन् । एकातिर उनको रचना कलाका प्रत्येक शर्तहरूबाट खारिएर स्थापित हुन्छ भने अर्कोतिर आलोचनात्मक यथार्थवादी चेतना पनि कलाको भासमा हराएको छैन । रूप र अन्तर्वस्तु दुवैलाई सत्ताप्रदान गर्नु सजिलो कर्म होइन तथा यथार्थको जंगलमा कल्पना र प्रयोगशीलतालाई स्वभाविक र लक्ष्य अभिमुख जोगाउनसक्नु अर्को अप्ठेरो काम हो । विजयको लेखनलाई यस्ता बाधाहरूले न त रोक्न सक्छन्, न त उनको रचनाकार आफ्नो पक्षधरता छोडेर शत्रु शिविरमा पलायन गर्ने कुनै सम्भावना नै बाँकी रहेको छ । पीडा, संघर्ष र असफलताभित्र मानवीय संत्रासका धेरै बिम्बहरूमा यथार्थ जीवनको राष्ट्रिय विफलता यति राम्रोसँग विजयका कथामा बुनिएको छ कि कति ठाउँमा त समसामायिक घटनाचक्र नै हो कि जस्तो पनि लाग्छ - कलेवरमा । तर भित्री तहमा कलाका कुनै पनि मूल्यमाथि प्रश्न उठाउन सक्दैनन् आलोचक र पाठकले । समकालीन नेपाली कथामा जीवनको पक्षधरता र राजनीतिको मानवीयताको पक्षमा यति कठोरतासाथ, निष्ठासाथ र सचेततासाथ आफ्नो सरोकार प्रस्तुत गर्ने कमै कथाकार होलान् विजयजस्ता ।

नोकरी, प्राध्यापन र विकास पत्रकारिताको लामो अनुभवले गर्दा विजयको कथामा सत्यको अनुहार बहुकोणबाट उपस्थित हुन्छ । बाल-साहित्य, यात्रा-संस्मरण, जासुसी उपन्यास, विज्ञान कथा र व्यावसायिक पत्रकारिताको व्यापक सिर्जना अनुभव र सूचनाको व्यापक प्राप्ति र विश्लेषण क्षमताका कारण प्रत्येक कथामा फरक जीवन र फरक मानवीय सङ्कटका पाटाहरू नयाँ र शक्तिशाली अनुहारमा उपस्थित गराउन सक्छन् विजय चालिसे । भूत, भविष्य र वर्तमानको कल्पना, चेतना र समय सन्दर्भ समकालीनतासँग जोड्ने विजयको प्रविधि सिर्जनात्मकता र शब्द सामर्थ्यले युग, समय र त्रासदी जसरी टिप्छन्,

तिनको छायाबाट पछिको समयले बाँच्ने सन्दर्भ र सूत्र पनि प्राप्त गर्छ। विजयले प्रत्येक रचनामा आफ्नो चेतनाको गतिलाई युगको गतिसँग प्रतिद्वन्द्विता र सम्झौता गर्ने सकारात्मक र जीवनमुखी आग्रहको रूपमा अघि बढाएका छन् । विजयका सकारात्मक शक्तिहरू धेरै छन् तर सकारात्मकता मात्र पनि उनको शक्ति होइन । एउटा सामान्य मान्छेको कमी, कमजोरी र संकटमा उनका पात्रहरू र उनी स्वयम् पनि पक्षधरता लिन र संकट विरूद्ध आफ्नो धरातलको निर्माण गर्न सक्रिय हुन्छन् । मानवीय स्वतन्त्रताको पक्षमा बीचबीचमा आउने संकटहरूलाई परास्त गर्न कताकता विजयले आफ्ना पात्रहरूलाई बढी उचालेका पनि देखिन्छन् भने कतिपय अवस्थामा उनको लक्ष्यलाई पुष्टी (Justify) गर्न लक्ष्य बिरूद्धको शिबिरका पात्रहरूले अनाहकमा दुःख पाएका पनि देखिन्छन् । एउटा इमान्दार व्यक्ति, लेखक र सचेत नागरिक असामाजिकता बिरूद्ध भिड्ने क्रममा नैतिकता, इमान र बिश्वासको एउटा न्यूनतम घेरा बनाउँछ र त्यस घेराभित्र आफ्ना पात्रहरूलाई हलचल गर्न दिंदा आफ्ना शर्तबाहिरको पक्षधरता लिने पात्र र प्रवृत्ति माथि केही धुनछेक भएको पनि हुनसक्छ । तर प्रायोजित र दुरासय उनको लक्ष्य नभएको हुँदा उनले पात्रहरू माथि गरेको नियन्त्रण स्वाभाविक र मानवहितको पक्षधर हुन आउँछ ।

सङ्ग्रहका अठाइ कथामध्ये सात वटा छोडेर बाँकी कथाहरूको जग राजनीतिमा गाडिएको पाइन्छ भने सात बटा कथाका बिम्बहरू समाजका बिभिन्न वर्ग, क्षेत्र र सामाजिक परिवेशबाट लिइएका छन् । राजनीतिक विषयवस्तुका कथामा विजय जति सफल देखिन्छन् सांस्कृतिक/सामाजिक र गैरराजनीतिक कथामा पनि यथार्थको साक्षात्कारमा कुनै कमी छैन । कथाका अनेक स्थानमा राजनीतिक बिकृतिका सिकार र सांस्कृतिक/सामाजिक बिघटनका प्रत्यक्ष मारमा परेको स्त्री अस्मिताप्रतिको सरोकार विकासै सांस्कृतिका नारीवादीहरूको भन्दा गहन, गम्भीर र अन्तर्तहसम्म पुगेकोछ । प्राचिन धार्मिक दृष्टिकोण होस् वा वर्तमान उपभोक्ता संस्कृति होस् नारी जातिलाई वस्तुको रूपमा हेर्ने दृष्टि एउटै छ । तर बिजयको दृष्टि नारी पुरुष समानताको पक्षमा मूलतः नारी पक्षधरताको मात्रा ज्यादा भएको भन्न मिल्ने तहमा रहेको छ । राजनीतिमा पनि सत्तासुख भोग गरिसकेपछि राजनीतिज्ञले आस्था र विश्वास माथि सट्टावाजी गर्ने र व्यक्तिहितमा जनताको हित विरूद्ध खेल्ने सनातनता र वैचारिक विचलनले सामाजिक नैतिकता र व्यक्तिको अडानमाथि ल्याउने तिरोहणका भित्रीतहसम्म पुगेर कथामा यथार्थ र समसामयिकताको बेग्लै भूमि खोज्ने काम विजयले आफ्ना कथामा गरेका छन् । बाम आन्दोलनका पक्षधर धेरै विजयहरू जनमत सङ्ग्रह, त्यसपछिको राजनैतिक आरोह/अवरोह, ०४६ सालको जनउभार र जनआन्दोलन पछि फेरिएका सत्ताका प्यादाको रूपमा बिटुलिएका आफ्ना आस्थाका नायकहरूको पतन र क्रान्तिका सपनामा आएको तिरोहणका अनेक थप्पडहरू पीडा साथ स्वीकार्न र असहमति राख्दा राख्दै पनि आफ्नो लाचार राजनैतिक पराजय भोग्न बिवश देखिन्छन् । आदर्श तिरोहणले आस्थामा पारेको चोटबाट विजय केही कथामा यति आक्रोसित बन्छन् कि सम्पूर्ण क्रान्ति, रगतको फूल, बादलमाथिको

उडान, कोटाको शिकार चर्कको घर, स्वतन्त्रताको मूल्य र शीर्षक कथा भग्न आस्थाको खण्डहरजस्ता केही कथाहरूमा समसामयिक राजनीतिको नकारात्मक यथार्थ स्पष्टै टिपिएको देखिन्छ । तर समसामयिकता र स्थानीयता टिप्ने क्रममा ग्रहण गरिएका घटना र बिम्बहरू भित्र राम्ररी पसेर हेर्दा ती कथामा रहेका यथार्थको चुरो बलियो रहेको र आख्यानको बुनोटमा स्थापित कला प्रभावशाली रहेका कारण प्रत्येक कथाको स्तर र कलामूल्यमाथि प्रश्न उठाउन नसकिने यथार्थ पनि छर्लङ्ग रहेको छ । विजयले जन्माएका र हुर्काएका पात्रहरू यही समाज, संस्कृति र परिवेश भित्र छन् । ती काल्पनिक रूपमा, इतिहासका पात्रको रूपमा वा संस्कृति विशेषका वर्गीय चरित्रको रूपमा देखिएका छन् । तिनले बोकेको परिवेश पनि बर्तमान कै छ तर तिनले ग्रहण गरेको र धारण गरेको कलामूल्य समयसिमाले सीमित गर्न नसक्ने कालजयी रहेको छ । नेपाली कवितामा भूपि शेरचनले जोगाएको समसामयिकताको अमरतालाई मानक मान्ने हो भने विजय चालिसेका कथामा पनि त्यो शक्ति छ र समयक्रमले त्यसलाई प्रमाणित गर्नेछ भन्ने मलाई लाग्छ । विजयका कथा न त रूपवादी भासमा परेका कलाका मृत शरीर न त राजनीति वा अन्य नियोजित आग्रह धारण गरेका प्रायोजित कलाहीन शब्दका थुप्रा नै हुन् ! यिनमा विजयले कला र अन्तर्वस्तुको सुन्दर संयोजन गरेर हाम्रो समयका पीडा, कुण्ठा, आक्रोस, संघर्ष र जीवनका आग्रहहरूलाई कथाको रूपमा पस्केका छन् । प्रत्येक लेखक चिन्तन र सृजनाको बीचबाट निस्कने बहुपक्षीय संकटसँग रचनाकारको सत्त्व जोगाएर अग्रयात्रामा जान चाहन्छ । तर प्रत्येक अग्रयात्रामा सफलता नै हात लाग्छ भन्ने पनि छैन । तर कथाकार विजय चालिसेलाई उनका इमानदार र स्वभाविक कथा सिर्जनाले सफलता हात लगाउने विश्वासमा म छु र विजयको गम्भीर, स्थिर र जिम्मेवार सिर्जना यात्रालाई नजिकबाट हेर्नेहरू सबैले उनको विजयप्रति अग्रिम शुभकामना दिनु अस्वभाविक ठहर्दैन भन्ने विश्वास पनि मैले पूरै जिम्मेवारी र तटस्थता साथ स्वीकारेको छु ।

- पुरुषोत्तम सुवेदी

# युगयुगकी जानकी

"निर्भय रहू ! सुख सुविधाको सबै कुरा उपलब्ध हुनेछन् तिम्रा लागि ! चिन्तारहित भएर बस ।" सुन्दर मनोरम अशोक वाटिकाको मध्यमा निर्मित कक्षमा बलात् ल्याइपुऱ्याइएकी सीताले रावणको स्वर पञ्चवटीबाट हरिएपछि पहिलोपल्ट सुनिन् । उसको त्यो आश्वासनयुक्त स्वरमा प्रलोभनको भाव थियो कि धम्कीको, उनले बुझिनन् ।

"निर्भय रहूँ । तँजस्ता कामुक दानवको कैदमा कसरी निर्भय रहन सक्छु म ! तँ कापुरूष होस् ... त्यसैले त पति संरक्षणमा रहेकी एउटी शक्तिहीन नारीलाई छलले हरण गरिस् । र पनि भन्छस् निर्भय रहू ।" सीताको आक्रोशजनित आग्निवाक्य रावणको भित्री मनको तहलाई दग्ध पार्छ ।

"हो त ... मैले नकाम गरें । आफ्नी बहिनीमाथि रामले गरेका अन्याय र अपमानको बदला लिन बैनी जस्तै अर्की नारीमाथि मैले यो अन्याय गर्नु हुँदैनथ्यो । अब के भिन्नता रह्यो र राम, लक्ष्मण र ममा ; जसरी उनीहरूले नारीभावनाको अनादर गरे, अपमान गरे र एउटी नारीलाई पीडा दिए त्यसरी नै मैले पनि त अर्की अबला नारीलाई अपहरण गरेर नारी मात्रकै अपमान गरें नि ! ओहो कसरी भावनामा डुब्नु पुगेछु म, विवेक गुमाएर । तर अफसोच यसलाई तत्काल सुधार्ने उपाय पनि त केही छैन ।"

मनभरि पश्चात्तापपूर्ण तर्क गर्छ ऊ, र प्रकटमा यतिमात्र भन्छ- "मप्रति विश्वास गर्नु तिम्रो बाध्यता हो, र विश्वासको रक्षामा तिमी मानवभन्दा हामी दैत्यमाथि बढी भर पर्न सक्छयौं ।"

रावणको दृष्टि अपलक सीताको शरीरमा गडेको थियो र सीता उसको अनुहारको भाव पढ्ने असफल प्रयासमा तल्लीन थिइन् । आफू अपहरित हुनाको यथार्थ कारणबाट सीता अनभिज्ञ थिइन् । त्यसैले बलिष्ठ दानव रावणको वासनाजन्य आक्रमणको शिकार भएर कुनै पनि क्षण सतित्व गुमाउनु पर्ने आशंकाले त्रसित थिइन् । दानवी कामुकता कथाका रूपमा आर्यसमाजमा निकै प्रचारित थिए । समस्त मिथिला प्रदेश र अयोध्या नगरीमा सुन्दरी कहलिएकी सीताले अहिलेसम्म आफ्नो सौन्दर्य र त्यस सौन्दर्यप्रति आसक्त भएर दानवी कामेच्छाकै कारण आफू रावणद्वारा अपहरित हुनु परेको अनुमान गर्नु अस्वाभाविक थिएन । त्यही अनुमानका कारण उनी भित्रभित्रै आशंकित भएर पनि बाहिर कठोर र निर्भय देखाउन भरपुर चेष्टा गर्दैथिइन् ।

तर रावणको कुनै पनि व्यवहारमा त्यो देखिएको थिएन । उसको अनुहारबाट व्यक्त भावका कुनै पनि पक्षले रावणभित्रको त्यो चाहको अभिव्यक्ति दिँदैनथ्यो । एउटा पुरूषको भाव र कामातुरता छुट्याउन सक्ने अनुभव एउटी नारीको दृष्टिले उनमा पनि पर्याप्त थियो, जुन अरूमा हुन्छ । एक टक आफ्नो अनुहारमा गडेका रावणका आँखा र अनुहारका भावमा कामवासनाजनित संकेतको दंसोसम्म उनले अनुभव गर्न सकेकी थिइनन् । ती दृष्टिमा बरू प्रेयसीभावभन्दा बढी भगिनीभावको आभास पाउँथिन् उनी । नारी शक्तिप्रतिको सम्मान र आदरको भाव देख्न पुग्थिन् उनी उसको हेराइमा । र, कताकता लाग्थ्यो- उसको अनुहारभरि अव्यक्त पश्चात्तापको छाँया ढाकिँदै छ ।

"म रावणको अनुहारमा जुन निर्मल भाव देखिरहेकी छु, के त्यो संभव हुनसक्छ ? ।.... अहँ यो संभव छैन ।" सीता आफैँलाई आश्वस्त पार्न सक्तिनन् ।

"यो उसको माया हो । आफ्नो मायावी शक्तिद्वारा ऊ आफ्नो कुत्सित भावलाई लुकाउन सफल भएको मात्र हो यो । मेरो सौन्दर्य र शरीर हासिल गर्नुभन्दा अर्को के उद्देश्य हुन सक्छ र मेरो अपहरण गर्नुमा ।

अथवा ऊ मनोवैज्ञानिक रूपमा नै मलाई परास्त गर्नचाहन्छ र स्वाभाविक समर्पणको बिन्दुमा पुऱ्याउन चाहन्छ ऊ । त के ऊ शक्ति प्रयोगको शरीरप्राप्ति चाहँदैन ? पाशविक बलात्कारको स्थिति पन्छाउन चाहन्छ । नभए शक्ति प्रयोगको त्यस्तो चाहना हुँदो हो त त्यसमा ऊ कुनै पनि क्षण सफल हुनसक्थ्यो । उसलाई त्यसो गर्नबाट रोक्ने पनि त कोही थिएन त्यहाँ । अनि बलिष्ठ शक्तिवान् रावणका लागि उनीजस्ती कोमल र शारीरिक शक्तिमा कमजोर नारीको शरीर भोग्न कठिन थिएन । जति नै आफूलाई जोगाउने प्रयत्न गरे पनि उनी अन्ततः परास्त हुन्थिन् । मनमाथि नभए पनि शरीरमाथि उनी आफ्नो नियन्त्रण राख्न असमर्थ थिइन् । यो त्यतिबेलाको सत्य थियो ।

सीता चकित थिइन् । यति बेलासम्म रावणद्वारा त्यस्तो कुनै प्रयत्न भएको थिएन । उसको एकै संकेतमा त्यो ठाउँ जनशून्य हुनसक्थ्यो । सीताको सेवामा रावणले खटाएका अनुचर दानवदानवी त्यहाँबाट हट्न सक्थे र त्यस निर्जनमा ऊ जे पनि गर्न सक्थ्यो । त्यो सत्यबाट सीता अनभिज्ञ थिइनन् । र पनि रावणको व्यवहार र अनुहारको भाव अत्यन्त साम्यावस्थामा थियो - सत्व, रज र तम तीनै गुणको साम्यावस्थामा । त्यो देख्दा रावण के हो, भन्न अत्यन्त कठिन थियो । उसको अभीष्ट के हो, छुट्याउन अत्यन्त कठिन थियो ।

आफूलाई निर्भय र चिन्तारहित भई बस्न उसले गरेको अनुरोधका केही शब्दबाहेक रावणको मुखबाट कुनै अरू शब्द निस्किएको थिएन । सीताका कटुवचन तथा उनले कामुक र कापुरूषको आरोप लगाउँदा समेत उसमा कुनै आक्रोश, उत्तेजना र क्रोधको भावना देखिएको थिएन । उसको त्यो समस्थिति र साम्यावस्था देखेर सीता स्वयं चकित थिइन् - कस्तो व्यक्ति हो यो ? कसरी निस्पृह रहन सकेको छ ऊ यो परिवेशबाट ।

सीताको अनुहारमा अपलक दृष्टि दिइरहेको रावणको अनुहारमा उनी कुनै भाव पढ्न सक्तिनन् । मानौं समाधिस्थ छ ऊ ! बाह्य आकर्षण, बाह्य

परिवेश र प्रकृति जगत्‌बाट पूर्ण निर्लिप्त। सीताको उपस्थिति र उनको आकर्षक सौन्दर्यमा अपलक दृष्टिपात गरेर पनि ऊ त्यसबाट पटक्कै प्रभावित देखिँदैन। उनलाई लाग्छ, आफ्नो मोहक सौन्दर्यलाई पनि रावण निरपेक्ष भावले प्रकृतिको कुनै जडबस्तुलाई हेर्नुभन्दा बढी महत्व दिइरहेको छैन। उसको यो व्यवहारले सीताभित्रको रूपगर्विता नारी पनि कताकता आहत हुन पुगेको उनी अनुभव गर्छिन्।

"कस्तो पुरूष हो यो रावण ? रूप सौन्दर्यबाट प्रभावित होइन भने के खोज्दै छ ऊ मेरो अनुहार र पूर्ण विकसित नारी शरीरमा, अपलक।" स्वयंसँग प्रश्न गर्छिन् र लाग्छ रावणको त्यस व्यवहारबाट उनी स्वयं परास्त हुँदैछन् र ऊ विजयी।

यसै स्थितिमा ऊ निःशब्द त्यहाँबाट हिँडिदिन्छ। उसको यो व्यवहारबाट सीता आफैलाई अरू आहत अनुभव गर्छिन्, उपेक्षा महसुस गर्छिन्। रावणको अनुपस्थितिबाट प्राप्त सुरक्षाको आश्वस्तताले एकातिर उनलाई खुसी लाग्छ र अर्कातिर उसको त्यो व्यवहारबाट व्यक्त उपेक्षाभावबाट उनी आहत भएको अनुभव गर्छिन्। यस्ता दुई विपरीत भावनाको अनुभव हुँदा उनी आफैसँग प्रश्न गर्छिन् - "के हुँदै छ मलाई ? किन यो परिवर्तन मभित्र ? । ऊ मेरो आफन्त होइन, जसको उपेक्षा भावले मलाई घोचोस्। ऊ त मेरो अपहर्ता हो, मेरो शत्रु हो र नारी अस्मितालाई शक्तिले पदाक्रान्त गर्ने पुरूष गर्वद्वारा उन्मत्त एउटा पुरूष प्रवृत्ति हो। यो जान्दाजान्दै पनि म किन उसको त्यो मौन र त्यो मौनबाट अभिव्यक्त उपेक्षाभावले चिमोटिएको अनुभव गर्छु।" सती आदर्श निर्माणमा अग्रसर सीताको अन्तरले कुनै उत्तर दिन सक्तैन। सम्भवतः कोमल नारीमनकी सीतासँग कठोर सतीमनकी सीता कुनै उत्तर सोध्न पनि सक्तिनन्।

त्यस मानसिक अन्तर्द्वन्द्व र संघर्षका क्षणमा पनि अशोक वाटिकाको सुन्दर प्राकृतिक वातावरण कुनै ऋषिको तपोभूमिभन्दा कम लाग्दैन उनलाई। रावणको प्रत्यागमन पश्चात् उनी त्यही रमणीय प्रकृतिमा हराउने प्रयास गरिन्। आफन्तजनबाट पर, अपहरित रहनुपर्दाका मानसिक पीडाको पनि याद रहँदैन उनलाई। आफन्तजनबाट सधैं पर रहनुपर्ने नारी नियतिबाट उनी पनि त मुक्त छैनन्। एकपटक उनी मिथिलाका आफन्तहरूबाट अलग्याएकी थिइन्। र अहिले दोस्रोपल्ट, अयोध्याका आफन्तहरूबाट अलग्याइएकी छन्।

यस्तै बेला विगतका स्मृतिहरू समय कटाउने उपयुक्त माध्यम बन्छन्। सीता पनि भूत-स्मृति र भूत-चिन्तनमा हराउन थाल्छिन्। यही उपायबाट रावणलाई आफ्नो मनमस्तिष्कको अन्तरबाट पुछेर फाल्ने उनको चाहना हुन्छ।

जीवन कति अस्थिर छ। बिदेह पिताको वात्सल्य र मिथिलाञ्चलको धरतीको सुवासमा राम्ररी फक्रनै नपाई त्यहाँबाट चुँडिनुपर्दाको त्यो स्थितिमा पहिले त कति विचलित भएकी थिइन् उनी। त्यहाँबाट चटक्क चुँडिएर पतिगृह लगिएकी थिइन् एउटा वस्तु झैं। त्यतिबेला पनि उनलाई कताकता लागेथ्यो - आफन्तजनबाट छुटाएर कसैद्वारा अपहरित भएकी छन् उनी।

चिन्तन तहबाट उनी एक्कासि सजग हुन्छिन् र सतहमा फर्किन्छिन् - "किन यतिविन उद्विग्न हुँदैछु म । किन यस्ता असंगत विचार आइरहेछन्- किन आफैँलाई वस्तु अनुभव गर्दैछु म स्वयं पनि । आखिर म मानव हुँ, सचेत मानव र एउटी सम्पूर्ण स्त्री ।" आफ्नो सोचाइबाट आफैँ चकित हुन्छिन् उनी ।

तर पनि मनको अर्को कुना अशान्त छ र उनी आफूलाई वस्तुकै रूपमा भन्दा समाजले अर्को अर्थमा नहेरेको अनुभूतिलाई मेट्नै सक्तिनन् ।

हो म, अर्थात् एउटी नारी वस्तुभन्दा माथिको स्थितिमा कहिले पो छु र । आफूलाई त्यति माया गर्ने पिताश्री पनि त बारम्बार भन्नुहुन्थ्यो - तिमी नासो हौ सीता । योग्य वरको हातमा नसुम्पियुन्जेलको नासो ।

त्यतिबेलाको सीताको बाल्यमनले कुनै विश्लेषण गर्न सक्तैनथ्यो - के हो नासो ? अहिले उनी त्यो अभिव्यक्तिको अर्थ खोज्छिन् । र, उनलाई लाग्छ नासो स्वयंमा वस्तुभन्दा पृथक् कसरी हुनसक्छ । नासो भन्नु नै वस्तुभावबाट प्रेरित शब्द होइन र ! त्यसैले समाजले मलाई वस्तुभन्दा अलग व्यक्तिको रूपमा कहिले पो हेरेको छ र ?

उनी सम्झन्छिन्, उनको कथित स्वयंवर । उनलाई वरण गर्ने इच्छाले देशदेशावरका राजकुमारहरू उपस्थित छन्, राजा-महाराजाहरू उपस्थित छन् । पिताश्रीद्वारा निर्धारित शर्त अर्थात् शिवधनु भङ्ग गरी सीताजयको कामना-प्रेरित ती वीरहरू वीरता प्रदर्शनका निमित्त आतुर छन् ।

त्यही लाममा अयोध्याका राजकुमार श्रीराम र लङ्काधिपति रावण पनि त्यहीं छन् । सबै आफ्नो शौर्यबाट सीता-विजयका लागि बल प्रदर्शन गर्दैछन् । अर्थात् पिताश्री जनकको शर्त पूरा गरेर सीतालाई जित्ने उनीहरूको अभीष्ट छ । त्यो शर्त श्रीरामले पूरा गर्छन् र सीता उनको शर्तपूर्तिको पारितोषिकका रूपमा राम अर्पित गरिइन्छिन् ।

त, त्यति बेला पनि म एउटा वस्तुभन्दा पृथक अस्तित्वका रूपमा कसरी स्वीकारिएँ र ? त्यो त कुनै स्वयंवर थिएन । हो, त्यतिबेलाको मेरो किशोरी मन मेरो उमेर सुहाउँदो श्रीरामको सौन्दर्य र शालीनताप्रति केही आकृष्ट थियो होला । तर पनि श्रीराम मेरो चयन मात्र त थिएनन् । त्यहाँ दोहोरो आकर्षण थिएन, अनुरागको उत्कर्ष थिएन । शर्त पूरा गर्न नसकेका भए मेरो मनले स्वयंवर गरेकै भए पनि म शर्त पूरा गर्ने कुनै अर्केकी विजित वस्तु बन्ने थिइन र ? त्यसैले त्यो कसरी स्वयंवर भयो । त्यो रामको शर्तपूर्तिको विजयफल मात्रै त थियो । अनि म मात्र विजित वस्तुभन्दा भिन्न कसरी भएँ ? त्यो शर्त श्रीरामको साटो यही रावणले पनि जित्न सक्ने सम्भावना थियो । त्यसैले त्यो सम्पूर्ण कार्यव्यापारमा वरमा विजयीभाव र वधूमा वस्तुको भावना सूक्ष्म रूपमा विद्यमान थिएन र त्यतिबेला ? स्वयंवरमा त दुवैको पूर्ण समर्पणभाव हुनुपर्ने हो, विजित र पराजितको भावको त्यहाँ अस्तित्व नै नरहनु पर्ने हो ।

सीताको आर्य-आदर्श प्रभावित मन यी सम्पूर्ण विचारलाई असंगत वा अशोभनीय ठानेर पन्छाउने हरसंभव प्रयास गर्छ र पनि सक्तैन । उनीभित्रको

एउटा चेतन नारीमन यी प्रश्नहरूलाई शाश्वत ठान्छ र यी प्रश्नका उत्तरको खोजी आफ्नो नारी अस्तित्वको पनि खोजी ठहऱ्याउँछ ।

उनको चेतन मन भन्छ- "हो ! यसरी भएको शर्तयुक्त विवाहमा स्त्री एक निर्जीव वस्तुकै श्रेणीमा त रहन्छे, जो पुरूषको इच्छामा डोरिनुपर्छ; जसलाई किन्न, बेच्न र जुवामा हार्न पनि सकिन्छ र उसले पुरूषको पौरूष-तुष्टिका लागि पलपलमा अग्नि-परीक्षा उत्तीर्ण गर्नु पर्छ । प्रेमको सम्बन्ध वा खास स्वयंवर त आपसी सहभागिता र अन्तरमनको आकर्षणमा हुनुपर्ने होइन र ! तब म के हुँ त ? मात्र एउटा वस्तु ठानिएरै अहिले पनि अपहरित भएकी छु म, रावणबाट ।"

अहिले त्यस क्षणमा आएर उनलाई लाग्छ आर्य हुन् वा अनार्य सबै नै पलपलमा नारी भावनाको अपमान गरिरहेका हुन्छन् । आफ्नै आराध्य देव राम र देवर लक्ष्मणद्वारा पञ्चवटीमा सूर्पणखाप्रति गरिएको त्यो व्यवहार पनि ठीक थियो त ? उनी आफैंसँग प्रश्न गर्छिन् ।

सीता पूर्वस्मृतिका ती दृश्यहरू झल्झली आँखा अगाडि देख्छिन् - रामलाई देखेर, उनको तेजरूप देखेर मोहित भएकी एउटी कुमारी नारी सूर्पणखा आफैंलाई समर्पण गर्न आतुर हुन्छे, त्यही आतुरतामा ऊ प्रणयनिवेदन गर्छे, आफूलाई पत्नीरूपमा ग्रहण गर्न रामसँग बिन्तिभाउ गर्छे । उसको अनार्य सभ्यतामा त्यो व्यवहार अस्वाभाविक थिएन होला । दानवी भए पनि ऊ एउटी सम्पूर्ण नारी थिई र बहुविवाह तथा स्वयंबर वा स्वयं समर्पणको आम प्रचलन आर्यसमाजमा पनि थियो नै ।

त्यतिबेला श्रीरामले सूर्पणखालाई दिएका जवाफ उनले अझै शब्दशब्द सम्झिएकी छन् - "मेरी पत्नी छन्, बरू लक्ष्मणसँग विवाह गर ।"

आफ्ना आराध्यदेवको त्यो जवाफ सुनेर सीता हर्षविह्वल भएकी थिइन् - ओहो कति प्राणप्रिय ठान्छन् राम आफूलाई ? मेरै प्रेमका कारण त हो उनी बहुपत्नी परम्पराव्याप्त आर्य राजकुलको राजकुमार भएर पनि एउटी भरपुर नारी सौन्दर्यको प्रणय - अनुरोध समेत सहजै अस्वीकार गरिदिन्छन् । नत्र एउटा पुरूषको लागि एउटी स्वास्नीमान्छेको प्रणयनिवेदन र समर्पण अस्वीकार गर्नु पुरूष मनोविज्ञानको कठिनतम अवस्था हो भन्ने सीता राम्ररी बुझ्छिन् ।

कुनै पनि युगका हुन्, कुनै पनि समाज र सभ्यताका नारी हुन् आफ्नो पुरूषको पूर्ण समर्पण र प्रेम आफैंमाथि मात्र रहिरहोस् भन्ने चाहना स्वाभाविक हुन्छ । रामको आफूमाथिको त्यो प्रेम र समर्पणको हिस्सा प्रणयनिवेदनको रूपमा खोस्न आएकी सूर्पणखाप्रति सीतामा त्यतिबेला ईर्ष्या र प्रतिद्वन्द्विताको भाव जाग्नु स्वाभाविक थियो । त्यही भावको स्थितिमा उनी त्यतिबेला रामद्वारा दिइएको जवाफ र सूर्पणखाको नाक-कान काटेर दिइएको शारीरिक दण्डलाई अनुचित ठहऱ्याउन असमर्थ थिइन्, उनी त्यो स्थितिको विश्लेषण गर्न असमर्थ थिइन् ।

तर, अहिले आफू अपहरित सीतालाई लाग्छ - के त्यो व्यवहार ठीक थियो ? श्रीरामले त्यतिबेला  दिएका जवाफभित्रको आशय सीताप्रतिको प्रेम र समर्पणकै मात्र कारण थियो त ? आफ्नी पत्नी भएकीले सूर्पणखासँग विवाह गर्न नसक्ने तर लक्ष्मणले गरेमा आफ्नो स्वीकृति मिल्ने रामको आशय के थियो ?

अहिले उनी नचाहेरै पनि प्रश्न गर्छिन्, सोच्न पुग्छिन् । त्यसो भए सीतासँगै भएकीले मात्र उनले त्यो प्रणय निवेदन अस्वीकार गरेका थिए त ? नभए लक्ष्मण पनि त विवाहितै थिए । फरक यति हो, लक्ष्मणपत्नी त्यहाँ जङ्गलमा उनीहरूसँगै थिइनन् । ऊनी अयोध्यामा थिइन् । आफू एकपत्नी व्रत पालना गर्छु भन्ने श्रीरामले आफ्ना भाइलाई अर्को विवाह गर्न प्रेरित गर्नु के उपयुक्त थियो ?

बरू लक्ष्मण स्वयं त्यो चाहँदैनथे र नै हुनुपर्छ उनले सूर्पणखालाई शारीरिक दण्ड दिए । अहिले उनलाई लाग्छ वास्तवमा त्यो कार्य ठीक थिएन । राम र लक्ष्मण जस्ता अतिसुन्दर र पौरूषवान पुरूषलाई देखेर सूर्पणखा प्रेमासक्त हुनु अस्वाभाविक थिएन, उसको प्रणय निवेदन किशोरभावनाको प्रतिकूल पनि थिएन । त्यो स्वाभाविक कार्यव्यापार थियो र पनि किन त्यसरी अपमानित भई ऊ ।

एउटा बलिष्ठ पुरूष, जोसँग ऊ प्रणय कामना गर्दै थिई, उसैबाट नाककान काटिएर दण्डित गरिनु उसप्रतिको न्याय थियो त ? दानवी नै होस्, आखिर ऊ पनि एउटी स्वास्नीमान्छे थिई । सूर्पणखामाथिको त्यो अपमान त्यस अर्थमा उनको पनि त अपमान थियो, नारीमात्रको अपमान थियो । मर्यादा पुरूषोत्तम भनिने आफ्ना आराध्यदेव श्रीरामले किन त्यसरी नारी मर्यादाको अपमान गरे ? त्यो नै पुरूष मर्यादा हो त ।

त्यतिबेला सौतेनी भावले ग्रस्त सीतालाई सबै कुरा ठीक लागेको थियो । तर अहिले उनी त्यो व्यवहारलाई, रामको जवाफलाई स्वाभाविक ठहऱ्याउने कुनै तर्कसम्मत प्रमाण फेला पार्न सक्तिनन् । जो कोही होस, नारीले सधैं यसरी नै प्रताडित हुनुपर्छ त । त्यसरी नै अपमानित भइरहनु पर्छ ! .....र यसरी नै अपहरित भइरहनु पर्छ ? सूर्पणखाप्रति रामलक्ष्मणको र आफूप्रति रावणले अपहरण गरेर देखाएको यो व्यवहारको अन्तर नै के रह्यो र । नारीलाई वस्तु व्यवहार । ओफ् .....सीता उद्वेलित बन्छिन् ।

सूर्पणखा नारी थिई र उसले प्रणय निवेदन गरी, स्वयंलाई समर्पणको स्थितिसम्म पुऱ्याएर । ऊ पनि दण्डित भई । रावण पुरूष थियो र बलपूर्वक हरण गरी ल्यायो आफूलाई यस निर्जनमा । आखिर दुवैको व्यवहारमा नारीले भोग्नु परेको पीडा त एकै हो । त्यसो भए दानव सभ्यताभन्दा कति उच्च छ त मेरो आर्य सभ्यता ? पुरुष गर्वकै कारण सूर्पणखाले शारीरिक दण्ड पाई, मैले मानसिक । के अन्तर छ नारीलाई हेर्ने आर्य-अनार्य पुरुष दृष्टिमा ।

प्रश्नहरूको विष्फोट हुँदैजान्छ र सीताको नारीमन छियाछिया हुन्छ । उनलाई लाग्छ - आखिर सीता भए पनि म एउटी नारी हुँ, पुरूष दृष्टिमा एउटा वस्तु .... मात्र एउटा वस्तु । कहाँ छ प्रेम ? कहाँ छ समर्पण .... र कहाँ छ समभाव ।

✻ ✻ ✻

# रगतको फूल

"खोइ अरू त देखिँदैनन् !" भाग्दाभाग्दा दम फुलेर उसलाई आफ्नै छाती खलाँतीभैं लाग्छ । साथमा हिँडिरहेको सर्दु थामीको हालत पनि उसकै जस्तो छ । उमेरमा ऊभन्दा पाको हुनाको कारण सर्दु अभै बढी थाकेको छ ।

"के थाहा, कहाँ - कहाँ भौँतारिँदै छन् । हामीजस्तै कतै भागिरहेका त होलान् !" सर्दुको दम फुलेको गला हुँदै झिनो उच्छ्वाससँगै आवाज निस्कन्छ ।

"मलाई त बाघ - भालुको पो डर लागिरहेको छ । हामी कोको तिनका आहार बन्नेहौँ ।" मङ्गलु चिन्तित छ ।

उनीहरू भागिरहेका छन् । घना जङ्गलमा निरन्तर भागिरहेका छन् । प्रकाशसमेत राम्ररी छिर्न नसक्ने घना जङ्गलको छिप्पिँदै जान लागेको सान्ध्य अँध्यारोमा हिंसक जीवको गर्जन र भाग्दाभाग्दै पछाडिबाट लाग्न सक्ने मानव सिकारीको गोलीबाट आतङ्कित उनीहरू निरन्तर भागिरहेका छन् ।

"बाघ भालुले त सबैलाई मार्न सक्तैन नि । बाँकी त बाँचौला ।" सर्दु आफैँलाई ढाडस दिन्छ । बाघ भालुबाट त बच्न सकिएला, तर ..... !

जनकपुर अञ्चलको मध्यभागमा अवस्थित सिंधुलीको कमलाखोचको त्यो घना जङ्गलमा अघिपछि भए दिनमै पनि कोही एक्लै पस्ने आँट गर्दैनथ्यो । पर...... निकै पर चुरे पहाडलाई उद्गम बनाएर पूर्वतिर बगेको कमला नदीको निरन्तर वेग रात्रिनीरवतालाई भङ्ग गर्दै मध्यजङ्गलको भयग्रस्त वातावरणलाई अझ भयानक बनाइरहेको थियो । बाघ, भालु र चितुवाहरूको बाहुल्य रहने जङ्गल वन्यजन्तुको गर्जनले जतिसुकै निडर र बहादुर मानिसको समेत मुटु थर्काउन सक्षम थियो ।

"अँध्यारो बढ्दै छ, कति भाग्ने !" मङ्गलु अँध्यारोमा भाग्दाभाग्दै कुनै हिंसक जन्तुको झम्टाइमा पर्ने डरले लखेटिइरहेको छ ।

"छिटो हिँड् न ! अझै पनि जङ्गलबाट निस्किएर कतै शरण पर्न सकिन्छ कि !" जङ्गलको त्रासद वातावरणबाट मुक्त हुने चाहनाले सर्दु हौसला दिन्छ ।

"तिमी नै भन न कसरी छिटो हिँड्ने ! अँध्यारो बढ्दै छ । हामीलाई थहा छैन, हामी जङ्गलबाट बाहिर निस्कने बाटोमा छौं कि जङ्गलको माझमै चक्कर लगाइरहेको छौं ।" मङ्गलुको चिन्ता निराधार थिएन । उनीहरू दुवै पसिनाले

नुहाइएका थिए । त्यसमाथि रातभर यो डरलाग्दो जङ्गलमा भौंतारिनुपर्ने त्रासदीय सम्भावनाले उनीहरू झन् त्रस्त थिए ।

"सास छउन्जेल आस भन्छन्, हिम्मत नहार न भाइ ! सधैं यसरी नै लखेटिनु त नपर्ला नि ।...... हामीले गरेकै के पो थियौं र । एउटा छाप्रो र बाँच्न पाउने हक खोज्नु नै सधैं हाम्रो अपराध त ठानिँदैन होला । यसैलाई आतङ्कवादी ठान्नेहरू पनि त कति टिक्लान्" सर्दु ढाडस दिन खोज्छ । उसको मनमा कताकता दरिलो विश्वास खडा हुन्छ - हामी त जीवनभर लखेटियौं । हाम्रा सन्तानले पक्कै यसरी लखेटिनुपर्ने छैन । हाम्रो लखेटाइको मूल्यमा पनि भोलिको यो जङ्गली कानुन मेटिनेछ । एउटा छाप्रो र बाँच्ने हकको खोजीलाई भोलिले आतङ्क ठान्नेछैन ।

"तर ..... यो, यो अँध्यारोमा जङ्गलभित्रै हराउँदै बाघभालुको मुखमा पनि त पर्न सकिन्छ । सबैसँगै हुनपाएको भए पनि केही सुरक्षा हुन्थ्यो । यसरी सोझै कालको मुखमा पर्नुभन्दा रातभर रूख चढेरै बिताउनु पो बुद्धिमानी हुन्छ कि !" मङ्गलुको प्रस्ताव ठीकै थियो ।

"ठिक छ नि त ! आखिर ज्यान त जसरी पनि जोगाउनै पर्‍यो । प्रहरीको गोलीबाटभन्दा त जनावरको आक्रमणबाटै जोगिनु बरु सजिलो होला ।" सर्दु पनि सहमत हुन्छ ।

दुवैको हालत खराब थियो । जङ्गलमा ठोक्किँदै, लड्दैपड्दै निरन्तर तीन-चार घण्टा लखेटिँदा शारीरिक रूपमा उनीहरू थकित थिए । काँडाले चिथोरेर मक्किएको कपडा मात्र होइन हात, खुट्टा र शरीरका विभिन्न अङ्गका छाला पनि उधारिएका थिए । रगत बगेर पीडाभन्दा पनि बढी सिकसिको लागिरहेको थियो ।

रात छिप्पिँदै जाने क्रममा उनीहरूको थकित र क्लान्त शरीर आराम चाहन्थ्यो र आँखा निद्राले लोलाउन थाल्थे । आराम र निद्रा दुवै सम्भव थिएन । रूखको हाँगामा अडिएर रात काट्न बाध्य उनीहरूका लागि त्यो स्थितिमा आराम सम्भव थिएन, निद्रा उनीहरूको मृत्युमा परिणत हुन सक्थ्यो । समय कटाउन एउटै कुरा सहयोगी बन्थ्यो । विगत स्मृति र आगत कल्पना !

ग्वाङखोलाको पूर्वी किनारमा अवस्थित सिंधुलीमाडी सर्दुको जन्मस्थल होइन, तर पनि त्यहींको नजिकै भित्री मदेस र महाभारत पर्वतको शृङ्खला सन्धिस्थलमा उसको बास थियो । छ भन्ने कुरामा अब उसलाई विश्वास रहेन. आजैसम्म थियो । अब सबै लखेटिएकाले भोलि त्यो उनीहरूकै रहन्छ, रहँदैन ऊ भन्न सक्तैन ।

उसलाई अलिअलि मात्र सम्झना छ, काभ्रेको दक्षिणी भेगबाट यहाँ बस्ती सर्दा उसको उमेर दस-बाह्र वर्षजति मात्र हुँदो हो । त्यसैले सिंधुली उसको जन्मस्थल थिएन, पछिल्लो आश्रयस्थल मात्र थियो ।

त्यति नै बेला उसको र सिङ्गो गाउँकै दुर्भाग्य शुरू भएको थियो । एउटा सानो गाउँ, बाहुन-क्षेत्रीहरूको अलि पातलो र तामाङहरूको अलि बाक्लो बस्ती । एक-दुई घर थामीहरूको । तर स्थिति सबैको उस्तै, ठूलाबाट र प्रकृतिबाट

साथसाथै लखेटिएका । शान्त, सोझा र सरल गाउँलेको सन्तोषी जीवन । तर प्रकृतिले उनीहरूको त्यो शान्त जीवनलाई सहेन । एकपल्ट तीन दिनसम्मको मुसलधारे वर्षाले सिङ्गो गाउँ र बस्ती बगायो । कति मरे, कति मृत्युसंग सङ्घर्ष गरेर उम्किए । थातथलो नरहेपछि बाँच्नुकै क्रममा उनीहरू यस ठाउँमा बसाइँ सरे ।

"निदाइस् कि क्या हो, मङ्गलु ! ननिँदा नि, खस्लास् !" सर्दुले सचेत गरायो । जङ्गल र पर... कताकता सुसाएको कमलानदीको सुईंसुईंमा बेलाबखत मिसिने स्यालको हुइयाँ र अन्य हिंस्रक जनावरको गर्जनले भित्रैसम्म तर्साइरहेको थियो ।

"किन निदाउँथे, निँद्रै पो कसरी आओस् र यस्तोमा !" सर्दु आश्वस्त गराउँछ, ऊ निदाउँदैन ।

सिँधुलीको यस ठाउँमा बस्ती सर्दा खाली एउटा बञ्जर जमिन फेला पारेर उनीहरूले साना साना छाप्रा ठड्याएका थिए । छेउमै बाक्लो जङ्गल थियो - कमलाखोँच । बञ्जर जमिनले नपुगेर अलिकति जङ्गलछेउको चउर पनि ताछियो । उनीहरूमध्ये कोही त्यही जङ्गलको बेत बाँस र साल-सिसौका घरायसी सामान बनाएर जीविका चलाउँथे, कोही खेतीपातीमा ज्यालाबुनी र अरू केही भारी बोकेर परिवार पाल्थे । कोही कोही जङ्गलबाट हर्रोबर्रो, चिउरी र अरू अन्य वन्य फलफूल, जडीबुटी खोजेर ल्याई सिँधुलीमाढीको बजारनजिकै चौरमा लाग्ने शनिबारे हाटमा पसल थाप्थे ।

"ल तिमीहरूलाई उर्दी छ, भोलि बिहानै ठूलो चौरमा आउनू । हैन भने पुलिसको फेला परौला नि !" बस्ती बसेको केही पछि उनीहरूमाथि उर्दी लाग्यो ।

" किन बोलाएको होला ?" उनीहरूले त्यो दिन जिज्ञासा र आशङ्कामैं बिताएका थिए ।

"धुइरो धुइरो हल्ला त सुन्याथें, हामीले जङ्गल मास्यौं रे ।" कोही उर्दीको अनुमान गर्थे र त्यो अनुमान भोलिपल्ट सत्य सिद्ध पनि भएको थियो ।

रात उनीहरूले छटपटीमै बिताए । सर्दुका बाबुआमा त्यति बेला बाँचेकै थिए । ऊ सम्झन्छ सात, आठ वर्षअगाडिको कुरा त हो । फेरि आश्रय गुमाएर लखेटिनुपर्ने अव्यक्त भयबाट उनीहरू रातभर छट्पटाएका थिए ।

भोलिपल्ट बिहानै बस्तीका सबै बजारनजिकैको चौरमा भेला भए । जनताका प्रतिनिधि भनिनेहरू उपस्थित थिए - न्यायाधीशको आसनमा । उनीहरूमाथिको अभियोग सुनाइएको थियो- सार्वजनिक जमिन र जङ्गल मासेर उनीहरूले कानुन भङ्ग गरेका छन् ।

आत्मरक्षामा बस्तीका सबै एकमुख लागे । यो आश्रय खोसेर उनीहरूलाई फेरि जिउँदै नमार्न बिन्ती बिसाए । इजलास त्यसपछि कुनै निर्णयबिना नै स्थगित भएको थियो । इजलासकै जनप्रतिनिधि भनिनेहरूमा पनि दुई मत आयो - एक पक्ष उनीहरूलाई त्यहाँबाट तत्काल हटाएर अतिक्रमण गरेको जमिन मुक्त पार्नुपर्छ भन्ने देखिए । अर्को पक्षले यहाँबाट हटाउने हो भने उनीहरूको बसोबासका लागि अर्को ठाउँको व्यवस्था गरिनुपर्छ । होइन भने

यहाँबाट उठाउनु अन्याय हुन्छ भन्नेमा जोड दिए । जे होस, यति बेला उनीहरू आश्रय खोसिनुबाट जोगिए, पछिको आशङ्काबाट चाहिं मुक्त हुन सकेनन् ।

"जे गर्ला भगवान्ले भलै गर्ला !" बूढाबूढी भोलिको दुश्चिन्ता दैवको जिम्मा लगाएर झूटै भए पनि निश्चिन्त हुने असफल प्रयास गर्थे ।

"भगवानकै भरमा हुने भए किन लखेटिन्छौं त हामी ! के बिगारेका थियौं र हामीले भगवान्को ! यस्तो कुराको भरमा बस्नु हुन्न । फेरि पनि हाम्रो बस्ती खोसिने काम भयो भने हामी चुप लाग्नु हुन्न । हामीले पनि त ओत पाउनुपर्छ, बाँच्न पाउनुपर्छ !" नयाँ रगतका तन्नेरीहरू बूढाबूढीको कुरामा विरोध उराल्थे । उनीहरूको त्यो आवाज बस्तीमा मात्र होइन, जनप्रतिनिधि भनिनेहरूसम्म पनि पुगिरहेको थियो, उनीहरू खोस्ने आँट गर्न सकिरहेका थिएनन् ।

चुनावहरू आउँथे र जनप्रतिनिधि भनिनेहरू भाषण गर्थे -सुकुमबासी बस्ती हटाइनेछैन, बरू चर्चेका जमिन उनीहरूकै नाउँमा दर्ता हुनेछ । सुकुमबासीहरू उत्साहित हुँदै त्यो आश्वासनबापत भोट दिएर जिताउँथे । तर आश्वासन दोहोरिँदै जान्थ्यो, तेहोरिँदै जान्थ्यो- काम भने हुँदैनथ्यो । सुकुमबासीहरूको लगत लिने नाउँमा मानिसहरू आउँथे, जान्थे । तर उनीहरूको नाउँमा जग्गा भने कहिल्यै दर्ता हुँदैनथ्यो । उनीहरू राम्रै बुझ्न थालेका थिए, त्यो आश्वासन भोट बटुल्ने हतियारबाहेक केही होइन ।

"छ्याङ्ङ" आफूले आश्रय लिएको रूखकै मुन्तिर आएको त्यो आवाजले सर्दु मात्र होइन मङ्गलु पनि तर्सिन्छ ।

"सर्दु.... राम्ररी समातेर बस् है ! डराएको त छैनस् ?" मङ्गलु आफै पनि नडराएको होइन, तर पनि उमेरमा केही पाको भएको अभिभावकत्वको जिम्मेवारी पूरा गर्छ ।

"अब तर डर नै कहाँ बाँकी छ र मङ्गलु ! हाम्रो बस्तीमा यो भन्दा कम डर थियो र यहाँ जनावरको माझमा बढी डराउनु ? यी जनावर त बाँच्नका लागि र आत्मरक्षाका लागि अर्कालाई आक्रमण गर्छन् ! तर हामीमाथिको आक्रमण त त्यस्तो पनि त थिएन । त्यसैले हिजोको भन्दा बढी डर कहाँबाट लागोस् !"

आफ्नो नाउँमा जग्गा दर्ता हुने मीठो सपना देखिरहेका बस्तीका बासिन्दाहरूको त्यो सपना एक दिन गाउँमा अदालतबाट टाँस गरिएको पत्रबाट चकनाचुर हुन पुगेको थियो ।

"होइन के भयो यो ? हामी बसेको यो जमिन त सार्वजनिक थियो, कसरी एकाएक कसैको नाउँमा दर्ता भएको नम्बरी बन्यो ?" सबै मुखमा यही प्रश्न थियो, उत्तर कतैबाट आउँदैनथ्यो ।

"चाहे जे होस्, हामीले रगत पसीना बगाएर उब्जाउ बनाएको यो बस्ती र जमिन ज्यान गए पनि हामी छाड्दैनौं ।" मङ्गलु, सर्दु, बिर्खे, हर्के जस्ता जवान रगतमा त्यो घटनाले विद्रोह र अधिकाररक्षाको चेतना बढाइदिएको थियो । अदालतको म्याद सकिएर पनि उनीहरूले बस्ती खाली गरेनन् । गरेर कहाँ

जाऊन् ? उनीहरूको त्यस प्रश्नको उत्तर सरकार, जनप्रतिनिधि र कथित समाजसेवी कतैबाट पनि आएन ।

आखिर एक दिन बस्ती प्रहरी बुटबाट पदाक्रान्त बन्यो । उनीहरूको जीवनको आधार र अधिकार खोस्न प्रभाव-धनको भरमा त्यो जमिन आफ्नो नाउँमा दर्ता गराउन सफल बनेको कृष्णराज प्रहरी हूल लिएर बस्तीमा आयो । ऊसँग धन थियो, सरकार उसैको थियो र प्रहरी प्रशासन उसैको इशारामा चल्थ्ये । ऊजस्तैको अत्याचार गर्ने कथित अधिकाररक्षामा हरबखत तैनाथ दिए, जनता यथार्थमा कृष्णराजहरू मात्रै गनिन्थे र सरकार प्रहरी प्रशासन सबै तिनैका ताबेदारीमा रमाउँथे । सर्दु, मङ्गलु, हर्के, बिर्खेजस्ता जनताका कोटीमै पनि पर्दैनथे । जनतालाई रैतीबाट नागरिक बनाएँ भन्नेहरू राज्यसुख बाँडफाँड गर्दैमा अरूलाई हेर्ने समय पाउँदैनथे । बाँकी समय भाषणको आत्मरतिमा मग्न भएरै सकिन्थ्यो । हर्के, बिर्खेहरू हिजो जति उत्पीडित थिए आज त्योभन्दा कम थिनन् ।

"लौन अब के हुने हो ?" महिला, केटाकेटी र बूढाबूढी मात्र होइन जवान रगत पनि प्रहरीको प्रवेशपछि आत्तिएका थिए ।

"सबैले राम्रोसँग सुन, चौबीस घण्टाभित्र यो बस्ती खाली गरेनौ भने तिमीहरू सबै जेलमा सड्नुपर्नेछ । ...... गोली खान मन छैन भने खुरूक्क यहाँबाट बाटो लाग्नू ! यो जग्गा कृष्णराजजीको निजी जग्गा हो !" प्रहरी नाइकेले आदेश दियो । आदेशभित्रको खतरनाक धम्कीले धेरै डराए पनि ।

"कसले भन्यो यो कृष्णराजको जमिन भनेर ! बाँझो पर्ती जग्गा खनजोत गरेर हामी पसिना बगाउने, अहिले कसरी उसको हुन्छ ? यो अन्याय हो, हामी सुकुमबासीलाई जिउँदै मार्ने षड्यन्त्र हो ।" त्यो अत्याचारी आदेश सुनेर हर्केले आफ्नो आक्रोश रोक्न सकेन ।

"हो.....हो... कसैले हाम्रो रगत पसिना हडप्न खोज्यो भने हामी पनि सधैं त्यो अत्याचार सहँदैनौं ।" हर्केको त्यो आवेशपूर्ण हिम्मतले बिर्खेलाई पनि आँटिलो बन्न सघायो ।

"ठोक् सालेलाई .........! सरकारको आदेश मान्दिनं भन्ने यो पक्कै आतङ्कवादी हुनुपर्छ ।" प्रहरी नाइकेको आदेशमा अर्को एक प्रहरीको हिंस्रक प्रवृत्ति डन्डा बनेर बिर्खेको टाउकोमा बज्रियो ।

वातावरण तनावपूर्ण बन्यो । सधैं अन्याय, अत्याचार, उत्पीडन सहने बानी परेका सोझा गाउँलेहरूमा पनि बाँच्न पाउने आशा र न्याय पाउने सम्भावना पूर्णतः सकिएपछि उद्दाम साहस पलाउँदो रहेछ क्यारे ! त्यही स्थितिमा सर्दुको हातमा पनि दराँती उठ्छ र आक्रमणकारी प्रहरीमाथि बज्रन्छ ।

बस्तीवासीहरू एक भएर प्रहरीमाथि खनिने परिस्थिति बन्दै गयो । प्रहरी पोसाकको रोब नै निमुखालाई तर्साउन पर्याप्त हुने ठानेर हतियारबिना आएका पाँच-छ जना प्रहरी सुकुमबासीहरूको आक्रोश देखेपछि केही डराए, चेतावनी दिंदै फर्किए ।

बस्ती केही समय आँधीबेरिपछिको भयप्रद शान्ति र शून्यतामा परिणत भयो । अब कुनै पनि बेला केही हुन सक्ने आशङ्काले सिङ्गो बस्ती त्रस्त बन्यो ।

घाम एक दुई जुवामाथि नै हुँदो हो, पुलिस बुटको कर्कस आवाज र कुल्चाइले पुन: बस्तीको शान्ति भङ्ग भयो । हवाई फायरले कमजोर मुटुका बस्तीबासीहरूको मुटु थर्कायो । अँटिला हकी जवानहरू बस्तीमाथिको अत्याचारबाट अझ आक्रोशित बने । आक्रोशले क्रमश: विद्रोह र विद्रोहले सङ्घर्षको रूप लिन थाल्यो । अन्यायको प्रतिकारमा बाहिर निस्किएका हिजोसम्मका निरीह-कमजोर अनुहारमा उनीहरूले त्यति बेला अर्कै चमक देखे । त्यो देखेर उनीहरूलाई कीरा फट्याङ्ग्राजति पनि नठान्ने क्रूर सत्ताधारीहरूको मन पनि एकपल्ट थरथर काँप्यो । हतियार र सत्ताबलबाट प्राप्त उनीहरूको साहस र क्रूरता त्यति बेला कायरताबाहिरको झीनो आवरणजस्तो मात्र देखिन्थ्यो । हातमा हतियार भएकाले मात्र उनीहरू साहस जोगाउन सफल देखिन्थे ।

सिङ्गो बस्ती तनावग्रस्त थियो । जति बेला जे पनि हुन सक्ने सम्भावनाले अशक्त बाल वृद्धहरू हिंस्रक बाघको अधिल्तिर परेका निरीह मृगहरूझैं बनेका थिए । युवाजोसका जति सधैंको अत्याचार सहनुभन्दा प्रतिकार गरेर मुक्तिमार्ग खोज्न उत्साहित थिए ।

"बस्ती चारैतिरबाट घेरिएको छ । पुलिससँग मुठभेड गर्ने कोशिस गर्‍यौ भने गोली हानिनेछ !" प्रहरी आदेश बर्सिन थाल्यो ।

"हामीले के बिगार गरेको छौं र ! शान्तिसँग पसिना बगाएर पनि हामीलाई किन बाँच्न दिइँदैन ?"

"ठोक्.... यहीजस्तो छ गाउँलेलाई भड्काउने आतङ्ककारीहरूको नाइके ! यही हो कानुनविरूद्ध अरूलाई भड्काउने !" आदेशपालनामा गोली त्यसरी प्रतिवाद गर्न खोज्ने वीरेको छातीमा बज्रन्छ र ऊ क्रूर पाशविकताको शिकार बन्छ । सत्ताको गोलीको अधिल्तिर निरीह युवाजोस कति पो टिक्न सक्थ्यो र ! आखिर प्रहरीको गोलीबाट लखेटिएका उनीहरू ज्यान जोगाउन जता सक्यो उतै भाग्दै गए । सत्ता र कथित कानुनबाट लखेटिए, विस्थापित भए ।

त्यसरी दिशाहीन, लक्ष्यहीन भाग्दाभाग्दै कति गोलीको सिकार बने, कति जङ्गलमा आश्रय लिएर ज्यान जोगाउन सफल भए । अरू कति गाउँमै प्रहरीको घेरामा थुनिए, मङ्गलु र सर्दुलाई जानकारी छैन ।

यस्तो होला, यतिसम्म होला भन्ने उनीहरू कसैलाई पनि अनुमान थिएन । कानूनी राज्यको जनतन्त्रमा उनीहरू यसरी कानुन र राज्यबाटै अनागरिकझैं लखेटिनुपर्ला, मारिनुपर्ला भन्ने उनीहरूले कल्पनासम्म गरेका थिएनन् । अगाडि यस्तो हुनु उनीहरूको अनुभवसिद्ध कुरा थियो । तर...... तर अहिले ! उनीहरूको हितमा आज पनि रहेन ।

"अब के गर्ने...... कहाँ जाने ? सर्दुको प्रश्नले मङ्गलु विगतको त्रासद यथार्थबाट वर्तमानको झनै डरलाग्दो अनिश्चिततामा बजारिन आइपुग्छ । बिहानको मिर्मिरे उज्यालोले अँध्यारोको घुम्टो खोल्न थालिसकेछ । चराचुरुङ्गीहरू गुँड छाडेर चाराको खोजीमा चिर्बिर गर्दै बिहानीको सन्देश दिन थालिसकेका रहेछन् । तर यो उज्यालो र नयाँ बिहानीको सन्देशले के उसको जीवनमा पनि कुनै अर्थ राख्ला ? मङ्गलु कुनै निश्चित जवाफ पाउन सक्तैन । कहाँ होलान्

उसका बूढा आमाबाबु ? कसरी जीवनरक्षा गरे होलान् उनीहरूले ? उफ ! कति पीडादायक स्थिति ।

"पहिले यो जङ्गलबाट निस्कौं, फेरि कतै आश्रय खोजौंला । अहिले त कहाँछौं थाहा छैन, कसरी थाहा पाउने र ?" सर्दुले रूखबाट ओर्लिंदै भन्यो ।

राति भाग्दा ठोक्किएर, चिथोरिएर लागेका घाउबाट शरीरका धेरै ठाउँमा रगत कट्कटिएको थियो । पुराना मक्काएका जीर्ण कपडा च्यातिएर प्रायः अङ्ग नाङ्गै देखिन्थे । सम्पूर्ण जङ्गल शान्त थियो । उनीहरूको मन भने अशान्ति र भविष्यको चिन्ताको भूकम्पले कम्पायमान थियो ।

उनीहरूका पाइला छिटोछिटो जङ्गल छिचोल्न अग्रसर थिए । सुरक्षित आश्रयको खोजी नै उनीहरूको एक मात्र अभीष्ट थियो ।

"भाग... !" अनायास सर्दुको आतङ्कित आवाज सुनेर मङ्गलुले आफू पछाडि हेर्‍यो ।

पछाडि आठ-दस जना प्रहरी उनीहरूतिरै बन्दुक सोझ्याएर बढ्दै थिए ।

"उः आतङ्कवादी भाग्यो...... खबर्दार उम्किन नपाओस् !" प्रहरीमध्ये कुनै एकको आवाज जङ्गलभरि प्रतिध्वनित भयो र त्यो आवाजलाई बन्दुक चलेको अर्को आवाजले उछिन्यो । त्यो आवाजसँगै एउटा चित्कार सर्दुको कानसम्म पुग्यो । उसले देख्यो - मङ्गलु आवाजसँगै जमिनमा ढल्यो ।

सर्दुलाई अब आफू समातिने कुराको डरले लखेट्न थाल्यो । प्रहरी उत्पीडनको कल्पनाले मात्रै पनि सर्दुको अनुहार आतङ्कित देखियो ।

अर्को एउटा गोली चल्यो । सर्दुलाई आफूभित्र आगोको एउटा मुस्लोले पोल्दै प्रवेश गरिरहेको अनुभव भयो । त्योभन्दा बढी उसले केही थाहा पाएन । कोशिस गर्दागर्दै पनि ऊ ढल्यो ।

उषाको लालीसँगै मङ्गलु र सर्दुको रगतले जङ्गल रङ्गियो । नीला, सेता, कलेजी फूलहरू फुलिरहेको जङ्गलको हरियो भुईंमा अर्को एउटा रक्तफूलले आकार लियो । रगतको फूल, कोपिलामै चुँडिएको रगतको रातो फूल !

❁ ❁ ❁

# हर्के केही बुझ्दैन

- खोई अध्यक्षज्यू त अझै आइपुग्नु भएन त !

- पाल्नुहुन्छ, तपाई हाम्रो जस्तो फुर्सत नै कहाँ छ र । अर्को पनि मिटिङ छ क्यारे ।

हर्कबहादुर केही बुझ्दैन । बुझ्न सकेको भए ऊ पनि त यस्तै मिटिङमा भाग लिन जान्थ्यो । डाइरेक्टर हुन्थ्यो, जेमसाप् हुन्थ्यो, अदक्षे हुन्थ्यो र सचिव हुन्थ्यो । आफ्नो कल्पनामा ऊ आफैं फिस्स हाँसिदिन्छ ।

"ए हर्कबहादुर । हर्के..... "

"हजुर जेमसाप्...... ।" कल्पनामा फुस्किएको हाँसो अनुहारभित्रै लुकाएर हर्कबहादुर भित्र हेर्छ । "बाहिर हेर.... हेर अध्यक्षज्यू सवारी भो कि !"

जेमसाप्को आदेश सुनेर पनि ऊ बुझ्दैन । बाहिर मोटर आइपुग्नासाथ त्यसको आवाज त भित्रैबाट सुनिन्छ नि । आए नआएको त्यसैबाट थाहा भइहाल्छ ।

"सवारी होइस्या छैन साप् ।" झ्याल बाहिर नहेरिकनै जवाफ दिएको भए पनि फरक पर्दैनथ्यो, तर जेमसाप्ले आदेश दिइसकेपछि त पूरा गर्ने पर्‍यो ।

हर्कबहादुर केही पनि बुझ्दैन । उसलाई थाहा छ- केही पनि नबुझ्ने भएकोले नै जेमसापले आफ्नो कोठामा काम गर्न खटाउनु भएको हो । हर्कबहादुर भएपछि त्यस कोठाको कुनै कुरा बाहिर चुहिन्न । जसको सिता खायो उसैको गीत त गाउनु नै पर्‍यो । बरु सूर्य पश्चिमबाट उदाउलान्, हर्केका मुखबाट कुरा फुत्किन सक्तैन । सुनेका कुरा उसको मुटुमै बज्रलेप हुन्छ । कहिलेकाही अति नै खसखस भयो भने घरकी बूढियालाईसम्म सुनाइदिन्छ । बूढियाबाट अन्त फुत्कने कुरै भएन ।

"घर्रर ...... घर्रर ..... ।" बाहिर मोटर आएको आवाज सुनेपछि हर्के फेरि सतर्क हुन्छ । ऊ झ्यालबाट बाहिर चिहाउँछ र ढोका खोलेर जेमसाप्लाई बिन्ती गर्छ "अदछेज्यूको सवारी भो हजुर ।"

जीएम र सदस्य जर्‍याक जुरुक् उठ्छन् र जीएम अध्यक्षको स्वागत गर्न कोठादेखि नै झुक्दै बाहिर निक्लन्छन् ।

"नमस्कार हजुर ।" जीएमको अगुवाइमा अध्यक्षको प्रवेश हुनासाथ सदस्यहरूको समवेत स्वागतले कोठा गुञ्जिन्छ । आशीर्वादको मुद्रामा स्वागत अभिवादनको जवाफ दिएर अध्यक्षले आसन ग्रहण गरिसकेका हुन्छन् ।

हर्कबहादुरलाई थाहा छ, अब मिटिङ शुरू हुन्छ । उनलाई यो पनि थाहा छ, मिटिङ हुन्छ तर छलफल हुँदैन । एक दुई सदस्य अलि छलफल गर्न खोज्छन् तर पाउँदैनन् । जेमसाप्ले फरर्र के पढ्छन् । त्यसमा एक छेउबाट समर्थन वा विरोधको तर्क आउँछ । अर्कोतर्फबाट बलियो समर्थनको स्वर आउँछ- ठीक छ, यस सम्बन्धी काम अध्यक्षज्यूको निर्णय र रेखदेखमा गर्ने । एक दुई आवाज र अनुहार सगबगाउँछन् । एक दुई अनुहार निस्पन्द समाधिस्थ रहन्छन् र अरू एक दुई त्यसै प्रस्तावमा समर्पित हुन्छन् ।

यतिसम्म ऊ बुझ्दछ । तर सबै निर्णय र कार्यान्वयन अधिकार अध्यक्षमा रहिहाल्छ भने यो मिटिङ किन ? यो चाहिं उसले कहिल्यै बुझ्न सकेन । उसले बुझेको यति मात्र हो । मिटिङमा होस वा अघिपछि दुई तीन जनाको भने शरीर बेग्लै मन र पेट एकै हुन्छ ।

"हर्कबहादुर...... ए हर्के ।" जेमसाप्को चर्को स्वरले कर्हबहादुरले बुझे नबुझेका कुरा सबै भताभुंग हुन्छन् ।

"हजूर । किन आज्ञा भो हजूर ।" हर्कबहादुरको प्रश्न सकिंदा नसकिंदै भित्रबाट जलपान पठाउने आदेश आउँछ । जलपान उसले लानु पर्दैन - अरू खटिएका छन् । उसले त खबर मात्र पुऱ्याएदिनुपर्छ ... अझ त्यो पनि पर्दैन । मिटिङमा के के हुन्छ, क-कसले के कसो भन्छन् भनेर जान्न कान थापी थापी बसेका सबैले त्यो आदेश सुनिसकेका हुन्छन् । जलपान लान खटिएकाहरू हस्याङ फस्याङ गर्दै त्यो आदेशको पालना गर्न थालिसकेका हुन्छन् ।

"अँ.... अहिलेको बेलामा मितव्ययिताको नीतिलाइं त राम्ररी पालना गर्नै पर्छ है ।"

"साँच्चि अध्यक्षज्यू हाम्रो मिटिङ भत्ता त सारै थोरै भो बा । कमसेकम ५ सय त गरिबक्सनु पर्ने ।" एकजनाको आवाज सुनिन्छ । हर्कबहादुर फेरि पनि केही बुझ्दैन ।

"हो हजुर ! दुई वर्ष अघि तोकिएको रकम, बजार भाउ कहाँ पुगिसक्यो । यहाँ बसेर घण्टौं दिमाग ख्याएर निर्णय गर्नु कम महत्त्वको कुरो हो ।"

अर्को आग्रहयुक्त आवाज हर्केको कानमा पर्छ र अझ अर्को चिप्लो आवाज जबरजस्ती उसको कानभित्र छिर्छ "तपाई हामीले चिन्ता गर्नै पर्दैन भन्या ! हाम्रो मर्का अध्यक्षज्यूलाई थाहा छैन र ? होइन त हजूर । बरू आजैको मिटिङबाट पाउने गरी निर्णय गर्ने कि ।"

"तपाईहरू सबैको निर्णय नै त मेरो निर्णय हो । ठीक छ आजैको निर्णयमा पार्नोस् जीएम् साप ।"

"अर्को एउटा अघिल्लो प्रस्ताव पनि थियो, अध्यक्षज्यू, पियन सम्बन्धी । त्यो त आज पनि आएन ।" अध्यक्षको भत्ता निर्णयपछि अर्को आवाज सुनेर हर्कबहादुर फुरूङ्ङ पर्छ । उसलाई थाहा छ पियनहरूलाई लुगाभत्ता लुगै हाल्न पुग्ने गरी बढाउने प्रस्ताव अगिल्लै मिटिङमा राखिएको थियो । र, त्यो प्रस्ताव अर्को मिटिङमा निर्णय गर्ने भनी त्यतिबेला स्थगित भएको थियो । सदस्यहरूको भत्ता बढाउने प्रस्ताव पास भएपछि अब हाम्रो लुगा भत्ता पाउने त्यो प्रस्ताव पनि

त पास होला । हर्के अज्ञात रूपमैं पोहोर सालको लुगामा सिएका टालाहरू छाम्छ - अब त नयाँ जोर लुगा पाइने भो ।

"अँ.. साँच्ची के भो त्यो कुरा जीएम् साप् ?" अध्यक्षले जीएमलाई सोधेपछि हर्के अब त लुगा आङैमा पारिसकेको अनुभव गर्छ अब त निर्णय भैहाल्यो नि ।

"खर्च निकै बढ्छ । उता मितव्ययिता पनि अपनाउनै पऱ्यो । यस वर्षलाई त्यो सुविधा नथपौं कि ?" जीएमको स्वरले हर्के फेरि खङ्ग्रङ्ग हुन्छ ।

"सदस्यज्यूहरूको के राय छ ?"

"सुविधा थप्नुपर्छ ।" एक-दुई निधा स्वर निक्लिन्छन् । तिनलाई अरू एक-दुई चिप्ला स्वरले हुत्याइदिन्छन् "होइन होइन जीएम साप्को भनाइ ठीक हो, यत्रो राष्ट्रिय संकटको बेलामा बढी खर्च गर्ने निर्णय गर्नु हुन्न । फेरि संस्थाको आर्थिक अवस्था पनि कहाँ ठीक छ र ?"

हर्कबहादुरको आशा हिउँ बन्छ । अध्यक्षबाट यस वर्षलाई नबढाउने भन्ने निर्णयको अमिटवाणी निस्केपछि त जमेको त्यो हिउँ पनि पग्लेर चकनाचूर हुन्छ ।

अब त हर्कबहादुर झन् केही बुझ्दैन । अघि सदस्य भत्ता बढाउने बेलामा पैसा कसरी पुग्यो र अहिले दश-बाह्र जना पिउनलाई सुविधा थप्न किन पुगेन ? ऊ बुझ्दैन अघि प्रस्ताव आउन पाउँदा नपाउँदै पास गर्न हडबडाउने सदस्य किन यसलाई एक वर्षपछि सार्दै छन् ? ऊ बुझ्दैन, पटक्कै बुझ्दैन ।

मनभरि प्रश्नै प्रश्नको जंगल छिचोल्ने प्रयत्न गर्छ ऊ र, अझ अलमलिन थाल्छ । ऊ झन् झन् पटक्कै केही बुझ्न सक्तैन । त्यही केही नबुझ्ने हिसाब गुन्दा गुन्दै अध्यक्ष मिटिङ सकेर बाहिर निस्केको पनि थाहा पाएन उसले । जेमसाप्को निदाइस् कि क्या हो हर्के ? भन्ने चेतावनीयुक्त स्वरले पो ऊ भित्रैदेखि काँप्छ । निधारमा आएको चिटचिटे पसिनासँगै आफूले नबुझेका कुराहरू पनि पुछेर फ्यालिदिन्छ र बुझेका एउटै कुरा मात्र मनमनै दोहोऱ्याइ रहन्छ - यो वर्ष पनि एकैजोर लुगा टालटुल गरेर धान्नु पर्ने भो ।

✽ ✽ ✽

# आगोको फिलुंगो

"आज पनि अँध्यारै भयो ।" श्रीमतीको स्वरले कालरात्रि झैं रात र बाहिरको डरलाग्दो शून्यलाई भङ्गर्दै झस्काइपार्छ । डेढ-दुई सय जति मानिसको बस्ती रहेको यो टोलको अधिकांश भागमा बत्ती नआउनु र पानी नआउनु, सामान नआउनु र प्रत्येक दिन मोल बढ्नु जस्ता कुरा सामान्य थिए । टोलको अझ कतिपय भेगमा त बिजुलीको कुरै छाडौं मट्टितेलसम्म पुगेको थिएन । त्यस्ता भेगमा सधैं कालरात्री झैं रातको कालो आतंक खपेर भोलिपल्टको सूर्य पर्खने गर्थे ।

निकै पुरानो मानिने यो टोलका धेरै गल्लीमा दिनमै पनि सूर्य छिर्दैन । त्यसैले मानिसहरू प्राय अँध्यारोमा जूनकिरीको पिलपिल हेरेरै सूर्यको कल्पना गर्थे, उज्यालोको कल्पना गर्थे ।

"आज पनि अँध्यारै हुने भयो । तपाई पनि बाहिर निस्कनु पर्ने हो कि ?" उसको आतंकमा लफ्रक्क भिजेको स्वर फेरि प्रतिध्वनित हुन्छ । बाहिर जाँदा लाग्ने आफैं अँध्यारोको शिकार बन्नसक्ने र लाग्नेको असुरक्षामा आफैं पनि अन्धकारको पञ्जामा पर्नसक्ने सम्भावनाले पनि होला श्रीमती अति नै त्रस्त छन् ।

"ननिस्की पनि त भएन । सबैको साथमा आफूले पनि त साथ दिनुपर्‍यो । नत्र सधैं अँध्यारोमा ओठ टालेर बस्नुनपर्ला र ।" उसलाई सम्झाउँछु र ढाडस दिन्छु "त्यसमाथि पनि घरभित्र त डराउनु पर्दैन नि ।"

यस टोलमा मेरी श्रीमती मात्र होइन हामी सबै धेरै दिनदेखि आतङ्कित छौं । घर आफैं पनि सुरक्षित छैन, घरभित्र पनि सुरक्षा छैन । यो सत्य थाहा हुँदाहुँदै पनि म उनलाई सम्झाउनु खोज्छु । यस महाअन्धकारमा डुबेको यो छोटो मुर्दा शान्तिलाई कतिखेर ड्याङ्डुङ र गन्यापगुरूपको आवाजले बिथोल्ने हो, अझ भयाक्रान्त पार्ने हो, कुनै ठेगान छैन । कति बेला कुन खुला दुलोबाट मृत्युको गोली छेडिएर जिन्दगीसँग हात धुनुपर्ने हो त्यसको पनि कुनै ठेगान छैन । न त त्यही महाअन्धकारभित्र शरीरका कुनै पनि अङ्गमा बज्रिएका रक्तपिपासु कटबाँसे लाठोले अपाङ्ग जीवन बिताउन बाध्य पार्ने हो त्यो पनि निश्चित छैन । यस आतङ्क र अनिश्चिततताबाट मेरी श्रीमती र म जस्तै यस टोलका सबै सामान्य घर आतङ्कित छन् ।

"होइन आज नगएर के हुन्छ !" उसको चिन्ताग्रस्त स्वर फेरि निस्कन्छ ।

"घरभित्रै लुकेर पनि त कति दिन बाँच्ने । घरभित्रको अन्धकारमै सधैं लुकेर बस्ने हो भने हामीले जस्तै यसले पनि अँध्यारोमा सधैं आतंकित रहनु

नपर्ला र ?" त्यही अन्धकार र आतंकबाट संत्रस्त म पनि आफ्नो सानो छोरालाई देखाउँदै उसलाई हिम्मत दिन्छु । मेरी श्रीमती सानो छोरोलाई छातीमा टाँसेर सुरक्षा कवचमा राखेको अनुभव गर्दै हुन्छे । लाग्छ यस महाअन्धकारले उसलाई पनि निल्ला भन्ने डरले ऊ त्यसो गरिरहेकी छ । उता, छोरो भयहीन दृष्टि घरभित्र र बाहिरको निस्पट्ट अँध्यारोमा गडाउँदै सके केही उज्यालोको रेखा खोज्दै छ । उसको चम्किलो आँखा र भर्खर फक्रेको गुलाफ भैं ताजा अनुहार देखेर मलाई यस्तै लाग्छ ।

अरू टोलमा जस्तै यस टोललाई पनि व्यवस्थित पार्ने, टोलबासीको सुरक्षा तथा संरक्षण गर्ने र सबै घरघरमा उज्यालोको व्यवस्था गर्ने जिम्मा टोलमूलीलाई दिइएको थियो । यो जिम्मा टोलमूलीमा धेरै अगाडिदेखि नै थियो । त्यसरी टोलमूलीलाई अधिकार दिएका अधिकांश टोलबासी आफ्नो टोलको राम्रो व्यवस्था हुनेछ, आफ्नो सबै खालको सुरक्षा र संरक्षण हुनेछ भनेर आश्वस्त थिए । तिनै व्यवस्था गर्न उनीहरूले टोलमूलीद्वारा मागिएका सबै खालको सहयोग ज्यूज्यान दिएर पनि गरेका थिए ।

"ड्याङ.... ड्याङ......" निस्तब्धता भङ्ग गर्दै बाहिर गोली र चीत्कार एकैसाथ सामूहिक रूपमा निस्कन्छ ।

"राम.... राम ..... फेरि कति मरे ।" श्रीमतीको आतंकमा भिजेको कमजोर स्वर फेरि अँध्यारोमै बिलाउँछ ।

टोलमूलीलाई सुरक्षाको जिम्मा दिएपछि धेरै दिन र वर्षहरू बिते । तर टोलबासीले जुन कुराको चाहना गरेर टोलमूलीलाई टोलको अभिभारा दिएका थिए ती कुरा उनीहरूले पाउन सकेनन् । अब टोल पनि शुरूको जस्तो एउटै रहेन । त्यही टोलको एक छेउका बासिन्दा सम्पन्न हुँदै गए । टोलको त्यो भागमा सबैतिर सडकका धर्सा कोरिए, विदेशी बजार खुले र स्वदेशी बाहिरिए । पूर्णव्यवस्थित भैं त्यो भेग अगाडि एकदमै खाली थियो । पछि विस्तारै टोलमूली र उनले सम्पूर्ण टोलको सुरक्षा गर्न भनेर राखेको सुरक्षाकर्मी, व्यवस्था गर्न भनेर राखेको केही सुविधाभोगी र टोलमूलीका सहयोगीहरूले टन्न भरिए । टोलका अरू सामान्य मानिस त्यस भेगमा पस्ने आँट गर्न छाडे । टोलको व्यवस्था र रक्षा गर्न खटिएकाहरू संग पूरै टोलबासी आफैं अव्यवस्थित र असुरक्षित हुन थाले । टोलको त्यस भागको सम्पूर्ण जिम्मेवारी भने त्यही उज्यालोको खोजीमा रहेको अव्यवस्थित टोलका टोलबासीमा थपिँदै गयो । माना-मुठी उठाएर त्यस भागले भरणपोषण र सुखसयल पुऱ्याइदिनु पर्ने भयो ।

"झ्याल नखोल, झ्याल नखोल ।" आमाको काखमा न्यानो संरक्षण पाइरहेको छोरो कति खेर काख छाडेर झ्यालतिर हुर्रियो मलाई याद थिएन । श्रीमतीको अत्तालिएको स्वर र छोरोतिर हुर्रिएका पदचापले मात्र म छोरो झ्याल खोल्ने चाहनामा त्यता गएको चाल पाउँछु । आमाको त्रसित ममतामा छोरो कैदी जस्तै समातिन्छ । बाहिर ढ्वाङ्ग गरेको आवाजले छोरो भित्र तानिएको थियो । त्यसरी तानिंदा झ्यालको कुनैपनि खुलाभागबाट पसेको गोली छोरोको मृत्यु भएर बज्रिन सक्थ्यो । त्यो सम्भावित घटनाको गम्भीरता अनुभव गरेपछि पो म स्वयं

पसिना-पसिना हुन्छु । खुट्टा थर्थराएर बोझ थाम्न असमर्थ बन्छन् । बाहिर कथित सुरक्षाकर्मी र दमित टोलबासीका बीच झगडा चल्दैछ र सुरक्षाकर्मीहरू असुरक्षाको गोली बर्साउँछन् । हिजो आज उनीहरूको यस्ता गोली क्षण-प्रतिक्षण कसैको पनि टाउको, छाती फोरेर मृत्यु-दूत बन्न सक्छ र मृत्यु नै नबने पनि जिन्दगी भर अपाङ्ग जीवनको बोझ घिसार्नुपर्ने अभिशाप बन्न सक्छ ।

बिचरो मेरो छोरो बाहिर अन्धकारबाट कैद भएको छ र भित्र ममताको बन्धनबाट । घर जति सुरक्षित र प्रिय केही हुन्न भन्छन् । तर अहिले हामी टोलबासीका निमित्त घर नै सर्वाधिक असुरक्षाको ठाउँ हुन पुगिरहेको छ । झ्यालढोका बन्द छन् । चुल्हो कति छाक बलेको छैन । गोली घरभित्र नछिरे पनि सुरक्षा गर्न तम्सिएकाहरूको लाठी र बन्दुकले कुनै बेला पनि आफै असुरक्षा बनेर मृत्यु बोलाउन सक्छ । यस सम्भावित दुर्घटनाको संत्रासबाट कुनै पनि क्षण मुक्ति छैन ।

टोल सुरक्षा, टोल रक्षा र टोल विकास गर्न भनी टोलका व्यवस्थाकर्मी बनेका केही टोलबासीबाटै टोल असुरक्षित बन्न सक्छ भन्ने अनुमान गर्न सक्ने कुरै थिएन, हुन त्यस्तै पुग्यो । जसले सुरक्षा, संरक्षण र हेरचाहको जिम्मा लिएका थिए, उनैबाट टोल असुरक्षित बन्यो । टोलमूली समक्ष धेरैपल्ट टोल बासीले उजुर नगरेका होइनन् । ती कुराको सुनवाइ हुँदा टोलमूली र उनका आसेपासेको रवाफ घट्ने हुँदा त्यसमा कुनै ध्यान दिइएन । उता छिमेकी टोलको रवाफ र अत्याचार देखेर उनीहरू भित्रभित्रै आन्दोलित थिए । त्यो विद्रोह हरक्षण बढ्दै जान्थ्यो र उनीहरू आफ्नो टोलबाट, खोसिएको उज्यालो फिर्ता लिन मानसिक रूपमा सङ्कल्पित हुँदै जान्थे ।

"आमा ...... झ्याल खोलौं न । भित्र त कस्तो अँध्यारो ।" अँध्यारोभित्र आमाको कठोर स्नेहबन्धनमा बाँधिएको छोरो झ्यालबाहिर उज्यालो खोज्न चाहन्छ ।

"होइन छोरा, झ्याल नखोलौं । बाहिर त झन् गाढा अँध्यारो छ । यहाँ त्रास मात्र छ, बाहिर मृत्यु घुम्छ ।" श्रीमती सम्झाउँछे । ऊ के बुझ्छ भन्न सक्तिन । उसका जिज्ञासु आँखा भने झ्यालको ठोस काठे पर्दालाई छिचोलेर बाहिरको उज्यालो संसार चियाउन प्रयत्नशील हुन्छन्, भइनै रहन्छन् ।

त्यो उज्यालो संसार चियाउन हामीले पनि नचाहेका होइनौं, उसकै उमेरदेखि हाम्रो पनि उज्यालो समाउने चाहना थियो । हामीमा, यस टोलको यो थिचिएको भागमा बस्ने सबैमा चाहना थियो र प्रयत्न पनि । तर यस भेगका टोलबासी आफै विभिण्डिन्थे । एउटा उत्तर फर्के, अर्को दक्षिण र अझ अर्को पूर्व फर्के, अर्को पश्चिम । आफैमा मेलमिलाप नभएपछि उज्यालो कैद गर्नेहरूले खुशीसँग दिने प्रश्नै थिएन, दिएनन् । बरू झन् झन् अँध्यारो गाढा हुँदै गयो - निष्पट्ट, दिउँसै टुकी बालेर हिंड्नु पर्ने । सम्पूर्ण टोलको सुरक्षा गर्न खटाइएका केही सुरक्षाकर्मीले हातमा सबै कुरा पारे - बन्द व्यापारदेखि लाठी बन्दूकसम्म ।

बेलाबखतमा टोलको आफ्नो भेगमा पनि उज्यालो ल्याउने प्रयत्न भइनै रहन्थे तर तिनै व्यवस्था र सुरक्षा गर्ने जिम्मा लिएकाहरूले त्यो प्रयत्न असफल गरिदिन्थे । साम, दान, दण्ड र भेद मध्ये कुनै माध्यम प्रयोग गरेर पनि टोलका वासिन्दालाई एक आपसमा फुटाउनु, भोटे कुकुर छाडेर टोलबासीलाई आक्रमण

गराउनु, सुरक्षा बिथोलिएको नाउँमा समाउनु आदि गरिन्थ्यो । यिनै कारणले यस भेगका मानिस धेरै भएर पनि शक्तिहीन थिए, शक्तिवान भएर पनि दुर्बल थिए ।

"होइन छोरालाई सम्झाउनोस् न भन्या । घरीघरी बाहिर मात्र हेर्न खोज्छ, झ्याल खोलेर ।" श्रीमती फेरि पनि कराउँछिन् । कोठाको सीमाभित्र कतिदिनदेखि कैद रहेको उसलाई कोठा बाहिरको खुलापन बढी प्रिय भइरहेको छ । तर बाहिरको खतरा यो घरभित्रको कैद भन्दा पनि खतरनाक छ, गोली र डण्डाको प्रहार बज्रिएर कुनै पनि क्षण मृत्यु र कममा अपाङ्गता वरण गर्नुपर्छ । तर पनि यो भित्रको अन्धकार र सीमित घेरा भन्दा बाहिरको त्यो खतरा नै उसको लागि प्रिय लाग्छ र अरू धेरैको लागि पनि । त्यसै भएर त यस अँध्यारो टोलका धेरै-धेरै मानिस अहिले जुटेका छन् र आफैंले खडा गरेका ती कथित व्यवस्था गर्न र सुरक्षा दिन खटिएकाहरूको विरूद्ध अहिले एकजुट भएका छन् । उता सुरक्षाकर्मी अहिलेको यो संघर्ष दमन गर्न आँखा चिम्लेर गोली चलाउँदै छन् ।

बाहिर झन् झन् कोलाहल बढिरहेको छ र गोलीका आवाज पनि । ठोक ठोक, नछोड भन्ने आवाज र प्रहारको पीडाले निस्किएका आर्तनादहरू टोललाई नै झन् आतङ्कित र उत्तेजित पार्दैछ ।

"हाम्रो टोलको शान्ति र उज्यालो खोस्ने यी बदमास हुन् । यिनको विरूद्ध हामी एक भएर लड्नुपर्छ ।" बाहिर जुलुस र जुलुसमाथि चलाइएको गोलीलाई छिचोलेर एउटा उत्साही आह्वान निस्किन्छ । अरू पनि घरको ढोका खोलिन्छन् र गोलीको पनि वास्ता नगरी जुलुसको सहभागिता बढ्दै जान्छ ।

"आमा !" कतिबेला मेरो छोरोले झ्याल खोल्यो र कतिबेला बाहिरको क्रूर गोली उसको छातीमा बज्रियो कसैलाई थाहा हुँदैन । उसको त्यो अन्तिम आवाजको साथै हाम्रो भविष्यको आशाको दियो निभिसकेको हुन्छ । म आफैं भाउन्न भएर लड्न खोज्छु - श्रीमतीलाई सान्त्वना दिनेसम्म पनि आँट हुँदैन ममा । म मात्र हेरिरहन्छु ।

"मेरो छोरो मर्दैन, यी राक्षसहरूले मार्न सक्तैनन् यसलाई ।" ऊ विक्षिप्त झैं छोरोलाई छातीमा टाँस्छे र सरासर तल झर्छे । रोक्दा रोक्दै पनि ऊ घर बाहिर निस्कन्छे र जुलुसको अग्रभागमा मृत छोरोलाई काखीमा बोकेर राक्षस दमन गर्न निस्केकी भगवती झैं निःशस्त्र अगि बढ्छे । यति बेला उसको रणचण्डी झैं भगवती रूप हत्यारालाई पनि विस्मित र किंकर्तव्यविमूढ बनाइदिन्छ । जुलुसका सहभागीमा अर्को उत्साह थपिन्छ र त्यो उत्साह शब्दमा प्रकट हुन्छ - उज्यालो फिर्ता लिन्छौं, लिन्छौं ।

✿ ✿ ✿

# विश्वास / अविश्वास

आज ज्योतिषबाजेका छोरा मरे रे ! अफिसबाट घर फर्कनासाथ सुनेको यो खबरमाथि किन किन हत्पत्ति म विश्वासै गर्न सक्तिनँ । मोटा-मोटा, अलि पुड्का देखिने, ओठमाथि भर्खरै जुँगाको रेखी बसेका ज्योतिषबाजेको छोरालाई बाबुसँगै घरको पिंढीमा र शहरको सडक पेटीमा पोथी-पत्रा फिंजाएर बसेको देखिन्थ्यो । अलि लठेब्रो भए पनि हेर्दा ढुङ्गामा पछार्दा समेत केही नहोला जस्ता उनी खाइहाल्दै देखिन्थे । पहेंलो रङ्गाएको धोती र रामनामी सपक्क जिउमा बेरेर बसेका ज्योतिष बाजेसँगै उसलाई बिहानपख घरकै पिंढीमा जिज्ञासु ग्राहकहरूबाट घेरिएर बाबुलाई सघाइरहेको देखिन्थ्यो । बिहानको ग्राहक सकिएपछि खानपिन गरेर बाबु छोरा काखीमा पोथी-पत्रा च्यापेर शहरतिर लागेको देख्न सकिन्थ्यो । यो, दुवै बाबु छोराको नित्यनैमित्यको नियम थियो र घरमा तिथि-श्राद्ध, चाड पर्व परेको समयबाहेक उनको यो नियमित काममा न त झरी बादलले न त गर्मी र शीतले नै गतिरोध ल्याउन सक्थ्यो । अर्को कुरामा पनि मलाई आश्चर्य लाग्थ्यो उनी बिरामी परेको मैले कहिल्यै देखिनँ । बूढा भएर पनि हट्टाकट्टा नै लाग्ने ज्योतिषबाजे र उनका छोरालाई अस्ति मात्र उही रवाफमा शहर लागेका देखेको थिएँ । तिनै कलिला छोरा वृद्ध बाबुलाई एक्लै बेसहारा छाडेर मरे रे भन्ने कुरा पत्याउनु मेरा लागि त्यति सजिलो थिएन । तर विश्वास/अविश्वास र, सिमा रेखाको मृत्युलाई कुनै बन्धन रहँदैन । त्यसैले मैले विश्वास गर्न नसके पनि आखिर उनी मरेकै रहेछन् ।

ज्योतिषबाजे र मेरो घर नजिकै पर्छ । ज्योतिषको पेशा उनको पुस्तौनी पेशा हो, त्यसैले उनलाई त्यससम्बन्धी ज्ञानको लागि औपचारिक अध्ययनको आवश्यकता थिएन । बाबुको साथै बसेर उनको गणना हेर्नु, बुझ्नु र बाबुको लागि धुलौटो पुछपाछ र कोरकार गर्नु नै उनको आधारभूत शिक्षा थियो । त्यही व्यावहारिक रूपमा छोराले पनि बाबुको बीँडो थामेर ज्योतिषीको ज्ञान धेरथोर पाइसकेको थियो ।

काखको छोरो सुम्पेर ज्योतिषबाजेकी स्वास्नी उहिल्यै स्वर्गबासी भइसकेकी थिइन् । ज्योतिष पेशा र पोथी-पत्रालाई नै आफ्नो संसार ठान्ने ज्योतिषबाजेले अर्को बिहा गरेनन् । काखको छोरालाई आमा बाबु दुवैको माया, वात्सल्य र हेरबिचार दिएर उनले आफ्नो उत्तराधिकारीको रूपमा तयार गरेका थिए । त्यसैले घरमा बाबु-छोरा दुईजनाको मात्र सिङ्गो संसार थियो । त्यस

संसारमा निकै पछि तेस्रो जीव थपिएको थियो- गृहलक्ष्मीका रूपमा बुहारीको । छोरा र बुहारीको चिनाटिप्पन र नालीबेली केलाएर बिहा गरिदिएका थिए उनले । आफू स्वयं ज्योतिष, आफ्नै पदचिन्ह पहिल्याइसकेको छोरो । अलि लठेब्रो भए पनि त्यस्तो छोरालाई सर्वगुण सम्पन्न नभएकी र ग्रहराशि राम्ररी नमिल्ने केटीलाई बुहारी बनाएर ज्योतिष परम्परा बोकेको आफ्नो घरमा गृहलक्ष्मी बनाउने प्रश्नै थिएन । त्यसैले छोराको लागि प्रस्ताव आएका बीसौं केटीहरूमध्ये बल्लबल्ल सबै कुरा मिल्ने एउटी केटी भेट्टाएर उनले बुहारी भित्र्याएका थिए ।

उनी भन्थे- बिहे जस्तो कुरा, गण राशि र सबै लक्षण नमिली अनुहार हेरेको भरमा त्यसै गर्नुहुन्थ्यो र ! हेर्नोस् न मेरी बुहारी सयमा रोजा छे । धन-सम्पत्ति, पुत्र-पुत्रादि र राजसी-सुखभोगको योग परेको छ यसमा । छोराको पनि भाग्य कम छैन- दुवैको जोडी राम-सीता जस्तै छ, एकदमै आदर्श !

यसरी आफ्नो ज्योतिषी गणनाबाट राजसी सुखभोग गर्ने सयमा रोजा बुहारी भित्र्याउन पाएकोमा ज्योतिषबाजे एकदमै सन्तुष्ट थिए । उनी गद्गद् स्वरमा भन्थे पनि "त्यसमाथि आफ्नो छोरो अलि लठ्यौरो । त्यस्ता लठ्यौरालाई यत्तिकी बत्तीस लक्षणले युक्त धिपिक्क बल्ली जस्ती स्वास्नी कता'ट मिल्थ्यो लर्तरो चालले ! कसो मास्टर नानी यो सबै ग्रह-ग्रहादिको खेलले र पुर्खाको तपले गर्दा न हो । नत्र यस्तो राजसी सुखभोगको योग परेकी कन्या मैंजस्ती दरिद्रको घरमा लट्ठककी स्वास्नी बन्न किन आउँथी ?"

हुन पनि ज्योतिषबाजेकी बुहारी छिमेकका राम्रा मध्ये नै गनिन्थी । भर्खरै फक्रिएर पट्ट फुट्ने बेलाको फूलको सुन्दर कोपिलजस्तै उसको पुष्ट जवानीको मादकताले त्यसको स्पर्श-गन्ध उपभोग गरेर लट्ठ पर्ने अभ्यन्तर इच्छा नपलाउने पुरूष सायदै हुन्थे । त्यस्ती केटी ज्योतिष बाजेको घरमा लठ्यौरो र कुरूपै भन्न नमिले पनि असुन्दरको नमूना मान्न सकिने उनकै छोराकी पत्नी बनेर सङ्घार पस्दा धेरैले आश्चर्य मान्दै छिमेकी धर्मको पालना समेत गरेका थिए । पछि गाईं-गुईं सुनिएको पनि हो- माइत नजिकैको धन-सौन्दर्य सम्पन्न एकजना बाबुसाहेबसँग मायाप्रिति र लसपसको शङ्काले यिनका आमाबाबुले हत्तरपत्त ज्योतिषबाजेलाई सम्धी स्वीकारेका थिए रे ! उता सम्भावित बुहारीको चिना टिप्पन मिलाउँदा मिलाउँदा दिक्क भइसकेका ज्योतिषबाजे त्यस्ती राम्री र धनी बाबु-आमाकी छोरीको चिना-टिप्पन लठेब्रो छोराकोसँग ठ्याम्मै मिलेका देख्दा खुशीले तीन वित्ता नउफ्रने कुरै भएन । त्यसै खुशीमा बुहारी हुने केटीको बारेमा उनले अरू कुनै सोध- खोज पनि गरेनन् । लट्ठक छोराले सोध-खोज गर्ने त झन् कुरै भएन- कर्तव्य र आज्ञापरायण छोराजस्तै उसलाई सुन्दरी स्वास्नी पाउने आशाको स्वप्निल संसारमा घुम्दै ठीक थियो । त्यसमाथि उनको ज्योतिष गणनाले छोरा-बुहारीको ग्रहयोग ठ्याम्मै मिलेको थियो ।

"बुझ्नु भो मास्टर नानी, यी दुईको सृष्टि भगवानले दम्पतिकै रूपमा गरेको छ । मेरो गणना आजसम्म फेल खाएको छैन, अब फेल खाने त कुरै छैन । दुवैको लामो संयोगको जोग छ ठ्याम्मै असी वर्षको उमेरसम्म यिनीहरूको सुखी दाम्पत्य जीवन चल्छ बुझ्नु भो !" आफ्नो जोखानाप्रति पूर्णत: विश्वस्त

ज्योतिषबाजेले छोरा बुहारीको पछिसम्म संयोगपूर्ण जीवन बित्ने ग्रह-नक्षत्र देखेरै बिहा गरिदिएका थिए । यो कुरा उनी मलाई सुनाउने गर्थे ।

अधिपछि अरूकोमा उनको गणना कस्तो हुन्थ्यो कुन्नि, उनको आफ्नै छोरा-बुहारीको ग्रह-गणना चाहिँ मिलेन । बाबु आमाको कर-बलले लोग्ने मानेर बिहे गरेकी लठेब्रो ज्योतिषपुत्रसँग बुहारीको दाम्पत्य जीवन लम्बिन सकेन । बिहे गरेको एकै वर्षपछि जस्तो आएकी थिइन् उनी उस्तै गरी एकरात अकस्मात हराइन् । पछि छरछिमेकमा गाईं-गुईं चल्यो उनकै माइती गाउँको एउटा केटासँग पोइल गइन् रे ! दुवैले गाउँ छाडे, अहिले कता छन् केही पत्तो छैन ।

त्यस घटनापछि झरी-बादल, सन्चो-बिसन्चो कुनै हालतमा पनि घरको पिंढीमा जोखना देखाउन आउने मानिसहरूसँग घोरिएर बस्ने ज्योतिषबाजे दुई दिनसम्म त्यहाँ देखिएनन् । खाना खाएपछि काखीमा पोथी-पत्री च्यापेर जोखना हेर्न जुनसुकै अवस्थामा पनि नबिराई शहर जाने ज्योतिषबाजे रत्नपार्कको पेटीमा पनि देखिएनन् । त्यस रूपमा उनलाई सधैं देख्न अभ्यस्त मेरा आँखा त्यो नदेख्दा केही हराएजस्तो अनुभव गर्थे । तर बुहारी पोइल गएकी घटनाले सके उनमा ठूलै चोट पऱ्यो र त उनको वर्षौं वर्षको नियमित तालिकामा समेत त्यसरी व्यवधान आयो ।

तेस्रो दिन बल्ल उनी पिंढीमा देखिए । जोखना देखाउने ग्राहकको पत्तो नभएपनि उनले पिंढी छाडेनन् । त्यसरी विषादमा डुबेर ग्राहक पर्खेका ज्योतिषबाजेलाई देखेर मन थाम्न नसकी मेरा पाइला त्यतै तानिएका थिए । पहिले त मलाई देख्दा आफैंसँग झस्केका ज्योतिषबाजे पछि बिस्तारै खुलेका थिए "के गर्नु, नाक काटियो ! बुझ्नु भो मास्टर नानी, अर्कैको चिना दिएर झुक्याएछन् असतीहरूले ! नत्र मेरो गणना झूठो हुने नै थिएन ! के गर्नु दैवको लेखा !"

उनको त्यो अवस्था देख्दा उनीप्रति सहानुभूति जाग्यो- बिचरा, झुठै भए पनि आफ्नो विश्वासमाथि परेको आघातलाई दैवको जिम्मा लाएर सान्त्वना लिन्छन् । यसो गर्नुमा सके उनको मनोविज्ञानले पनि काम गरिरहेको हुन्थ्यो । आफ्नो गणना आफ्नै परिवारमा नमिल्दा उनका समस्त ग्राहकहरूको मनमा अविश्वासको कीरा सल्बलाउनु आश्चर्य थिएन र उनी आफैंभित्र पनि आफ्नो गणना क्षमताप्रति शङ्का उठ्नु अनौठो थिएन । त्यही आशङ्का लुकाउन उनी बुहारीको नाममा अर्कैको चिना देखाएर आफूलाई ठगेको आरोप लगाउँछन् । र, अझ पोइल जानु अधिसम्म ठूलो निधार, ठूलै आँखा, लक्ष्मीकै साक्षात् रूप झैं उज्वल अनुहार र महालच्छिनकी मूर्ति देख्ने ज्योतिषबाजे अहिले त्यही अनुहारमा अलच्छिनका रेखाहरू देख्न थालेका थिए- "सधैं हाँडीको पींधजस्तो अनुहार ! जे होस् बुहारीको त्यस किमिसको गमनलाई मनमनै आफ्नो पराजय स्वीकार गरेका थिए; यो स्पष्ट थियो । जे भए पनि ज्योतिषी उनको शोख थिएन- पेट भर्ने जागिर, पेशा, खेती र उद्योग जे भने पनि त्यही एक मात्र सहारा थियो उनको । त्यही सहारा पनि अब बुहारीको घटनाले गर्दा उनीबाट टाढा भइसकेको थियो । अघि कुनैबेला खाली नहुने मानिसको भीड अब उनको पिंढीबाट हराइसकेको थियो । अब उनको सहारा शहरको सडक पेटीमा झरी, वर्षा, शीत-तापसँग

लाप्पा खेल्नु मै निर्भर थियो । त्यही सहारा समाउन उनी बिस्तारै फेरि शहर लाग्न थाले- पछि पछि लठचौरो छोरो उनकै पदचिन्ह पछ्याउँथ्यो ।"

दुई वर्ष पनि बित्न नपाउँदै आज फेरि अफिसबाट घर फर्कनासाथ ज्योतिषबाजेका छोराले पनि यो संसार छाडेको खबर सुन्दा शुरूमा त म आफैं पीडाले कराएको थिएँ- के भन्छ्यौ यो ? तर जति पत्यार नलागे पनि सत्य छोपिदैनथ्यो- यथार्थ आगोजत्तिकै पोल्ने भएर अगाडि जिस्क्याइरहेको थियो । आफू छोराको काखमा परलोक - गमनको सिंढी टेकेका ज्योतिषबाजेको शोकाकूल अनुहारभरि पराजयका रेखा फिँजिएका थिए र उनीभित्र ठूलो प्रश्नले हाहाकार मच्चाइरहेको थियो- बुहारीको चिना त झुटो थियो, तर छोराको.........? उसको चिना त आफैंले बनाएका थिए उनले..........!

❋ ❋ ❋

# पारू

काखे लट्ठीको सहारामा खोल्ल्याङ-खोल्ल्याङ गर्दै अघि बढिरहेको ओझा विगत दश वर्षको अन्तराललाई परिवर्तनको दृष्टिले तुलना गर्न थाल्छ । उसलाई लाग्छ- खास बदलिएको छैन । दश वर्ष अघि गाउं छोडेर हिंड्दाको त्यो ठूलो बरको रूख अझै उस्तै छ । बरको फेदमा वरिपरि ढुंगा चिनेर बनाएको चौतारी भने अब दाँत फुक्लेकी थोती बूढी झैं देखिएछ कोरीबाटी नगरी छाडेको असरल्ल केस झैं अस्तव्यस्त ।

चौतारीसँगै ओझाका पूर्वस्मृतिका पन्नाहरू खुल्न थाल्छन् । त्यहाँको सम्पूर्ण परिवेश र माटाका कणकण उसको मानसिकतामा भिजेको छ । चौतारीमाथिको ठूलो चौर, चौरको पूर्व-पश्चिम फैलिएको द्यारका झयाम्म रूखहरू र रूखहरूको बीचमा उच्च ढिस्कोमाथि रहेको माडौं । यिनै चौतारी, द्यारका जंगल र देवीको मन्दिर तथा मन्दिरको चौरमा उसले आफ्नो जीवनको बहुमूल्य बाल्यकाल बिताउनुका साथै युवा अवस्थाका कल्पनाहरू संगालेको थियो । यही ठाउंमा रात-रातभर आँखाझिमिक्क नगरी देउडाको गीत र तालमा झुमीरहन्थ्यो ऊ । त्यो सम्झँदा अहिले पनि उसलाई आफू तिनै विगतका कालखण्डमा बाँचे झैं लाग्छ । चैते, शिवे, कृष्णे, पारू, निरू र सीता अझै पनि आफ्नो अगाडि उही पुरानो रौसमा देउडा गाइरहेका, मादलको थर्काइमा नाचिरहेका झैं लाग्छ । अनि कति कति रात पारूसँगै चोरी देउडा खेल्न जङ्गल-जङ्गल भौंतारिएको सम्झना हुन्छ । कस्ती होली अहिले पारू..........? सम्झँदी होली कहिलेकाहीं ?

"को हौ....... काँ'ट आएका ?" एउटा बृद्ध स्वरले उसको पूर्वस्मृतिका दृश्यपट धमिल्याइ दिन्छ । ओझा चिन्छ- पल्ला पट्टिका भट्ट बूढा हुन् यी । भट्टबूढालाई देख्नासाथ फेरि पारूको सम्झनाले चिमोट्न थाल्छ, उसलाई । "टाढै जाने हो कि, यतैका हौ ?" उसको जवाफ नपाएर भट्ट बूढा फेरि प्रश्न गर्छन् । भट्ट बूढा आफ्नो कमजोर आँखाले उसका अंग-अंग परीक्षण गरिरहेका हुन्छन् । तर पनि उसलाई चिन्न सक्तैनन् । त्यसमाथि दश वर्षको हण्डर र संघर्षले ऊ पनि त साटिइसकेको छ ।

"परदेशी हुं ....... ।" ऊ आफ्नो परिचय लुकाउने उद्देश्यले अस्पष्ट जवाफ दिन्छ । एक पटक त आफ्नो राम्रै परिचय दिएर म उही पारूको बाल-संगाती हरि हुं भनौं कि जस्तो पनि नलागेको होइन । त्यसमाथि पारूको

सम्बन्धमा जान्ने उत्कट चाहना नभएको पनि होइन । कस्ती होली ऊ ? बिहा गरी होली कि, हरिलाई नै पर्खेर बसेकी होली ? बिहे गरेकी भए त छोरा-छोरी पनि भइसके होलान् उसका । तर पारूलाई माझ जंघारमा त्यसरी अलपत्र छोडेर आफूले पलायन गरेको सम्झँदा ऊ आफ्नै अपराधबोधले आफ्नो साँचो परिचय समेत दिन सक्दैन । हुन त त्यतिबेला उसले पारूलाई धोका दिएको पनि होइन, आफूसँगै लैजान नचाहेको पनि होइन । तर यही ठाउँमा शिर ठाडो पारेर बाँच्ने पारूको हठले गर्दा ऊ आफू पलायन हुनुपरेको थियो । पारूको त्यो अडानमा उसले त्यतिबेला साथ दिन सकेन र घर समाजको चापबाट तर्सेर ऊ विदेशियो ।

"बरा, खुट्टा पनि बिरामी देखिन्छ । साँझ पर्न लागिसक्यो ।" उसको लंगडो अवस्था देखेर भट्ट बूढाको कोमल मनमा सहानुभूति उब्जन्छ । सहानुभूति भन्दा पनि त्यस असहाय झैं युवकमा उनी आफ्नै एकमात्र दिवंगत छोराको प्रतिच्छायाँ देख्छन्- जो लगभग यही परदेशीको उमेरमा अकालमृत्युको गाँस हुन पुगेको थियो ।

बूढाको त्यतिबेलाको सोचाइ र मनस्थिति ऊ सहजै अनुमान गर्न सक्छ । ऊ आठ-दशवर्ष जतिको थियो होला, तीर्थबहादुर मरेको खबर सुन्दा । बूढाको बुढेसकालको एक मात्र सहारा, पारूको बाबु तीर्थबहादुर मरेको सुनेर उसलाई पनि नमज्जा लागेको थियो । अरू भन्दा पनि आफ्नी सहचरी पारूको बाबु मरेकोमा पारू जस्तै दुःखी थियो ऊ ।

एउटा पानी खोल्सोले साँध छुट्याएको दुई गाउँ मध्ये पल्लो काँडा गाउँकी पारू र वल्लो ह्निने- काँडाको ऊ बाख्रा हेर्नेदेखि घर नजीकै वनमा खेल्दा पनि प्रायः सँगै हुन्थे । पारूका बाबु गाउँमा भएर पनि निर्वासित थियो र परिवारबाट एक्लिन बाध्य थियो । तर पनि संघर्ष र परिश्रमबाट कहिल्यै पन्छन नजान्ने तीर्थराज गरीबी र ऋणको कालो बादल फटाउने सपना बोकेर विदेशिएको थियो रे भन्नेसम्म उसले सुनेको हो । त्यस्तै एकदिन तीर्थसँगै उस्तै सपना बोकेर बिदेशिएको गनेसे भट्टबूढाको बृद्ध छातीमा अर्को ठूलो प्रहार बोकेर फर्केको थियो । विचरो तीर्थ भारत-पाकिस्तान लडाईमा भाडाको सिपाहीको रूपमा लड्दालड्दै तातो गोलीको शिकार भएछ ।

त्यतिबेला ऊ निकै सानो थियो र पारू पनि लगभग उही उमेरकी थिई । त्यसैले उनीहरू सबै कुरा बुझ्दैनथे । पछि पो उसले बुझ्यो- बिचरो तीर्थराज आफ्नैमा पनि अछुत भएर बाँच्नुपर्दाको पीडाले रन्थनिएर बिदेशिएको रहेछ, गरीबीको कारणले भन्दा पनि । परिवार र परिवारको भन्दापनि गाउँका ठूला ठालूको विरोध हुँदाहुँदै आफूले माया गरेकी तल्लो जातकी केटी भित्र्याएको बदलामा जातिच्यूत भएर तिरस्कृत जीवन बाँच्न पनि ऊ राजी भयो । तर त्यतिले मात्र पनि उसका दुर्भाग्यका दिन सकिएनन्- जसको लागि तीर्थराजले समाजसँग विद्रोह गरेर अछुत र तिरस्कृत जीवन पनि त्यही बिताउने अठोट गरेको थियो उसैले पारूलाई जन्म दिएको छ महिनापछि यस संसारलाई नै छाडिदिई । त्यही रनाहामा तीर्थराज छोरी बाबुको जिम्मा लगाएर बिदेशिएको कुरा उसले पछि सुनेको हो ।

"हन्....... के ट्वाल्ल परिरेका हौ तिमी ? यहीं रात बिताउने सुर छ कि कसो ?" ऊ निकै समय पूर्वस्मृतिमा हराएछ क्यार, र त भट्ट बूढा उसलाई झिंगोल्दै वर्तमानको अझ कठोर धरातलमा ल्याएर डङ्ग्रङ्ग मिल्काइ दिन्छन् ।

"तपाईलाई बित्थामा रोकें ।...... रात त के भो र यहीं पनि ता बितिहाल्छ ।" ऊ अनिश्चयात्मक जवाफ दिन्छ । उसको जवाफबाट लाग्छ ऊ बूढाको सान्निध्य र सुरक्षित रात बिताउने कुरामा भन्दा पनि आफ्नै पूर्वस्मृतिका पाना पल्टाउनमा बढी आनन्दित छ ।

उसको त्यस जवाफबाट भट्ट बूढाको मन सके झनै पग्लन्छ र उनी आग्रहको स्वरलाई अरू दृढ पार्छन्- "के भो त, एकै रातको त कुरा हो । हिंड न मेरै घरमा बसौंला । कि तल्लो जातका हौ र संकोच मानेका ?"

बूढाको त्यो मामूली लाग्ने अन्तिम प्रश्न उसको मनमस्तिष्कमा बवण्डर भएर फैलिन्छ । बिचरो बूढो- ऊ आफैको अभिशाप पनि त यही माथिल्लो र तल्लो जातिको सीमाबन्धन थियो नि । त्यही बन्धन त हो, लगभग सत्तरी भोटो फटाएको यस बूढोलाई छातीमा अपमान र यस उमेरमा समेत बोझ बोकेर बाँच्न बाध्य तुल्याउने ! बूढो मात्र होइन उसको आफ्नै जीवनमा पनि त त्यही सीमाबन्धनले आँधी ल्याइदियो र ऊ कहाँबाट कहाँ मिल्किन पुग्यो ।

ऊ पुन: विगतको कालखण्डलाई मानसपटमा फर्काउँछ । तीर्थराजले त्यसरी आफू भन्दा तल्लो जातको स्वास्नी ल्याएपछि गाउँका माउडेहरूमा छटपटी हुनु स्वभाविक थियो । उनीहरूले तीर्थराजलाई जातिच्यूत गर्ने फैसला गरे । त्यो फैसलामा निर्णायक भूमिका खेल्ने अझ उसको आफ्नै दाजु थिए । सानैदेखि बाबु नभएपनि आफूलाई बाबु झैं माया दिने दाजुबाट त्यतिसम्म कठोर निर्णय भयो होला भन्ने कुरामा शुरूमा त उसलाई पत्यारै लागेको थिएन । यतिसम्म चाहिं उसलाई थाहा थियो- त्यस गाउँको सबैभन्दा धनी र ठूलो माउडे मानिने उसको दाजुले त्यस कुराको विरोध गरेको भए सबै गाउँलेको विरोध पनि निष्फल हुन्थ्यो । तर पछि झण्डै त्यस्तै घटना ऊ आफैमाथि बज्रन आएपछि मात्र उसले आफ्नो दाजुलाई राम्ररी चिन्यो ।

त्यसरी जातिच्यूत हुनु पर्दाको पीडाले रन्थनिएर पनि तीर्थराजले मनदह्रो पारेर विरोधको प्रहार सहेको थियो । भट्ट बूढाले समेत उसको साथ दिन नसकेकोले ऊ घर त्यागेर अलग्गै बस्न थालेछ । तर दुर्भाग्य, पारूलाई जन्म दिएको ६ महिनापछि पारूकी आमा पनि अकाल मृत्युको मुखमा परेपछि छोरी बाबुको जिम्मा लगाएर तीर्थराज विदेशियो । पितृवात्सल्यको भेल खप्न नसकेर भट्ट बूढाले समाजको आँखामा अछुतै बन्न परे पनि मातृविहीन पारूलाई आफ्नो संरक्षणमा लिएका थिए । पछि टुक्रा टुक्रामा सुनेका यो कुरा सम्झँदा ऊ आफैलाई समेत अपराधका सहभागी सम्झन पुग्थ्यो ।

अबको पल्ट उसले बूढाको आग्रहलाई अस्वीकार गर्न सकेन र काखे लट्ठीको भरोसामा आफ्नो लंगडो पाइला बूढाको धर्मर पाइलासँगै चाल्न थाल्यो । दश वर्षको अन्तरालमा उसको गाउँ अलिकति पनि फेरिएको छैन । बाटो भन्दा तल- उसको पैतृक घर यहींबाट देखिन्छ । देही चौकी अन्तर्गतका सबै गाउँमा

कहलाएको उसको परिवारिक ऐश्वर्यको प्रतीक मानिने ठूलो घरले अहिले अरू ठूलो रूप लिइसकेछ । त्यही ठूलो घरको प्रतीक स्वरूप उसको परिवारको नाम भएको थियो- ठूलाघरे / र ऊ भनिन्थ्यो ठूलाघरे सानो मालिक । उसको ठूलो घरले अरू ठूलो रूप लिनु बाहेक गाउँमा अहिले अरू कुनै परिबर्तन देख्दैन ऊ । पानी खेप्न खोला झरेका स्वास्नी मानिसको हुल र झुप्रा झाप्रीको संख्या भने बढी देखिन्छ । रातको अध्यारोसँग आज पनि दियालोले नै साथ दिइरहेको छ । पहिले पनि त उसको एक घरमा बाहेक मट्टितेलबाट बल्ने लालटिन अरू घरमा प्रवेश गर्न सक्तैनथे । यो दश बर्षमा त केही बदलिनु पर्ने हो । तर अहं ........ उसका आँखा परिवर्तनको कुनै संकेत फेला पार्न सक्तैन । त के उसको गाउँमा समय गतिहीन रह्यो त ? ऊ आफैसँग प्रश्न गर्छ । तर उसको लागि त समय कहाँबाट कहाँ पुगिसक्यो । अनि समयको त्यस चक्रमा ऊ आफै पनि गहुँसगै पिनिएको घुन झैं पिनिइसक्यो । अरू सबै कुरा र स्मृतिका एक एक अक्षर कालो पाटीमा लेखिएका अक्षर झैं सिनित्तै मेट्ने उसको इच्छामा बाल्यजीवनका सम्झनाहरू भने कसै गरे पनि मेटिंदैनन्- बारम्बार उसको मानस पटलमा ठोक्किइ रहन्छन् ।

उमेर कम थियो, निष्कलुष मन थियो । त्यसैले ऊ त्यतिबेला सबैले आफूलाई गर्ने सानो मालिकको सम्बोधनलाई सम्बोधन कर्ताको बर्गविभाजन र घृणाको ध्वनि नभएर स्नेहासिक्त सम्बोधन ठान्थ्यो । गाउँमा उसका समवस्यकहरूको टोलीमा अति मन मिल्ने साथी थिई- पारू ! पारू जातिच्यूत बाबुको छोरी भएकीले उसको घरमा प्रवेशसम्म पाउन्नथी । तर त्यस कुराको उसलाई कुनै मतलब थिएन । उमेर बढ्दै गएर दुवै किशोर अवस्थाको संघार टेकुन्जेल बाल्यावस्थाको त्यो सम्बन्ध बिस्तारै प्रेमी-प्रेमिकाको सम्बन्धमा बदलिसकेको पनि ऊ भेउ पाउँदैन ।

"क्या हो हरि म त ननिको कुरा पो सुन्छु नि गाउँलेका मुखबाट ।" एक दिन दाजुको एक्कासि झम्टाइमा ऊ छक्क पर्छ । के भन्दैछन् दाजु ...... के भएछ ? के र कसको बारेमा ननिको सुने उनले ? मनभरि प्रश्नको लहर उठ्न थालेपछि दाजुसँगै प्रतिप्रश्न गरेको थियो उसले - "हैन, के ननिको कुरा सुन्नुभयो दाइले ? ......... कसको बारेमा ननिको सुन्नुभयो ।"

"नकरा पाजी । अझ बुझपचाउन लाज लाग्दैन तँलाई ? कुलको इज्जत माटामा मिलाउन खोज्दैछस् होइन ।" दाजुको काँचै निर्लुला झैं रूपबाट भन्दा पनि आफैंमाथि लगाएको त्यो अज्ञात आरोपले ऊ तीनछक परेको थियो । के गरेको छ र उसले कूलको इज्जत माटोमा मिलाउने काम ? ऊ अझै केही बुझ्दैन ।

"होइन मैले के गरें र त्यस्तो कूलको इज्जत नष्ट हुने काम ?" अघिपछि दाजुको अनुहारमा ठाडो शिर लाएर हेर्न नसक्ने हरिले त्यस दिन आँखामा आँखा भिडाएर सोधेको थियो ।

"अझ मसँग ठूलो स्वर गर्ने साहस गर्छस् उल्लु । आजदेखि त्यो छँडुल्ली अछुत पारूसँग बोलेको मात्रै सुनें भने पनि छाला काढ्छु म तेरो ।" बल्ल हरिले आफूमाथि लागेको आरोप बुझेको थियो ।

त्यसपछिका घटना बिर्सु भने पनि बिर्सन सक्तैन ऊ । दाजुको अभिजात्य कूल-गर्वको अघिल्तिर उसका सबै तर्क र प्रयत्न विफल भएका थिए । दाजु रातारात उसको बिहे गरिदिने तयारीमा लागे । उता पारू दाजुकै धम्की र दवावमा करीब करीब घरबाट बाहिर निस्कन समेत नपाउने भई । त्यो स्थितिबाट उम्कने एक मात्र बाटो उसले त्यतिबेला गाउँ छोडेर विदेशिनु बाहेक अर्को देखेन ।

"पारू... मैले त मसक्कै आँटिसके । हामी आजै राति भागौं यो गाउँ नै छाडेर अन्तै कतै जाउँ ।" अरू कुनै उपाय नदेखेपछि ऊ पारू कहाँ पुगेर उसलाई पनि आफूसँगै भाग्ने अनुरोध गरेको थियो ।

"बिन्ती मलाई कर नगर हरि, म बूढो बाजेलाई एक्लै छाडेर कहीं जान सक्तिन । त्यसमाथि अछुतै सही, म यही बाँच्न चाहन्छु ।" सयौं अपमान प्रताडना सहेर पनि आफूलाई एकदमै टुहुरी हुन नदिने बूढो बाजेलाई छाडेर पारूले हिड्ने आँट गर्न सकिन ।

"ठीक छ .... ठीक छ पारू .... एक दिन म पनि यही फर्कने छु, यसै माटोमा- तिमीसँगै बाँच्न ।" पारूको जवाफसम्म पनि नपर्खी ऊ त्यहाँबाट हिड्यो- गाउँ मात्र होइन देशै छाडेर । के त पारू अझै उसलाई पर्खेर बसेकी होली ? पर्खेकै भए पनि आजको यो दीनहीन र लंगडो हरिको कुनै स्थान होला र उसको हृदयमा ।

"बस बाबु थाकेको हौला ।" भट्टबूढाका शब्दले ऊ झल्यास्स हुन्छ । पूर्वस्मृतिको महासागरमा डुबुल्की मार्दामार्दै ऊ भट्टबूढाको घर आँगनमा आइपुगेको समेत चाल पाउँदैन ।

"घरमा को हुनु हुन्छ नि ?" पारूको खबर लिनु नै उसको मूल उद्देश्य हुन्छ र त्यही उद्देश्य पूरा गर्न भट्ट बूढासँग प्रश्न गर्छ ।

"को हुनु बाबु ! एउटी अभागिनी नातिनी र उसको टुहुरो छोरो लिएर काल पर्खदैछु । तिनकै पीरले त हो, मर्न पनि सकेको छैन ।" बूढाको यो छोटो उत्तरले उ पूरै आन्दोलित हुन्छ र उसका मनभरि प्रश्न उठ्छन् । त्यसो भए पारू यही छ, यही घरमा छ । .......... र उसले बिहे गरी सकिछ- दश वर्षसम्म पनि पर्खिन छ उसले .......... उसमाथि विश्वास गरिनछ ।

"के भएको नि उनको लोग्नेलाई !.......... के सानैमा बिहे भएको उनको ?" ऊ बूढालाई अरू खोच्याउँछ । हुन त बुढाको बसिसकेको घाउको खाटा उप्काउने चाहना छैन उसलाई, तर पनि विगत दशवर्षको उसले नभोगेका यहाँको जानकारी पाउने जिज्ञासा मेटाउन सक्तैन । अहिले उसलाई लाग्छ- पारू र यस बूढालाई पनि यो स्थितिमा ल्याउनमा केही हदसम्म ऊ आफू पनि जिम्मेवार छ । उसले पनि पारूको बाबुको जस्तै विद्रोह गर्न सकेको भए आज पारू उसकै हुन्थी । उसले विदेशी भूमिका विदेशीको लागि रगत बगाएर लंगडोपन बेसाउन पनि पर्दैनथ्यो । शुरूमा अपमान र प्रताडना सहन सकेको भए उसको र पारूको समेत जीवन पक्कै पनि आजैको जस्तो कष्टसाध्य त हुने थिएन ।

"के हुनु ...... कलिलो बाँसको मुना जस्ती नातिनीलाई अर्धबैंसे रोगीको हिल्ला लाउनु पऱ्यो । बिहे भएको छ नै वर्षमा ऊ पनि बित्यो । घरमा केही थिएन । आफैंसँग राखेको छु उसलाई ।"बूढाबाट गाउँकै दवाबमा सानीको बिहे भएको र छ महिनाको सानो छोरो र किशोरी स्वास्नी छाडेर पारूको लोग्ने पुरानो रोग बल्भेर मृत्युको मुखमा पुगेको थाहा पाउँछ ।

उसको मनभित्र मच्चिएको बवण्डर थामिएको हुँदैन र त्यति नै बेला पारूको आगमनबाट ऊ भनै आन्दोलित हुन्छ । ऊ देख्छ स्याउलाको भारी भुइँमा बिसाएर दुई हातले कपाल सम्स्यार्न लागेकी पारू दशवर्ष अघिकी उसको पारूसँग कतै मेल खान्न । त्यतिबेलाको पुष्ट शरीर, उल्लासमय पानीदार आँखा र रक्तवर्णको गोरो अनुहार, अहिले निर्जीव-निर्जीव भैं लाग्छन् । जीवनमा भोग्नुपरेका अपमान, कष्ट र शोकले मानिस दश वर्षमा यतिसम्म बुढिन सक्छ, उसलाई पत्यार गर्न पनि कठिन पर्छ । तर उसको अघिल्तिर उही पारू खडा छे-रूप र जवानी निचोरिए पनि उही पारू हो यो । ऊ पारूलाई कसरी बिर्सन सक्छ र ....... । ...... के पारू पनि उसलाई यसरी नै चिन्ली ?

ऊ देख्छ पारूका तीखा बिभ्ने आँखा उसकै अनुहारमा गाडिएका छन् । उसको त्यो घोच्ने हेराइबाट ऊ छटपटिन्छ । ......पारूले चिनी त उसलाई ? पक्कै पनि चिनेकी हुनुपर्छ । उसलाई लाग्छ पारूले पनि चिनीन भने उसको यहाँ फर्कनुको अर्थ नै के रह्यो र ? विदेशमा जीवन बिताउने संकल्प गरेर त गएथ्यो ऊ, तर विदेशको आकर्षणमा धेरै बाँध्न सकेन उसले आफूलाई । उसले सोचेथ्यो- भला गाउँमा पूर्व परिचय हराएरै बाँच्न परे पनि पारूको सान्निध्य त पाइएला । यही एक मात्र आशाले उसलाई घचघच्याई रह्यो त्यही आशाले ऊ गाउँ फर्केको थियो ।

"तपाईं......?......" पारूको मुखबाट अनिश्चयात्मक प्रश्न निस्कन्छ । त्यस परदेशीलाई देख्नासाथ पारूको हृदयभित्र पनि हलचल हुन्छ । भित्र कताकता लुकेको पूर्वस्मृतिका आकषर्ण र पछि पलाएका विद्रोह बीच भित्रभित्रै द्वन्द्व चल्छ ।

"हो ..... म हरि !" पारूका गडेका तीखा आँखा मात्र होइन भित्रसम्म बिभ्ने आवाजको प्रश्नले समेत ऊ भित्रैसम्म छेडिन्छ । निष्प्राण र पराजित भैं स्वरमा ऊ यसभन्दा बढी केही भन्न सक्तैन ।

अब पारू भित्रबाट सर्के निद्राबाट भर्खरै बिउँभेर बाहिर निस्की आफ्नो काखमा बसेको सानो बालकलाई मुसारीरहेकी हुन्छे । ३-४ वर्षको त्यो बालकमा ऊ के आकर्षण पाउँछ कुन्नि आफैंलाई मोहनी लागेभैं अनुभव गर्छ ।

"अब .... बाँकी नै के छ र ?" पीडा र आँसुमा भिजे भैं पारूको यो प्रश्न उसको छातीभरि बोभिलो पत्थर भएर बज्रिन्छ । हो त....... अहिले सबै सकिएपछि किन फर्क्यो ऊ ...... के को मोहले आयो ऊ । तर होइन केही सकिएको छैन । ऊ दृढ भएर भन्छ - "किन, अभैं पनि त केही बाँकी

नै छ पारू । मनभरि हिजोको सम्झना छ र तिनै सम्झनासँग गाँसिएकी तिमी छौ, म छु र भोलिको हाम्रो भविष्य यो सानो छोरो छ !"

"तपाईंका दाजु र ठूलाबडा पनि त यहीं छन् र ..... म पनि पहिलेकी पारू छैन । कसैकी भइसकेकी छु म ....... । अब मलाई कसैको कमजोर प्रेमको आवश्यकता पनि छैन । यही स्थितिमा म एक्लै बाँच्न सक्छु ।" पारूको जवाफ कठोर प्रहार भएर उसको छातीमा बज्रिन्छ ।

"ठीक छ ..... मेरो कमजोरीको यो सजायँ मैले पाउनै पर्छ । म तयार छु तिमीले दिएको सजायँ भोग्न ।..... मेरो एउटा अन्तिम अनुरोध तिमीसँग एक पटक ..... मात्र एक पटक क्षमा गरिदेऊ । भन सक्छ्यौ ?"

उसको त्यो भिजेको स्वरको अनुरोध पारूको नारी मनलाई हिउँ झैं पगाली दिन्छ र उसको मुखबाट अनायास निस्कन्छ - "तपाईंले पनि धेरै दुःख पाउनुभयो हगि !"

❋ ❋ ❋

# धमिरो

"ऊ आइपुग्यो धमिरो दार्शनिक । देखिहाल्यो, अब बोर गर्छ !" उसलाई देख्नासाथ उनीहरू सधैं सर्तक हुन्थे । सकभर उसलाई छलेर नदेखोस् भन्ने कोशिस हुन्थ्यो । त्यो कोशिस पूरा नभएमा उम्कन कठिन पर्थ्यो ।

"यसको दिमागबाट इमान्दारीको भूत निकालिदिन पाए बिचरो कति सुखी हुन्थ्यो होला हगि !" रमेशको निष्कर्ष सधैं ऊ दु:खी छ र उसको दु:खको कारण पागलपनको हदसम्म इमानदार बन्ने उसको आदिम सोच नै हो भन्ने हुन्थ्यो ।

"यस्ता केही नमूना पनि चाहिन्छन् । नत्र कसरी हाम्रो मनोरञ्जन हुन्छ । शब्दकोषभित्रको इमान्दारी शब्द मुखले घोक्ने र व्यवहारमा उर्तान खोज्ने केही मूर्खहरू पनि त चाहिन्छन् ।" श्यामको अर्कै सोच छ, अर्कै दर्शन छ । सधैं ऊ यस्ता मूर्खविहीन समाजमा आफ्नोसमेत महत्त्व गौण हुने नतिजा निकाल्छ ।

"मित्रहरू ... अभिवादन !" छल्न खोज्दाखोज्दै पनि ऊ अगाडि परिहाल्यो ।

ऊ .... अर्थात् दार्शनिक ! उनीहरूको शब्दमा धमिरो दार्शनिक ! उसको खास नाम के हो सके उसैले बिर्सिसक्यो । उसको नाम नभएको होइन, थियो । अफिसको हाजिरकापीको पानामा वा प्रमाणपत्रहरूमा लेखिनु-छापिनुभन्दा त्यो नामको अर्को सार्थकता देखिएको छैन । त्यहाँ उसलाई सबै उसको नाम होइन दार्शनिकको नामबाट चिन्छन् । पछि यो नाउँमा धमिरो थपियो र बाहिर मात्र होइन अफिसमै पनि उसलाई अगाडि पर्दा दार्शनिक र पछाडि पर्दा धमिरो दार्शनिकको नामबाटै चिन्छन्, चिनाउँछन् र बोलाउँछन् । घरमा उसलाई कसले के सम्बोधन गर्छन् थाहा छैन ! स्वास्नीको आँखामा ऊ आम्दानी गर्न नसक्ने आँट नभएको लाछी लोग्ने मात्र हुनसक्छ । छोराछोरीको आँखामा जमानाअनुसारको उनीहरूको माग पूरा गर्न नसक्ने नालायक बाबु मात्र हुनसक्छ ऊ ! छरछिमेकको लागि समय र युग नबुझ्ने नालायक जन्तु मात्र हुनसक्छ । त्यही अनुरूप उसलाई सुनाएर बोलाउने र पछाडिबाट नसुन्ने गरी सम्बोधन गर्ने अलग अलग नाउँ हुनसक्छन् । उसको नाउँ यी कुनै सन्दर्भमा पनि उच्चारण गर्न सकिने विषय बनेको छैन । देख्नेहरू प्रश्न

गर्छन्- ऊ जस्तै उसको नाम हराएको होला कि, उसको नाम जस्तै ऊ हराएको होला ?

"अभिवादन दार्शनिकज्यू !" श्याम बडो मीठो बोल्छ । त्यो मीठो बोलीभित्रको छुराधारे तेजप्रहार भने थोरैले मात्र चाल पाउँछन् र त्यसको अनुभव गरेपछि एकपटक छट्पटाउँछन् ! दार्शनिकलाई भने त्यो धारले कहिल्यै छोएन । त्यो देख्दा लाग्थ्यो- उसको मीठो बोलीको छुरेधार रेट्दा रेट्दा मोटो भएको दार्शनिकको गैंडाखागे छालामा रगडिएर आफैं बोधो भइसकेको छ । आफ्नो धारको चोट दार्शनिकमा पटक्कै नपर्दा ऊ कहिलेकाही आफै छटपटाउँथ्यो र झन् धारिलो पार्दै रेट्न पनि छाड्दैनथ्यो ।

"अँ त दार्शनिकज्यू, के छ खबर ? आज धमिरो मिसाइलको आक्रमण चाहिं केमा र कसमाथि पऱ्यो ! भन्नुहोस् त दार्शनिकज्यू !" जम्काभेट भइसकेपछि एक त उसले हतपती छाड्दैनथ्यो, अर्को भेट भइसकेपछि त्यत्तिकै टकटक्किएर हिंड्नुलाई सभ्यता पनि भनिंदैनथ्यो । दार्शनिक भनाउँदो त्यो तुच्छ असभ्य जीवको अघिल्तिर उनीहरू आफूलाई असभ्य भनाउन पनि चाहँदैनथे । त्यसैकारण हरिले दार्शनिकको मूल चिन्तन र पर्यवेक्षणभित्र सुतेको कीरो जगाइदिने प्रयत्न गऱ्यो ।

धमिरो .... यो शब्द दार्शनिकको अति प्रिय शब्द थियो । त्यति मात्र होइन समाजको चरित्र उद्‌घाटन गर्न यो शब्द जति अर्थपूर्ण अभिव्यक्ति दिने शब्द अर्को छैन भन्ने उसको धारणा थियो । अरूले चाहि यिनै शब्दहरू भिसाएर उसको खिल्ली उडाउने नयाँ नामको आविष्कार गरेका थिए- धमिरो दार्शनिक !

"बास्तबमा ऊ कसरी धमिरो हुनसक्छ ? यो विशेषणचाहि अलि ठीक ठाउँमा परेन कि !" महेश कहिलेकाही ठट्टैमा भन्ने गर्थ्यो- धमिरोले त भित्रभित्रै कुनै चिजलाई खाइदिन्छ र समूल नष्ट गर्नमा महान् योगदान पुऱ्याउँछ । बिचरो यो दार्शनिकले कुन चिज खान सक्छ र त्यसरी, कुन चिज धुल्याएर समूल नष्ट गर्न सक्छ र यसले ! आफू र आफ्नै परिवारबाहेक अर्थात् आफू र आफ्नै परिवारको खुशी धुल्याउनु बाहेक अरू त केही गर्न सक्दैन यसले !

"अनि दार्शनिक पनि त सुहाउँदो विशेषण भएन नि त्यसो भए ! कहाँको दार्शनिक हो र यो ! यसले न त अर्काको बुद्धि चोरेर ठूला ग्रन्थ तयार गरेको छ न दशौटाका कामलाई एउटै बनाएर तलमाथि गरी रिसर्च गरेर कुनै पदवी भुण्ड्याएको छ । तै पनि त हामी दार्शनिक नै भनिरहेका छौं उसलाई, होइन, र !" हरिश अलि बोधो छ । जुवा अड्याउने हरिशजस्तै ऊ अरूले जोतेको ठाउँमा फाली अड्याउने काममा मात्र प्रयुक्त हुन्छ । र पनि ऊ आफूलाई दार्शनिकभन्दा बढी बुद्धिमान ठान्छ, कि दार्शनिकलाई मूर्खताको प्रतीक बनाइएकोमा घुमाउरो व्यङ्ग्य गर्छ, यो कुरा स्वयं हरिशले पनि छुट्याउन सकेको छैन । यसको अनुमान सहजै गर्न सकिन्छ ।

"हरिश .... तेरो नामको पछिल्तिर भ्रुण्डिएको डिग्रीको विशेषण पनि व्यर्थै लिएजस्तो छ ! दार्शनिकको सार्थकतालाई यसरी बुझ्न- दार्शनिक अर्थात् अव्यावहारिक पागल ! अथवा अर्धपागल !" श्याम आफूलाई बढी बुद्धिमान ठान्छ र हरिशलाई लट्ठक सिद्ध गराउने कुनै पनि अवसर गुमाउन चाहँदैन । उसको यो चाहनाभित्र हरिशको डिग्री र उच्च उपाधिका अघिल्तिर चारपल्टमा पनि ग्र्याजुएसन पूरा गर्न नसकेको आफूभित्रको हीनताबोधले कति काम गरेको छ, ऊ छुट्याउन सक्तैन ।

दार्शनिकक्को अगाडि उनीहरू यस्तो कुरा गर्दैनन् । उसको अनुपस्थितिमा मात्र गरिने कुरा हुन् यी । पागल नै भए पनि कसैलाई सोझै अपमान गर्न हुन्न भन्ने यो समूहका सबैलाई थाहा छ । सकभर यो मान्यताबाट उनीहरू विचलन हुँदैनन् । त्यसैले उनीहरू सोझो होइन, घुमाउरो पाराले प्रहार गर्छन्- ओहो दार्शनिकज्यू, यहाँजस्ता महान् विद्वानको दर्शन पाउनु हाम्रो अहोभाग्य हो ।

"धमिरो .... हा ..... हा ... कहाँ मात्र आक्रमण गरेको छैन यसले ? उ ...... छाम्नोस् .... हेर्नोस् । तपाईहरूको अनुहार पनि धमिरोले ढाकेको छ ! कति घिनलाग्दो ..... सल्याङमल्याङ । सक्नुहन्छ भने त्यसलाई एक-एक थुतेर फालिदिनोस् । नत्र .... नत्र ..... सिध्याउँछ यसले, सबै सिध्याइदिन्छ !" उसलाई न त कुनै औपचारिकताको अर्थ छ न कुनै व्यङ्ग्य विद्रूपकै अनुभूतिजन्य पीडा ! ऊ जता हेरे पनि धमिरै धमिराबाहेक केही देख्दैन । मूल्यमा, मान्यतामा, जेमा पनि धमिरोले धुल्याएको देख्छ ऊ । सबैलाई धुल्याउँदै मात्र गएको, सबैको जरो काटेर ढलाउनै लागेको ! जसको अनुहार हेरे पनि, बिस्तारै धमिरामा बदलिएका र कीराहरू सल्बलाइरहेका देख्छ । नेता, कार्यकर्ता, शिक्षक, बुद्धिजीवी, प्रशासक, पत्रकार, लेखक, प्रकाशक .... जो पनि र जुनसुकै रूप र अनुहारमा पनि मात्र धमिरा बाहेक केही देख्दैन ऊ । उनीहरूको यथार्थ रूप धमिरो सलबलाएको गज्याङमज्याङ घिनलाग्दो आकृतिमा परिणत हुँदै जान्छन् उसका आँखामा । र ऊ कराउँदै हिंडछ- उ .... उ खायो ! खायो ! सबै खाइसक्यो धमिरोले ! सिंगो समाज सिध्याइसक्यो !..... उ हेर, साहित्यलाई अर्चना बनायो धमिरोले, बाबुसाहेबको बैठकका संस्कृतिमा बदल्यो यसले संस्कारलाई ! भजन ..... सर्वत्र भजन ....... सबै निर्वस्त्र ! चरित्र नाङ्गै बम्बै, हङकङ र टोकियो पुगे, जति छन् ती पनि धमिरोले नै ढाक्यो, पुरियो ! संसद् प्रजातन्त्र, सबै जर्जर.... सबै धमिरोले पुरिए, चपाइए..... खाइए...... सबै छियाछिया..... कस्तो पीडा !

"ए हो र दार्शनिकज्यू !" ऊ कहिलेकाहीं प्रलापकै स्थितिमा पुग्थ्यो र एकोहोरो चिच्याउँथ्यो । तुक नमिलेको र सन्दर्भहीन उसको प्रलापको अर्थ के हो, उनीहरू जान्न पनि चाहँदैनथे । उनीहरू यति मात्र बुझ्थे- सबैको अनुहारमा धमिरोबाहेक केही देख्न सक्दैन त्यो दार्शनिक ! अथवा हुनसक्थ्यो, उनीहरू अरू कुरा बुझेर पनि नबुझेको बहाना गरिरहेका हुन्थे, बुझपचाइरहेका हुन्थे । त्यसैले त्यो सुनेर हरि जिस्क्याउने मुद्रामा पुग्थ्यो ।

"तपाईले पत्याउनु भएन ! कसरी पत्याउनु ! तपाईंका दृष्टिलाई पनि त तिनै धमिराले धमिल्याइसकेका छन् । नभए हेर्नोस् त जोगिनै नसक्ने गरी ढाकिसकेका छन् तिनले । घरी ती आफ्ना सल्याङबल्याङ अनुहार लिएर सल्बलाउँछन् र घरी आफ्नो अनुहार क्रमशः नवधनिक, घूसखोर, कालाबजारी, राजनीतिज्ञ, सत्तासीन आदि आदि विभिन्न रूपमा बदलिरहेका छन् । तपाइं सके देख्न सक्नुहुन्न, तपाई पनि सके यिनै अनुहारहरूको समूहमैं पर्नुहुन्छ !" दार्शनिक कहिलेकाही उनीहरूको जिस्क्याइमा उत्तेजित पनि हुनेगर्थ्यो र धमिराहरूको समूहमैं उनीहरूलाई पनि उभ्याइदिन्थ्यो ।

उसको तर्क हुन्थ्यो- त्यस समूहका सबै धमिराकै रूप हुन् । कोही कार्यालयको घूसमा धमिरा हुर्काइरहेका छन्, कोही खसी प्रतिनिधि भएर धमिरा सल्काइरहेका छन्, जेट, जङ्गल र जमिन चपाइरहेका छन्, पचाइरहेका छन् । कोही पद - कुबेरका फुटबल टिममा प्रशस्ति र पुरस्कारको धूपदीप नैवेद्यले धमिराका बाढ्नौ प्रजाति जन्माइरहेका छन् । पूर्व दरबारका भूत साधनाकर्मीहरू नाङ्लोभरि अर्चना र पुरस्कारका भ्रम पस्केर नयाँ दरबारको परिक्रमा गराइरहेका छन् । याचकहरू नयाँ नयाँ दरबारको गणेश परिक्रमा गरिरहेका छन् । काव्यनटको स्वाङ भिरेर पदकुबेर स्रष्टाका दरबार गुञ्जाइरहेका छन् । .... आदि .... आदि .....

"छोड्दे यार ! यस्ता पागलको पनि के कुरा गर्नु ! आफ्नो ह्याउ छैन अनि अर्कालाई उडाउने र होच्याउने पागल कुराबाहेक केही गर्दैन, धमिरो !" दार्शनिकका कुराले कहिलेकाही उनीहरूको मर्ममा पनि घोच्दोरहेछ । र त उनीहरू यसरी नै युग-समय अनुसार हिंड्न नसक्ने कथित इमान्दारीको झाँको झार्थे । अगाडि उनीहरू केही भन्दैनथे, पागलसँग के विवाद गरिरहनु ! पछाडिचाहिं आपसमा त्यो दार्शनिकका सबै असन्तुष्टि ऊ नालायक र हुतिहारा हुनुको कारण उन्नति गर्न नसक्नुप्रतिको असन्तुष्टि भन्दै गिल्याउँथे ।

त्यो समूहमा सबै एउटै समाज, एउटै छिमेक र एउटै युगका समकालीन अनुहारहरू थिए । दार्शनिक पनि उनीहरूभित्रैको, समूहभित्रैको एउटा रूप थियो, एउटा प्रवृत्तिको प्रतिनिधि पात्र थियो । बाल्यकालदेखि नै उनीहरू एउटै धाराको पानी र एउटै वातावरणको हावा खाएर हुर्केका बढेका थिए । अहिलेको जस्तो धुवाँ र धुलो खान पाउने सौभाग्य उनीहरूको थिएन । त्यो सौभाग्यको आविष्कार पनि यही समकालीन युगकै उपलब्धि थियो । त्यही युगका प्रतिनिधि यिनै अनुहारहरू नै थिए । अर्थात् दार्शनिकको दृष्टिमा धमिराहरू ।

एउटा धाराको पानी पिएका र खाएका भने पनि उनीहरूको स्वभाव-प्रवत्ति र रुचिभने अलग अलग थियो । जब कि त्यति बेलासम्म त्यो धाराबाट आउने पानी शुद्ध नै हुन्थ्यो । सफा नै थियो, ढल मिसिने अवसर धाराले प्राप्त गरिसकेको थिएन । न त हावामा ग्याँस, गन्ध र सिसाका कणहरू मिसिन पाइसकेका थिए । र पनि उनीहरूको स्वभाव, प्रवृत्ति र रुचि भिन्न भिन्न हुनुमा अरू नै तत्त्वले काम गरेका होलान् !

एकथरिले बुझ्दै गए- युग अनुसार चल्नु नै योग्यता हो, क्षमता हो । त्यसैले उनीहरू युगको छालमा बग्दै गए । उनीहरूको त्यो बहावसँगै राष्ट्रको अस्मिता पनि बग्दै बग्दै हिन्द-महासागरको विशाल वक्षमा विलीन हुँदै गयो । प्रशान्त महासागर वरिपरिका हिंस्रक सार्कका विशाल खुला ओढारमा उनीहरू विलीन हुँदै गए । अरूको ग्रहण गरेर आफ्नो त्याग्नुको मादकतामा उनीहरू सबै रमे ! हिमाली असभ्य नागरिक हुनुको हीनताबोधलाई उनीहरूले त्यागे र युरोप एसियाका उन्नत भूमिमा अण्डा र कुखुराका आवरण उत्सर्जनपछि आविष्कृत नवीन रूपमा आफूलाई विश्वमानवको सिंढीमा पदोन्नत गरे । र, सन्तुष्ट भए ! त्यही विश्वमानव समूहका आराध्य थियो रमेश, श्याम र हरिको समूह अर्थात् आजको सभ्य र विकसित मानिसको उन्नत समूह !

अर्को एक्लै थियो, दार्शनिक ! अथवा यो समूहमा अरू भए पनि यस्तै आफैंमा भौंतारिएका एक दुई कतै थिए होलान् ! पहिलो समूहको बहुसंख्याले दोस्रो समूहकालाई पागलबाहेक केही ठान्दैनथ्यो असन्तुष्ट अलापलाई सङ्गीत ठानिरहेका दार्शनिक जस्तै अरू पागल !

"यिनीहरूको काम नै के छ र ! इमान्दारीको कीराले दिमाग छियाछिया पारिएका यी उन्नतिका बाधक हुन् । यिनीहरू मात्र सपना देख्छन् र असन्तुष्टि ओढ्छन्, ओछ्याउँछन् । यस्तालाई पनि के लिफ्ट दिनु !" रमेश उनीहरूको निकम्मापनप्रति विद्रूप खन्याउँथ्यो तर मसिनो आवाजमा, उसले नसुन्ने गरी ।

"ए .... सुन्ला ! बिस्तारै बोल ।" सुरेश सचेत गराउँथ्यो, आखिर जे भए पनि सुन्ने शक्तिबाट त अझैसम्म दार्शनिक सुसज्जितै थियो । पागलै भए पनि किन मन दुखाई दिनु बिचराको आखिर पागलको पनि त मनै हो !

"सुन्दैन ..... उसको ध्यान यता कहाँ छ र ! हेर न ऊ पागलकै जस्तो चेत हराएको देखिदैन त !" रमेश निश्चिन्त गराउन खोज्छ । उसलाई त्यो पागल दार्शनिक आफ्नो सुरमा बर्बराउनु र त्यही अचेतनको स्थितिबाट यदाकदा होशमा आउनुबाहेक प्राय: अचेतनमै हराउँछ भन्ने कुरामा विश्वास छ । ऊ ठान्छ त्यो दार्शनिक पूर्ण अचेत छ । त्यसो नहुँदो हो त पुराणकालीन नैतिकता, राष्ट्र र चरित्र जस्ता शब्दकोषे शब्दको पछाडि दौडँदैनथ्यो । उनीहरूजस्तै युगलाई चिनेर त्यसको पुच्छर निमोठ्न सक्षम बन्थ्यो । उसको जस्तै शब्दकोषे शब्दका पछाडि आफूलाई त्यस्तै इमान्दार बनाउने पागलपन सवार भएको भए उनीहरू कसरी आजको जस्तो अवस्थामा आइपुग्थे । के छैन आज उनीहरूसँग यश, ऐश्वर्य र शक्ति । तर त्यो दार्शनिक ! के छ र ऊसँग । मात्र पागलपनको दंश बोकेर भौंतारिइरहेको छ, के पायो उसले ?

"धमिरो ..... ऊ धमिरो ..... । ओहो कति डरलाग्दो बनाएको छ यसले मेरो सुन्दर संसार ! पख् .... अब कति ताण्डव नाच्लास् तँ ! पख् .... म नयाँ सन्तानलाई जन्म दिनेछु र तँलाई उसले समूल वध गर्ने छ । यो मेरो सपना मात्र होइन .... यो मात्र सपना होइन !" दार्शनिक साच्चि नै

पागलपनकै प्रलाप झैं आफैं कराइरहेको थियो । कराउँदै ऊ त्यहाँबाट आफ्नै सुरमा कतै हिंडिदियो निरूद्देश्य, दिशाहीन । तर आफैंमा विश्वस्त । रिमालकी आमाजस्तै ।

"बल्ल गयो पागल ! हिजो रिमालकी आमाले पनि सपना देखेकी थिइन् । राजनीतिमा लागेको भए कसैको सपना पूरा गर्ने झूठो विश्वास दिलाएर भोट पाउँथ्यो होला । सत्ता पाउँथ्यो होला । तर .... तर के पाउँ छ यस पागलले सपना देख्दैमा ! सपना पनि कतै सत्य हुन्छ । यस पागलको सपना मात्र पागलपनको सपना बाहेक केही हुन सक्तैन, पागलपनको प्रलापबाहेक केही हुन सक्तैन ।" सपना पनि आधुनिक नै देख्ने सुरेश दार्शनिकको त्यो प्रलापपछि तुरून्तै प्रतिक्रिया ओकल्छ ।

मेरा दृष्टि भने निरन्तर दार्शनिकलाई नै पछ्याइरहे । र म अनायास हातले आफ्नो अनुहार पुछ्न थालेछु - आफ्नो अनुहारमा सल्बलाइरहेका अनगिन्ती धमिरा फाल्ने अचेतन प्रयासमा !

❃ ❃ ❃

# भग्न आस्थाको खण्डहर

बाहिर कोलाहल थियो, भित्र निस्तब्धता !

बस्तीको माझमा एउटा घर, घरलाई बाहिरबाट देख्न नसक्ने गरी घेरेर ठड्याएको अग्लो पर्खाल । बस्तीका बासिन्दा त्यो पर्खालभित्र चियाउने त कुरै छाडौं नजिकसमेत पर्ने आँट गर्दैनथे । पर्खालको चार ढोकामा बसेका कुकुरहरू बाघलाई समेत काँचै खाउँलाझैं देखिन्थे । ती देख्दै डरलाग्दा कुकुरहरूको चौबीसघण्टे पहराले झुक्किएर पनि कोही त्यता जाँदैनथ्यो ।

केही कारणले भित्र जाने र देख्ने मौका पाएकाहरूमध्ये कोही भन्थे- त्यो घरमा झ्यालसमेत थिएन । भित्र पस्ने मूल ढोका र पाँचवटा मूल कक्षका साथ थुप्रै उपकक्षहरू थिए । ती कक्षका साना फलामे ढोकाबाहेक मानिस मात्र नभएर उज्यालेसमेत पस्ने र निस्कने अरू निकास त्यहाँ थिएन ।

अग्लो अर्खालले घेरिएको त्यस रहस्यमय घरबाहिर कोलाहल थियो, घरभित्र निस्तब्धता !

बाहिरको कोलाहलको कारण थियो- त्यस घरभित्र सत्यराज, शान्तिप्रेमी, कर्तव्यमान, इमान्दारनिधि र निष्ठानन्दहरू बन्दी बनाइएका छन् भन्ने हल्ला एक कानबाट अर्को कान हुँदै जानु ।

ती पाँचै जना त्यस बस्तीका बासिन्दा थिए ।

ती पाँचै जना त्यस बस्तीका ज्यान थिए, स्पन्दन थिए ।

तिनीहरूकै कारण बस्ती, बस्ती थियो ।

एक महिनाजति अघि उनीहरू एकाएक हराए । साँझपख उनीहरू बस्तीका बासिन्दाहरूसँगै टोलको चौतारोमा शितल ताप्दै, गफ गर्दै थिए । साँझ बाक्लिएपछि उनीहरू आ-आफ्नो घर लागे ।

तर, भोलिपल्ट उनीहरू देखिएनन् । उनीहरू एकाएक कहाँ गए ? उनीहरू आफैं कतै जाने त प्रश्नै थिएन । जतिसुकै कष्ट भए पनि बस्ती उनीहरूको आत्मा थियो । त्यसलाई छाडेर उनीहरू कतै जानै सक्तैनथे ।

बस्तीबासीहरूले घरबाहिर खोजे । चोटामा खोजे । कोठामा खोजे । हरेक कुनाकाप्चामा खोजे । उनीहरू कतै भेटिएनन् । पाँचै जनालाई यसरी नै खोजे, अहँ कुनै सुराक पाइएन ।

भोलिपल्टदेखि गाईंगुई चल्यो उनीहरू हराएका रात कालो कपडाले मुख छोपेका लठैतहरूले त्यो बस्ती पूरै घेरेका थिए रे ! त्यसरी घेरेर ती पाँचै जनालाई मुख थुन्दै समातेर अपहरण गरेका थिए रे !

त्यस अपहरणपछि बस्ती स्पन्दनहीन बन्यो । बस्तीको आत्मा गुम भयो ।

बस्तीमा नयाँ अनुहारहरू देखापरे । नक्कली सत्यराजहरू, नक्कली शान्तिप्रेमीहरू, नक्कली कर्तव्यमानहरू, नक्कली इमान्दारनिधिहरू र नक्कली निष्ठानन्दहरूको बिगबिगी बढ्दै गयो । सबै आफूलाई सक्कली र अपहृतहरू चाहिं नक्कली भएको सिद्ध गर्ने कसरत गर्थे ।

बुद्धिका व्यसनीहरू केही उनीहरूका साथ थिए । कलमका सौदागरहरूका कलम उनीहरूका पक्षमा लिलाम चढ्थे । लिलाम नचढेका बुद्धि र कलमहरूलाई कालो पर्दाले ढाक्ने र भाँच्ने गरिन्थ्यो ।

त्यसैबीच उन्नाईस-बीस दिनजति पछि केही सुराक पाए । त्यो सुराकबाट टोलबासी निकै खुशी भए । "अब टोलको स्पन्दन फिर्ता गर्न हामी ज्यान पनि दिनेछौं । टोलका आत्मा, ती अपहृतहरूको मुक्तिमा हामी सङ्घर्ष गर्नेछौं ।" उनीहरू यस्तै कुरा गर्थे ।

उनीहरूले पाएका सुराकअनुसार ती पाँचै जनालाई एउटा गहिरो गर्भगृहभित्र थुनिएको छ ।

गर्भगृह कति गहिरो छ, भेउ पाउन पनि कठिन थियो । साहसी बस्तीबासीहरू बस्तीका पाँच आत्माको मुक्तिका लागि कृतसङ्कल्पित थिए ।

गर्भगृहबाहिर उनीहरूले आक्रमण गरे । कसैले डोरी खसाले, कसैले उज्यालो छिराए । डोरी समातेर उनीहरू उक्लन थाले, बाहिरबाट तान्न थालियो । चालीस फिटभन्दा पनि गहिरो गर्भगृहबाट एक/एक फिट गर्दै उनीहरूमाथि चढे । आकृति देखिन-देखिन थाल्यो । टोलबासी खुसीले रमाउँदै गए । माथि तान्न कस्सिएका बलिष्ठ हातहरू अरू उत्साहित हुन थाले ।

त्यही उत्साहको क्षणमा एक्कासि पिरो धूवाँको मुस्लोले गर्भगृहको मुख ढाक्यो । पिरो धूवाँको असरले टोलबासीहरू आँखा मिच्दै चिम्लन थाले ।

ए ! के भयो यो ?

कसरी फैलियो यो विषालु हावा गर्भगृहवरिपरि ?

प्रश्न कोलाहल बन्दै गयो । एक-दुई जना लालबुझक्कीहरूले भने - यो विषालु हावा ती पाँच जना अपहरण गरिनुभन्दा केही दिनअगाडिदेखि नै फैलँदै थियो । अहिले यसले धेरै असर गर्‍यो ।

उनीहरू आँखा मिच्दै गर्दा कुनै एकान्त दुलोबाट एक हूल अज्ञात मानिसहरू आए । हट्टाकट्टा देखिने ती मानिसहरूको अनुहार मोसो दलेर कालै थियो । उनीहरूभर्खरै कुनै कारखाना वा भट्टीबाट आएझैं लाग्थ्यो । उनीहरूका हातहातमा राता पोलिएका ईटाहरू थिए । देख्दादेख्दै उनीहरूले खाडलको मुखमा माथिबाट अर्को चार फिट पर्खाल ठड्याइदिए ।

सङ्घर्ष गर्दै बीस फिटभन्दा माथि उक्लँदा एकदमै थकिसकेका ती पाँच जना मानिसहरू तान्न खसालिएको बीसहाते डोरी पनि उनीहरूको हातबाट खुस्कियो, उनीहरू फेरि गर्भगृहको अँध्यारो धरातलमा झरे ।

यसरी उनीहरूको प्रयास विफल भयो । यो विफलतामा टोलबासीबीचको मतभेद पनि जिम्मेवार रहेको गाइँगुइँ चल्यो ।

त्यति बेला टोलका आत्मा मानिएका ती पाँच जना अपहृत नागरिकलाई बन्दी जीवनबाट छुटाउन गरिएको प्रयासमा कतिपय उपायलाई लिएर टोलेहरूको मत बाँडियो ।

कोही त्यस बन्दीघरको सीमाभित्रबाट उनीहरूलाई मुक्त गर्ने प्रयास गर्दा आफू पनि बन्दी हुने आशङ्का गर्थे । त्यसैले उनीहरू सीमाबाहिरबाट सङ्घर्ष गर्ने भन्थे ।

कोही होइन, भित्रैबाट सङ्घर्ष र मुक्तिको खोजी हुनुपर्छ भन्ने धारणा राख्थे ।

अझ कोही बाहिरबाट शक्तिसञ्चय गरेर सीमाबाहिरकै सहयोगमा अपहरणकारीलाई घेराउ गर्नुपर्ने कुरामा जोड दिन्थे ।

कोही भने होइन, अरूको सहयोगबाट होइन, आत्मशक्ति सञ्चय गरेर मुक्तिसङ्घर्ष बढाउनुपर्छ भन्थे ।

सामान्य टोलबासीचाहिँ टोलका सबै मिलेर अपहरणकारीसँग जुध्नुपर्छ भन्थे ।

टोलका शक्तिशाली दुई मुखिया एक्लाएक्लै अघि बढ्ने कोसिस गर्थे । उनीहरू चाहन्थे - सबै जस आफैंले मात्र पाइयोस् ।

फलतः विभाजित टोलेहरूले ती पाँच बन्दीलाई गर्भगृहबाट मुक्ति दिन लम्काएका हातहरू उनीहरूसम्म पुग्नै सकेनन् ।

अपहरणकरीहरूले रातारात अरू अग्लो पर्खाल ठड्याइदिए ।

फेरि गाइँगुइँ सुनियो - पहिले अपहरण गर्नेहरूले नै अहिले रातारात गर्भगृहको पर्खाल अग्ल्याएका हुन् । अहिले गर्भगृहबाहिर निकाल्न खोज्दा तिनीहरूले नै रातारात त्यो पर्खाल ठड्याएका हुन् । आफ्नै हातले तिनीहरूले पञ्चाग्निजस्तै रापिलो सौर्यमसिनमा पकाएको पक्का इँटाले पर्खाल ठड्याए । ठिमीको पक्का माटो र नामी भट्टीमा पोलिएको इँटा साँच्चि कै बलियो थियो - टोलेहरूले भत्काउने तत्काल आँटै नगर्ने खालको । चर्चा थियो - त्यो पर्खाल ठड्याउन ठ्याम्मै चार लाख इँटा त रातारात सौर्यभट्टीमा कसैलाई थाहै नदिई पोलिएको थियो ।

त्यो इँटा जोड्न लेपको रूपमा वनका रूख-जरा, सर्प-बाघका छाला र अन्य के के बस्तु मिश्रित सूर्यभस्म लेप-रसायन तयार गरिएको थियो । सूर्यतापघर नामक प्रयोगशालाका जाँचबुझानन्द, मण्डलानन्दजस्ता सौर्यप्रशिक्षण कुलका उद्भट रसायनविद्हरूले राततातभर पसिना बगाएका थिए । अन्धकूप गर्भगृह र अभेद्य पर्खाल खडा गर्ने विद्यामा विशारद ती रसायनविद् आफ्ना प्रयासमा सफल भए - उनले ठूलै पारितोषिक पनि प्राप्त गरे । सौर्यप्रशिक्षण कुलका

कुलगुरू प्राचार्य सूर्यानन्द शतसहस्र नारायणतपको पूर्णपात्र भयो । टोलबासीहरू त्यही तपको कृत्रिम तापमा निस्तेज बने, केही समयको लागि । यस्तै यस्तै के के हल्ला चलेको थियो ।

हल्ला न हो, क्रमशः शान्त हुँदै जानु स्वाभाविक थियो, भयो । टोलबासीहरूको खोजी भने रोकिएन । उनीहरू खोज्दै थिए, ती पाँच जना टोलका आत्म-स्पन्दलाई । सुराक भने कुनै पाउन सकेका थिएनन् ।

त्यतिकैमा उनीहरूले देखे– त्यो गर्भगृहको छेउमै एउटा अलि अग्लो घर ठडिएको छ र त्यो घरलाई चारैतिरबाट धेर्न अग्लो पर्खाल बनाइएको छ ।

- किन बनाइयो यो डरलाग्दो घर ?
- हिजोसम्म कुनै अस्तित्व नरहेको यो घर कसरी रातारात ठड्याइयो ?
- केको लागि बनाइयो यो रहस्यमय घर ?

टोलेहरूको प्रश्न एकपछि अर्को गर्दै हावामा विलीन हुँदै गए । उत्तर कसैबाट, कतैबाट पनि आएन ।

आयो, मात्र त्यस घर र पर्खालको रखवारी गर्न खटाइएका डरलाग्दा कुकुरहरूको आतङ्कित तुल्याउने स्वरको भुकाइ । जुन भुकाइ टोलेहरूलाई तर्साउनमा प्रयोग भइरहेथ्यो ।

त्यो रहस्यमय घरको निर्माणसँगै फेरि अर्को हल्ला चल्यो- गर्भगृहमा बन्दी बनाइएका आत्माहरूलाई अरू सुरक्षित रूपमा राख्न त्यो रहस्यमय घर बनाइएको हो रे ! उनीहरूलाई त्यस अझ सुरक्षित घरमा सारियो रे ! त्यो घर बनाएपछि सक्कली सत्यराज, सक्कली शान्तिप्रेमी, सक्कली कर्तव्यमान, सक्कली इमान्दारनिधि र सक्कली निष्ठानन्दलाई पनि फकाउन अनेक सुविधा कक्षहरूको उपभोगमा स्वतन्त्रता दिइयो रे । तर जतिजति सुविधा दिए पनि उनीहरू आफूहरूलाई नक्कलीहरूसँग मिसाउन तयार भएनन् रे । हल्ला हो, चल्दै रह्यो ।

तर त्यो हल्लाले एउटा काम भने गऱ्यो । टोलेहरू उनीहरूको मुक्तिमा फेरि सलबलाउन थाले ।

त्यस घरको बाहिर प्रायः कोलाहल हुन्थ्यो नै, हल्लाले त्यो कोलाहल अरू बढायो ।

- किन अपहरण गरिएका छन् हाम्रा सत्यराज ? के सत्यराज अब यस टोलबाट सधैंका लागि हराउने भए त ? उनी पक्कै यही डरलाग्दो घरभित्र बन्दी बनाइएको हुनुपर्छ । हामी उनलाई हराउन दिँदैनौं, बन्दी भइरहन दिँदैनौं ।

- किन थुनिएका छन् हाम्रा शान्तिप्रेमी ? कसले थुन्यो उनलाई ? सत्यकामको स्निग्ध व्यक्तित्वबाट अब हाम्रो टोल सधैं बञ्चित नै रहने भयो त ? शान्ति छोपिने भयो त यस टोलबाट ? उनीहरू पक्कै यसै कालकोठरीमा कैद हुनुपर्छ । हामी बिलाउन दिँदैनौ उनीहरूलाई ।

- खोइ कहाँ छन् कर्तव्यमान ? आऊ सबै मिलेर निकालौं ।

- कहाँ गए इमान्दारनिधि ? यही घरको कुनै कोठामा थुनिएका होलान् ! उनलाई निकालौं आओ ।

- र, कहाँ गए निष्ठानन्द ? यिनीहरूबिना हाम्रो जस्ती जीवनशून्य छ, आऊ मुक्त गरौं ।

- एकैपटक हराएका यी पाँचै जना पक्कै यही मृत्युघरमा थुनिएको हुनुपर्छ । उनीहरू पक्कै त्यही हुनुपर्छ ।

बाहिर कोलाहल तीव्रबाट तीव्र तर हुँदै थियो । बाहिरको त्यो कोलाहल प्रश्न र छटपटीको तुमुल ध्वनि भित्र पुग्थ्यो, पुग्दैनथ्यो - टोलबासीहरू अनभिज्ञ थिए ।

भित्र भने लाग्थ्यो -निस्तब्धता छाएको छ । त्यो निस्तब्धता कहिलेकाहीं दानवी स्वर र निरीह विश्वासका रूपमा पालैपालो बिथोलिन्थ्यो । त्यो स्वर र विश्वास हावाले पातलो लहरका रूपमा यदाकदा बाहिर मिल्काउँथ्यो र त्यो हल्ला बन्दै हावासँगै टोलबासीका कानमा सुटुक्क पस्ने गर्थ्यो-

- भन, अझै तिमीहरूको स्वप्नमहल भत्किएन ?

- अझै तेरा सत्यदर्शी आँखाहरू फुलाले ढाकिएनन् ?

- अझै तेरो शान्तिको निरीह मधुरो स्वर थामिएन ?

- अझै तेरा इमान्दारीका पर्खाल ढलेनन् ?

- र, अझै तेरा निष्ठाका महल भत्किएनन् ?

कठोर फलामे औंला उनीहरूको गर्धनमा कसिनुको क्रमसँगै कमजोर गलाका दृढस्वरहरू त्यस घरकोठाभित्र प्रतिध्वनित हुन्थे रे - अहँ .... यो हुन सक्तैन, यो हुँदैन ।

हावाले ल्याएको हल्लामा उनीहरू सुन्थे - फलामे पकडसँगै, शरीरको शिथिलतासँगै ती स्वर शान्त हुन्थे र पुन: आफैंभित्र शक्तिसञ्चयमा लाग्थे रे !

यस्ता हल्लासँगै बाहिरको छटपटी र कोलाहल बढ्दै जान्थ्यो ।

बाहिर अपहृत टोलेहरूको नक्कली पुस्ता पनि तयार गरिँदै थियो । नक्कली सत्यराज, नक्कली शान्तिप्रेमी, नक्कली कर्तव्यमान, नक्कली, इमान्दारनिधि र नक्कली निष्ठानन्दका फेसमास्क भिरेर अपहरणकारीहरूमध्येकै काला अनुहारहरू टोलेहरूसमक्ष प्रस्तुत हुन्थे र आफूहरू नै वास्तविक सत्यराज, शान्तिप्रेमी, कर्तव्यमान, इमान्दारनिधि र निष्ठानन्द भएको विश्वास दिलाउन खोज्दथे ।

उनीहरू चिच्च्याइ- चिच्च्याई भन्दथे -

- कैदको यन्त्रणाले हाम्रो आवाज, स्वभाव र चरित्रमा केही भिन्नता आएको हुन सक्छ । तर, हामी उही टोलका अपहृत बासिन्दा हौं ! हामीलाई स्वीकार गर ।

तर टोलेहरू राम्ररी चिन्दथे- यी नक्कली अनुहार भिरेर आएका तिनै अपहर्ता हुन् ।

अस्वीकृत नक्कली अनुहारहरू यसबाट झन् आक्रोशित हुन्थे । र, बाहिर निर्दोष अनुहार देखाउने प्रयास गर्दै गोप्य हिसाबले टोलेहरूमाथि फरेब, हिंसा, अशान्ति, अकर्तव्य, बेइमानी र निष्ठाहीनताका माकुरे जालो बुनेर फसाउन खोज्थे ।

टोलेहरूले पत्यार नगरेको देखेपछि उनीहरू अपहृत टोलबासीहरू वास्तवमा टोलका आत्मा थिएनन्, उनीहरू नक्कली अनुहार लिएर आएका बाहिरी आत्मा थिए भन्ने विश्वास दिलाउन भरमग्दुर प्रयास गर्थे ।

उनीहरू भन्थे -

- ती छिमेकी टोलले पठाएका आफ्नो टोल बिरोधी हुन् ।

- उनीहरू छिमेकी टोलबाट हाम्रो टोल फुटाउन आएका हुन् ।

- उनीहरूको विश्वास गर्‍यौं भने हाम्रो टोललाई छिमेकको ठूलो टोलले क्वाप्लाक्कै निल्नेछ ।

झूटो पनि धेरै पटक बोलेपछि, सुनेपछि सत्याभास हुन थाल्छ । टोलेहरू पनि केही अलमलिए, कतै यस्तै त होइन ?

अपहरण भएपछिको अट्ठाईस तीस दिनपछि बल्ल उनीहरूले बुझे -

- यी सबै झूटा कुरा टोलेहरूका बीच फुट ल्याउन भटघाइएका आवाज हुन् । उनीहरूले यस्ता कुरामा विश्वास गर्नु हुँदैन ।

- अपहृतहरूको मुक्तिका लागि आफू बन्दी हुने डरले आक्रान्त बन्नु हुँदैन । सीमाबाहिरबाट होइन, भित्रैबाट खनिनुपर्छ । सामान्य टोलबासीहरूले भनेजस्तै सबै जुटेर अपहरणकारीहरूसँग जुध्नुपर्छ ।

- यो बुझिसकेपछि मतभेदको पनि अन्त्य भयो, उपायको पनि बाटो खुल्यो ।

यसरी दुई-तीन हुलमा बाँडिएका टोलेहरू आखिर एक भए । उद्देश्य त सधैं एकै थियो, मतभेद उपायमा मात्र रहेको थियो । र, उनीहरूका आदर्श बन्दी बनाइएका टोलकोआत्माको मुक्तिका लागि एक भएर त्यस रहस्यमय बन्दीगृहमा धावा बोले ।

सफलता हाँस्यो ।

टोलको आत्मामा पुन: स्पन्दन आयो ।

पहिला सधैं बाँडिएर सङ्घर्ष गर्दाको असफलता यस पटक सफलतामा बदलियो ।

सत्यराज, शान्तिप्रेमी, कर्तव्यमान, इमान्दारनिधि र निष्ठानन्दलाई उनीहरूले मुक्त गरे ।

टोलबासीका आस्था-प्रतीक थुनिएका त्यो रहस्यमय बन्दी गृह उनीहरूले ध्वस्त पारे ।

फेसमास्क लगाएका नक्कली सत्यराज,नक्कली शान्तिप्रेमी, नक्कली कर्तव्यमान, नक्कली इमान्दारनिधि र नक्कली निष्ठानन्दहरू एक पटक फेरि दुला पसे !

यस सफलतामा सबै टोलबासीले अपार हर्ष मनाए । टोल साँच्ची नै नक्कली फेसमास्कहरूबाट मुक्त भएको अनुभव गरे ।

दिन बित्दै गयो । दुई-चार दिन त उनीहरूले हर्षमै बिताए । तर, प्रत्येक बिहान आँखा उघ्रनासाथ उनीहरूका आँखा विस्फारित हुन थाले- टोलबासीहरू फेरि एकबाट अनेक हूलमा आफूलाई चिनाउन थालेका छन् ।

- उनीहरू समग्र टोलको होइन, आ-आफ्नै घर-आँगनको मात्र सरसफाइमा लागेका छन् ।

- एकले अर्काको घर-आँगन मिच्ने-भत्काउने कसरी भन्नेमै उनीहरूको ध्याउन्ना छ ।

सत्यराज, शान्तिप्रेमी, कर्तव्यमान, इमान्दारनिधि र निष्ठानन्दहरू समग्र टोलबासीका होइन, आफ्नो पक्षमा मात्र लागून्, बोलून् भन्ने उनीहरूको चाहना छ ।

उनीहरू भन्छन् -

- सत्यराजले यस टोलमा बस्ने हो भने मेरा आँखा प्रत्यारोपण गर्नुपर्छ, मेरै दृष्टिले हेर्न सक्नुपर्छ ।

- शान्तिप्रेमीले यस टोलमा बस्ने हो भने निरपेक्ष शान्तिका लागि सुरूको अशान्तिलाई समाधि ठान्नुपर्छ । गोलीको आवाजलाई शान्तिपूर्ण र शान्तिविरोधी दुई किसिमले बुझ्न सक्नुपर्छ ।

- कर्तव्यमानले मेरो समर्थनको कर्तव्य सधैं निर्वाह गर्न सक्नुपर्छ , अन्यथा सुकुम्बासी टोलमा बसाइँ सर्नुपर्नेछ ।

- इमान्दारनिधि यसै टोलमा रहने हो भने म बाहेक अरूप्रति इमान्दार बन्न पाउने छैन ।

- निष्ठानन्द सधैं मप्रति मात्र निष्ठावान् हुनुपर्छ ।

- टोल मै हुँ, टोलको आत्मा म मात्र हुँ । आदि ...आदि... आदि .... ।

स्वरहरू दुई तीन कोणबाट आउने गर्थे ।

आफैंले छानेका आ-आफ्ना समूहका मुखियाहरू यसरी सधैं एक-आपसमा पाखुरा सुर्कन थालेको देख्दा टोलेहरू चकित हुन्थे । दिक्क हुन्थे । विस्मित बन्थे ।

सहिष्णुता, समन्वय र सद्भावलाई उनीहरूले कोट फुकालेझैं फुकालेर कीलामा टाँगिदिए ।

प्रत्येक बिहान टोलबासीका आँखा विस्फारित बन्थे-

- धमाधम टालिएका दुलाहरू प्रत्येक बिहान उघ्रन थाले ।

- पुराना फेसमास्कहरू लालिमासहित चम्कन थाले ।

- सक्कली र नक्कली फेसमास्क छुट्याउने टोलेहरूको दृष्टिभेदक्षमता नै फुलोले ढाक्न थाल्यो र द्वैताभास दिन थाले दृष्टिहरू ।

टोलेहरू फेरि अलमल्लमा परे -

- कुनचाहिँ सत्यराज साँच्चो हो ?

- कुनचाहिँ कर्तव्यमान हाम्रो आफ्नो हो ?

- कुन इमान्दारनिधि हामीले हुर्काएको चाहिँ हो ?

- कुन शान्तिप्रेमी हाम्रो हितैषी हो ?

- र, कुन निष्ठानन्द हामीले मानेको निष्ठा हो ?

उनीहरू रनभुल्ल परे ।

यही अलमलको अनिदो रात बिताएर एकाबिहान सबेरै उठ्दा उनीहरूको आस्था अरू चर्कियो । उनीहरूका आँखामा पुनः अप्रिय दृश्य ठोक्कियो-

- टोलका चारै कुनामा अझ बलिया चार वटा बन्दीगृह ठडिएका छन् ।
- बन्दीगृहभित्रका गर्भगृह अरू डरलाग्दा देखिँदैछन् ।

उनीहरू चकित भए ।

उनीहरू दुःखित भए ।

र, उनीहरू फेरि निराश भए ।

हिजो एउटै बन्दीगृह टोलको आँखामा बिझाएथ्यो र पनि आज किन फेरि चार-चारवटा बनाइएका छन् ? हिजो यही बन्दीगृहको विरूद्धमा एक भएकाहरू आज आफैं किन यसको निर्माण अलग अलग गर्दैछन् ? हिजोको बन्दीगृह ध्वस्त पार्नुको उद्देश्य अरू थप निर्माण मात्रै थियो त ?

टोलभरि प्रश्नहरू प्रतिध्वनित छन् र मन कुनै पनि उत्तरबाट भरिएको छैन । टोलबासी अनुभव गर्दैछन्, सत्य अलग अलग देखिन थालेको छ, तथ्य पृथक्-पृथक् ।

उत्तर खोजीको क्रमसँगै उनीहरू देख्दैछन्- प्रत्येक बिहान सत्यराजहरू फेरि हराउन थालेका छन् । शान्तिप्रेमीहरू फेरि बन्दी बनेका छन्, इमान्दारनिधिहरू मणि हराएर स्वयम् निस्तेज बनेका छन्, निष्ठानन्दहरूका झोपडी भत्किएका छन् ।

यसरी टोल फेरि निष्प्राण बन्ने प्रक्रियामा छ, अशान्त बन्ने प्रक्रियामा छ । र, हिजो एकै ठाउँमा एकै बन्दीगृहमा बन्दी बनाइएकाहरू आज पुनः बन्दी बनाइएका छन् र अलग-अलग ठाउँ, अलग-अलग बन्दीगृहमा बन्दी बनाइएका छन् ।

सक्कलीका ठाउँमा फेरि नक्कली फेसमास्कले अनुहारहरू ढाक्दैछन् ।

टोलका हर्ताकर्ता यसैमा रमाएका छन् र सामान्य बासिन्दा चिन्तित छन् । उनीहरूको धैर्य समाप्त हुँदैछ र त्यो पूर्ण समाप्त भएको दिन यी सबै बन्दीगृह भत्किनेछन्, निर्माताहरू जमिनमा भासिनेछन् र फेरि फेरि बन्दीगृह ठड्याउने साहस गर्ने छैनन् ।

- सत्यराजहरू पटक-पटक अपहृत हुने छैनन् ।
- शान्तिप्रेमीहरूको माथिबाटै तोपगोला छुट्नेछैनन् ।
- कर्तव्यमानहरूको खुट्टा भाँचेर कात्रा भिराइने छैनन् ।
- इमान्दारनिधिहरू लिलामीको बोलमा पर्नेछैनन् ।
- र, निष्ठानन्दहरूको सत्यनिष्ठाका स्वप्नमहल भत्कनेछैन् । उनीहरू अपहृत हुनेछैनन् ।

❋ ❋ ❋

# कोटाको सिकार

"बिरामीलाई आधा घण्टा भित्रमा औषधि पार्नु, नत्र मुश्किल पर्ला ।" उसको कानमा डाक्टरको चेतावनीयुक्त स्वर गुन्जिरहन्छ । विद्यालयबाट फर्केपछि एक्कासि इन्तुनचिन्तु भएर लडेको सानो छोरोको अनुहार आँखा अगाडि र डाक्टरको चेतावनी उसको कानभरि पिछा गरिरहेका हुन्छन् । बल्ल डाक्टर ल्याएर छोरालाई देखाए पनि औषधि नजीकै भेटिदैन । औषधि जोगाड गर्दा गर्दै आधाघण्टा बित्न सक्छ र उसको सुन्दर भविष्यको सपना ध्वस्त हुनसक्छ । यस संभावनाको आभाषले मात्र पनि उसका पाइला अरू छिटो छिटो चल्न थाल्छन् ।

"हे भगवान् ! कहिले आइपुग्ने हो बजार पनि ।" ईश्वर र भाग्य होइन कर्म र कर्तव्यमा विश्वास गर्ने ऊ अहिले आफैंलाई ईश्वर समक्ष आत्मसमर्पण गर्छ, छोराको जिन्दगी बचाइदिने कुरा गर्छ । उसको हात कोटको खल्तीसम्म पुग्छ । खल्तीमा राखिएको चक्लेटमा हात परेपछि ऊ सम्झन्छ बा..... बा..... भरे अफिसबाट फर्कदा मलाई चक्लेट ल्याइदिनोस् है । बिहान भर्खर ऊ अफिस हिंड्नलाग्दा छोराले भनेको थियो । के त यो चकलेटसम्म पनि ख्वाउन नपाउने भयो उसले अब । उसको धैर्यको बाँध फुट्छ र उसका खुट्टा आफैंआफ दौडन थाल्छन् ।

ऊ जति-जति अगाडि बढ्दै जान्छ उति-उति सडक- बजार सुनसान देख्छ । फाटफुट-फाटफुट एक दुईजना हिंडेको ऊ देख्छ र कतै-कतै पसल-घरका झ्यालढोका कप्चाई परेर बाहिर छरिएको उज्यालोको धर्साहरूबाहेक सडक-बजार मस्त निद्रामा झैं लाग्छ । किन ..... यति सबेरै किन यो सुनसान त ? उसका आँखा औषधि पसल खोज्दै भौतारिन्छन् र पाइला अरू अगाडि दौडदै हुन्छन् । उसको कानमा उही आवाज ठोकिइरहन्छ आधा घण्टा....... मात्र आधा घण्टा ....... ।

अकस्मात सडकको एकातिरको गल्छेडोबाट ८-१० जना मानिसहरू बेतोडले ऊतिरै भागेर आइरहेका देखिन्छन् । अहिलेसम्मको सुनसान बातावरण अगाडि दौडने मानिसको पदचाप र त्यस पछाडि दौडिदै पिछा गर्ने बाँझिला बुटका ठोकाइले क्रन्दन गर्न पुग्छ । बातावरणको त्यो क्रन्दनमा लाठी बज्रिएका ती दौडदै गरिरहेका अनुहारको चित्कार थपिन्छ । घर-पसलमा अलि-अलि उघ्रिएका झ्याल-ढोका ढ्याम्-ढुम्म बन्द हुन्छन् । त्यो आतङ्कपूर्ण बातावरणले गर्दा उसका पाइला अरू बेतोडले दौडन थाल्छन् ।

बुट र लाठी नचाइंदाको कर्कस र दुष्टतापूर्ण आवाजले जन्माएको अरू चित्कारमा उसको आफ्नै पनि चित्कार थपिन्छ । अगाडि बुटको आवाजसँगै लाठो

नचाउने सुरक्षाकर्मीहरूको ताण्डव - असुरक्षा कतिखेर उसको खुट्टामा बज्रिन पुग्यो त्यसको होसै रहँदैन । लाठीको निर्मम चोटले ऊ भित्रैसम्म आतङ्कित हुन्छ र त्यहाँको सामुहिक आतङ्कको आफैं एउटा आतंकित हिस्सा हुनपुग्छ ।

"समात् .....नछोड ....यी साले आतङ्ककारीहरूलाई ।" उसको डुब्न-डुब्न लागे झैं चेतनामा एउटा कर्कस र दुष्टचाइँपूर्ण आवाज ठोकिन्छ । कसलाई समात्न आदेश दिइएको हो त्यो ऊ बुझ्दैन र आफ्नो लक्ष्य सम्झेर लाठीको चोटको पीडा समेत बिर्सी ऊ जुरुक्क उठ्छ ।

"ए ....... म...... मलाई किन ...?" ऊ अब साँच्चै आतंकित हुन्छ । किन .... ? किन यस्तो व्यवहार गरिएको छ उसमाथि ? के गऱ्यो उसले ? ऊ त .... ऊ त छोराको प्राण बचाउने औषधि किन्न शहर जान मात्र लागेको हो । गल्ती नै हो भने, एउटा गल्ती गरेको हो उसले दौडने । तर दौडनु अपराध हो ? ..... आतंक गर्नु हो, ऊ केही बुझ्न सक्तैन र उसका कानमा डाक्टरको आवाज झन् झन् चेतावनी दिएर ठोक्किइरहन्छ मात्र आधा घण्टा ...... मात्र आधा घण्टा .....।

"नकरा .... साला । तँलाई किन .... ? हेर्दै जान किन ?" उसको निर्धो प्रतिवाद र कारणको खोजी पाखुरा कस्ने बुटवालाको कर्कस आवाजमा त्यसै दबिन्छ ।

".... कमसेकम मेरो कुरा त सुन्नोस् ! ...." आफ्नो कुरा राम्ररी भन्न पनि पाएको हुँदैन उ, लछारिँदै मोटर भित्र हुत्याइन्छ र अर्कै हातको बन्धनमा पर्छ ।

"कमसेकम मेरो कुरा त सुन्नोस् .... मेरो छोरो .... म औपधि ........।" उसको यो प्रतिवादको आवाज तुरुन्त चित्कारमा बदलिन्छ । अघि छोराले झुण्डिएकै नली खुट्टामा अहिले परेको बूटको निर्मम आघातका कारण उसको मुटुको पीडा र आतङ्कयुक्त चित्कार वातावरणमा मिसिन्छ ।

"तिमीहरू मानिस होइनौ राक्षस हौ । बिरामी छोराको लागि औपधि किन्न समेत हिंड्न नपाउनु, कहाँसम्मको न्याय हो यो ?" केही बेरमा पीडा अलि शान्त भएपछि उसको धैर्यले ठाउँ छाड्छ । आफ्नो प्रतिवादको स्वरलाई दरिलो पार्दै ऊ पनि चिच्याउँछ ।

"अझ कराउँछ, बदमास । हामीलाई राक्षस भन्ने यी साला आतङ्कवादीहरूलाई एक-एक गरेर खतम नपारी को हुन्छ । ठोक सालेलाई, अझ कराउँछ ।" एउटा अर्को स्वरसँगै उसको शरीरमा अन्धाधुन्ध चोट बज्रिन्छ । जति जोड गर्दा पनि ऊ आफ्नो चेतना जोगाउन सक्तैन । बेहोस बनेको उसको शरीर कुनै बुटमाथि नै काटेको रूख झैं ढल्छ ।

होस फर्कंदा ऊ आफूलाई पानीले भिजेको सिमेण्टीको चिसो भूइँमा लडिरहेको पाउँछ । कमजोरी र चिसोले काँपिरहेको शरीरमा उठेर बस्ने शक्ति समेत पाउँदैन । बिस्तारै पूर्ण-चेतनामा फर्केपछि सम्झन्छ छोरोलाई बचाउने औपधि किन्न हिंडेको थियो ऊ । उसको प्यारो छोरो मृत्युसंग संघर्ष गर्दै होला.... सके ऊ .... सके...। यसभन्दा बढी सोच्नै सक्तैन । बिहे गरेको कतिवर्ष पछिको रहरमा जन्मेको एक मात्र छोरो मृत्युको मुखमा जाँदै छ र ऊ औषधि समेत ल्याउन सकिरहेको छैन । उफ..... के त आफ्नो छोराको मुख समेत हेर्न नपाउने भयो उसले ?......

कमजोरीले कमजोर उसका कान चिसो कोठा नजिकिँदै आएको बुटको बोझिलो आवाज सुन्छन् । ढोका खोलेर उसलाई अर्को कोठामा लगिन्छ र ठूलो टेबिल छेउ घुम्ने मेचमा बसेको एउटा अर्कै मानिस छेउ उभ्याइन्छ । कमजोरीले थरथर काँपेका उसका खुट्टा उसको दुब्लो शरीरसमेत धान्न असमर्थ छन् । ऊ भुईंमा नै थुचुक्क बसिदिन्छ ।

"को होस् तँ ...ल भन ! किन यस्तो देशद्रोही काममा लागेको तँ ?" टेबिल छेउको त्यो अनुहार उसप्रति संबोधित हुन्छ । उसको छेउमा कलम कापी लिएर बसेको अर्को अनुहार सायद उसको बयान लेख्ने काममा खटिएको छ ।

..... ..... । ऊ केही बोल्दैन । चीसो र लट्ठीको मारले अधमरो उसको शरीरमा बोल्ने शक्तिसम्म पनि बाँकी नरहेको जस्तो लाग्छ उसलाई ।

"अझ बोल्दैनस् । .......... कि अरू पूजा गर्नु पर्‍यो तँलाई ।" अर्को एउटा आवाजको सुइरो रोपिन्छ उसमाथि ।

"होइन, होइन ... म अपराधी होइन । न त मैले कुनै गलत काम गरेको छु ।" उसको निर्धो र कमजोर आवाज निस्कन्छ । "म त बिरामी छोराको लागि औषधि किन्न जाँदै थिएँ - मेरो केही दोष छैन । ... म निर्दोष छु । ... मलाई छाडिदिनुहोस् ... मेरो छोरो मर्ने बाँच्नेको दोसाँधमा छ ।"

"नकरा ... साला । सबै बदमासहरू यसै भन्छन्, यस्तै-यस्तै बहाना गर्छन् । अघि मोटर जलाउँदाको फूर्ति दुईचार घण्टैमा हरायो जस्तो छ सालाको ।" अर्को मुस्टण्ड आवाजले ऊ छक्क पर्छ । कस्तो आरोप लगाइदैछ उसमाथि । ऊ केही बुझ्न सक्दैन ।

"कमसेकम पापको त ख्याल राख्नोस् । छोरोको लागि औषधि किन्न हिंडेको म ...काँको मोटरमा आगो लाउने मानिस हुँ र ! मैले केही गरेको छैन ....... कुनै खराब काम गरेको छैन । ...ल ....यी हेर्नोस् प्रेस्कृप्सन अघि सार्छ ।

"चूप...साले । घटनास्थलबाट भाग्दाभाग्दै समाएर पनि होइन भन्छ । तैंले नजलाए तेरो बाबुले जलायो त ? लौ भन् कसले जलायो तैंले नजलाएको भए ?" उसको प्रतिवादको कुनै सुनुवाई भएन । बगरेको अघिलिल्तर बोकाको क्रन्दन जस्तै उसको गिड्गिडाइको कुनै अर्थ रहेन ।

"तिमीहरू हत्यारा हौ ..... राक्षस हौ ।" अब उसको सहनशीलता र धैर्यको बाँध भताभुंग हुन्छ - आवश्यक भन्दाबढी हावा भरेको भकुण्डो जस्तै उसको धैर्य विष्फोटित हुन्छ- "म माथि यस्तो अन्याय गरेर तिमीहरू औषधि पर्खिरहेको मेरो अबोध छोराको समेत हत्या गर्दैछौ । अब बुझें आतंककारी म होइन, बरू ......... ।"

"ठोक ......नाइके यै होला जस्तो छ ।" उसको आक्रोश पूरा प्रकट हुन पनि नपाउँदै निस्केको आदेश र आदेशको साथसाथै बर्सिएको अन्धाधुन्ध लाठीको प्रहारसँगै उसका सबै चेतना हराउँदै जान्छन् । अब उसलाई न छोराको सम्झना रहन्छ न डाक्टरको आधा घण्टाको चेतावनी । ऊ स्वयं अचेतनको गहन अन्धकारमा हराउँदै जान्छ, अन्धकार झैं कालो महासागरमा विलीन हुँदै जान्छ ।

❋ ❋ ❋

# स्वतन्त्रताको मूल्य

"आज त चाँडै आउनु भयो बाबु । के छ नि आजको हालचाल ।" सधैं झैं आज पनि मलाई देख्नासाथ उनी हालचाल सोधिहाल्छन् । एक खुट्टा छोटो भएर लङ्गडाउँदै यताउता गर्ने हर्क दाइ मेरा छिमेकी हुन् । एक हिसाबले त्यति लेखपढ नगरेका हर्कदाइ मेरा र यस टोल कै चेतनाका सम्वाहक पनि हुन् । टोलमा रोग फैल्यो, हर्कदाइ नै लङ्गडो खुट्टा घिसार्दै खट्न थाल्छन् । टोलको सफाइ गर्नु पऱ्यो - उनै अघि सर्छन् । बाटो बनाउनेदेखि कसैको घरमा बिहे-ब्रतबन्ध पऱ्यो सहयोगको लागि उनै हाजिर । गाउँमा स्कूल र पुस्तकालय स्थापना गर्न उनै हौस्याउँछन् ।

"अँ आज चाँडै आएँ हर्कदाइ । लाखौं मानिस ओइरिएका छन् - जुलुसमा । नाराले सम्पूर्ण शहर गुन्जिएको छ । कति बेला गोली चल्ने हो के ठेगान । ऊ सुन्नोस् त यहीं पनि सुनिन्छ ।" म उनलाई हालचाल सुनाउँछु । हुन पनि आज शहर पूर्ण आन्दोलित छ । शहरका टोल-टोल र गाउँबाट समेत अप्रजातान्त्रिक एकदलीय शासन व्यवस्थाको विरोधमा मुक्तिको स्वर गुन्जायमान गर्दै लाखौं मानिसहरू जुलुसमा सहभागी भएका छन् । शहर मात्र होइन गाउँ-गाउँ पनि आन्दोलित भएको छ- खोसिएको प्रजातान्त्रिक हकको पुनर्स्थापनामा आजसम्म मुख थुनिएका र हात काटिएका सम्पूर्ण नेपालीहरू जीवन अर्पेर होम्मिएका छन् ।

"ए ! उसो भए बाबु डराएर पो आउनु भयो ।" मेरो व्यवहारबाट हर्कदाई असन्तुष्ट र निराश भएको कुरा उनको अनुहारमा एक्कासि देखा परेको अँध्यारो र त्यही असन्तुष्टि प्रकट गर्ने उनको प्रतिक्रियाले प्रष्ट गर्छ । हुन त म डराएर आएको थिइन - कुनै पनि बेला शहरमा कर्फ्यू लाग्न सक्ने सम्भावनाले गर्दा म चाँडै घर फर्केको थिएँ । तर हर्कदाइको अहिलेको भनाइबाट मलाई लाग्यो - हुनसक्छ जुलुस र शहरको बढ्दो तनाव तथा मृत्युदूतै बनेर लाठी राइफल सोझ्याउँदै क्षण-प्रतिक्षण बढ्दै गएका कथित रक्षकदलको चहलपहलबाट म अनजान रूपमा आतंकित थिएँ । स्वतन्त्रता र आफ्नो गुमेको अधिकार फिर्ता माग्ने निहत्था नागरिकमाथि चलाइने मृत्युदूतहरूको तातो गोलीको शिकार आफू पनि हुन सक्ने डरबाट नै हुनसक्छ म घरको सुरक्षामा आउन आतुर थिएँ । अहिले हर्कदाइले मलाई डराएर भागेको आरोप लगाएपछि पो म आत्मग्लानिले पानी-पानी हुन पुगें ।

"हाम्रो टोलमा पनि त जुलुस उठ्नुपर्छ नि, पर्दैन त बाबु ।" हर्कदाइको अनुहारमा अगाडिको भाव अब मेटिइसकेको छ । शरीरले अशक्त भए पनि उनी भित्रको उत्साह सकिएको छैन ।

"हामी कर्मचारीले जुलुसमा लाग्न होला र दाइ ?" उनको कुरा सुनेर सकेसम्म पन्छिन खोज्ने भावमा मैले भनेको थिएँ ।

"बाबु जस्ताले पनि त्यसो भन्न सुहाउँछ र । कर्मचारीभन्दा पनि पहिला तपाई हामी त दुईचार कुरा बुझेका नागरिक हौं । तपाई हामीले नै यसो भन्यौं भने अरुले के भन्लान ।" उनको यो अप्रत्यक्ष प्रताडनाले म साँच्चै रन्थनिन्छु । हो त नि, म जस्ता सचेत भनिने मानिसले नै अन्यायलाई चुपचाप सहने हो भने के हाल होला यो देशको ।

हर्कदाइको यो उत्साह र विचारबाट म मात्र होइन यस गाउँका धेरै मानिसले एउटा मार्गदर्शन पाउने गर्छन् । अहिलेको यो उमेर र अवस्थामा त उनी यति उत्साहित र समर्पित छन् भने सात सालको क्रान्तिमा युवा जोशजाँगर भरिएका हर्कदाइ कति सक्रिय थिए होलान्, म मनमनै सोच्न पुग्छु । उनको सक्रियताको स्पष्ट उदाहरण त उनको लंगडो खुट्टाले नै दिइरहेको छ । सात सालमा तत्कालीन अत्याचारी शासनको विरुद्धमा संघर्ष गर्दा एउटा खुट्टा गुमाए पनि हर्कदाइको सपना पूरा हुन सकेन । उनी जस्ता स्वतन्त्रता सेनानीको बलिदान र समर्पणबाट आएको प्रजातन्त्र बीचैमा खोसियो ।

"यति बलिदानले मात्र पुगेन बाबु । ठूलो कुरा पाउन ठूलै बलिदान हुनुपर्दो रहेछ । प्रजातान्त्रिक अधिकार भनेको सानो कुरा पनि त होइन । अझ धेरै बलिदान गर्नु बाँकी छ । अनि मात्र शहीदको सपना पूरा होला ।" त्यत्रो संघर्ष गरेर पाएको अधिकार फेरि खोसिंदा पनि उनी निराश थिएनन् । काखको छोरोलाई आफ्नै जिम्मा छाडेर दश-बाइ वर्ष अघि नै मृत्युको मुखमा परेकी स्वास्नीको विरह वेदना छातीमा लुकाएर पनि उनी भोलिको सुखद भविष्यको आशामा प्रतीक्षारत नै रहे । त्यही स्वतन्त्रताको र बलिदानको मानसिकता आफ्नो छोरामा मात्र होइन गाउँका सबै किशोर-युवाहरूमा विकसित गर्दै रहे । उनी अन्याय र उत्पीडनको अन्त्यलाई पर्खि नै रहे ।

एक किसिमले हर्कदाइको भनाइबाट आहत भएको म त्यहाँबाट सोझै घर फर्कें । बाहिर निस्कने कुरा थिएन-हिजोसम्म प्रहरी बुटको आतङ्कबाट मुक्त मेरो टोल आजबाट पुनः आतङ्कित थियो । समय-समयमा बुटको कर्कस आवाजले केही बिथोले तापनि टोल डरलाग्दो शून्य-शान्तिले भित्र भित्रै निसास्सिएको अनुभव हुन्छ । घर बाहिरमात्र होइन, घर भित्र पनि आशंकित र डरलाग्दो शून्य फैलिएको छ । यो शून्य र यो शान्ति अति पीडादायक लाग्छ, असह्य लाग्छ । यसलाई चुपचाप सहनु बाहेक मसँग अर्को उपाय पनि त छैन ।

"प्रजातन्त्र ल्याउँछौं ल्याउँछौं अत्याचारी व्यवस्था मूर्दावाद ।" राति एक्कासि त्यो डरलाग्दो शून्य र शान्तिको बीच उल्लसित जोसिलो आवाजले मेरो टोल मूर्दा शान्तिबाट ब्यूँझन्छ । जनबिरोधी भए पनि व्यवस्था र व्यवस्थाका संचालकहरूको जयजयकार सुन्दासुन्दै आजसम्मको उमेर बिताएको म र मजस्तै

कतिको लागि यो स्थिति एकातिर सुखद र रोमाञ्चक थियो भने अर्कोतिर आशंकाग्रस्त । व्यवस्था र संचालकहरूको विरुद्ध कोठामा कुरा गर्दा समेत डराउने हाम्रो मानसिकता आज यसरी आफ्नै टोलको सडकमा गुन्जिने व्यवस्थाको मूर्दाबादको आवाजले साँच्चै नै रोमाञ्चित बनाइदिन्छ ।

"कताबाट आएछ यो जुलुस । हाम्रै टोलको त होइन होला ।" आफ्नै घरबाहिर, आफ्नै टोलमा निस्केको उत्साहित जुलुस देखेर ममा जिज्ञासा लाग्नु स्वाभाविकै थियो । यो हाम्रै टोलको जुलुस त पक्कै होइन होला । अहिले जुलुस निस्कने भए हर्कदाइलाई पक्कै थाहा हुन्थ्यो र बेलुकी भेट्दा उनले मलाई पनि बताउने थिए ।

"हाम्रै टोलका त हुन् नि ! सानो छोरो भन्थ्यो - दिउँसो स्कूलको चौरमा सल्ला. हुँदै थियो रे । हर्कदाइ अब पनि निदाएर हुँदैन, निद्राबाट ब्यूँझनु पर्छ, भरे त हामीले पनि जुलुस निकाल्नु पर्छ भन्दैथे रे ।" श्रीमतीबाट त्यो जानकारी पाएपछि मलाई नरमाइलो लाग्यो -किन भनेनन् हर्कदाइले मलाई त्यो कुरा । के त्यति स्वार्थी र कायर ठाने मलाई । हर्कदाइको त्यो व्यवहारले म आत्मग्लानिमा डुब्न पुगें । उनले भनेका कुरा कानमा ठोक्किई रहे-सबैभन्दा पहिला हामी यस देशका नागरिक हौं ।

हर्कदाइले आफूप्रति गरेको त्यो अविश्वासबाट आहत म श्रीमतीलाई समेत केही नभनी घरबाहिर निस्कन्छु । जुलुस धेरै ठूलो नभए पनि उत्साह निकै ठूलो छ । जुलुसको अगाडि ठूलो-ठूलो स्वरमा हर्कदाइ नै नारा लगाई रहेका छन् । उनको १५-१६ वर्षको छोरो पनि उनैसँग स्वर मिलाएर साथ दिइरहेको छ ।

"ए, बाबु पनि आउनु भो ।" हर्कदाइ सुखद आश्चर्यका रूपमा मलाई देख्नासाथ प्रश्न गर्छन् । हुन पनि कर्मचारी भएको बहाना गर्दै जुलुसमा कसरी भाग लिनु भन्ने मेरो आशय बुझेका हर्कदाइ त्यही जुलुसमा मलाई सरिक देखेर आश्चर्यमा पर्नु अस्वाभाविक थिएन ।

"किन र हर्कदाइ, म आउनु हुन्न ।" मेरो कमजोर स्वर उनीसँग प्रश्न होइन, आफ्नै लाचार स्पष्टीकरण दिइरहेको हुन्छ ।

"होइन, होइन मैले कहाँ त्यसो भनेको हुँ र ! तपाई कर्मचारी, असजिलो पर्ला भनेर पो त ।" उनी मेरो मर्माहत मनलाई धुम्धुम्याउन खोज्छन् ।

यस उमेर र शारीरिक अवस्थाका हर्कदाइको युवककै जस्तो जोश र टोलका प्राय: सबै मानिसहरूको सहभागिता देखेपछि म भित्रको डर र कर्मचारी संस्कार पूरै मेटिन्छ । जुलुस पूर्ण उत्साहले अघि बढ्छ । यस टोलबाट अर्को टोल निस्कने मोडमा प्रहरीले पर्खाल खडा गरेकोदेखिन्छ र अर्को टोलबाट पनि जुलुस हामीतिरै बढिरहेको हुन्छ ।

"ठोक सालेहरूलाई ।" दुवैतिरको नारालाई उछिनेर एउटा आदेशको स्वर फैलिन्छ । आदेशको साथसाथै बोलीलाई डण्डाले दबाउने प्रयास शुरु हुन्छ । लाठी र डण्डाको प्रहारबाट आतंक र उत्साह सँगसँगै फैलिन्छ । त्यो कोलाहललाई उछिनेर प्रतिध्वनित 'भाई हो ज्यान गए पनि अत्याचार सहनु नामर्दी हो' भन्ने हर्कदाइको चोटिलो स्वरले जुलुसको आत्मविश्वास फेरि जाग्छ ।

लाठी प्रहार गरिरहेका कथित सुरक्षाकर्मीहरू तर्फ दुवैपट्टिको जुलुस बढ्दैपछ उत्साहको गगनभेदी नाराको साथसाथै जुलुस माथि गोलीको प्रहार भएको पत्तै हुँदैन ।

"मरें बा !" गोली छुटेको आवाज सँगै अघिल्लो लहरबाट हकदाइसँगैको एउटा युवक ढल्छ । उसको चित्कार सुनेर हामी धेरै जसो आतंकित हुन्छौं । छातीमा तातो गोली लागेर ढलेको युवक हकदाइ कै एक मात्र भविष्यको आशादीप थियो - उनको छोरो दीपक ।

दुवै तर्फका जुलुसका सहभागी गोलीको आवाजबाट तर्सनु सट्टा झन् आक्रोशित भएर आक्रामक रूप लिन्छन् । किंकर्तव्यविमूढ झैं म केही समय अन्यमनस्क बन्छु । केही बेरमा होस आएपछि मात्र भुइमा लडेको दीपक तर्फ मेरो ध्यान जान्छ र म ऊ लडेको ठाउँमा पुग्छु । अफसोच, ऊ शहीद बनिसकेको हुन्छ । जुलुस र प्रहरी बीचको भीडन्त चलि नै रहेको हुन्छ र जुलुस प्रहरीलाई पछाडि धकेली रहेको हुन्छ । दीपक लडेको ठाउँ अब खाली छ । हकदाइ उसकै छेउमा उभिएर पनि शून्य र घायल दृष्टिले आफ्नो शहीद छोरोलाई एकनास हेरिरहेका हुन्छन् - आंखा झिमिक्कसम्म पनि नगरी ।

"लौ न नि के भयो ।" छेवैमा एउटा आतंकित आवाज निस्कन्छ र आवाजसँगै हकदाइका आँखाबाट दुई थोपा आँसु गुड्दै भुईमा लडिरहेको शहीद पुत्रको निधारमा सिञ्चन गर्छ ।

ओफ ! कति मार्मिक दृश्य । त्यो मार्मिक र करूण दृश्यले म भित्रैसम्म काँप्छु र दीपकको खुट्टा छेउ मै थचक्क बस्नपुग्छु । आफ्नै आँखा अगाडि क्रूर शासनको गोली छातीमा थापेरलडिरहेको छोरोलाई देख्दा उनको छातीभित्र कति बबण्डर मच्चिएको होला । म सहजै अनुमान गर्न सक्छु ।

"हकदाइ ।" उनको आँखाबाट आँसु निस्केको देखेर म द्रवित हुन पुग्छु । मेरो मुखबाट यसभन्दा बढी केही निस्कन सक्तैन । के भनूं म । कसरी सान्त्वना दिउँ म पुत्रशोकमा विह्वल एउटा बाबुलाई ।

"के म रोएको भन्ठान्नु भो बाबुले । शहीदको अगाडि रूनु अपराध हो बाबु ...... रूनु अपराध हो । म रोएको छैन - म वीर शहीदको बाबु हुं, रूने अधिकार पनि त छैन मसँग ।" ओहो .... कति महान छन् हकदाइ । मेरा खुट्टा थर्थराइरहेका छन् र पनि उनी भने आफ्नो आधारभूमिमा दृढ छन् । मन भरि रोएर पनि उनी छोरोको मृत्यु वीरतापूर्वक पचाइरहेका छन् । हो त ...... दीपक हकदाइको मात्र छोरो होइन .... नेपालको छोरो हो ऊ । शहीद हो ऊ र देवता हो ऊ । तर यो देवताको मूर्ति कुंद्ने कलाकार त उनै हकदाइ न हुन् । हकदाइको त्यो धीर-गम्भीर र उज्वल अनुहार मलाई लाग्छ धिपिक्क बलिरहेको छ- मानौं उनी आफ्नो शहीद छोराको आरती गरिरहेका छन् ।

मेरो मन मस्तिष्कमा भने उनले भनेका कुरा ठोक्किइरहन्छन् - ठूलो कुरा पाउन ठूलै बलिदान हुनु पर्दो रहेछ ।

हो ठूलै बलिदान चाहिएको रहेछ - हकदाइलाई त अझ सर्वस्व नै बलिदान गर्नुरहेछ र त उनको अघिल्लो बलिदान खेर गएछ ।

❀ ❀ ❀

# एउटा निर्दोष प्रश्न

एकादेशको एउटा कुनै गाउँमा एक हूल मानिस पुगे । उनीहरू सदरबाट आएजस्ता देखिन्थे । नीलो जीनको पोशाक, काँडे बुट, बाक्लो पेटी र पेटीमा भिरेको पेस्तोल, पछाडि छड्के पारेर पिठ्यूँमा भिरेको काँधमाथिबाट बन्दुकको देखिने नाल, उनीहरूको कठोर कदमको चालसँगै कर्कश डरलाग्दो बुटको गऱ्याम-गऱ्याम आवाज सुनसान बस्तीमा एउटा डरलाग्दो हलचल ल्याउन सफल थियो । साँझपखको सूर्यको रातो-कमलो घाम उनीहरूको अनुहारमा पर्दा अनुहार रगतले पोतिएजस्तो भान हुन्थ्यो । उनीहरू सुदूर परको गोरेटोबाट त्यस सुनसान बस्तीको शान्तिभङ्ग गर्दै क्रमश: नजिकिँदै थिए ।

बुटको कर्कश आवाजसँगै बस्तीको गल्ली-नालामा चरिरहेका सुँगुरका पाठाहरू र कुखुराका माउचल्लादेखि झुत्रेझाम्रे केटाकेटीहरूसम्म सातो गएझैं घरभित्र र यताउता लागेका उनीहरू रमाइलो मान्दै हेर्दै थिए । सोझासाझा प्रौढ गाउँले समेत घरभित्र पस्दै धच्याक-धुरुक ढोका थुन्थे । बुटधारीहरूको आगमनबाट उनीहरूको आँखामा जिज्ञासा होइन आतङ्कको छाया प्रष्टै देखिन्थ्यो । आफ्नो उपस्थितिको आभाससम्मले पनि सारा गाउँ थर्कमान भएकोमा बुटधारीहरू सन्तोष र आत्मगौरवको हाँसो फुस्काउँथे ।

खर-परालले छाएका एक पाखे ससाना झुप्राहरूको बस्तीमाझ भव्यताका साथ ठडिएको बार्दलीयुक्त दुईतले पक्की छानो भएको घरको आँगनमा पुगेर बुटका आवाज थामिन्छन् ।

पिँढीको फलैंचामा बसिरहेको एउटा खाइलाग्दो प्रौढ व्यक्ति बुटधारीहरूतर्फ आकर्षित हुन्छ । रातोपिरो अनुहार, धूर्त आँखाको मालिक त्यो प्रौढ मिश्री घोलेझैं चापलुस आवाजमा आगन्तुकहरूतर्फ सम्बोधित हुन्छ :

'सापहरूको के सेवा गरौं !'

'तपाईंको हुनुहुन्छ ?' बुटधारीहरूको नेता झैं देखिने कठोर अनुहारको कर्कश आवाजले गरेको प्रतिप्रश्नले आफूलाई सेवातुर देखाउने प्रौढ व्यक्तिको पनि एकपल्ट भित्रैसम्म हिमानी बग्नपुग्छ ।

'म.. म... यो गाउँको मूली ! मुखिया काजी भन्छन् सबैले !' प्रौढ व्यक्तिको रातोपिरो अनुहार र धूर्त आँखा बुटधारीको कर्कश प्रश्नबाट फुस्रो देखिन्छ र बल्लबल्ल ऊ आफ्नो परिचय हडबडाएर दिन सफल हुन्छ-

'ए ....तपाई गाउँमूली ! ल ठीक छ । हामी ठीकै ठाउँमा आइपुगेछौं । रात पनि पर्न लाग्यो, हाम्रो खाने-बस्ने व्यवस्था मिलाउनुहोला ।' नेता झैं देखिने त्यस बुटधारीको स्वर अलि नरम बन्ने असफल प्रयास गर्छ । उसको भनाइमा अनुरोध वा आग्रहभन्दा आदेशको भाव बढी मुखरित भएको प्रष्टै अनुभव गर्छ गाउँमूली ।

'हुन्छ ..... भैहाल्छ नि हजूर ! हजूरहरू सरकारको मान्छे, हजूरहरूको सेवा गर्नु हाम्रो कर्तव्य नै हो नि । बरु यो हाम्रो लागि सौभाग्य पो हो ।' गाउँमूलीको आदेशमा हतार-हतार गुन्द्री, सुकुल, राडी, गलैंचा- घरमा उपलब्ध ओछ्यानहरू ओसारिए । उनीहरूलाई आरामको सबै बन्दोबस्त मिलाइयो ।

त्यो घरमा जति चहलपहल बढ्दै जान्थ्यो गाउँ सिङ्गो भने अव्यक्त भय र आशङ्काले ग्रस्त देखिन्थ्यो । स्वास्नीमानिसहरू झुक्किएर उनीहरूको अघिल्तिर परिएला भनी होशियार देखिन्थे । जूनको उज्यालोमा पिँढीमा बसेर समय कटाउन दुःखसुखका कुराकानी गरिरहेका युवा-प्रौढ छिमेकीहरू चुपचाप आआफ्ना घर गएर ढोका थुन्दै बसेका देखिन्थे । आमा-बज्यैहरू साना नानीहरूलाई चील घुमिरहेको आकाशमुनि कुखुराको माउ-पोथीले चल्ला छोपेझैं छोपिरहेका देखिन्थे । पूरै गाउँ तूफान आउनु अघिको सुनसान शान्ति झैं मनभित्र आशङ्काको तूफान सिर्जना गर्दै थियो ।

त्यही गाउँका केही घरका मानिसहरू भने बुटधारीहरूको आगमनमा भित्रभित्रै खुशी देखिन्थे । उनीहरू सदरबाट आएका ती शक्तिका प्रतीक मानिसहरूसँग आफ्नो निकटता देखाउन गाउँमूलीको घरमा भेला हुँदै थिए । उनीहरूले आफूसँगै चामल-घ्यू बोकेर लगेका थिए । त्यो देख्दा लाग्थ्यो उनीहरू शक्तिवान् बुटधारीहरूको सेवामा अर्कोभन्दा आफूलाई एक बित्ता अगाडि देखाउन चाहन्थे र त्यो सेवा गर्न पाएकोमा कृतकृत्य भएको ठान्थे ।

बुटधारी अतिथिहरूको आतिथ्यका लागि चामल-घ्यू आदि जुटे पनि शिकार र स्थानीय पेय जुटेको थिएन । गाउँमूली मुखियाको आदेशमा सेवातुर केही उद्दण्ड युवक कुखुरा र रक्सी जुटाउन सलह पसेझैं गाउँमा पसे । आफ्ना घर-खोर होइन अरू घर-खोर नै उनीहरूका लक्ष्य थिए । कतिपय घरका खोर पसेका खसी-कुखुराहरू जबर्जस्तीको बाध्यात्मक स्वीकृतिबाट जम्मा हुन थाले । बुटधारीहरूको प्रवेशसँगै त्यो झुप्रो बस्तीको गाउँमा पसेको आतङ्कको तूफानको पहिलो झोक्का छाप्राहरूमा त्यसरी ठोक्किए । झुप्राबासीहरू अरू मूक बने, आँखामा त्रास र आतङ्क अरू थपिँदै गयो ।

मुखिया काजीको घर आधा रातसम्म भोजभतेरमा व्यस्त रह्यो । आगन्तुकहरू अघाएपछि उनीहरूको सेवामा तत्पर गाउँलेमध्येका बाँकी खानमा जुटे । त्यो र केही सीमित घरबाहेक अन्त पूरै सन्नाटा थियो -घात लाएर लुकेको हिंस्रक नरभक्षी चितुवाको आक्रमणबाट बच्न ओत र सुरक्षित ठाउँमा सास रोकेर बसेको बटोही झैं सिङ्गो गाउँ शून्य थियो ।

गोधूली र सूर्यको मन्द मलिन प्रकाशसँगै प्रकृति ब्यूँझियो । तर त्यो झुप्रे गाउँ भने सम्पूर्णमा ब्यूँझन सकेन । अघिपछि जस्तो गाउँको जीवन्ततामा

झुप्राका ढोकाहरू पूरै उघ्रेनन् । केटाकेटीहरू अघिपछि जस्तै निर्दोष हाँसो र बालक्रीडामा फक्रेनन् । र, गाउँ अघिपछिको जस्तो स्वाभाविक देखिएन । मानिसहरू शङ्कित, त्रसित र मोहनी हराएझैँ निष्प्रभ देखिन्थे ।

त्यसको विपरीत आगन्तुक बुटधारीको आतिथ्यमा जुटेको मुखियाघर बिहानैदेखि चलहपलहपूर्ण थियो । सेवातुर केही मानिस उनीहरूको हुकुम तामेल गर्न तत्पर देखिन्थे । चियाको सुर्कोसँगै बुटधारीहरू त्यस ठाउँमा शान्ति कायम गर्न र बदमास, अपराधी, हत्यारा, आतङ्कवादी जस्ता विशेषणयुक्त देशघाती र जनताका शत्रु चिन्ने र दण्डित गर्ने आफ्नो घोषित कर्तव्यमा जुट्दै थिए ।

'अँ त मुखियाज्यू, तपाईंको क्षेत्रमा अशान्ति फैलाउने हत्यारा-आतङ्कवादीहरूको गतिविधि कस्तो छ ? हामी तिनीहरूलाई कारवाही गर्न आएका हौँ । उनीहरूलाई चिनाउने र खोज्ने काममा मद्दत गर्नुपर्‍यो ।' बुटधारी नेताले आफ्नो अधिकार र शान्तिस्थापनाको आफ्नो कर्तव्यमा सघाउन अनुरोध गर्‍यो । शब्दमा अनुरोध झल्किए पनि ध्वनिमा आदेश प्रष्टिन्थ्यो । र, शान्ति कायम गर्न सफल भएर पनि यति जना आतङ्कारी समाउन वा मुठभेडमा परमधाम पुर्‍याउन सफल भनाउन पाए माथिका मालिकबाट स्याबासी पाउने उसको लालसा पनि स्पष्ट अनुभव हुन्थ्यो ।

'हजूरहरूको मद्दत गरेर गाउँलाई आतङ्कमुक्त राख्नु त हाम्रो कर्तव्य नै हो नि ! तर.....!' मुखिया अलमलियो । कसको नाम लिने ? त्यो गरीब गाउँमा उसको एकै हप्काइमा थरथर काँप्ने निमुखा जनताहरूको अनुहारमध्ये को हुनसक्छ र हत्यारा-आतङ्कवादी ? दुई- चार जना अरू पार्टीका स्थानीय नेता हुँ भन्दै राजनीति गर्न खोज्नेहरू छन्, तर ती पनि हत्यारा, आतङ्कवादी भएको कुरामा उसलाई यकिन छैन । गाउँमा कहिलेकाहीँ बाहिरका अपरिचित अनुहार आउँछन् ती पनि अहिले देखिँदैनन् । अनि .... कसको नाम लिने उसले .... ?

'के तर ....... भन्नोस् भन्नोस् ! नडराउनोस् । देख्नुभएन हामी तपाईंकै सुरक्षाका लागि हत्यारा र आतङ्कवादीहरूलाई समाप्त पार्न आएका हौँ । नडराईं तिनीहरूको सनाखत दिनुहोस् ।' आगन्तुक नायक उनको द्विविधालाई हत्यारा-आतङ्कवादीको डरसँग गाँस्छन् र उनलाई निर्भय तुल्याउने प्रयत्न गर्छन् ।

'हजूर ....!' मुखिया तत्काल केही भन्न सक्तैनन् । कसको नाउँ लिऊँ, कसको नलिऊँको द्विविधामै उनी सोच्न थालेको भाव अनुहारमा प्रष्ट देखिन्छ । कति बेर यसरी उम्कनेको भावमा उनी सोच्ने समय बढाउन पासा अर्कैतिर पल्टाइदिन्छन् - 'अँ.... रामे, तँ भन् त को को होलान् ती बदमास ! तँ पनि त यही गाउँको जिम्मेवार कार्यकर्ता होस् ।'

'अँ.....' प्रश्नको पासा आफैंतिर पल्टिएको पाएर सेवातुर समूहमध्येकै चतुर अनुहारको मालिक रामे एकछिन हडबडाउँछ र उसको चलाक धूर्त मनले सुझाएको एउटा नाउँ ओकलिहाल्छ - 'घर्ती, साने घर्ती हजूर । यहाँ अशान्ति फैलाउने आतङ्कारीको नाइके त्यही साने घर्ती हो ।'

बुटधारी नेता तुरुन्तै रामेलाई साथ लिएर घर घेर्न र घर्ती सानेलाई पक्रन आफ्ना मातहतकालाई आदेश दिन्छ ।

रामेको चाल देखेर उता मुखिया पहिला त छक्क पर्छन् - साने घर्ती आतङ्ककारी रे ! त्यो बिचरो सुधो घर्ती हाम्रो अघिल्तिर ठाडो शिर गरेर त हेर्न सक्तैन, त्यो कसरी खतरनाक आतङ्ककारी हुनसक्छ ? बरु रामेले आफैं उसको घरबारी भुक्याएर आफ्नो बनाएथ्यो । धनेको छोरोचाहिं बरु शहरमा गएर उजुर हाल्छु भन्दै थियो । त्यही कुरालाई लिएर रामे र सानेको छोराको झगडासमेत भएको थियो । ... त्यसो भए रामेले उनीहरूलाई वित्थामा दोष लगाएर शत्रुसाधना पो गरेछ ! मनमनै सोचे पनि मुखिया मुखले केही बोलेन । बरु आफ्ना विरोधीहरू को-को छन् तिनलाई पनि रामेले जस्तै तह लगाउने जुक्ति फुऱ्यो उनको दिमागमा ।

'अँ .... भन्नोस् अरू को को हुन् आतङ्कवादीका नाइके र कार्यकर्ता ?' बुटधारी टोलीनेताको प्रश्न फेरि मुखियातर्फ तेर्सियो ।

'हजूर ....वीरे, सेते र धने ! यी नाइके हुनुपर्छ । यिनकै हाहामा लागेका हुन् अरू । यी तह लागेपछि अरू सबै आफैं ठीक हुन्छन् ।' आफ्ना प्रतिद्वन्दी र हकका कुरा बोलेर उसलाई होच्याउनेहरूको नाम लिएर ऊ सन्तुष्ट भयो । ती तह लागेपछि कसले ठाडो शिर गरेर हेर्ने उसलाई ? अरू त आफ्नै ढडियाका माछा न हुन्, त्यसपछि त आफ्नो हैकम निष्कण्टक ।

शक्तिमान् बुटधारी नेता ती सबैलाई चौखुऱ्याएर ल्याउने आदेश आफ्ना मानिसहरूलाई दिन्छन् ।

साने घर्तीको परिवारका आशङ्कित र भयातुर आँखाहरू उसका अरू छिमेकीहरूको जस्तै छिनछिनमा मुखियाका घरतर्फ तानिन्छन् । जबजब ती बुटधारी मानिसहरू गाउँ पस्छन् केही न केही अनिष्टले छिमेकीहरूमध्ये कसैलाई गाँजिहाल्छ । आज पनि कसमाथि बज्रपात हुने हो ? कतै त्यो अनिष्टको चीलझम्टा आफैंमाथि आइपऱ्यो भने ! कल्पनाले मात्र पनि उनीहरूको सातो जान्छ ।

'तिनीहरू किन आएका बा ! मुखिया काजीकहाँ के गर्न आएका उनीहरू ?' भात खाँदै गरेको नौ बर्षे कान्छो छोराको निर्दोष प्रश्नले साने घर्ती आफैं अलमलिन्छ ।

'खोइ के जान्नु बाबु, आतङ्ककारी समात्न आएका रे ! पहिला आउँदा पनि त्यसै भन्थे ।' निकै बेर गमेर साने घर्ती अबोध छोराको जिज्ञासा पूरा गर्ने कोशिस गर्छ ।

'कस्ता हुन्छन् बा आतङ्ककारी भनेका ?' फेरि सानेतर्फ अबोध प्रश्न तेर्सिन्छ ।

'खोइ के थाहा हामीले देखेका होइनौं ।' जबाफ सुनेर त्यस अबोध बालकको जिज्ञासा शान्त हुँदैन शायद । उसका प्रश्नात्मक दृष्टि दाजु, आमा र भाउजूतर्फ फैलन्छ ।

'ढ्याम्म ।' त्यो अबोध बालकको अनुत्तरित प्रश्नका ठाउँमा बन्द ढोका कसैले जोडले घचेट्छ र एउटा बिस्फोटक आवाजले छाप्रो थर्किन्छ ।

'खबरदार, तिमीहरू चारैतिरबाट घेरिएका छौ । कोही पनि आतङ्कवादी भाग्ने कोशिश नगर्नू ।' ढोकाभित्र बन्दुकको नाल तेर्सिनुको सँगै गोली छुटेजस्तो डरलाग्दो आवाजले साने घर्तीका परिवारको सातो उड्छ । भात खाँदाखादैका जूठा हातहरू टक्क अडिन्छन् ।

'को कसलाई भन्नुभएको ... को आतङ्कवादी ? यहाँ त हामी मात्र छौं !' आँट गर्दागर्दै पनि कम्पित आवाजमा प्रतिरोध र स्पष्टीकरण दिने प्रयास गर्छ साने घर्ती ।

'अझ जिरह गर्छस् ... ए थुप्रै छन् जस्तो छ । हान् .....हान् ... हतियार होला यिनीहरूसँग ! ... फुत्कलान् ।' त्यस सानो टोलीको नाइके झैँ लाग्ने क्रूर आदेशसँगै आवाज छुट्छ-ढ्याम् ... ढ्याम् ! र त्यो आवाजसँगै निस्कन्छन् तीनवटा निर्दोष चीत्कार- मरेँ नि !

ढ्याङ्...ढ्याङ ढ्याङ् .... बन्दुकको आवाज सुन्नासाथ मुखियाको घरमा बसिरहेका बुटधारी टोलीनेता स्वयम् बन्दुक तेर्स्याएर सतर्क मुद्रामा आवाज आएतिर लाग्छ । उसको पछि प्रौढ मुखियाका साथै रामे र अरू मतियारहरू केही भय, केही जिज्ञासा र केही कौतूहल बोकेर पछि लाग्छन् ।

'सतर्क रहनुहोस्.... आतङ्कारीसँग मुठभेड भएजस्तो छ । उनीहरू गोली पनि चलाउन सक्छन् ...!' आफ्ना पछिपछि आएका मुखिया र उनका मतियार गाउँलेलाई उनी सतर्क गराउँदै चिच्याउँछ । आफ्नो टोलीका सबै मानिस कोही साने घर्तीको घरमा घेरा हाल्न र कोही अरू आतङ्कारीलाई घेर्न गएकाले टोलीनायक शक्तिवान् पुरुष पनि बढी सतर्क र अव्यक्त भयबाट आक्रान्त देखिन्छ ।

साने घर्तीको घर पुगेपछि देख्छ- उसका टोलीका मानिसहरू अझै सतर्कतापूर्वक घर घेरामा हालेर उभिएका छन् र त्यो घेरा- टोलीको नेता र उसका दुई सहयोगी घरभित्र पस्न अझै डराएर आत्मसमर्पणको आदेश दिइराखेको छ ।

'हतियार लिएर मुठभेडमा उत्रिएपछि गोली चलाउन बाध्य भयौं साप ! तीन- जना आतङ्कारी ठहरै परे ।' मुख्य नेता आएको देखेर आत्मसमर्पणको आदेश दिने उपनेता रिपोर्ट गर्छ ।

'ठीक छ, त्यही भाखामा मुचुल्का गर्नू ।' नाइके विजयी मुद्रामा आदेश दिन्छ । उसको मुखबाट निस्कन्छ - 'यो अप्रेसन पनि सफल भयो !'

निकै बेरको आदेशपछि आँट गरेर टोली नेता ढोकाबाट भित्र चियाउँछ । भित्र तीन जना मानिस रगतको तालमा छटपटाउँदै डुबेका र दुई महिला र एक बालक बेहोश ढलेको देखेपछि उनीहरूको साहस बढ्छ । उनीहरू घरभित्र पस्छन् र प्रौढ मुखियाकाजी, रामे र उनका मतियार पनि भित्र चियाउँछन् । भित्रको दृश्यले मुखिया र रामे जस्ताका कठोर मुटु पनि थर्रर काँप्छ । गाउँमा शान्ति स्थापनाको एउटा नाटक मुर्दा-शान्तिमा चीत्कार गर्छ । बालक घर्तीको बेहोश अनुहार निर्दोष प्रश्न गरिरहेको जस्तो लाग्छ - 'आतङ्कवादी कस्ता हुन्छन् बा ?'

❁ ❁ ❁

# छायामुक्ति

"ओहो साइँला तिमी ! कहिले आयौ बा ..... ?" एक जुगपछि गाउँ फर्केको उसलाई देख्दा चिन्ने जति सबैका आँखा विस्फारित देखिन्थे । उसले चिन्ने अनुहार नै बरू आक्कलझुक्कल मात्र देखिन्थ्यो ।

गाउँमा पस्दा उसलाई लागेको थियो - गाउँले र आफन्तमध्ये कतिको आँखा त उसलाई देखेर खुशीले बल्नुपर्ने हो, र कतिका आँखा शरमले भुईमा झुक्नु पर्ने हो । तर उनीहरू किन चकित झैं, किन दुःखी झैं र किन लज्जित झैं देखिन्छन् उसलाई देखेर ? ऊ केही बुझ्न सक्दैन ।

"भर्खरै आउँदैछु अजी ।" ऊ जवाफ दिन्छ । न त उसलाई यतिका वर्षपछि देख्दाको स्वाभाविक हर्ष छ, न परिवर्तन प्रतिको कुनै उल्लासको संकेत ।

यहाँ मात्र होइन काठमाडौंबाट गाउँ आउने क्रममा निकै लामो बाटो काट्यो उसले । उसका आँखा जताततै एउटा खुशीको, एउटा उल्लासको र एउटा परिवर्तनको खोजीमा भौंतारिए । तर उसले कतै त्यो खुशी भेटेन, त्यो उल्लास र परिवर्तनको झल्कोसम्म पनि पाउन सकेन ।

अजीको अनुहारमा ऊ अझै गड्रेर हेर्छ र सानै भए पनि परिवर्तनको झिल्को खोज्ने प्रयत्न गर्छ । तर अहँ ... समयले कोरेका डोबहरू अरू थपिनु बाहेक उनको अनुहारमा खुशीको कुनै झल्को देखिंदैन, उल्लासको कुनै आभास छैन । बरू विषाद्का धर्साहरू बढी गाढा भएका छन् । उत्पीडनका डोबहरू गहिरिएका छन् ।

"गाउँघरमा त सबै निकानन्दै छ होइन अजी ?" उसले पहिलो प्रश्न गऱ्यो ।

उसलाई सोध्न त पहिला आफ्नी भुण्टी र सोन्ह वर्ष अघि उसैको काखमा छाडेर गएको सानो छोराको बारेमा सोध्ने इच्छा थियो, तर पहिले गाउँघरको बारेमा सोध्यो उसले । जवाफमा आफ्नो घरको खबर पनि मिसिने विश्वास उसलाई थियो । साँच्चै कति ठूलो भयो होला छोरो । अहिले त देख्यो भने पनि चिन्दैन होला उसले । जुङ्गामुठे, बीसवर्षे लक्काजवान- कस्तो होला ऊ ?

"अँ..... .ठिकै छ भन्नुपऱ्यो ।" अजीको मुखबाट छोटो र असन्तुष्ट आवाज निस्कन्छ । उनी सम्भावित अरू प्रश्नको उत्तर दिनबाट बच्नको लागि त्यहाँबाट हिंडिदिन्छिन् । त्यति स्नेही अजीको त्यो व्यवहार उसलाई अनौठो लाग्छ

र जति गर्दा पनि त्यो व्यवहारको कारण बुझ्न सक्दैन ऊ । उता परिवारबारे जानकारी लिने अन्तर्निहित इच्छा त्यही छोटो र असन्तुष्ट उत्तरमा हराउँछ ।

सोऱ्ह वर्षअघि छाडेको गाउँ- ऊ कुनै परिवर्तन देख्दैन । लाग्छ यस ठाउँमा समयको गति थामिएको छ । प्रकृतिको मारबाट र प्रकृतिकै स्वाभाविक परिवर्तनबाट जुन फेरबदल आएको छ त्यसभन्दा बढी कुनै परिवर्तन देख्दैन ऊ । केटाकेटी पढ्ने मानो प्राथमिक पाठशाला उस्तै छ, छानो चुहिएको र एउटा पाखो चर्किएको । बाटो उही गोरेटो छ र पानीको स्रोत उही प्राचीन डोबिल्को ।

भौतिक र प्रष्ट रूपमा देखिने परिवर्तन- केही घरहरू घामपानी थेग्न पनि संघर्ष गर्दै झैं देखिन्छन् जीर्ण, अझ जीर्ण भएर । केही नयाँहरू थपिएका छन्- तिनै जिर्णलाई खिज्याएर सम्पन्नताको होड प्रदर्शन गर्दै । यसबाहेक प्रष्ट परिवर्तन गाउँलेका अनुहारमा मात्र देख्छ ऊ- असमयको बुढ्याईंका धर्साहरू, कुपोषण र अल्पपोषणका रेखाहरू र विषादग्रस्त जीवनका भोगाइहरू ।

म र मजस्तै अरू सयौंले आमा बा र बाजे-बज्यैका अनुहारमा त्यो यथास्थितिका परिवर्तन चाहेर नै ज्यान हत्केलामा राखेका होइनौं ? ऊ आफैसँग प्रश्न गर्छ । गाउँका ठालु पञ्चमान काजीहरूको जमिन्दारीमा कसिएको मुठीबाट मुक्ति पाउने चाहनाले ऊजस्ता युवाहरू समेत जमजमाएका थिए । त्यही मुक्तिबोधको चाहनाले अरूसँगै ऊ पनि होमिएको थियो कार्यक्षेत्रमा । त्यही प्रेरणा र चाहनाले मुक्त जीवन गुमाएर स्वास्नी, छोरा र जन्मस्थानबाट हातमा हतकडी र निधारमा अराष्ट्रियको टीको थापेर अलग्गिएको थियो ऊ ।

"बुझ्यौं साइँला .... अब हामीले गुमाएका मुक्त आकाश पायौं । अब हामी पनि चाँडै मुक्त हुनेछौं र आ-आफ्ना गाउँ फर्केर परिवर्तनको शंख फुक्नेछौं ।" आफूसँगै आस्थाको बन्दी बिर्खे जन-आन्दोलन सफल भएको खबर सुनेपछि हर्षले तीन बित्ता उफ्रिएको थियो । उसले पनि सबैसँग मिलेर रातभर नाचगानको माध्यमबाट खुशी प्रकट गरेको थियो । स्वतन्त्रता र परिवर्तनको छोटो खबरले उनीहरूको लामो कष्टकर बन्दी जीवनका यावत् दुःखहरू क्षणमै 'सुख' मा बदलिएका थिए ।

गाउँमा गएर उसलाई सबैभन्दा पहिला पञ्चमानकाजीको अनुहार हेर्ने इच्छा थियो । कसरी ठाडो शिर गरेर हेर्लान् उनी-जसले गाउँलेलाई आफ्नो बिर्ता बनाएका थिए, जसको इच्छा बेगर गाउँमा हावा समेत आफूखुशी बहन डराउँथ्यो र जसका इसारामा ऊ जस्ता सयौंले बन्दीजीवन बिताइरहेका थिए । कैयौं घाइते तुल्याइएर अपाङ्ग जीवन बिताइरहेका थिए र कैयौं शहीद बनेका थिए ।

त्यस्ता पञ्चमान काजीको अघिल्तिर ठाडो शिर र खुला छाती लिएर भन्ने उसको धोको थियो - हेर काजी समय कसरी बदलिन्छ । हामीले मुक्ति चाहेका थियौं, तिमीले जेल पठायौं । अब हामी तिमीलाई देश र जनता लुटेकोमा कालकोठरी पठाउने छौं ।

के जवाफ देलान् उनले त्यतिबेला ? अहिले त उनी लाजले घरबाट बाहिर मुख देखाउन पनि सक्तैनन् होला । यतिका वर्षसम्म दास बनाएका गाउँलेले अहिले फुक्का भएपछि उसलाई बाँकी राखे होलान् र ? पञ्चमानले रैती

बनाएका अरू निमुखा चुपचाप लागे पनि उनीहरूलाई नागरिक बनाउन उक्साउने काइप्रसाद र बामबहादुरले उनको सेखी पक्कै झारे होलान् ।

संघर्षमै प्रजातन्त्रपछिको केही वर्ष बिताएर आज ऊ आफ्नो जन्मस्थान फर्केको थियो । बन्दी जीवनबाट मुक्ति पाएपछि तत्काल गाउँ फर्कने उसको इच्छा पूरा हुन सकेको थिएन । राजधानीमै केही समय बिताएर दुई-चार पैसा कमाई स्वास्नी छोरालाई केही चिनो लैजाने उसको चाहना रह्यो । सानोतिनो कामको खोजीमा केही समय बित्यो र राजनीतिक पीडितलाई दिने भनिएको सहयोग लिने आशामा पनि केही समय बबार्द गर्‍यो- सहायताको सिफारिस पाउन ऊ कुनै ठूला नेता र मान्छेसँग परिचित थिएन । न त पार्टीगत आधारमै उसको आन्दोलन सहभागिता रहेको थियो । ऊ त मुक्ति र प्राजतन्त्रको लागि स्वतः स्फूर्त ढङ्गले संघर्षमा होमिएको स्वतन्त्रता सेनानी थियो । त्यसैले उसको सहायतामा फैलने हातहरू पनि थिएनन्, जसको सिफारिसमा उसले त्यो सहयोग पाओस् ।

मनभरि विगतका भोगाइ र भविष्यका सपना फुलाउँदै उसका पाइला एक युग पछिको पत्नी-पुत्र मिलनका लागि अरू आतुर हुन्छन् । मध्यान्हको ढल्कँदो घाम, सिर्सिर चलेको शीतल बतास र हरिया रुखैरुखले ढाकेको गोरेटो बाटो उसका पाइला आफ्नो घरको न्यानो स्पर्श टेक्न आतुर छन् । गाउँका प्रत्येक वस्तु र माटोको सुवासले उसका अघिल्तिर डेढ दशकपूर्वका कालखण्ड झल्झल्ती सम्झाइदिन्छन् ।

घर पुग्नुअघि नै आउने बाटो छेउको ठूलो चउरमा टम्म भरिएको मानिसको भीडले उसको ध्यान तान्छ । चउरको एक छेउमा अग्लो मञ्च बनाइएको छ र त्यस अग्लो मञ्चमा लहरै पाँचजना मानिस बसेको टाढैबाट देखिन्छ । कौतूहल र जिज्ञासाले ऊ आफ्नो घरको बाटो छाडेर त्यही चउरको भीडतिर तानिन्छ । प्रायः किशोर र युवाहरूको जमघट देखिने त्यो भीडमा केही उसले चिनेका प्रौढ अनुहार पनि आक्कलझुक्कल देखिन्छन्- पर भीडको बीचमा । अग्लो मञ्चमा लहरै उभिएका अनुहारमध्ये बीचको एउटामा उसका आँखा गडिन्छ - को हो त्यो ? चिने-चिने झैं लाग्ने त्यो अनुहार गर्वले फुलेर भीडमा हेरिरहेको देखिन्छ र त्यो हेराइमा आफ्नो महानताको अगाडि तिमीहरू केही होइनौ भन्ने भाव प्रष्टै अनुभव गर्छ ऊ ।

को हो त्यो ? हेर्दा त्यही गाउँका पञ्चमान् काजी जस्तै लाग्ने त्यो मानिस पञ्चमान नै हुन सक्ने कल्पनासम्म पनि गर्न सक्दैन ऊ । सम्पूर्ण गाउँलेले यति धेरै सम्मान दिएर आसीन गराएका त्यो मानिस पक्कै पनि कुनै महान् व्यक्ति हुनुपर्छ । देश र जनताको लागि ज्यान अर्पण गर्न पछि नपरेको कुनै योद्धा हुनुपर्छ । अनुहार मिल्ने अरू पनि त हुन सक्छन नि ! - ऊ मनमनै गम्छ ।

"त्यो बीचमा बसेको मानिस चाहिँ को हो नि बाबु ?" ऊ आफ्नै छेउको एकजना युवकसँग सोध्छ ।

"तपाई नौलो देखिनुहुन्छ नि, उहाँ हाम्रै जिल्ला र अझ यही गाउँका ठूला नेता, पञ्चमान काजी । उहाँकै सम्मानमा त यो स्वागत कार्यक्रम हुन

लागेको हो नि । दायाँ-बायाँ चाहिँ काइप्रसाद र बामबहादुर बसेका छन् । उनीहरू पनि यहाँका नेता हुन् ।" युवकको जवाफले उसलाइ भाउन्न हुन्छ ।

उसलाई त्यस ठाउँमा एक क्षण पनि बस्न मन लाग्दैन । पञ्चमान काजीको सम्बोधन सुरु भइसकेको हुन्छ । प्रजातन्त्रको रक्षाका लागि आफू सुरुदेखि नै सहयोग गर्दै आएको र अहिले प्रजातन्त्र र सरकार विरुद्ध उत्रने प्रतिगामी तत्त्वले टाउको उठाउन थालेकोले सबै जनता मिलेर तिनलाई धराशायी तुल्याउनु पर्ने पञ्चमानको अपील उसको कानमा पग्लेको तातो सिसा खन्याए झैं पोल्न थाल्छ । पञ्चमानको त्यो आवाज र उसको आवाजको स्वागतमा तालीगुञ्जित ध्वनिले ऊ नराम्ररी लखेटिन्छ ।

के हो प्रजातन्त्र ? .... कुन प्रजातन्त्रको लागि उसले हिजोको संघर्षमा आफूलाई होमेको थियो ? कुन प्रजातन्त्रको लागि संघर्ष गर्‍यो पञ्चमानले र आज कुन र कसको प्रजातन्त्रको संरक्षण गरिरहेछ ऊ ? को हुन् उसले भनेका आजका प्रतिगामीहरू ? के ऊ जस्तै ? जसले आन्दोलनको नाउँमा जीवन गुमाए, बिताए ? - मनभरि प्रश्न मडारिन्छन् र जवाफ कुनै कोणबाट पनि चित्त बुझ्दो पाउन सक्दैन ऊ ।

प्रश्नै प्रश्नले लखेटिँदै उसका पाइला पुनः घरतर्फ लाग्छन् । कस्ती होली भुण्टी ? कसरी बाँचेकी होली ऊ ? अनि काखमै छाडेर गएको चारवर्षे सानो छोरो अब लक्का जवान भैसक्यो होला ! चिन्न पनि सक्दैन होला झट्ट हेर्दा ऊ आफ्नो छोरोलाई ।

उसका पाइला आफ्नो घर हुनुपर्ने छेउमा गएर टक्क अडिन्छन् । उही ठाउँ, पूर्वपट्टि उही ठूलो पीपलको रुख । तर खोइ उसको सानो छाप्रो ? खोइ उसकै जस्ता जेठा र जुठेका छाप्राहरू ? उसको आफ्नो घर भएको ठाउँमा विशालकाय दुईतले घर ठडिएको देखेर उसलाई आश्चर्य लाग्छ - के उसको छोरो पनि यति ठूलो घर बनाएर आमालाई सुख दिने सामर्थ्यवान् भैसक्यो ? तर खोइ त जेठा र जुठेका छाप्रा ?

घरको आँगनमा खेलिरहेका सुकुमार केटाकेटी र अभिजातवर्गीय झैं लाग्ने एक महिलाको उपस्थितिमा जति खोज्दा पनि ऊ भुण्टीको अस्तित्व फेला पार्न सक्तैन । को हुन् यी ? कहाँ गयो उसको घर ? कहाँ गए उसका परिवार ?

"कसको घर हो यो ?" अन्योल र आशङ्काबीच ऊ आँगनमै उभिएकी महिलासँग प्रश्न गर्छ ।

"हाम्रै घर हो, किन ? "उत्तर चरिंदो स्वरमा फर्कन्छ र रहस्य अझै छिचोलिँदैन ।

"तपाईं को त ? घर-मालिकको नाम के होला नि ?" ऊ फेरि प्रश्न गर्छ र मनभित्र ठूलै भूकम्प गएको अनुभव गर्छ ।

"म पञ्चमानकाजीकी बुहारी हुँ । किन चाहियो तपाईंलाई खोजीनीति । को हो तपाईं ?" उत्तर सुन्नासाथ उसका नौनाडी गलेर आउँछन् । ऊ को हो - उत्तर दिनुको कुनै प्रयोजन देख्दैन ऊ ।

यो घर पञ्चमानकाजीको हो भने खोइ त उसको घर- घडेरी ? कहाँ छन् उसका स्वास्नीछोरा ? उसका बाबुबाजेको आर्जन घर-घडेरी समेत पञ्चमानको मुठीमा पुगिसकेछ उसो भए ! प्रश्न एकपछि अर्को विष्फोट हुँदै जान्छ ।

"त्यसो भए यहाँ पहिले ठूलेकी जहान र छोरा बस्थे नि, कहाँ गए त उनीहरू ?" बडो कष्टले उसको मुखबाट प्रश्न निस्कन्छ ।

"ऊ ..... परको सुकुम्बासी बस्तीमा होलान्, उतै गएर सोध्नू ।" उत्तर विष्फोटक प्रहारका रूपमा उसमाथि ठोक्किन्छ । के सुन्दै छ ऊ । के यही परिणतिका लागि जीवनको अमूल्य जवानी जेलमा बिताएको हो त । त्यो संघर्ष र बलिदान स्वास्नी छोरालाई सुकुम्बासी बनाउनकै खातिर गरेको हो त ? प्रश्न तातो भिरभैँ रोपिँदै जान्छन् । ऊ सहजै अनुमान गर्छ, स्वास्नी-छोराको मुक्त निर्दोष अनुहारमा अव्यक्त नै यिनै प्रश्न हुनेछन् । उनीहरूको सामुन्ने पर्ने साहससम्म जुटाउन सक्दैन ऊ र पाइला स्वतः अज्ञात अपरिचित दिशातर्फ लखेटिन्छन् ।

❊ ❊ ❊

# चर्केको घर

अब के गर्ने ? सबैको मन र विचार यही प्रश्नको धारिलो चोटले दुखिरहेको थियो । यो ठाउँको सौन्दर्यले धेरैलाई तान्दथ्यो । यहाँ बनेको घर सुन्दर थियो । जो कोही पनि यो घरलाई आफू अनुकूल जोडजाड, थप-घट गरेर भोग गर्न अत्यन्त लालायित थिए ।

लौन ....के गर्ने ? यति राम्रो ठाउँमा बल्ल-बल्ल हात पारेको यति अमूल्य घर असमयमै भत्कियो भने ? परिवारका सबै सदस्य एकै मुखले आशंका प्रकट गर्थे । समाधान खोजिन्थ्यो । घर-मुखिया निर्वाक् हुन्थे - के भन्ने कसरी जोगाउने, स्वर्गीय आनन्द लिने यो गृह सुख ! कति प्रयत्न गर्दैछु, यो घर र यो सुन्दर ठाउँ आफ्नो मुठीबाट नफुत्कियोस् भनेर ! तर....गर्ने के ? यो मोरो प्रकृति चुहिएर हैरान पारिसक्यो । घर भत्कियोस्, उनीबाट फुत्काएर आफ्नै नयाँ घर बनाउँला भनेर छिमेकी वल्लाघरे-पल्लाघरे मात्र होइन आफ्नै घरका समेत विभीषण दाउ हेरिरहेका छन् । ओहो ......कति अप्रिय संभावना ! घर-मुखिया थाप्लोमा हात राखेर बस्थे ।

'होइन, केही न केही त गर्नै पर्‍यो ।' - घर-मुखियाकै अस्तित्वसँग लेउ लागेका भ्याउहरू आफू उप्कनु पर्दाको थप पीडा र निरस्तित्वबोधबाट छटपटाउँथे ।

मुखिया स्वयम् पनि कम छटपटाएका थिएनन् । पहिला काँडैकाँडाले ढाकेको यो झाडी र ढुंग्यान ठाउँ फाँडेर, सम्याएर सुन्दर- समथर बनाउन उनको पनि केही मिहिनेत परेको हो । हुन त उनले मुख मात्र लगाएका हुन् । इमान्दारीसाथ भन्ने हो भने सारा कष्टसाध्य श्रम त वल्लाघरे- पल्लाघरे सातघरे वामनपसांदहरू कै बढी थियो ।

यही कष्टसाध्य काममा विषालु काँडाले घोचेर विष फैलिई धेरै परमधाम भएका थिए । काँडा फाँड्न अगाडि नबढी पछाडिबाटै अरूलाई हौस्याउने बुद्धि पुगेर मात्रै आफू बाँचिएको हो ! नत्र यो स्वर्गीय आनन्दको गृहभोगसुख कहाँ पाइन्थ्यो र । फाँडफुँड गरी काँडा फाँडी जरैसमेत उखालेर सुन्दर तुल्याएपछि यो ठाउँ कब्जा गर्न पनि त कम बुद्धि खियाउन परेन नि । यहाँको जेठो मै हुँ । मैले जति सुन्दर घरको निर्माण अरूले गर्न सक्दैन आदि भनेर विश्वास पार्न समेत कम कठिन परेन त्यतिबेला । बल्ल बल्ल सबै छिमेकीको घर बनाएर भोग गर्ने अधिकार खोसिएको थियो । अधिकार खोस्न पनि कम जुक्तिबुद्धि लडाउनु परेको हो र । घरमुखियालाई अहिले सम्झँदा रमाइलो

लाग्छ । त्यतिबेला यो घर सबैको साझा हुनेछ, यसको सौन्दर्यभोग सबैलाई प्राप्त हुनेछ र यो घरबाट सिंगो गाउँ र गाउँलेको हित गरिने छ ! ओहो ..... कति बाचा गरियो !

त्यत्रो बाचा गरेर हात पारेको सुन्दर ठाउँ र जेनतेन बनाएको घर दुईतीन वर्ष पनि भोग-चलन गर्न नपाउँदै खोसिएको थियो । आफ्नैहरूद्धारा खोसिएको त्यो घरको भोग गर्न नपाउँदा मुखिया रातदिन छट्पटाउँथे - यी छिमेकी मोराहरू ! राम्ररी भोग गर्न पनि नपाउँदै भत्काइदिए, खोसिदिए । तर के गर्नु जगमा प्वाल पारेर पानी हुलिदिने त आफ्नै भनाउँदा बिभीषण न हुन् ! यी मोराहरूलाई मौका त परोस् ! उनी भित्रको धृतराष्ट्रीय महत्त्वाकांक्षा हुंकार गर्थ्यो ।

हुन त घर त्यसै भत्किएको थिएन । उनले बाचा बिर्सिएका थिए । छिमेकका वल्लाघरे- पल्लाघरेको त कुरै छाडौं, आफ्नै घरका पनि दाजु भाइका परिबारलाई त्यस घरबाट बिस्थापित गर्न उनी कम्मर कसेर लागेका थिए । आफूलाई अधिकार सुम्पने वल्लाघरे- पल्लाघरे र अरू सबै छिमेकीलाई बिषालु काँडाले च्वास्स घोचेर उनी विष फैलाइदिन्थे । त्यो शुभकार्य गरेर घर-ठाउँ कब्जा गर्नमा महिला-बालक जो होस् बाटोबाट पन्छाएरै छाड्थे । त्यो देखेर घरका र छिमेकीहरू सबैले ठाने अब यी मुखियाभित्र फाँडिएको काँडघारीकै प्रेत चढ्न थाल्यो । यिनको प्रेत नझारे उनी र उनका केही प्रेतग्रह परेका बाहेक घर-गाउँमा कसैलाई राख्ने छैनन् । यो सुन्दर ठाउँ प्रेतलोकमा परिणत हुनेछ र यो घर, घर रहने छैन -भूताहा खण्डहर बन्ने छ । त्यो निर्णयमा पुगेर सुन्दर घरभित्र उम्रिएको विष फलाउने रुख उखेलिदिएका थिए । जगमा नराम्ररी जरा फैलाएको रुख उखेल्दा घर चर्केर ढल्नु स्वाभाविकै थियो ।

अब त्यो ठाउँमा घर बनाउने अधिकार कसलाई दिने ? लामो छलफल पऱ्यो । घर छाड्न परेको पीडाले छट्पटाएका पूर्व-मुखिया र उनका सन्तानले साम, दाम, दण्ड, भेद गर्दा पनि नयाँ घरमुखिया चयन हुन उनले आफ्नो पक्षमा मत पार्न सकेनन् । नयाँ मूलीले नभन्दै एउटा सुन्दर घर बनाए- एकै थरिका रसायन मिसाएर छानो ढाले । घरको सौन्दर्यले सिंगो गाउँको सौन्दर्य बढ्यो । घरबारबिहीन, आश्रयहीनहरू सबैले चिटिक्क परेको त्यो घर र नयाँ मुखिया-मुखिया परिवारको अपनत्व पाए । सबै खुशी थिए ।

कोही सुखी र खुशी थिएन भने उनै पूर्व-मुखिया र उनका सन्तान खुशी थिएनन् ।

'होइन यो सुखभोग त जसरी पनि आफैंले गर्नुपर्छ ।' उनले पुछारघरे हली जेठोसँग मन्त्रणा गरे । हली जेठो हलो छाडेर गौपालनको नाममा दूधमा पानी मिसाउने व्यापार गर्थ्यो । पानी पनि कहाँ पाउनु - शुद्ध र स्वस्थकर पानीको मुहान् तिनै पूर्व-मुखियाले आफ्नो स्विमिङपुलमा एकोहोऱ्याएकाले दूधमा मिसाउन पनि शुद्ध पानी पाईदैनथ्यो । त्यसैले उनी नाली-ढलमा बगेको पानी जमाएर त्यो काम सम्पन्न गर्थे ।

उनीहरूको संयुक्त आक्रमणमा डिट्ठाबिचारीहरूको सहयोग प्राप्त भयो - नयाँ मुखिया निकालिए । सुन्दर गाउँ फेरि पूर्व-मुखिया र पुछारघरे हली जेठाको

कमोतमा बदलियो । त्यति गर्दा पनि मुखियागिरी भने उनको हातबाट फुत्किएर आफ्नै विमातृ भाइ र पुछारघरे हली जेठाको पन्जामा पस्यो ।

घर झन्-झन् लथालिङ्ग हुँदै गयो । छतमा पाली थपियो, पुरानो छन्द छाँट गुमाएर घर विरूप भयो । जग सानो, छानो ठूलो । त्यही घर पनि मधुशालामा परिणत भयो । रूपाजीवाहरूको मादक-मोहक मुस्कान र अश्लील हाउभाउले कुलीन सदस्य र छिमेककाहरू टाउको फर्काउन थाले । हली जेठाले अब मिसावटी दूधको पेशालाई सुरासुन्दरी आपूर्ति उद्योगमा विकसित गरे ।

घर बन्दै - भत्कँदै गयो । परिवार जुट्ने-फुट्ने र जुटाउने-फुटाउने नयाँ चरणको अभियानलाई तीव्रता दिइयो । पूर्व-मुखियाका निकटतम प्रतिद्वन्द्वी बल्लाघरे परिवारको चुनौती पूर्व-मुखियाको गृहभोगमा सबैभन्दा ठूलो बाधा थियो । बल्लतल्ल बुद्धि लडाएर फेरि हात पारेको कमोत खुस्किने डरले उनी पानीबाहिरको माछा बनिरहेका थिए । त्यो बाधा नतोडी गृहसुखको निर्विघ्न भोग सम्भव थिएन । 'फुटाऊ र राजनगर' को अंग्रेजी नीति कार्यान्वयनको जिम्मेवारी आफ्ना परिवारका बन्दुके खानलाई सुम्पिएर सफलताको ताज भिरेका मुखियाको त्यो ताज खुस्किने डर छँदै थियो । बल्लाघरे कान्छा-मुखियालाई गृहसुखको सपना देखाएर भिन्दो बस्न उक्साई बलियो घर फुटाए पछि पनि खतरा ज्यूँकात्यूँ नै थियो ।

तर पनि उनले घरलाई आफू सुहाउँदो नयाँ रूप दिन खोजे । घरको नाम पनि बडो आकर्षक बनाएर फेरे-राजमणि सत्तागृह । पहिला जस्तै नभत्कियोस् भनेर विभिन्न प्रकारका रसायनहरूको प्रयोग घर मर्मत गर्दा गरियो ।

त्यति गरेर मर्मत गरेको घरको छानो पनि चाँडै चुहिन थाल्यो । घरका मुखिया लगायत त्यसका बासिन्दाहरूमा हाहाकार मच्चियो । शुरुमा सानो देखिने छिद्रले बिस्तारै ठूलो रूप लिन थाल्यो । घर चर्किएर छानै झर्ने डरले सबै त्रसित थिए । शुरुमा छिद्र सानो छउन्जेल अरू परिवार र छिमेकीले थाहा नपाऊन् भनी गुपचुप राखियो । टालटुल गर्ने प्रयत्न भयो । तर कुनै रसायनले त्यो छिद्र टालिएन । छिद्र झन् झन् बढ्दै गयो ।

"होइन, अब यो रसायन मिश्रणले छानो जोगाउन सक्तैन । छानो नजोगिए घर चाँडै खण्डहर बन्ने छ । त्यसैले यो छानाको प्लाष्टर सबै फालेर नयाँ ढलान गर्नुपऱ्यो । रसायन बरु एकै प्रकारको होस्, त्यसमा विचार पुऱ्याइयोस् । यसरी छानो बलियो नबनाए घर रहँदैन । कमसेकम वर्षात्सम्म त जसरी पनि टालटुल गर्नै पऱ्यो !" घरमुखियाले केही नलागेर अरू सदस्य समक्ष समस्या राखे ।

"हो .... हो.... हामीले त पहिला नै भनेका थियौं । एकै रसायन माड-लेपनको प्रयोग गरेर छानो ढालौं भनेर । यसकै लागि त हो लामो समय प्रयोगशालामा प्रयोग गरेर हामीले माड-लेपन रसायन आविष्कार गरेको । ढलानमा एकीकृत माडलेपनको घोल हालेर मात्र हुँदैन, माडलेपन रसायन मात्र मिलाउँ भन्दा मान्नु भएन । अब भोग्नु पनि त पऱ्यो !" माडलेपन रसायन घोल आविष्कारक वैज्ञानिक केसी एण्ड केके बहुराष्ट्रिय निर्माताका प्रतिनिधिले मुख मिठ्याउँदै तीतो पोखे । उनका आँखा अगाडि आफ्नो प्रस्ताव अब स्वीकृत हुने सुखद कल्पनाका कारण स्वर्णप्रकाश झल्झली फैलिदै थिए ।

"अहं ! .... हुँदैन ! यो अर्को दुर्घटना हुन्छ । अगाडि नै देखिएको होइन, माडलेपन रसायनको प्रमुख तत्त्वले ढलाइका सारतत्त्वहरू आफैंमा सोहोरेर बालुवामात्र एकातिर थुपारिदिन्छ भन्ने । त्यही बालुवाको बाढीले गाउँ, शहर र भेग घरबस्ती पुरिएको यति चाँडै कसरी बिर्सिएको ? त्यस बालुवाको भेलबाट बच्न कति कठिन पऱ्यो, बिर्सन सकिन्न नि ! अहिले पनि त त्यही एकीकृत माडलेपन रसायनको बाह्य संसर्गकै कारण घर यतिसम्म ढलान गरिएको हो । त्यसैले पनि एकीकृत माडलेपन रसायनलाई नै मिसाएर नटाली छानो मजबुत हुँदैन । यो भन्दा अर्को प्रविधिसँग हामी सहमत हुन सक्दैनौं !" आफू वरिपरिका र विमातृ पट्टिका सदस्यहरूको समूहगत धारणा बाझ्यो ।

"हुँदैन, कहाँ हुन्छ, त्यसो भनेर ! एकीकृत माडलेपन रसायन ज्यादै शक्तिशाली रसायन हो । त्यसबाट एउटा प्रमुख तत्त्व छुट्याए पनि अझै त्यो रसायनमा शक्तिशाली तत्त्वहरू धेरै छन् । यसको प्रयोग गरेपछि यसले स्थायी रूपमा समात्छ । पछि आफूले चाहे अनुसारको ढलाई गर्न बाधा पुग्छ । न त यसलाई त्यसपछि खुइल्याउन सकिन्छ न फेरि चोइट्याउन । जबकि माडलेपन रसायनलाई प्रयोगले एकीकृत माडलेपन रसायनको पनि खुइल्याउन सकिने सम्भावना रहन्छ । हाम्रो छत सुरक्षित हुन्छ र यसलाई चाहिएको बेला खुर्किएर फाली आफ्नै मात्र रसायनको प्रयोग गर्न सकिन्छ ।" पहिला प्रतिनिधिको दरिलो तर्कमा घरका शक्तिशाली सदस्यको समर्थन थियो र स्वयम् घर-मुखियाको पनि यही विचार थियो ।

विवाद चर्कंदै गयो । दुवै पक्ष आफ्ना तर्क र धारणामा अडिग रहे । घर चुहिने र छिद्र बढेर घर फाट्नेसम्मको स्थिति देखापर्दै गइसकेको थियो ।

कुनै निक्र्योलमा पुग्न नसकेपछि मुखियाले आफ्नै अध्यक्षतामा छत बचाउ समिति गठन गरे । समितिको काम त्यो चुहिनाका कारण र कुन रसायनको प्रयोगले त्यसलाई टाल्ने, वा ढलान पूरै भत्काएर फेरि नयाँ ढाल्ने भन्ने उपाय पत्ता लगाउने थियो । समितिमा घरका दुवैथरि सदस्यहरू समावेश गरिए ।

समितिले युद्धस्तरमा काम थाल्यो । सम्पूर्ण बुद्धियन्त्रहरू यही समितिलाई सहयोग गर्न खटिए । गृह-शासन यन्त्रका सबै अरू कलपुर्जाहरूको यावत समय समितिकै सहयोगको नाउँमा खपत भयो । परिवार र हेरचाको काम पन्छियो । उनीहरू रोगका शिकार बन्न थाले । घर चुहिएर घर-मुखियाको रक्तचाप अत्यन्त उच्च शिरोबिन्दुमा पुगेको थियो । फलस्वरूप मुलीको रिस सधैं शिरमाथि नै बस्थ्यो । त्यही रक्तचापको कारण उनले घरको आज्ञाकारी पालेलाई घरभित्र ल्याउन खोज्नेलाई, हाम्रो हेरविचार भएन भन्नेलाई र मुखियाका बगैंचाका बाँदरले बाली नाश गरे भन्ने गुनासो गर्नेलाई ठुन्कयाइदिने आदेश त्यही रिसको झोंकमा दिए । घर पालेको लाठी त्यस्ताको शिरमा बज्रँदै गयो । उनीहरू मट्याङग्रा लागेका ढुकुरझैं भकाभक ढल्दै गए ।

उता समिति झन्-झन् व्यस्त हुन थाल्यो । वैज्ञानिक, बुद्धिजीवी, सुलसुले, छेपारे, फ्याउरे, ब्वाँसे, राशिका विशेषज्ञहरूसँग राय लिइयो । कसैले के राय दिए कसैले के । र, अन्त्यमा साँच्चिकै बुद्धि भएका केही वैज्ञानिक र बुद्धिजीवीले राय दिए - छानो ढलान गर्दा घरमुखिया र सदस्यहरूले नैतिकता

नामको रसायनलाई खोजी खोजी नष्ट गरिदिएकाले छानो चुहिएको हो । पहिले त समितिका सदस्यहरूलाई यो कुराको विश्वास लागेन - यी आफूलाई साँच्चिकै वैज्ञानिक र बुद्धिजीवी भन्नेहरू यस्तै कुरा गर्छन् । घर-मुखियाका केही अदद बुद्धिजीवी थिए, वैज्ञानिक थिए । उनीहरूको राय त्यस रायसँग मिल्दैनथ्यो । तर ती आफ्नाको सुझावले छानो मरे नटालिएपछि समिति र घरमुखियालाई अप्ठेरै पऱ्यो । बाध्यता नै भयो, ती साँच्चिकैका वैज्ञानिक र बुद्धिजीवीका सुझाव मान्नै पऱ्यो ।

"ल ठीक छ, यही सुझाव अनुरूप नैतिकताको रसायन घोल प्रयोग गरौंला । तर हामीसँग भएका नैतिकता रसायन त सबै बागमतीमा बगाइसक्यौं, त्यो त बग्दै गंगा हुँदै हिन्दमहासागरमा मिसिइसक्यो होला । अब कहाँ गएर खोज्ने, खुर्की खुर्की फालेर बगाइसकेका कुरा ।" समितिका एकजना सदस्यले गंभीर समस्या अघि सारे ।

समस्या साँच्चिनै गंभीर थियो । त्यो घर परिवारले नैतिकता भन्ने रसायनके लसपस समेत छाडेको दशकौं भइसकेको थियो । त्यो छोयो कि उनीहरूको जीउ चिलाउने गर्थ्यो, अर्थात् एलर्जी हुन्थ्यो । बिषालु काँडा फाँडेर नयाँ घर बनाएपछि त अब नैतिकता नामको रसायन पछि पनि चाहिएला भन्ने उनीहरूले सोचेकै थिएनन् । यो रसायन गृहशासन - सुख र सुर, सुरा, सौन्दर्य उपभोगको विरोधी तत्त्व हो, त्यसैले शत्रु हो भन्ने निष्कर्षमा पुगेपछि उनीहरूले यो तत्त्वको समूल त्याग गरिसकेका थिए । परेन अब फसाद ! अब त्यही चहियो भन्छन् यी युग नबुझेका कथित वैज्ञानिक बुद्धिजीवी । तर के गर्नु, छानो केही गरी टालिँदैन । कहाँबाट ल्याउने अब ?

"आखिर केही न केही त गर्नै पऱ्यो । कसैबाट ऋण-अनुदान वा सापटी लिएर पनि यो छानो त बचाउनै पऱ्यो ।" एक सदस्यले सुझाव दिए ।

"ठीक हो, सापटी लिएरै पनि यो संकट टार्नुपर्छ । बरु छानो टाल्न पुग्ने जति मात्रै ल्याउँला, त्यति टालेपछि त फेरि के काम पर्छ र त्यो नैतिकता नामको रसायनको ।" अर्को बोल्यो ।

"ठीक छ, ठीक छ- निर्णय यही भयो । त्यो नैतिकता रसायनको सहयोग कोसँग माग्ने, अब यस तर्फ छलफल र सुझाव दिने काम गरियोस् ।" समितिको अध्यक्षता गरिहेका घरमुखियाले कुरा टुंग्याउन जोड दिए ।

"मेरो विचारमा हाम्रो मन, वचन र कर्म मात्र होइन; हावापानीसमेत मिल्ने साँधपारिका ठूल्दाइसँग सापटी माग्नु उपयुक्त होला । हाम्रो घर 'बनाउँदा पनि त उनकै बन पाखा, खेतबारीका काठपात, ढुङ्गा माटो र रसायनहरू प्रयोग गरेका हौं नि ! त्यसैले त्यहींको नैतिकता रसायन उपयुक्त होला ।" हरेक कुरामा साँधपारिका ठूल्दाइको राय लिने बानी परेका सदस्यले राय दिए ।

त्यो राय धेरैलाई ठीक लाग्यो । घर परिवारका अधिकांश सदस्य र घरमुखिया समेत गारोसाँग्रोमा तिनै ठूल्दाइको सहयोग, राय सल्लाह र मरमदतले घर चलाउँथे । घर खासमा उनकै सरसल्लाह र निर्देशनमा चल्ने गर्थ्यो । त्यसले गर्दा पनि ती सदस्यको रायमा धेरैको सहमति कायम रह्यो ।

"होइन, हुँदैन । छानो ढलाई गर्दा पनि त ठूल्दाइकै प्रयोगशालाका रसायनहरूको प्रयोग धेरै गरिएको नि ! त्यही घोल बढी भएर त हो, एकीकृत

माउलेपन रसायनले समेत राम्ररी समाउन नसकेको । यो तथ्यलाई मनन गरियोस् र ठूल्दाइका रसायनहरूले बढी ताप सिर्जना गरेर हाम्रो बगैंचामा ताल-तलाउ र कुलो बाँध मात्र होइन माटोसमेत सुकाइदिए भन्ने वल्ला-घरे पल्लाघरेको भनाइ पनि नबिर्सियोस् । सबैभन्दा राम्रो, पातालघरे बडेदादाको परामर्शमा नैतिकताको रसायन कहाँबाट लिने हो भन्ने निर्णय गर्नु राम्रो हुनेछ ।" बहुसङ्ख्यक सदस्य ठूल्दाइकहाँबाट सापट लिने पक्षमा भए पनि यी सदस्य साँधपारिका ठूल्दाइको भन्दा पातालघरे बडेदादाका पक्षमा थिए । पातालघरेका कुरा र उनीकहाँ उब्जेका बिचार र बस्तु समेतको गुणस्तरलाई अरू कसैले भेट्न नसक्ने अटल धारणा राख्थे । त्यसैले उनको तर्क पनि सुन्न लायक ठानियो र केही बजनदार पनि ।

त्यस अघि यी सदस्य घरको भण्डारे छँदा सिसीको मुख खुलै राखेर पनि नउड्ने उदारीकरण र खुलापनजस्ता रसायन तिनै पातालघरे बडेदादाकै सिफारिसमा भित्र्याएका थिए । त्यसबाट ठूलै लाभ पनि भएको थियो - चरित्र, संस्कार, संस्कृति र स्वाभिमान जस्ता काम नलाग्ने घुरानहरू निकासी गरेर घरलाई ठूलै लाभ पुगेको थियो । बदलामा ऐयासी, परनिर्भरता, कोकशास्त्रका युगीन ज्ञान, कुबेरभक्तिजस्ता बहुमूल्य कुराहरू आयात गरेर घरपरिवार धन्यधन्य भएका थिए । परिवार बढ्दै गएका स्त्री सदस्यहरूलाई बम्बैजस्ता ठाउँमा काज खटाइन्थ्यो र रूप- सौन्दर्य र शरीरको आकर्षणले थुप्रै एड्स आयात गरी आत्मनिर्भर बनिन्थ्यो । युवा सदस्यहरूलाई जोत्न खेतबारी पुऱ्याउने झन्झटबाट बचन बिदेश निर्यात गरिन्थ्यो र शतप्रतिशत परिवारलाई 'फरेन रिटर्न' पदकबाट सुशोभित गर्ने परम लक्ष्य राखिन्थ्यो । ती लाभ त्यही उदारीकरण- खुलापन रसायनको बरदान थियो । त्यसरी पातालघरे बडेदादाको बुद्धिमा लाग्दा घरभन्दा घरका सदस्यहरूको उन्नति-प्रगति जेट गतिले अकास्सिएको थियो ।

"ठीक छ नि त ! कुरो साँचो हो । तर त्यति सानो कामको लागि पातालघरे बडेदादा जस्ता परम आदरणीयलाई किन दुःख दिने । हाम्रा सम्धीकहाँ पनि त पातालघरे बडेदादाकहाँ जत्तिकै उम्दा नैतिकता रसायन पाइएला नि ! हिजोअस्ति हाम्रो चीलगाडीमा पनि सम्धीज्यूकहाँकै रसायन प्रयोग गरेको होइन र ? सबै व्यवस्था छोरीले मिलाइहाल्छिन्, ज्वाइँ पनि उतै छन् ।" घरमुखियाले आफन्त सम्झे र आफ्नो राय दिइहाले । सदस्यहरूले बुझेका थिए, अध्यक्षको रायले राय मात्र नभएर आदेश र निर्णयको हैसियत राख्छ ।

"तर पातालघरे बडेदादा चिढिएलान् नि ! उनी चिढिए भने त उनका जेठा छोरा खजान्ची विश्व शर्मा, माहिला मुसुमुन्द्रे कोषागार शर्मा र अरु अरु पनि चिढिएर दुःख पाइएला नि ! यतातिर पनि विचार पुऱ्याउनु राम्रो होला ।" अध्यक्षको रायले निर्णय र आदेशको हैसियत राख्ने कुरा राम्ररी बुझे पनि बडेदादाकै राय सल्लाह र सहयोगबिना गति नदेख्ने अर्का एक सदस्यले असहमतिको झिनो आवाज प्रकट गरे ।

यसमा पनि बिबाद चर्कने देखेर अध्यक्षको हैसियतमा मुखियाले विशेषाधिकार प्रयोग गरे - यो अनावश्यक बिबाद चर्काएर छानो अरु फटाउने काम नगरौं । दुईवटा अर्को समितिमा तपाईंहरूलाई बाँडिदिन्छु । एउटाका

सदस्यहरू पातालघरे बडेदादाकहाँ पाहुना लाग्नु र कुरा बुझ्नु । अर्कोका सम्धीज्यूकहाँ कोसेलीपात सहित जानू र के कस्तो सहयोग मिल्छ, मिलाउनु । घुमघाम पनि हुन्छ, कोषागार पनि भरिन्छ !

समाधान निस्कियो । एउटा समितिमा मूल समितिका आधा सदस्य बडेदादाकहाँ मेजमान बने, अर्को आधा सदस्य सम्धीज्यूकहाँ कोसेलीपातसहित सैर गरे । विशेषाधिकारको अर्थ बुझेका सदस्यहरूलाई प्रष्टै थियो - बडेदादाकहाँ कुराकानी मात्र गर्नु पर्ने छ र नैतिकता आयातको काम सम्धीज्यूकहाँबाट हुनेछ । बडेदादा र सम्धीज्यूकहाँ उत्पादन हुने नैतिकताको स्तर पनि खासमा फरक थिएन, दुवै आपसमा सरसल्लाह गरेरै उत्पादन गर्थे । नभन्दै त्यसै भयो ।

तर अफसोच, सम्धीज्यूको खेतीमा उब्जिएको नैतिकता अति उच्च दर्जाको रसायन थियो । उपयुक्त वातावरण बाहेकमा त्यसको प्रभावकारिता नै रहँदैनथ्यो । त्यही अनुसारको हावापानी र वातावरण चाहिन्थ्यो । मुखियाको घरको वातावरण त्यसको लागि अनुकूल थिएन । त्यसको प्रयोगले पनि छिद्र टालिएन । पानीको झन् धारै बग्न थाल्यो ।

अब छानो पूरै खस्ने निश्चित भयो । मुखिया, मूली र परिवारका सबै सदस्य यही मौकामा चौका छोप्ने निर्क्यौलमा पुगे । घर भत्किएपछि सबै नष्ट हुने डरले नभत्कँदै कोही झ्यालढोका निकाल्न थाले, कोही जगको ईंटा ।

एकथरि वातावरण सुहाउँदो रसायन घोल परिवारकै कुनै छिमेकीले बनाएका छन् कि भनी खोज्न हिंडे ।

घरपारि एउटा निर्धो मानवाकृति सडकमा क्षतविक्षत लडिरहेको फेला पऱ्यो । उसको हातमा एउटा सानो सिसीमा केही रसायन थियो । त्यो रसायन क्रमशः रातो रातो रगतमा बदलिँदै थियो ।

"यो के हो भाइ ? तिम्रो हातमा के हो त्यो र किन रगतमा परिणत भइरहेछ ?" नैतिकता रसायनको अन्वेषणमा अन्तिम प्रयासरत ती सदस्यले क्षतविक्षत मानवाकृतिसँग प्रश्न गरे ।

"म नीति नाम गरेको मानिस हुँ र यो मेरो हातको रसायन नैतिकताको रसायन हो । यसलाई आजसम्म मैले जोगाएको थिएँ । आज मेरो हत्याको प्रयास भयो र मसँगै नैतिकताको यो रसायन रासायनिक प्रतिक्रियाका कारण मऱ्यो । यो रगत त्यही नैतिकताको रगत हो, मेरो क्षतविक्षत शरीर ममाथि गरिएको पाशविक आक्रमणको परिणाम !" बल्लबल्ल यतिसम्म भन्न भ्यायो उसले र सधैंका लागि निदायो ।

ती सदस्यले अर्को नीति,' चरित्र र संस्कारको पुनर्जन्म र तिनैबाट पुनः नैतिकताको आविष्कार हुने दिनको प्रतीक्षामा बस्नुबाहेक अर्को उपाय भेटेनन् । त्यसै दिनको प्रतीक्षामा तपस्या गर्न उनी डलरप्लान्टको फेदमुनि लक्ष्मीअर्चनामा लीन भए ।

❁ ❁ ❁

# रणनीति

"भन हाम्रो रणनीति अनुरूप काम भइरहेको छ त !"

एकछिन अगाडिको कोठाको कल्याङमल्याङ एक्कासि सामसुम हुन्छ। एउटा आधुनिक होटलको सभाकक्ष झैं देखिने त्यस भव्य कक्षका सबै ढोकाहरू बन्द छन्। एकछिन अघिसम्म मांस-मदिरामा सिनो वरिपरि झुम्मिएका गिद्धहरू झैं संभ्रान्त देखिने भव्य व्यक्तित्वका लगभग एक दर्जन अनुहारहरूको गतिविधि प्रश्नसँगै शान्त हुन्छ। प्रश्नकर्ताको व्यक्तित्वका अघिल्तिर उनीहरू आफूलाई निरीह र आज्ञाकारी देखाउन एकआपसमा तँछाडमछाड गरिरहेका हुन्छन्।

प्रश्नकर्ता अन्य उपस्थित अनुहारहरूभन्दा कता हो कता प्रभावशाली लाग्छ। डम्म परेको दोहोरो आङको कस्सिएको शरीर, हृष्टपुष्ट, रगत चुहिएला झैं गुलाफी अनुहारको बीचमा जो कसैलाई प्रभाव पार्न सक्ने प्रभावशाली पानीदार तीखा आँखा। उसको भावभंगी र प्रश्न गराइबाट लाग्छ - उसका अघिल्तिर अस्तित्व नै नभएका मानव शरीरका पुत्लाहरू मात्र छन्। र आफ्नो आदेशको प्रतीक्षामा उनीहरू स्वामीभक्त कुकुरभन्दा पनि बढी व्यग्र भएर त्यसको पालनामा समर्पित भएको देखाउन चाहन्छन्। उनीहरूको त्यो मनस्थिति र निरीहता देख्दा प्रश्नकर्ताको ओठमा स्वतः नजानिंदो मुस्कान निस्कन्छ - कति निरीह छन्, कति अस्तित्वहीन विचराहरू !

"हुँदै छ श्रीमान् ! हामीले सोचे झैं योजना अगाडि बढ्दै छ।" उपस्थितमध्येकै अर्को रातोपीरो वर्णको केही होचो, हातमा आफ्नो छुट्टै पहिचान बनाउन मुगाजडित औंठी धारणा गरेको साहेबी अनुहारले स्वामीभक्तिको विनम्रता प्रस्तुत गर्‍यो।

"हुँ .... !" प्रश्नकर्ता साना मुखियाको मुखबाट एउटा लामो हुँकार मात्र निस्कियो। उसका चितुवाका झैं शिकारी आँखा एक्सरेको तीव्र प्रकाशझैं भित्रैसम्म चिरेर आफूभित्र पसेको अनुभव गर्छ औंठीवाल साहेबी अनुहार। ओहो .... कति धारिलो हेराइ, भित्रैसम्म गड्ने। त्यो हेराइभित्र आफ्नो भनाइप्रति अविश्वासको झनक त देखिएको छैन भन्ने सम्झेर उसका नौनाडी गल्छन् ...... कतै कतै आफूलाई अविश्वास गरिएको त होइन।

"हो ... हजूर ! काजीसाहेबले मर्जी भा'को ठीक हो ! .... योजना हामीले साचेझैं नै अघि बढ्दै छ। निकै अगाडि बढी पनि सकेको छ।" अर्को

तरबार - धारे जुंगावाल व्यक्तिले आश्वस्त पाऱ्यो । त्यो समूहमा यही व्यक्ति सानामुखियाको सबैभन्दा भरपत्यारको विश्वासिलो मानिस ठानिन्थ्यो ।

"जस्तो .... ?" सानामुखिया संक्षिप्त बोल्थे र उनको बोलाइभित्र अति सघन प्रभाव हुन्थ्यो । जसमाथि यो शब्द खनिन्छ, ऊ आफूलाई हिउँमा पुरिएको असजिलो अनुभव गर्थ्यो । अर्थात् ऊ भित्रैसम्म चिस्सिन्थ्यो, लत्याकलुतुक हुन्थ्यो । बाहिरफेर सबैलाई थर्काउने उसको व्यक्तित्व पनि त्यतिबेला भिजेको अखबारी कागज जस्तै लत्याकलुतुक गल्थ्यो ।

"आस्था .... ! मानिसको पहिलो ठूलो कुरो हो, आस्था ! यिनीहरू माथिको आस्था र विश्वास स्खलनबाटै हामी आफूप्रतिको आस्था र विश्वास बढाउन सक्छौं । यसमा हामीले थोरै समय मै धेरै सफलता पाइसकेका छौं ! हाम्रो विश्वास र सफलताको निश्चितताको सबल आधार पनि यही हो हजूर !" अर्का अलि मसिनो बोलीका भलाद्मी झैं देखिने व्यक्तिले दुई हात माड्दै भने ! भर्खरै धोएर लाए झैं सुकिलो देखिने लुगामा उनी ठाँट्टिएका देखिन्थे । उनको अनुहार पनि झट्ट हेर्दा निर्दोष झैं लाग्थ्यो । उनी विद्यार्थी कालमा नाटक खेल्थे कि खेल्दैन थे, थाहा छैन, तर अभिनय, कुशलता उनमा प्रशस्तै देखिन्थ्यो । उनको श्वेतपोशाकभित्रका दाग र खुम्चाइका धर्साहरू नदेखिने गरी मेट्ने काममा ड्राइक्लिनिङका मानिसहरूको निकै समय र श्रम खर्च भएको हुनसक्ने अनुमान सहजै गर्न सकिन्थ्यो । यो अनुमान उनलाई र उनको पोशाकलाई नजिकैबाट नियालेर हेर्ने अवसर पाउने केही बाहेक अरुले गर्नै सक्तैनथ्यो । त्यसैले पनि उनी त्यो समूहका अरुभन्दा केही छुट्टै र सुकिला मुकिला मानिन्थे ।

"अँ .... ठीक छ ! भन्दै जाऊ ! डिटेल सुन्न चाहन्छु !" साना मुखियाको संक्षिप्त तर ओजस्वी शब्द आदेशबाट उनी प्रफुल्ल भए । अरु कसैले पनि दोहोऱ्याएर आफ्ना कुरा राख्ने अवसर पाएन । उनी नै यो सौभाग्य प्राप्त गर्ने पहिलो व्यक्ति थिए । त्यसैले उनको छाती आत्मसन्तुष्टिले ढक्क फुल्यो । उनले चारैतिर एकपटक विजयीभावको दृष्टि फाले ।

"यो काम केही कठिन पनि थियो हजूर । त्याग र भोगको नवीन समीकरण बिना त्यो संभव थिएन, खण्डीकरणको अभिनय बिना पनि त्यसको सम्भावना थिएन । र आजीवन त्याग नै अभीष्ट ठान्दै आएका चरित्रमा भोगको मोहदंश सहज पनि थिएन । यो असहज र कठिन काममा पनि हामी सफल भयौं । त्यसका लागि हामीले हाम्रा सक्षम मानिसहरूलाई उनीहरूसँगै मिसायौं - टोलीमा, योजनामा, कार्यक्रममा ! कचहरीमा, विचारमा, समाचारमा उनीहरूको बन्दै हाम्राहरू छरिए । जतातते हामी आफ्नो बोलवाला राख्न सफल रह्यौं । यसको लागि केही समय पनि लाग्यो । तर अब हामी सबै मोर्चामा पूर्ण सफल छौं । हामी जे चाहन्छौं, त्यही मात्र हुन्छ अब !" उनमा अलि बढी आत्मसम्मान - आत्मविश्वास पलाए झैं लाग्थ्यो । शायद त्यसैले लामै विवरण दिए उनले ।

"पर्ख ! धेरै आत्मविश्वास ठीक हुँदैन । के उनका मतियारले सजिलैसँग तिमीहरूलाई फर्कन दिन्छन् । बाटो रोक्दैनन् । अनि हाम्रो प्राप्तिको योजनामा ठूला मुखियाको सहमति यति सजिलै मिल्छ ?" साना मुखियाले पहिलोपल्ट लामै

बोले । प्रभावशाली सानामुखियाको धारिला प्रश्नै-प्रश्नका वर्षाले विचराको आत्मविश्वासलाई मजैले पखालिदियो ।

"हजूर ! ..." अर्का व्यक्तिले अब आफूलाई अगाडि सारे । यतिञ्जेल उनी गम्भीर भएर अरुका कुरा सुनिरहेका थिए । "उहाँका धेरै कुरा ठीक हुन् । हाम्रा विरोधीका पूर्वत्याग वर्तमानको भोगमा पौडेर स्मृतिबाटै हराइसकेको छ, एकादेशको कथा बनेको छ ! तरिका नपुग्दा हामीभन्दा उनीहरू बढी आलोच्य भइरहेका छन् । त्यसैले पूर्वआस्था चकनाचूर भइसकेको छ । यो नै हाम्रो पक्षमा सबैभन्दा ठूलो विजय हो ! यो अरु बढ्नु पर्छ चरित्र, विभाजनको साधनले उनीहरूलाई खेलाउनु पर्छ र परिणाममा मतियार आफैं उठ्ने वातावरण बन्ने छ उनीहरूका विरुद्ध ! त्यसमाथि उनीहरूका धेरै संख्या हाम्रैबाट थपिएका छन् अहिले । थपिएकाहरूको सफलता पनि फलदायी बन्दैछ ।" अहिलेसम्म चुपचाप बसेका यी अर्काव्यक्ति अलि होचा कदका तर विचारवान रणनीतिकार मानिन्थे ।

"भन्नोस् तपाईलाई बोलाएको लाभ के भयो त !" साना मुखियाको बिझाउने धारिलो दृष्टिले भित्रैसम्म घोचिएका अर्का एक व्यक्ति असजिलोले छटपटाउँछन् । अहिलेसम्म सबै सुनीमात्र रहेका अग्लो कद, पातलो आङ, खबटे अनुहार र प्रभावशाली व्यक्तित्वका धनी त्यो स्वरले केही झस्किए ।

"रणनीति ठीक थियो, सफलता निश्चित थियो ! तयारी पनि सब पूरा थिए । ठूला मुखियामा आँट हुनपर्थ्यो, समर्थन हुनुपर्थ्यो । तर उल्टो उहाँबाट हामीले विरोधको सामना समेत गर्नुपर्‍यो । यसैबाट हाम्रो मार्ग अवरुद्ध भयो, अहिलेलाई हामी असफल भयौं ।" उनले पछिल्लो वास्तविक स्थिति प्रष्ट पारे । विशेषज्ञका रूपमा लिइएको आफ्नो सेवाको लाभ प्रदान गर्न नसकेकोमा उनी भित्रभित्रै खिन्न भएका हुन् कि जस्तो देखिन्थ्यो ।

"अहिलेलाई भन्नुको अर्थ ?" साना मुखियाको तिखो स्वर वातावरणलाई नै चीसो बनाउँदै कोठाभरि ठोक्कियो ।

"मतलब हामी फेरि अरू प्रयास गर्ने छौं !"

"ठूला मुखियाको सहमति मिल्ने लक्षण छैन, त्यो अवस्थामा ?"

"प्रतीक्षा, मात्र प्रतीक्षा हजूर ! र, प्रतीक्षाको साथसाथै प्रयास पनि ।" विशेषज्ञ मानिएका खबटे अनुहारका मानिसको स्वरमा उत्साह देखिदैनथ्यो । उनको त्यो पूर्ण आश्वस्त नगराउने भनाइले अरु अनुहारहरू तर्सिएका देखिन्थे । उनीहरूले सधैं सबै कुरा सम्भव भइसक्यो र आज-भोलि नै जहिले चाहे पनि सबै कुरा ठीक हुने, योजना सफल हुने विश्वास सानामुखियालाई दिंदै आएका थिए । त्यसैले उनीहरूले साधन, स्रोत र शक्ति हत्याउन पनि सफता पाएका थिए । अहिले ती विशेषज्ञ ठानेर आफ्नै सल्लाह अनुसार बोलाइएका व्यक्तिले वास्तविकता खोलिदिए पछि उनीहरूको आत्मविश्वास कति खोक्रो रहेछ भन्ने सानामूखियाले राम्ररी नै बुझिसकेका थिए । उनीहरूको त्रासको विषय नै त्यही थियो -अब पनि त्यतिकै विश्वास पाउन सकिएला ?

"प्रयास तर के, कस्तो ! कसरी ! ठूला मुखियाको सहयोगको कुनै आशा नगरे हुन्छ । देखिसकियो ।" तरवारको धारझैं भित्रसम्म गड्ने सानामुखियाको

आवाजमा पहिलोपल्ट केही कम्पन र कमजोरीको अनुभव भयो । त्यो दृढ-आवाजमा देखिएको कमजोर विश्वासको अनुभूतिले उपस्थित सबैको अनुहारमा रगत सोहोरिए । एउटा सुन्दर सपनाको बीचमा निन्द्रा खुलेर अन्त्य भएजस्तो, टुङ्गिए जस्तो ! यो अनुभूति साझा अनुभूति थियो उनीहरूको ।

"हामी पनि उनीहरूजस्तै भएर, उनीहरूकै तरिकाबाट शक्ति हातमा लिएर र अहिलेको आस्थास्खलन -चरित्रस्खलनको प्रयास तीव्र पारेर । विभाजन र विखण्डनको प्रयोगात्मक प्रक्रिया तीव्र पारेर, पहिले उनीहरूसँगै सहभागी बन्दै, पछि बाहिऱ्याएर ।"

"प्रक्रिया लामो भयो ! र, पनि सफलता मिल्ला ?" प्रश्न धेरैको अनुहारमा सगबगाउँछ । सानाकाजीलाई सबै नै भइसक्यो र उनीहरूको एक इशारामा जुनसुकै बेला जेसुकै हुन सक्छ भन्ने विश्वास दिलाउँदै आएकाहरूको अनुहार भने निचोरेको ज्यामिरे-खोस्टो बन्दै थियो ।

"हो ...... लामो बाटो हो यो ! तर विकल्प बाँकी छैन । सफलता मिल्छ - उनीहरूलाई भने यसरी नै बसीकृत तुल्याउनु पर्छ हामीले ! हामीले हाम्रो बाहिरी रूपलाई अरू स्वच्छ देखाउनु पर्छ, पवित्र ! उनीहरूभन्दा बढी स्वच्छ, पवित्र र सिद्धान्तनिष्ठ ! हामी आफू अग्लो देखिन अरूलाई बाउन्ने सिद्ध गराउन सक्नु पर्छ ! अहिलेको स्थिति देख्दा यो सक्छौं ।"

"सबैलाई ?"

"हो यो चुनौती छ हाम्रो अगाडि ! एकथरी हाम्रो दर्शन र सिद्धान्तको धेरै नजीक छन् , फरक छैनन् ! उनीहरू करिब करिब हामीसँगै उभिंदा बाउन्ने देखिन थालिसके ! पटक-पटक पाएका अवसरलाई जमिन्दारी मानसिकताले गुमाएपछि उनीहरू कसैको सपना पूरा गर्ने नाउँमा अब अग्लिन सक्तैनन्, आफ्नो उचाइ उनीहरूले गुमाइसकेका छन् ! पर्याप्त गुमाइ सके उनीहरूले विश्वास र भरोसा !" विशेषज्ञ साँच्चै विशेषज्ञ हुन् ! उपस्थित अरूले यस्तै सोचे । उनको विश्लेषण तर्क र दृष्टिकोणबाट साना मुखिया प्रभावित भएको देखेर भने उनीहरू भित्रभित्रै ईर्ष्याले खुम्चिन थालेका थिए । अब साना मुखियाको अघिल्तिर हाम्रो महत्त्व नरहने पो हो कि ।

"अनि अर्काथरी ! उनीहरूलाई नै पत्याउँछन् भनेको होइन ?" साना मुखियाको धारिलो प्रश्न फेरी ठोक्कियो ।

"हजुर .... यी अर्काथरीलाई जालोमा पार्न चाँहि केही मुस्किल छ ! यसलाई तह लाउने उपाय त एउटै मात्र छ, त्यो हो हाँगा छिमोल्ने ! साम, दाम, दण्ड, भेदको नीतिबाट उनीहरूलाई छिमोल्दै जानुपर्छ जसरी हिजो हाम्रो चरित्रसाम्य एउटा हाँगो छिमोलेको देखाएर अर्को दरिलो रूखको एउटा हाँगो छिमोल्न सफलता पायौं । सग्लो देखिएको अर्को रूखको पनि हामीले जरो खोतलिसकेका छौं । सग्लो देखिने त्यो वृक्ष भित्रभित्रै खोक्रिइसकेको छ । यही भएर त हाम्रो वर्चस्व-वृद्धि भइरहेको छ ! यो प्रक्रियाले निरन्तरता पाउनुपर्छ ?"

"त्यसले केही लाभ त भएन ! छिमोलिएको मूल काण्ड झनै दह्रो देखियो !" फेरी अर्को आशङ्का प्रकट भयो ।

"हो, हाम्रो आकलन पूरै मिलेन ! तर केही लाभ त भयो ! अस्थिरताले विश्वास र आस्थामा केही भए पनि स्खलन ल्यायो, हाम्रो अभीष्टलाई यसले मदत पनि गर्दै छ ।"

"यो रणनीति अनुपयुक्त त होइन, समय भने धेरै लिने देखियो । शीघ्र उपाय भए अझ राम्रो हुन्थ्यो । त्यतातिर पो केही सोच्ने हो कि !" लामो समयसम्म साना मुखियाले विशेषज्ञकै कुरामा ध्यान दिएपछि अरूको अनुहार केही अवसादग्रस्त देखियो । उपेक्षित अनुभूतिले भित्रभित्रै कोक्किए पनि यही रणनीतिबाट शक्तिभोग गरेर भर्खरै हटेका मुगाधारी हातको स्वामी अनुहारले साना मुखियाको ध्यान आफूतिर खिच्ने प्रयत्न गरे ।

"यही तातै खाउँ जल्दी मरौं भन्दा त अहिलेको रणनीति पछि धकेल्नु पऱ्यो नि । हामी कतिलाई असजिलो पाऱ्यो यसले ! ठूला मुखियालाई समेत यसबाट अप्ठ्यारो पऱ्यो । चाँडो भन्नुहुन्छ भने यहाँभन्दा कति चाँडो ? आठै पहरमा हामी शक्तिअशियार बनिसक्यौं, प्रत्येक कुनामा पुगिसक्यौं । पूर्ण पूर्व-रूप त एउटा समय गुज्रिएपछि फेरि प्राप्त हुनै सक्तैन, यो प्रकृतिको नियम हो !" विशेषज्ञले लामै भाषण गरे ।

"ठीक छ, आक्रमणको प्रमुख विन्दु आस्था-चरित्रलाई नै बनाउनू, जसले तुलनामा हामी गह्रुंगा हुनसकुं । कार्यनीतिमा उनीहरूलाई छिमोल्दै जाने । सहभागिता, चौतर्फी सूचिप्रवेशलाई तीव्रता दिने ।" साना मुखियाको धीरगम्भीर वाणी निस्कियो र यो नै अन्तिम आदेश थियो । अब त्यसमा प्रश्न-प्रतिप्रश्न र शंका उपशंकाको कुनै गुञ्जायस थिएन । सबै नतमस्तक थिए - हस्तयुगल अधोमुख मुद्रामा, रणभूमिमा आत्मसमर्पण गरिरहेका सैनिक जस्तै ।

साना मुखिया आफ्ना भरपत्यारका तरबारधारे जुंगावाल अनुहारसँगै बाहिर निस्किएपछि वातावरण हलुङ्गो भयो । थिचिएको अनुभूतिमा अस्तित्वहीन झैं देखिएका अधिका अधोमुख अनुहारमा लाली चढ्यो र पुनः सुरासुन्दरीको उष्णतामा सबै डुबे ।

✲ ✲ ✲

# बाढीमाथिको उडान

"केही कुरा आफैं मिलाउन सक्नुहुन्न तपाईंहरू !" बढो रोमान्टिक मुड र वातावरणमा भइरहेको आफ्नो विश्राममाथि खलल पर्दा मन्त्रीजीको स्वरमा असन्तुष्टि झल्किएको प्रष्टै अनुभव हुन्थ्यो ।

अन्तरङ्ग निजी सचिवलाई थाहा नभएको होइन मन्त्रीजी कुन मुड र वातावरणमा हुनुहुन्छ । तर के गर्ने बाहिर मन्त्रीजीलाई भेट्न आएको प्रतिनिधिमण्डल पनि नभेटी नफर्कने मानसिकतामा रहेको छ । उनीहरूको आक्रोशित मुड देखेर उसले त्यसै फर्काउने आँट नै गर्न सकेन । अरू जोड गरेर फर्काउन खोज्ने हो भने अप्रिय स्थितिको सिर्जना हुनसक्ने प्रष्ट देखिन्थ्यो ।

अन्तरङ्ग निजी सचिवका आँखा मन्त्रीजीको विश्राम उपकक्षको दृश्य हेर्न अभ्यस्त भइसकेका छन् । आजकै जस्तो विदाका दिनको त कुरै छाडौं नेताजी कार्यालय समयमै पनि प्रायः मुड बनाउन यस उपकक्षमा विश्राम लिने गर्छन् । त्यतिबेला विचरो उसलाई पर्नुआपत पर्छ - सत्य लुकाएर अनेक बहाना बनाइबनाई जवाफ दिनुपर्छ । अझ उसको साक्षात् उपस्थितिलाई जनावर वा मुसो-विरालो जति पनि नठानी नेताजी र त्यस वाइफाले केटीले गरेका क्रियाव्यापार देख्दा कहिलेकाँही त आफैंलाई नामर्द र यन्त्रमानव ठान्नपुग्छ । आत्मग्लानि र हीनताबोधले आफैंलाई धिकार्न पुग्छ ।

भन्नुभएन, मन्त्रीजी अत्यन्त जरूरी मिटिङमा हुनुहुन्छ, आज समय दिन सक्नुहुन्न भनेर !" भिसिआरमा प्रसार भइरहेको भिडियो फिल्मको एउटा उत्तेजक दृश्यबाट उत्तेजित मन्त्रीजी एउटै सोफामा टाँसिएर बसेकी युवतीको संवेदनशील अंगछेउ राखेको हातको दबाब बढाउँदै भन्छन् । उनको त्यो हातको दबाब सचेष्ट प्रयास थियो वा अज्ञात अवस्थामै भएको थियो, अन्तरङ्ग सचिवलाई छुट्याउन कठिन पर्छ । नेताजीको एउटा हातमा सुनौलो रंगीन तरल पदार्थयुक्त पारदर्शी ग्लास हुन्छ र अर्को हात युवतीका अङ्गस्पर्शमा लीन । टेबिलमा राखिएको प्लेटको पेस्ता झिक्न युवती केही ढल्कँदा नेताजीतिर बढेका उसका पयोधर सङ्घर्षण-रस बगाउँदै नेताजीलाई झनै मदान्ध बनाइदिन्छ । खुल्ला पारदर्शी गाउनमा युवतीको शरीरका भौगोलिक गाउँबेसीहरू खुल्ला आमन्त्रण गरिरहेका हुन्छन् र यही बेला प्रतिनिधि मण्डल आएर आराम खलबल्याएकोमा भित्रभित्रै मुर्मुरिन्छन् ।

"एकछिन आराम गर्न पनि नदिने भए यिनले, बनिता मैयां ! जुनबेला मनलाग्यो, उही बेला डेलिगेसन् ! अरू केही काम भए पो !" त्यो आक्रोशले अभिव्यक्ति पाउँछ।

"त्यही त ! काम छैन अनि राजधानी आएर खर्च जुटाउने एक-एक उपाय खोज्छन् ! फर्काइदिनु पर्छ नि त पुलिस लाएर ! सबै ऐरेगैरेलाई भेटेर साध्य चल्छ !" पूर्णयौबना मैयाको शारीरिक सौन्दर्यमय मिठाससँग जर्खरिएको कर्कस आवाजले भने पटक्कै मेल आएको देखिएन।

"नभेटी नै नहुने हो त ! के भन्न आएका नि ?" मन्त्रीजी अझै पन्छाउन सकिन्छ कि भन्ने सोचाइमा देखिन्छन्।

"होइन हजूर, नभेटी जाने छाँट पटक्कै छैन। समस्या पनि अलि गम्भीर नै जस्तो छ। अस्तिको ठूलो बाढीले दक्षिणको दशौं गाउँ बगाएछ। धनजनको ठूलो नोक्सानी भएछ। बाँचेकाको कहाँ शरण लिने र के खाने भन्ने समस्यामाथि रोगव्याधी फैलेर अरू धेरै मरिसके रे !" अन्तरङ्ग सचिव एकै सासमा बताउँछ।

"अँ ...... प्रशासनको रिपोर्ट चाहिं के भन्छ नि ? यिनले त बढाइचढाइ दुःख बिसाउने नै भए !" मन्त्रीजीको थप जिज्ञासा थियो।

मन्त्रीजीका आँखा चुम्बक बनिरहेको भिडियुको पर्दाका रोमाञ्चक दृश्यहरूमा र हात मैयाको कोमल शरीरका कुचाग्रदेखि मदन-गृहसम्मका क्षेत्रहरूमा गतिमान थिए। पारदर्शी पोशाकको झिनो आवरण बाहिरै अनुभव हुने उष्णताको उनी राम्ररी नै अनुभव गर्दै थिए। मैया पनि कम मदान्ध देखिन्नथी, उसका हातहरू पनि मन्त्रीजीका केश-भाल स्पर्शमा कार्यरत थिए।

अन्तरङ्ग निजीसचिवको उपस्थिति र संवादले उनीहरूको चेष्टामा कुनै असर पारेको देखिँदैनथ्यो। निजी सचिव मानौं एउटा रोबोट हो ; एउटा शिलामूर्ति हो जसमा कुनै संवेदनशील चेतना हुँदैन। यस्ताका अगाडि कुनै संकोच र लज्जानुभूति गर्नु आवश्यक छैन।

"होइन हजूर, समस्या वास्तवमै गम्भीर छ। प्रहरी, सेना र प्रशासनको रिपोर्टमा पनि समस्या गम्भीर नै छ। पीडितहरूको गुनासो छ - हजूरका पूर्वजले दशगजा पारिकालाई बकसपत्र गरेर दिएको बाँधबाट यी गाउँतर्फ जानी जानी बाढी छाडेकाले यो विपत्ति आएको रे ! बाँधका सबै ढोका समान रूपले खोलिदिएको भए यस्तो हुँदैनथ्यो रे ! उनीहरूको आरोप छ - छिमेकी गाउँहरू जोगाउन जानाजान यतातिर बाढी छाडियो !" सचिवले सबै कुरा अर्थ्याउँदै भने।

"ठीक छ, गएर थामथुम पार्दैगर, म आउँछु। अँ ...... सुन, सुरक्षा व्यवस्था ठीक छ कि छैन ? अरू कडा गर्न लगाऊ।"

"हुन्छ हजूर ! म सबै व्यवस्था मिलाउँछु।" अन्तरङ्ग निजी सचिव बाहिर निस्कन्छ। त्यो कोठाबाट निस्कन पाउँदा लामो कैदको बन्धनबाट मुक्ति पाएको अनुभव हुन्छ, उसलाई। त्यो कोठाभित्र पस्न भनेपछि उसका खुट्टै भारी भएर आउँछन्। तर के गर्ने, ऊ बाध्य छ; ऊ बाहेक अरूलाई त्यस उपकक्षमा प्रवेशको अनुमति नै, छैन।

के सोच्छन् यी ठूला भनाइने छोटा मानिसहरू ? हाम्रो कुनै अस्तित्व नै छैन ? हामी ढुंगामुढा हौं र हाम्रै अगाडि त्यसरी छिल्लिन ? कहिलेकाहीं त उसलाई पुंसत्व के हो, देखाइ दिउँ यी निर्वीर्य लोककण्टकहरूलाई भने जस्तो पनि जोश चल्छ । त्यो स्वैरणीझैं प्रगल्भा आइमाई, सरम भनेको सकें थाहै छैन । उनीहरूको पशुचर्यामा भन्दा अन्तरंग निजी सचिवलाई आफैंसंग सरम, लाग्छ । के गर्नु ................ पेटको लागि कति सम्झौता गर्नुपर्ने हो, अझै !

बाहिर भिडमा हलचल बढ्दै गयो । प्रतीक्षाको लम्बाइसंगै भीडको धैर्य र अनुशासनमा शिथिलता आइरहेको थियो - के हो बहाना ............. कि जनताको समस्या सुल्झाउनु पर्छ, कि पद छाड्नु पर्छ ।

"..... हो.......हो....... कति सहनु । जुन कुराको पनि त सीमा हुन्छ ।" पहिलो असन्तोषको ध्वनिलाई साथ दिंदै अर्को ध्वनि सामूहिकताको समर्थन खोज्छ । ती ध्वनिहरू समवेत भएर नाराको रूप लिन्छ र वातावरण एकै छिनमा कुन वातावरणमा पुगेर दुर्घटित हुन्छ भन्ने अनुमान गर्न गाह्रो पर्छ ।

वातावरणको तनावसंगै सुरक्षा घेरा कस्सिन्छ । अन्तरङ्ग निजी सचिव आसन्न दुर्घटना वा अप्रिय वातावरणलाई नियन्त्रण गर्न सकिन्छ कि भनेर चिच्याउँछ - तपाईंहरू सुन्न त सुन्नोस् ! मैले मन्त्रीज्यूलाई सबै बिन्ती चढाइसकेको छु । उहाँ तपाईंहरूलाई दर्शनदिन आउँदै हुनुहुन्छ !

"न त हामी दर्शन गर्न आएका हौं, न यो मन्दिर नै हो । हामीलाई दर्शनको होइन । बाढीको समस्या हटाएर तत्काल राहत–सहयोग र पुनर्स्थापनको आवश्यकता छ" एउटा स्वर निस्कन्छ ।

"हो.....हो....हामीलाई आश्वासन होइन, काम चाहिएको छ ! सहानुभूतिको चिप्लो स्वर र समवेदनाका गोही-आँसु होइन, विपत्तिबाट बचाउने व्यवस्था चाहिएको छ !" अर्को विद्रोहीस्वर फिंजिन्छ ।

"होइन कुराकानी र भेटघाट नभइकन कसरी व्यवस्था हुनसक्छ र ! .......... तपाईंहरू त्यसै नरिसाउनोस् न ।"

"कुराकानी धेरै भइससकेका छन् । कुरा बाहेक के नै पो गरेका छन् र यी कथित नेता र मन्त्रीहरूले !" अर्को एउटा पीडा भोगिरहेको स्वर लाचारीको अभिव्यक्ति र विद्रोहको निर्दो आवाज उराल्छ ।

"विश्वास गर्नोस् ..........सबै व्यवस्था हुन्छ ! तपाईंहरूकै सेवाका लागि त सरकार हो नि ! हामी के का लागि ?" प्रतिनिधि मण्डलको भीडका आँखा र कान मन्त्रीजीको स्वरतिर तानिन्छ ।

मन्त्रीजीको उपस्थितिले भीड केही शान्त बन्छ ! पछिल्लो पंक्तिमा अझै केही हलचल अनुभव भइरहेछ र त्यही पंक्तिबाट मसिनो एउटा स्वर तैरिंदै मन्त्रीजीको कानसम्म पुग्छ - व्यवस्था भएरै त यस्तो भोग्न बाध्य छौं नि ! आफ्नै सेवा गर्छौ, हाम्रो लागि के गर्छौ तिमीहरू !

"तपाईंहरू नचाहिंदो आरोप मात्र लगाउनुहुन्छ भने कसरी कुराकानी हुनसक्छ ! तपाईंहरू यस्तै नचाहिने कुरा गर्नुहुन्छ भने मन्त्रीज्यू वार्तामा सहभागी

बन्नसक्नु हुन्न !" त्यही उपस्थित मन्त्रीजीका चम्चासल्लाहकार मन्त्रीजीको आलोचना सुन्न नसकेर प्रतिवाद गर्छन् ।

"को हो यो ........ मन्त्रीभन्दा बढी मन्त्री भएर हामीलाई धम्क्याउने ? तिमीहरूको धम्की र त्रासमा बाँच्दाबाँच्दै अब डर र त्राश के हो भन्नेसमेत बिर्सिसकेका छौं, बुझ्यौ ! धुतेर ल्याउनु पऱ्यो कि क्याहो त्यहाँबाट !" चम्चासल्लाहकारको धम्कीयुक्त स्वर भीडसम्म पुग्दानपुग्दा भीडमा सगबगाहट देखिन्छ, आक्रोश देखिन्छ र भीड भित्रैको एउटा पीडित अनुहारको दबिलो आवाज मन्त्रीजीको छेउसम्म आइपुग्छ !

"नरिसाउनोस् न ! तपाईंहरूको मत र बिश्वासले तपाईंहरूकै सेवाका लागि त म यो पदमा आएको हुँ नि ! कसरी हुन्छ म यो समस्याको समाधान गराइहाल्छु नि !" सल्लाहकारको भनाइले बिथोलिएको वातावरण समाल्न मन्त्रीजी प्रयत्नरत बन्छन् । उनी त्यही प्रयासमा थप्छन् - तपाईंहरूले कष्ट गर्नुपर्नाको कारण थाहा पाइसकेको छु । तपाईंहरूको भनाइमा बाढीले विनाशलीला मच्चाएको छ । मेरो राज्यसंयन्त्रले भने मलाई सामान्य बाढीको मात्र सूचना दिएको छ, अहिले व्यवस्थित भइरहेको छ । त्यसैले खासै समस्या छैन !

"के भन्नुभएको मन्त्रीजी ! तपाईंको भ्रष्टराज्यसंयन्त्र र चाटुकार चम्चाहरूको प्रतिवेदनले सत्यलाई पनि सत्य देख्न सक्दैन । यसै कारण त मुलुक र जनता अन्याय र कष्टको जाँतोमा पिनिएका छौं नि । हामी बाढीबाट ज्यान जोगाउन सकिरहेका छैनौं; तपाईं स्थिति सामान्य रहेको रिपोर्ट हेरेर सन्तुष्ट हुनुहुन्छ ! यस्तो तालले कसरी चलाउनुहुन्छ शासन !" प्रतिनिधि मण्डलको एउटा सदस्य-अनुहार मन्त्रीजीको टिप्पणीबाट क्रुद्ध देखिन्छ । भीडबाट पनि उसले समवेत समर्थन प्राप्त गऱ्यो - झूठो सूचना च्यापेर देश चल्दैन ! कि समस्याको समाधान खोज्नुपऱ्यो, कि कुर्सी छाड्नुपऱ्यो !

"ठीक छ, ........... म राम्ररी बुझ्छु ! गलत जानकारी दिएको रहेछ भने त्यस्तालाई कडा सजाय दिनेछु । तर मैले त दुबै पक्षको कुरा बुझेर, सुनेर यी सबै तथ्य नबुझी यसै हो भन्न पनि त मिलेन नि ! यी सबै कुरा बुझेर म समाधानको उपाय गराउँछु, तपाईंहरू जानोस् ! मेरा अगाडि यो मात्र होइन अरू पनि धेरै काम छन्, राष्ट्रिय-अन्तर्राष्ट्रिय समस्या छन् ।" मन्त्रीजी आफ्नो अडान र आलटाले नीति पनि कायम रहोस्, भीडको आक्रोश पनि शान्त होस् भन्ने आशयको अभिव्यक्ति दिन्छन् ।

"सयौं मानिस मरिरहेका छन्, त्यो तपाईंका लागि कुनै समस्या बनेन होइन ! रगत चुस्नकै लागि पनि त निमुखा जनतालाई बचाउनु पर्ला नि !" भीड भित्रबाट एउटा तीखो व्यङ्ग्य वातावरणमा तैरिन्छ ।

"यो बाढी पनि त विदेशी सहायता र विदेश भ्रमणको अवसर भित्र्याउने कारण बन्न सक्छ तपाईंहरूको ! त्यसो भएमा त यो समस्या सानो नलाग्ला" भीड भित्रैको अर्को आवाज पातलिँदै सिंगो वातावरण प्रतिध्वनित हुन्छ ।

"हामी छानबीनको बहाना होइन, तत्काल उपाय र राहतको खोजीमा छौं । तपाईंको छानबीन चलुन्जेल सिङ्गो गाउँ मसान बनिसक्ने छ, जनशून्य भइसक्ने छ बुझ्नुभयो !"

"ठीक छ, ठीक छ ! तपाईंहरू जानोस्, म उपाय गर्छु । म अहिले नै उद्धार राहतको निमित्त अधिकारीहरूलाई आदेश-निर्देश गर्छु - काम भोलिबाटै शुरु हुन्छ ।" भीड नियन्त्रणभन्दा बाहिर जानसक्ने सङ्केत देखिरहेका मन्त्रीजी अब भित्रभित्रै केही डराइरहेको हुन्छन् । र बाहिर भने आफ्नो आवाजलाई पूर्ण राजकीय ओजमा ओकल्न सफल बन्छन् ।

"यस्तो तालले हुँदैन । राहतकार्य आजै थालिनु पर्छ ।"

"ठीक छ ............!" मन्त्रीजीको आँखा हस्याङफस्याङ गर्दै आइपुगेका सचिवमाथि पुगेर ठोकिन्छ "ल सचिवज्यू, म भोलि नै निरीक्षणमा जान्छु । सबै यथार्थ रिपोर्ट र राहत सामग्री पठाउने व्यवस्था भरेसम्ममा भइसक्नुपर्छ ।"

मन्त्रीजीको आदेश भइसकेपछि पनि हट्न नचाहेको भीडलाई मन्त्री निवासको सुरक्षादस्ताको कड्डा लाठो र पड्कन तयार झैं देखिने बन्दुकको त्राशले सजिलै पन्छाइ दिन्छ । सबै आ-आफ्नो बाटो लागेपछि मन्त्रीजी सन्तोषको सास फेर्छन् - बल्ल एउटा टाउको दुखाइ सकियो ।

भोलिपल्ट मन्त्रीजीको बाढीपीडित क्षेत्र- निरीक्षणको तयारीसँगै अरु समस्याहरू थपिए । बाढीमा डुबेका गाँउ, प्राण जोगाउन पानीमा हातखुट्टा चलाउँदै सङ्घर्ष गरिरहेका अर्धमृत मानिसहरूको जिजीविषापूर्ण प्रयास र बाढीमा बगिरहेका जनावरहरूको रोमाञ्चक दृश्य हेर्ने अवसर नगुमोस् भन्ने इच्छा मन्त्रीका सबै परिवारमा हुनु स्वभाविक थियो ।

"ड्याडी ....... म पनि जान्छु है ! कति रमाइलो देखिएला हेलिकोप्टर माथिबाट समुद्रझैं पानीले डुबेका तलका गाउँहरू ! अस्ति भर्खर हेरेको सिनेमामा थियो नि, भारतको यस्तै एउटा गाउँको दृश्य ! अहा कति राम्रो दृश्य थियो त्यो ! सिनेमामा बाहेक आजसम्म साँच्चिकै बाढी देखेको पनि त छैन नि !" कलेज पढ्ने र डिस्कोमा ब्वायफ्रेण्ड साटासाट गर्ने संस्कार-दीक्षित षोडसी कन्याको फर्मायस सुनेर मन्त्रीजी नपग्लने कुरै भएन ।

"हो त ··· हगि सिस्टर ! त्यो सिनेमामा कति रमाइलो दृश्य देखिएको थियो । रुखको एउटा हाँगोमा झुण्डिएर बच्न खोजेको त्यो मान्छेको अनुहार कति रोइरहेजस्तो थियो । यस्तो रमाइलो दृश्य कहाँ हेर्न पाइन्छ र !" पछाडि कपाल बाटेर कानमा मुन्द्रा भिरेको किशोर सुपुत्र पनि उत्साहित थियो ।

छोरा-छोरीलाई हेरेर मन्त्रीजी कहिलेकाहीं अतीत सम्झन पनि पुग्छन् । त्यतिबेला आफूले पनि बाढीलाई यी छोराछोरीले हेर्न सके झैं एउटा रोमाञ्च, एउटा रमाइलो रूपमा हेर्न सकेको भए ! उनका लागि त यो संभव नै थिएन । बाढीको पीडा के हुन्छ उनको गाउँले पनि बारंबार भोगेको थियो । उनका बाबुको अन्त्य त्यस्तै बाढीबाटै भएको थियो, बेघर बनाउने काम त्यस्तै बाढीले गरेको थियो । अहिले यी केटाकेटीलाई के थाहा ! आफैंले पनि त के गर्नु ... ती अतीतका सत्यमात्र होइन, वर्तमानको सत्यलाई समेत नबिर्सी धरै छैन । गाउँ र

गाउँलेको नियति नै त्यही त हो । मैले पनि त राजनीति गरेर यो ठाउँमा आउन नसकेको भए त्यही नियति भोग्नुपर्थ्यो ... त्यस्ता बाढी र जनताका पीडा सकिए भने हामीले गर्ने राजनीतिको आधार पनि त सकिन्छ ! – मन्त्रीजी चित्त बुझाउँछन्, जति दुःख खेप्नु हो खेपि सकियो । अब त आराम र बिश्राम पनि त चाहियो ।

छोराछोरीको आग्रहले मन्त्रीजीलाई भित्रभित्रै भने अप्ठेरो पारेको थियो । हेलिकोप्टरमा धेरै जना अटाउँदैनथे त्यसमाथि परिवारसँगै लैजाँदा वनिताको मादक सान्निध्यको कुनै अर्थ रहँदैनथ्यो ।

"हेर ... मौसम ठीक छैन, त्यसमाथि हेलिकोप्टरको उडान सुरक्षित पनि छैन । ... अहिले होइन बरु चाँडै नै अमेरिका जानुपर्ने जस्तो छ, तिमीहरूलाई त्यही लैजाउँला । अहिले नकराऊ !" मन्त्रीजीले अर्को आशा देखाए ।

"ओ पापा ... यु आर ग्रेट ! अमेरिका ... आवर ड्रिमल्याण्ड ... अमेरिका !" छोराछोरी दुवै खुशीले पागल हुन्छन् । भाषणमा राष्ट्र, राष्ट्रियता र राष्ट्रभाषा-संस्कृतिको गुण गाउने मन्त्रीजीलाई पूँजीवादी उपभोक्ता संस्कृतिको खुला विश्वविद्यालयबाट दीक्षित छोराछोरीको अंग्रेजी बोली र उच्चारण सितारको मधुर आलापभन्दा पनि बढी मधुर लाग्छ । आफ्नो समाजवादी अनुहारमा खुलापनको मालिक रिझाउने भावभंगी भिरेर आफूमा रहेका अभाव छोराछोरीको जीवनशैलीबाट पूरा गर्ने मन्त्रीजीको आन्तरिक इच्छा यसरी पूरा हुँदै गएको छ । मन्त्रीजी सन्तुष्ट छन् । आफूलाई प्रतिनिधि ठान्ने मूर्ख जनताको बाढी-आतंकलाई नै टाउकोमा लिइरहने हो भने त यी सबै कुरा छाडे भइहाल्यो नि ! उनी मनमनै सोच्छन् पनि ।

पूर्णत : उपभोक्तावादी स्वच्छन्द कथित आधुनिक सभ्यताका प्रतीक झैं लाग्ने मन्त्रीजीका छोराछोरी आफ्नो स्वप्नदेश र आदर्शभूमि अमेरिका जानपाउने पूर्व सूचनाले अति खुसी हुन्छन् । जुन स्वभाविक थियो । त्यही खुसीमा बाढीको भीषण प्रहारबाट ज्यान जोगाउन मृत्युसँग संघर्षरत छटपटी हेरेर रोमाञ्च प्राप्त गर्ने चाहनालाई उनीहरू बिर्सिदिन्छन् । मन्त्रीजीको एउटा समस्या समाधान हुन्छ । वनिता मैयाको उपस्थितिमा आकाश माथिको मादक-रोमाञ्चक यात्रा र तल धरतीमा देखिने अपूर्व दृश्यको कल्पनाले मात्रै पनि उनी अहिल्यै अलौकिक स्वर्गीय सुखानुभूति गर्न थाल्दछन् ।

परिवार सबैको चित्त बुझाएर मन्त्रीजी झण्डा फर्फराउँदै सिधै विमानस्थल पुग्छन् । मन्त्रीजीलाई निरीक्षणमा सैर गराउन सचिब सहितको टोली र हेलिकोप्टर तयारी अवस्थामा हुन्छन् । बनिता मैया सबैको अगाडिपटि मन्त्रीको स्वागतमा तम्तयार देखिन्थिन् । कृष्णवर्णकी हिस्सी परेको अनुहारमा कुशल सौन्दर्यप्रसाधिकाको श्रृङ्गारसीपले उज्यालिएको सौन्दर्य; ठूलाठूला चम्किला पानीदार आँखा; मांशल-पुष्ट भरिएको आकर्षक शरीर र त्यसै अनुरूपको सुहाउँदो पोशाक - मन्त्रीजीको आँखामा उनको त्यो रूप पुराकथाको कुनै सुरसुन्दरीभन्दा कम आकर्षक देखिन्न । जिन्दगीको उत्तरार्धमा यतिको सौन्दर्य र जवानीयुक्त नारी सान्निध्य उनको कल्पनातीत यथार्थ थियो सायद !

"सचिवज्यू, मन्त्रीजी पाल्नुभयो अब ढिला नगरौं ।" वनिता सचिव र सम्बद्ध अरूलाई आदेश दिइरहेकी हुन्छे । उसको त्यो व्यवहारमा सचिवलाई कुनै असजिलो अनुभव भएको देखिदैन । उनी भनिरहेका हुन्छन् – हस् हजुर ! अब जाने !

सचिवलाई कुनै हीनताबोध अनुभव नभए पनि उनका सहयोगीहरूलाई भने नरामरी घोच्छ– को हो यो नखर्माउली ? के छ यसको वैधानिक हैसियत र अधिकार ? सचिवजस्तो राज्यको वैधानिक प्रशासनिक प्रतिनिधिलाई आदेश दिने अधिकार कहाँबाट पाई यसले ? प्रश्नैप्रश्नले उनीहरूको मन घायल बन्छ । सचिव भने मन्त्रीप्रदत्त छायाअधिकार प्रयोग गरिरहेकी अवैध शक्तिकेन्द्रको अधिल्तिर लल्याकलुलुक आत्मसमर्पण गरिरहेका हुन्छन् ।

हेलिकोप्टर आकाशमा कावा खान्छ । सँगै छेउमा बसेकी वनिताको निधार चुम्दै गरेको निविड केशराशिमध्येको एउटा लट र छिनछिनमा टाउको झड्कार्दै र हातले पन्छाउँदै गर्दाको उसको शरीर कम्पन ! र, टम्म कस्सिएको भेष्टबाट उछिट्टिएलान् झैं कुचयुग्मको आकर्षण केन्द्रबाट मन्त्रीजी उम्किनै सकिरहेका छैनन् भन्ने अनुमान गर्नु कठिन थिएन, न त आफूले यो सैर गर्नुको उद्देश्य के हो भन्ने कुराको नै उनलाई सम्झना थियो । उनीहरू बसेको सिट र चालक प्रकोष्ठका साथै अन्य यात्री बसेका स्थानबाट उनीहरू अगोचर छैनन् भन्नेसम्म पनि उनले बिर्सिएका थिए । वनिताको मादक सौन्दर्यबोधले मन्त्रीजी मदान्ध बन्दै थिए, सम्भ्रमित थिए, उनका हातहरू उसका शारीरिक भूगोलका गल्लीगल्छेंडा अनुभव गर्न आतुर थिए ।

"माननीय मन्त्रीज्यू, के टक्र्याउँ ? स्कच कि के ?" मन्त्रीजीको त्यो हतचेतनाप्रति अनभिज्ञ विमान परिचारिका मन्त्रीजीको सेवामा उपस्थित हुन्छिन् ।

"मन्त्रीजीबाट कुनै उत्तर ..........." आउँदैन । अलपक वनिताको पूर्ण यौवनपान गरिरहेका मन्त्रीजीको सुद्धि परिचारिकाको संबोधनले पनि फिराउन सक्दैन ।

"मन्त्रीजी, सुन्नुभएन ! के पिउने रे ? ..... उहाँलाई स्कच मन पर्छ, ब्लु लेबल छैन !" मन्त्रीजीको त्यो हतबुद्धिबाट वनिताजस्ती प्रगल्भा रमणी पनि अप्ठेरो अनुभव गर्छे, संकोचशील हुन्छे र त्यो स्थितिबाट उम्कन आफैं जवाफ दिन्छे ।

वनिताको चर्को आवाजपछि मात्र मन्त्रीजी यथार्थ धरातलतमा ओर्लन्छन् । उनी बल्ल अरूहरूको उपस्थिति अनुभव गर्छन र आफ्नो व्यवहारको सार्वजनिकरण हुने सम्भाव्य भयले एकपल्ट डराएजस्तो गर्छन् । ... तर कसको तागत उनको कुरा सार्वजनिक गर्ने ! उनकै निगाहमा त बाँचेका छन् निं यी निमुखाहरू ! हाम्रा अगाडि के हैसियत यिनको - मन्त्रीजी ढुक्क हुन्छन् ।

अरूको अगाडि मन्त्रीजीको त्यो गतिछाडापन देखेर आज वनितालाई पनि पहिलोपल्ट हीनताबोध हुन्छ, लाज र सरमले उनीभित्रको वास्तविक नारी आफ्नो अस्मिता लुटिएको अनुभव गर्छे - कति मदान्ध हुन्छ यो कथित ठूलो मान्छे । सिनुमाथि खनिने गिद्धभन्दा कति पनि भिन्न लाग्दैन उसको अनुहार ।

निजी सचिवसम्मको अगाडिका चेष्टा त जिनतिन पच्दथ्यो । तर यो नितान्त अपरिचितहरूको समूहमा आफू त नांगियो नांगियो, मलाईसम्म निरावरण तुल्याउन खोज्ने के अधिकार यसलाई ! ओफ् .... कति सम्झौता गर्नु बाध्यतासँग ।

मन्त्रीजी सचेष्ट बन्छन् र स्थिति केहीबेरको बोझिलोपन बिसाएर फेरि सहज हुने प्रयत्न गर्छन् । त्यही प्रयत्नमा उनी छेउको दूरबीन टिपेर आँखामा लगाउँछन् । दूरबीनको सहयोगमा हेलिकोप्टर मुनिको धरती उनको नजिकै देखिन्छ । धरती पनि के भन्नु ! सम्पूर्णमा जलमग्न धरतीको यो भाग अनन्त सागर झैं देखिन्छ । त्यो पानीको बीचमा एउटा ढिस्को सागर बीचको सानो टापु जस्तै देखिन्छ । त्यस टापुजस्तै देखिने ढिस्कोमा भयावहताबीच जीवनप्राप्तिका लागि संघर्ष गरिरहेका केही मानव आकृतिहरू देखिन्थे । टापुको तल पानीमा एकहातको काखीमा सानो शिशु र अर्को हातले निष्प्राण झैं स्त्री-आकृति समातेको एउटा पुरुष आकृति त्यही टापुसम्म पुग्ने अथक प्रयत्नमा खुट्टा चलाइरहेको देखिन्छ ।

"ओ हो .... कस्तो डरलाग्दो दृश्य ! मैया हेर त कसरी सङ्घर्ष गरिरहेका छन् ती गाउँलेहरू, जीवनको मोहमा !" मन्त्रीजी केही नरमाइलो र केही रोमाञ्चक अनुभव गरिरहेका हुन्छन् ।

"अहँ ... म त हेर्न सक्तिन यस्तो दुर्दशा ।" वनिता भित्रको संवेदनशील नारी हृदय सके एकपटक चिमोटिन्छ र ऊ यो दृश्यलाई रमाइलोको मुडमा हेर्न सक्तिन । ऊ केही आतङ्कित झैं पनि लाग्छे ।

"धत् .... लाटी ! यसरी आतङ्कित भएर पनि हुन्छ । जन्मेपछि सबैले एकपटक मर्नै पर्छ । कोही समय पुगेर स्वाभाविक मृत्यु मर्छन्, कोही यस्तै प्रकोपको मृत्यु । यस्ता दृश्यबाट विचलित हुँदै जाने हो भने त राजनीति, सुखवैभव र जीवनको अपरिमित आनन्द छाडेर झोली कमण्डलु बोक्दै बनारस पसे भइहाल्यो नि !" मन्त्रीजी अलिकति दार्शनिक र धेरै बढी व्यावहारिक बन्छन् ।

हेलिकोप्टर चक्कर खाँदै अघि बढ्छ । अलि पर केही अग्लो जलवेष्ठित फराकिलो ठाउँ पानीबाट जोगिएको देखिन्छ । त्यो देखेर मन्त्रीजी आदेश दिन्छन् - चालक विमान ओराल्नोस् ।

चालक हेलिकोप्टरलाई त्यही अग्लो फराकिलो जलवेष्ठित टापुझैं ठाउँमा ओराल्छन् । त्यहाँ आश्रय लिईरहेका हतभागीहरू अतालिँदै पर भाग्छन् - कुन अर्को आपत्ति आइलाग्यो यो !

"तपाईहरू नआत्तिनोस् ! उद्धार र राहतका सबै व्यवस्था हुनेछ । राहतका सामग्री आइपुग्दै छन् ..... तपाईहरूलाई सुरक्षित ठाउँमा सार्न डुङ्गाको व्यवस्था हुँदैछ ।

मन्त्रीजीका आश्वासनबाट मृत्यु-संत्राश र भोक प्यासको ज्वालामा पिल्पिसएका निरीह देखिने पीडितहरूका आँखामा आक्रोश र विद्रोहका फिलिङ्गा सल्कन थाल्छन् ।

"हेलिकोप्टरबाट अनुहार देखाउनासाथ व्यवस्था भइहाल्छ नि होइन मन्त्रीज्यू ! एक सातादेखि एकदाना अन्न र एक थोपा खानेपानी नपाएर खुला

आकाशमुनि मृत्यु पर्खिरहेका हामी तपाईंको दर्शन पाउनासाथ जीवनदान पाउँछौं होइन त ? बगेर मरेका सयौं पनि बाँच्नेछन् , बगिरहेका जोगिन्छन् होइन त तपाईंको दर्शनले ?" तिनै मृत्युप्रतीक्षित दुर्बल अनुहारहरूमध्ये एकको व्यङ्ग्यवाणले मन्त्रीजी भित्रभित्रै घाइते हुन्छन् र पनि उनको अभिनय-कुशलताका कारण त्यो बाहिर प्रकट हुन पाउँदैन ।

त्यो आवाजसँगै मन्त्रीजीको कथित आश्वासन विरुद्ध उपस्थित जनसमूह विद्रोह पोख्न खोज्छ । भीड विस्तारै अक्रोशित बन्छ ।

"नआत्तिनोस् ........ हामी तुरुन्तै गएर सबै व्यवस्था मिलाउँछौं ! सचिवजी ल गइहालौं ।" भीडमा बढ्दै गएको विद्रोहजन्य आक्रोशको घनत्व विष्फोट पूर्वको शून्य झैं लाग्छ मन्त्रीजीलाई र त्यहाँबाट उम्कनु बाहेक उनी अर्को उपाय देख्दैनन् । उनीभित्र भयको जन्म हुँदै थियो - हातपात गर्न पनि के बेर ।

हेलिकोप्टर फेरि आकाशमै उड्यो र जुन दिशाबाट आएको थियो, त्यही बाटो फर्कियो ।

"मुड नै बिग्रियो ।" मन्त्रीजीको प्रतिक्रियामूलक वाक्य सबैतिर प्रतिध्वनित भयो । निरीक्षणको रोमाञ्चक उडान अन्त्यमा पलायित समापनको स्थितिमा पुग्छ ।

बेलुका राष्ट्रिय रेडियोमा लामो समाचार आयो । हावामा तरंगित ती आवाज हावाले उडाउँदै त्यस ठाउँसम्म पनि पुर्‍यायो, जहाँ आजै मन्त्रीजीको हेलिकोप्टर निरीक्षण सफलतापूर्वक सम्पन्न भएको थियो । उनीहरूले पनि सुने त्यो समाचार - मन्त्रीजीले निरीक्षण भ्रमण गर्नासाथ राहतका वस्तु पुर्‍याउने र उद्धारका प्रयास आजैदेखि प्रारम्भ भएका छन् । सबै समस्या समाधान भइसकेको छ र पीडितहरू सुखी र सुरक्षित छन् ।

❋ ❋ ❋

# द्रौपदी नियति

आज याङ्जेन दोस्रो लोग्नेको स्वागतमा आफूलाई मानसिक रूपमा तयार गर्ने प्रयासमा छे । शरीरले त निर्जीव वस्तुझैं जतिबेला पनि उसको चाहनामा आफूलाई तयार पार्ला, तर याङ्जेनको मन, याङ्जेनभित्रको स्त्रीसुलभ स्वाभिमान र बहुपतिभोगको यो स्थितिलाई देहव्यापारी स्त्रीको भन्दा आफ्नो स्थान भिन्न भएको अनुभव गर्न आफ्नो मनलाई कसरी तयार पार्ने - याङ्जेन यही मानसद्वन्द्वको रणभूमिमा रूमल्लिएकी छ ।

चाहना र रहरले होइन समाजको परम्परागत प्रचलनको नाउँमा आर्थिक, सामाजिक चापको सहज सिकार बनेकी याङ्जेन आज पहिलो लोग्नेलाई नून खेप्न भोट पठाएर दोस्रो लोग्नेको स्वामित्वमा आफूलाई सुम्पिने मानसिक तयारीमा यो मानसिक युद्ध भोगिरहेकी थिई । ऊ सम्झन्छे - भर्खरै ६ महिना मात्रै भएको छ पहिलो लोग्नेसँग बिबाहको विधि देमछ्याङ् सम्पन्न भएर ऊ यो घरमा आएकी । देमछ्याङ्पूर्व तिछ्याङपछि नै उसले त्यही पहिलो लोग्ने पेमालाई सम्पूर्णमा आफ्नो ठानेर सबैथोक समर्पण गरेकी थिई । बिबाहको मूल विधिपूर्व नै पत्नीको रूपमा पूर्ण समर्पित भएकी थिई । एउटी सामान्य नारीजस्तै उसको मनमा पनि पेमाबाहेक अरू लोग्नेको कल्पनासम्म पनि थिएन । एक हिसाबले उसले आफ्नो समाजको त्यो प्रचलनलाई नै बिर्सिसकेकी थिई । सके ऊ सम्झनै चाहन्नथी ।

उसले बिर्से पनि, बिर्सन खोजे पनि समाज थियो, परम्परा थियो र त्यो समाजको परम्परा उसले मान्नैपर्ने बाध्यता थियो । अर्थात् देमछ्याङपछि पेमाको घरमा स्वास्नी भएर आउँदा याङ्जेन पेमा मात्र होइन उसका अरू तीन भाइहरूकी पनि साझा स्वास्नी भइसकेकी थिई । ऊ उनीहरूको पनि सामाजिक मान्यताप्राप्त स्वास्नीको दर्जामा पुगेकी थिई । उसमाथि पेमा मात्र होइन अरू तीन लोग्नेमान्छेहरूले पनि स्वामित्व कायम गरिसकेका थिए । उसभित्रकी एउटी नारीमाथि चार हिस्सा लागिसकेको थियो । शरीरलाई अलग-अलग हिस्सामा पस्कन त्यति कठिन नहोला, तर उसभित्रको सनातन नारी मन ! कसरी अलगअलग हिस्सामा पस्कन सकिन्छ र यसलाई ? मन शरीर त होइन जसलाई सुविधाअनुसार ओल्टाउन, पल्टाउन र गिजोल्न सकियोस् ।

यही मानसिकतामा आज याङ्जेनको अगाडि यो स्थिति नचाहँदा नचाहँदै आइपुगेको थियो । आफूले लोग्ने मानेको पेमालाई बिदा गरेर आजदेखि उसले एक याम पेमाको माइलो भाइलाई लोग्नेको रूपमा स्वीकार्नुपर्थ्यो, उसको चाहनाअनुसार तन पस्किनुपर्थ्यो । मन अनुकूल तुल्याउने प्रयत्न गर्नुपर्थ्यो अर्थात्..... आजदेखि उसमाथि दोस्रो लोग्नेको अधिकार थियो, स्वामित्व थियो । र, त्यही हकअधिकार, स्वामित्वअनुसार आजदेखि ऊ एक यामका लागि उसैको उपभोग्य सामग्री बन्दै थिई ! के फरक छ उसको लोग्नेले ऊनसँग साटेर ल्याउने नुन र उसको अस्तित्वमा ! नुन बस्तु हो, जसले पनि प्रयोग गर्नसक्छ जसरी उसलाई पेमाका तीनैजना भाइले एक-एक याम उपभोग गर्न सक्छन्, उनीहरूले चाहे जस्तै ! भोलि उसको स्वाद पुगेमा पैतृक सम्पत्ति र उसलाई छाडेर अर्कै स्वास्नी लिएर छुट्टिन पनि सक्छन् । ऊ त उनीहरूको पैतृक सम्पत्ति उपभोग गर्न पाउने बन्देजहरूमध्येको एउटा शर्त न हो !

त्यसदिन उसले खुशी हुने कि दुःखी हुने छुट्याउनै सकेकी थिइन । त्यही दिन उसको तिछ्याङ आउँदै थियो । उसैको गाउँभन्दा पारिको अर्को गाउँ जोरखोल्सीबाट उसको बिबाहको तिछ्याङ आउँदै थियो । अर्थात् पेमा फुञ्जोका बाबु याङ्जेनलाई बुहारी बनाउन विधि अनुसार 'बा' लिएर आउँदै थिए । त्यो 'बा' राखेको घैंटो याङ्जेनको बाबुले स्वीकार नगर्ने कुरै भएन, पहिल्यै उनीहरू सहमत भएर नै यो विधि गरिएको थियो । बाबुले त्यो घैंटो लिएर जाँड खाएपछि उसको विवाह पेमा फुञ्जोसँग छिनियो । तिछ्याङको विधि त्यसरी पूरा भएको थियो ।

"के सोच्दैछस् ए याङ्जेन ? अहिल्यैदेखि पेमालाई सम्झेर हामीलाई बिर्सिसकिस् कि क्या हो ? पेमा मात्रै हो र चार-चार लोग्नेको धनी भइसकिस् एकैपल्ट !" याङ्जेन त्यतिबेला छाङ्ज्यूको आवाजले झसँग हुनपुगेकी थिई ।

यही सम्झेर त त्यति बेला उसलाई चिन्ता लागेको थियो - कसरी रिझाउने एकैसाथ चार-चार लोग्नेलाई ? उसले कता-कता पञ्च-पाण्डवको कथा सुनेकी थिई बाल्यकालमा । त्यस कथामा द्रौपदीका पाँच लोग्ने थिए । त्यो सुन्दा लाग्थ्यो कस्तो होला पाँच-पाँच लोग्नेको बीचमा बस्दा ! केटाकेटी मन न हो पाँच-पाँच लोग्नेका माया एकैसाथ पाउँदा कति रमाइलो होला भन्ने लाग्थ्यो उसलाई ! आज पाँच त होइन चार-चार लोग्नेकी साझा स्वास्नीको हैसियतमा ऊ आफैं पुगेकी छ । दुई जना त सानै छन् रे, उसले सुनेकी थिई । एउटा दश वर्षको, अर्को बाह्र वर्षको । तिनीहरू जवान हुन अझै दुई-चार वर्ष लाग्ला ! तर दोस्रो लोग्ने त जमामर्द लाठे नै छन् रे, पेमा जस्तै जमामर्द !

याङ्जेनलाई त्यति बेला पनि दिक्क लागेथ्यो - कस्तो चलनको सिकार हुनुपर्ने म र मेरो समाजका केटीहरूले ! जनावरहरूको समाजको जस्तो !

"के सोच्नु नि छाङ्ज्यू, हाम्रै मात्र किन यस्तो चलन, किन यस्तो बिपत्ति ? यसको सिकार आज म भएकी छु भोलि तिमी सबैले पनि त यही नियति भोग्नुपर्छ ।" याङ्जेन आफ्नो असाध्यै मिल्ने दौंतरी छाङ्ज्यूलाई भित्रको पीडा बाँड्छे ।

"हेर म त मान्दिन यस्तो चलन ! यस्तो पनि चलन हो । एउटी छोरी एउटा घरका भएभरका लोग्नेछोराको साझा स्वास्नी बन्नुपर्ने । म त बरू गुम्बा जान्छु भिक्षुणी बन्न । धेरैकी जोई भएर त बस्दिनँ बुझिस् ।" छाङ्ज्यू याङ्जीजस्ती होइन, जोधाहा खालकी छे । आफूलाई चित्त नबुझेको कुरामा सबैसँग चर्चरी बाझ्छे । गाउँकै स्कूलमा सँगै पढ्दा पनि उनीहरूको स्वभाव नमिल्ने, एउटी लज्जावती झारजस्तो कसैले तीखो आँखाले हेर्दा पनि लल्याकलुलुक हुने । अर्की अडेर त्यसको प्रतिवाद गर्ने, दबाबलाई अस्वीकार गर्दै विद्रोहमा उत्रिहाल्ने ।

मैले पनि छाङ्ज्यूकै जस्तो विद्रोह गर्न सकेको भए ! तर सबैले कसरी विद्रोह गर्न सक्छन् र ? ऊ मनमनै सोच्दै थिई त्यतिखेर ।

त्यही स्वभावका कारण नै पनि हुनसक्छ आखिर उसले बाबुको निर्णय र समाजको प्रचलनप्रति आत्मसमर्पण गरेकी थिई, एक्लो विद्रोहलाई आत्मघात मात्र हुने ठानेकी थिई ।

समयक्रममा सुरुको सपनाजस्तो जीवन पनि कालान्तरमा स्वाभाविक ठान्दै बिताउनु पर्दौरहेछ । तर पनि कहिलेकाहीं आफ्नै मनसँग प्रश्न उठिहाल्थ्यो- के यही हो त मेरो नारीजीवनको स्वाभाविकता ? भिन्न रुचि, भिन्न स्वभाव र भिन्न प्रकृतिका विविध पुरुषलाई धारण गर्दाका जटिलताहरूप्रति सधैं त्रसित, शंकित र खुकुरीको धारमाथिको सन्तुलनलाई हरबखत मनभित्र बोकेर बाँच्नु नै मेरो जीवनको स्वाभाविकता हो त ? के यही हो त मेरो जीवनको सामान्य रूप ?"

"आमा मेला हेर्न जाउँ ? गोम्बामा आज मेला छ होइन ?" उसको प्रथम सिर्जना पाङ्जेन अनुमति माग्छ ।

"जान त जा, भित्र नपस्नु नि, अरूले मन पराउँदैनन् !" बिचरो सानो केटो आमाको कुरा बुझ्दैन-भित्र पस्दा किन मन नपराउने अरूले ? त्यही अज्ञानमा ऊ किन भन्ने प्रश्नसमेत गर्न सक्तैन ।

याङ्जेनलाई आफ्ना अरू सन्तानभन्दा पाङ्जेनप्रति बढी माया लाग्छ । चाहे जे भए पनि यो पहिलो सिर्जना हो उसको र यो पहिलो सिर्जनालाई समाजले हीन ठानोस् कि परिवारले, ऊ यसमा हीनताको कुनै कुरा पाउँदिन । हो त्यति बेला अलि बुद्धि पुऱ्याउन भने नसकेकी नै हो ।

बाबुले तिछ्याङ स्वीकार गरेपछि सामाजिक रूपले उसको विवाह पेमा फुन्जोसँग हुने पहिलो विधि पूरा भयो । प्रचलन अनुसार नै उसको भावी लोग्ने पेमालाई ससुराली आवतजावत गर्ने अधिकार प्राप्त भयो । समाजले उसलाई तिछ्याङपछि भावी पत्नीसँग सहवासका लागि रात बिताउने अधिकार दिएको छँदै थियो ।

पहेंलो पग्लेको सुनजस्तो वर्ण, ढम्म परेको दोहोरो आङको शरीर, लामा कपाल, आकर्षक मोहनी लाउने अनुहार - याङ्जेनलाई देख्दा पेमा फुन्जो आकर्षित हुनु स्वाभाविकै थियो । र, भर्खरै जुँघाको रेखी बसेको सुन्दर युवकप्रति ऊ पनि बिस्तारै आकर्षित नहुने कुरै थिएन । आखिर उनीहरू भावी जीवनसाथी । संसार द्वन्द्वात्मक छ, मैथुनजन्य छ र यसका समस्त पदार्थ स्त्री-पुरुष रूपमा

विभाजित छन् अर्थात् प्रकृति र पुरुष ! यी दुई प्रकृति र पुरुष अर्थात् स्त्री र पुरुषबीचको आकर्षणशक्ति नै संसारको अस्तित्वको मूल आधार हो । अनि नारी-पुरुषबीच अन्तर्निहित चुम्बकीय शक्तिको आकर्षणमा ती दुई तानिनु अप्राकृतिक र अस्वाभाविक पनि त थिएन । त्यसमाथि त्यसका लागि सामाजिक मान्यता प्राप्त थियो नै ।

त्यतिबेला याङ्जेनको मनमा पेमासँगको विवाहसँगै पत्नीको अधिकार माग्ने अरू तीन-तीन अनुहारको सम्झना नै थिएन । त्यति मात्र होइन, त्यतिबेलाको त्यो आकर्षण र त्यसले जन्माउने सहवासको परिणतिबाट आउनसक्ने सम्भाव्य आगन्तुक सन्तान समाजमा हीन बनेर बाँच्नुपर्छ भन्ने कुरा पनि उसले त्यतिबेला सम्झन सकेकी थिइन । त्यही मनस्थितिमा पेमाको अनुरोधलाई उसले स्वीकृति दिएकी थिई । उनीहरूले तिछ्याङ पछि नै विवाहको मुख्य विधि देमछ्याङ नै नगरी रात्रि समागम गरेका थिए जुन, उसको स्वीकृतीबेगर हुन सक्तैनथ्यो, भए पनि त्यो सामाजिक रूपमा स्वीकार्य बन्न सक्दैनथ्यो ।

कहिलेकाहीं त उसलाई चिच्याएर सोध्न मन लाग्छ यो समाजसँग - तिछ्याङपछि विवाहपूर्व नै एक आपसमा सहवास र शारीरिक संसर्गको अनुमति दिने यो समाजले त्यसरी जन्मने सन्तानलाई किन उच्च दर्जा दिन सक्दैन ? किन 'थेम्बा' भनेर हीनवर्ग ठान्छ ? के अधिकार यो समाजलाई आफ्नै स्वीकृतिबाट जन्मनेप्रति अन्याय गर्न ?

उसका मौन चित्कारयुक्त प्रश्न मनमै रहन्छन्- ऊ आफूलाई उद्वेलित तुल्याउनुबाहेक कुनै अर्थ दिन सक्दिन यी प्रश्नलाई !

बिचरो त्यो अबोध बालकलाई के थाहा - उसकी आमाको तिछ्याङपछि देमछ्याङ् अर्थात् खास विवाहपूर्व नै जन्मेको ऊ अर्को अर्थमा त्यस समाजको दोस्रो दर्जाको नागरिक हो, अवैधानिक सन्तान हो । त्यसैले समाजमा ऊ हीन ठानिन्छ, उसकै आमा अरू सन्तानभन्दा हीन !

यस्तो अवस्थामा त्यो अबोध बालकका सानासाना अबोध प्रश्न सुन्दा पनि याङ्जेनको मन छियाछिया हुन्छ, के दोष यस अबोधको । दोष त मेरो हो, यसको बाबुको हो जसले समान मान्यता दिलाउन सकेनौं ! अझ मेरो समाजको हो यो दोष !

उसलाई अझै पनि राम्ररी संझना छ - तिछ्याङको ठीक एक वर्षपछि 'थेम्बा' को रूपमा उसको प्रथम सिर्जना भएपछि मात्र बल्ल उसको देमछ्याङ सम्पन्न भएको थियो । उसको बाबुको घरमा आएको देमछ्याङमा सबैभन्दा अगाडि दुईजना थिए, याङजी र केकल बोकका ! याङजी र केकल भनिने जाँड भरिएको ठेकी बोकेका ती दुईजना पछि बाजा बजाउनेहरू र त्यसपछि महिला र पुरुषको ताँती थियो ।

देमछ्याङलाई स्वागत अर्थात् सुरछ्याङ गर्न याङ्जेनकी आमा र अरू काकी बजूहरू जाँडको ठेकी बोकेर घरभन्दा अलि परसम्म जानुभएको थियो । उहाँहरूले धूपीको धूप बालेर धूपीकै स्याउला आफूले ल्याएका छ्याङ जाँडका

घैंटामा चोपेर त्यो जन्तीलाई छर्केर सेर्किम गर्नुभएको थियो । त्यसपछि ल्याएका जाँडको सगुन खान दिएर पाहुनालाई घरमा लिएर जानुभएको थियो उहाँहरूले ! घरमा लगेर खादा लाइदिएपछि देमछ्याङ अर्थात् विवाहको विधि सम्पन्न भएको थियो । त्यतिबेला घरको एक कुनाबाट ती सबै कुरा हेरिरहेकी याङ्जेनलाई रमाइलै लागेको थियो ।

"होइ हो याङ्जेन ! तँलाई त कहिले यहाँबाट जाउँ जस्तो भा' होला नि होइन ! कि भागेर जान्छेस् आजै !" साथीहरूले त्यसपछि तीन दिनसम्म माइतमा चलेको भोज भतेर र नाचगानको धेरै समय उसलाई जिस्क्याएर धुरुक्कै पारे ।

"छि कति बित्पाते तिमीहरू त ! तिमीहरूको पनि त आउला नि पालो !" आफूलाई जिस्क्याउने अविवाहित सहेलीहरूलाई त्यसो भने पनि पेमालाई देख्न पाए हुन्थ्यो भन्ने चाह भने उसको मनमा पनि नभएको थिएन । तिछ्याङपछि ससुरालीमै आएर याङ्जेनलाई लामो सहवास दिने पेमा 'थेम्बा' को रूपमा पहिलो सन्तान जन्मेपछि त्यहाँ आएको थिएन । देमछ्याङमा विवाह हुने केटो आउने चलन नै थिएन- अहिले के आओस् ।

देमछ्याङ्को विधि सम्पन्न भई तीन दिन भोजभतेर र नाचगान सकी दुलही लिएर गए । याङ्जेन नयाँ घर, नयाँ परिवार र नयाँ परिवेशमा प्रवेश गरी ।

उसको आफ्नो माइतीको परिवार - परिवेश नितान्त नौलो थियो । उसको बाबुका दाजुभाइ कोही नभएकाले उसकी आमाको एउटै मात्र लोग्ने थिए र याङ्जेन र उसको भाइको पनि एउटै मात्र बाबु !

परिचयको क्रममा उसले थाहा पाई- लोग्नेको घरको परिवेश उसको माइतको भन्दा नितान्त भिन्न छ, केही पनि नमिल्ने ! हुन त त्यो स्थिति उसका लागि पूर्ण अपरिचित भने होइन । उसको माइतीका हरेक घरमा त्यो देखेकी हो । संजोगले उसका बाजेबज्यैको एउटै मात्र छोरा भएकाले याङ्जेनले त्यो बेहोर्न परेको थिएन ।

उसको लोग्ने त भैगयो, दुई जना सासू-ससुराहरूका अरू तीन छोरा दुई छोरी रहेछन् । सासूका लोग्ने अर्थात् उसका दुई ससुरा रहेछन् । अब समाजको प्रचलन नियम र विधिले सासू ससुराका अरू तीन छोराहरू पनि स्वतः उसका लोग्ने बनेको सूचना पनि ऊ त्यही क्रममा पाउँछे ।

पेमा बाहेकका आफ्ना अरू लोग्नेसँग ऊ पहिलोपल्ट देखभेट गर्दै थिई । दोस्रो लोग्ने पेमाभन्दा अलि कलिलो भए पनि पेमाजस्तै लक्का जवान र आकर्षक देखिन्थ्यो । अर्का दुईटा भने केटाकेटी नै, एउटा भर्खरै दश लागेको, अर्को बाह्र वर्षको किशोर ! संभवतः ती अबोध किशोरहरू नवआगन्तुक महिलाको उपस्थितिलाई अनौठो मानेर हेरिरहेका थिए होलान् र उनीहरूलाई त्यो उनीहरूकी पनि स्वास्नी हो भन्ने सूचना भए पनि स्वास्नी हुनुको अर्थ संभवतः आफै बुझिसकेका थिएनन् । पत्नीभोगको कल्पना त उनीहरूको चेतना र ज्ञानको सीमाभन्दा धेरै पर हुनुपर्छ । ती चार सन्तान उसकी सासूले पहिलो ससुरोबाटै जन्माएकी हो कि, कुन कसको वीर्यधारण गरेर जन्माएकी हुन्, उनलाई मात्र थाहा थियो होला । प्रचलन अनुसार जजसबाट जन्मेपनि जेठैको ठहरिने वा

मानिने भएकाले यसमा खासै चासो पनि राखिदैनथ्यो । याङ्जेनलले त्यसमा चासो राख्ने प्रश्नै थिएन र ढोगभेटको क्रममा उसलाई त्यस हिसाबले परिचित पनि गराइएन ।

दिन बित्दै गए- देमछ्याङको विधि सकिएपछि दुई सम्धीहरूको भेट हुन्छ - पेछ्याङमा ! यो पेछ्याङ सम्पन्न भएपछि केही समय माइत बसेकी याङ्जेनलले आजसम्म माइतीको दैलो टेकेकी छैन । पेछ्याङपछि माइतीले गोनकुतब गरेर दाइजोसहित बिदा गरेर पठाएपछि उसले माइती जाने फुर्सद नै पाएकी छैन । सात-आठ जनाको परिबारको हेरचाह- एउटा लोग्ने भोट, अर्को खर्क र अर्को फेदीमा खेतीमा गए पनि सासू ससुरा र उसका आफ्नै दुई-दुईजना सन्तानको हेरचाह उसकै जिम्मा थियो । घरको काम र अरू यताउताका कामकै पटक्कै फुर्सत हुँदैनथ्यो । चाहेर पनि ऊ माइत जानसकेकी थिइन ।

आज चार लोग्नेमध्ये ऊ दोस्रोद्वारा बाँडिदैछ - यो अनुभूतिले ऊ बडो नमीठो अनुभव गर्छे । बिहानै मात्र उसले जेठो लोग्ने, जसलाई मात्र ऊ यथार्थमा लोग्ने ठान्थी- लाई नून खेप्न बिदा गरेकी थिई । तिछ्याङदेखि आजसम्मको सहवासमा पेमाले उसलाई शारीरिक-मानसिक हरप्रकारको सन्तुष्टि दिएको थियो । उसको अँगालोभरिको माया पाएर ऊ गुनासोरहित थिई ।

"आफ्नो हेरविचार राम्ररी गर है पेमा ! पीठो-सातु राम्ररी खानू ! भोकै नबस्नू !" याङ्जेनलले लोग्नेलाई मायालु सल्लाहसहित बिदा गरेकी थिई ।

"तँ चिन्ता नगर् ! आजदेखि तेरो सबै हेरविचार भाइ साङ्गेले गर्छ, उसैलाई लोग्ने मानेर बस्नु ! म पनि आइहाल्छु !" पेमाले उसलाई सम्झाउँदै भनेको थियो ।

पेमालाई बिदा गरेर आफूलाई घरधन्दामा व्यस्त गराए पनि याङ्जेनको मन भने दिनभरि शान्त हुनै सकेको थिएन । घरीघरी उसको मनमा साङ्गे र पेमाका अनुहार आउँथे र दुई-दुई अनुहार एकआपसमा मिसिएर एउटै मुख हुन खोजे पनि पटक्कै एउटै हुन सक्तैनथे ।

आफूलाई विभिन्न लोग्नेहरूबीच बाँड्न जति दरिलो मनले तयारी गर्न खोजे पनि याङ्जेनलले सफलता पाउन सकेकी थिइन - कसरी सहज रूपमा अघिल्लो रात एउटा लोग्नेको अँगालोमा कस्सिएकी एउटी नारी भोलि त्यही सहजतापूर्वक अर्काको अँगालोमा बाँधिन सक्दा हुन् ? ऊ मनमनै आफैसँग प्रश्न गर्छे र आफ्ना सासू लगायत गाउँका सबै बहुपतिवरण गरेका स्त्रीहरूको मानसिकताजस्तै मानसिकता आफूमा किन विकसित हुन सकेन भनी अर्को प्रश्न गर्छे ! स्वेच्छाले धेरैको अँगालोमा कस्सिनु वेश्यावृत्ति हो भने धेरैको स्वास्नी हुनु त्यो भन्दा कति भिन्न छ र ! समाजले मान्यता दिए पनि चार-चार लोग्नेका सहवासपछि म आफूलाई आजैको रूपमा हेर्न सकुँली भोलिदेखि ? पैतृक सम्पत्तिमा विभाजन रोक्न समाजले आविष्कार गरेको यो उपाय नारीअस्मितामाथि चाहिं आघातपूर्ण अतिक्रमण बन्न पुगेकोतर्फ किन ध्यान दिदैन उसको समाज ! समाजको नियम र चलन पनि समयअनुसार परिबर्तन हुनुपर्ने होइन र ? हो ... हिजो छोरीहरूको कम संख्या थियो होला र बाध्यता थियो होला बहुपतिको ! तर

आज त्यो समस्या पनि त छैन - केटाकेटीको जनसंख्या बराबर नै छ। न त पैतृक सम्पत्तिकै स्थिति सयौं वर्ष अघिको जस्तै छ। तर पनि किन बदलिँदैन यो चलन ?

याङ्जेन प्रश्नहरूका क्रमिक विष्फोटबाट कम्पित हुन्छे र जवाफहीनताले उसका प्रश्न प्रश्नमै सीमित भइरहेका हुन्छन्।

"याङ्जेन.... सुत्न जाने होइन ? कामधन्दा त सबै सकियो नि !" मन नमाने पनि समाजको चलनअनुसार नै उसले आज घिउको बत्ती बालेकी थिई घरमा ! पहिलो लोग्नेलाई व्यवसायमा विदा गर्दा र दोस्रो लोग्नेलाई स्वागत गर्दा चौरी घिउको बत्ती बाल्ने चलनलाई उसले स्वीकार गरी। तर त्यसो गर्दा पनि उसको मनमा पेमाको बिदाइबाहेक साङ्गेको स्वागतको सम्झना एक पटक पनि आएको थिएन उसको मनमा - अर्थात् मनका कुनै पनि कुनाले साङ्गेलाई लोग्नेको रूपमा स्वीकार्न सकेका थिएनन्। अरू नाबालक दुई कथित लोग्नेको त कुरै भएन।

तर साङ्गे याङ्जेनको मनभित्रको महाभारतसँग पूरै अनजान थियो। याङ्जेनले घिउको बत्ती बालेर बिदाई र स्वागतको परम्परागत अभिव्यक्ति गरेकीलाई नै उसले परम्पराप्रतिको पूर्णसमर्पण ठानेको थियो सायद ! त्यसमाथि याङ्जेनको बिवाह भएदेखि नै ऊ समाजले नै स्वास्नीको मर्यादामा राखिदिएको याङ्जेनको चुम्बकजस्तो सौन्दर्य - आकर्षणबाट खिचिएको थियो। दाजुको पत्नीभोगपछिको याङ्जेनमाथि स्वत: हुने आफ्नो स्वामित्व र उसलाई पोख्न पाउने अँगालो भरिको मायाको सुन्दर सपनाहरू बुन्दै उसले यो कालखण्ड बिताएको थियो।

एक मन त साङ्गेलाई लागेको पनि थियो - आ.... म आफूखुशी अर्कै राम्री केटी बिहे गर्छु र छाडिदिन्छु बाबुबाजेको सम्पत्तिको लोभ ! कति नै छ र सम्पत्ति ! बाँच्न सक्ने आर्जन कसो नहोला ! समाजको चलन अनुसार यही घरमा यसेर साझा स्वास्नी नमान्दा पैतृक सम्पत्ति एउटा छाड्नुपर्ने त हो। त्यसको बदला आफ्नो पन, एक्लै आफ्नोपनको पनि आनन्दलाभ होला - आफ्नी एक्ली स्वास्नी, आफ्ना निजी सन्तान र आफ्नो एक्लो परिवार ! अर्थात् त्यहाँ आफ्नोपन र आफ्नो अस्तित्वलाई लोग्ने, स्वास्नी र छोराछोरी कसैले पनि गुमाउनु पर्ने छैन !

तर याङ्जेनको सौन्दर्यआकर्षणले गर्दा, उसले त्यसो गर्न सकेको थिएन। पछिसम्म यही आकर्षणमा फसिरहने इच्छा पनि उसको थिएन। एक यामको भोगाइपछि पनि त ऊ कसैलाई छुट्टै आफ्नै स्वास्नी बनाएर परिवार र सम्पत्तिबाट अलग्गिएर अलग सम्पत्ति कायम गर्न सक्थ्यो ! पुरुषलाई प्राप्त यो स्वतन्त्रता घरकी जेठी बुहारीलाई प्राप्त थिएन, शरीरदेखि मनसम्म रोटी टुक्रा पारेर बाँडेजस्तै बाँडचुँड गर्न बाध्य थिए उनीहरू !

".........." साङ्गेको "सुत्न जाने होइन" भन्ने प्रश्नमा अनुभूत उसको नवीन सहबासको व्यग्रताले याङ्जेनलाई रूष्ट बनाइदिन्छ - के सोच्छन् यी लोग्ने मान्छे ! स्वास्नीमान्छे उनीहरूको मदान्धता शमन गर्न उनीहरूले जता जसरी

पल्टाइदिन्छ उसरी नै पल्टिने निर्जीव मुढो हो ? उनीहरूले जसरी बिछ्याइदिए, बिच्छिने एउटा बिस्तरा हो ?

प्रश्न विष्फोटक भए पनि मुखले ऊ केही भन्न सक्दिन । मनमनै विष्फोटित ज्वालामुखीको लाभा समेत नपोखी मनमैं दबाएर राख्छे !

कुनै जबाफ नपाएको साङ्गे याङ्जेनको नजिकै आइपुगेको हुन्छ । कोठाको बीचमा चारैतिर उज्यालो र तातो छरिरहेको अगेनाको छेउमैं याङ्जेन बसिरहेकी हुन्छे । परिवारका सबै सदस्यहरू खर्कमा छन् त्यसैले घरमा उनीहरूबाहेक अरूको जीवित अस्तित्व छैन । अगेनाको परतिर भित्तामा तखतैतखता छन् । पूर्वपट्टिको तखतामा मूर्तिहरू देखिन्छन् - भगवान् बुद्ध, अबलोकितेश्वर, तारा आदिको पावन - आकर्षक मूर्तिहरू ! अर्को भित्ताका तखतामा याङ्जेनले टलक्क टल्काएर सफा पारी बडो कलात्मक ढंगले ठड्याएका, तहलाएका भांडाकुंडा छन् । अगेनाको वरिपरि पर्याप्त ठाउँ छाडेर भुईंमा ओछ्याइएका छन् - गलैंचा, राढी, मेच र चौंरीका भुवादार छालाका ओछ्यानहरू ! कोठाको वातावरण त्यसै मादक, मोहक छ र आकर्षक छ । त्यो वातावरण र परिवेशका यात्रीहरूमा रोमाञ्चक अनुभूति हुनु अस्वाभाविक थिएन र साङ्गे त यस्तै परिवेश वातावरण र रोमाञ्चक क्षणको प्रतीक्षा गरिरहेकै थियो ।

त्यही मानसिकता र वातावरणीय उत्प्रेरणाले साङ्गेलाई केही आतुर तुल्याउनु अस्वाभाविक थिएन । ऊ याङ्जेनकै छेउमा बस्छ र उसका हातहरू बिस्तारै याङ्जेनको शरीरका अवयवमाथि खेल्न थाल्छन् । शिर, भाल, गाला, ओठ हुँदै गतिशील उसका हातहरू वक्ष र अन्य संवेदनशील क्षेत्रतर्फ अतिक्रमण गर्न लाग्छन् ।

साङ्गेका ती हात, गतिविधि र त्यो चेष्टा उसलाई 'आफूभित्र विषालु सर्पको चीसो अप्रिय सपर्शदंश झैं लाग्छन् - "के गर्नु भा' यो ? जानोस्, तपाइं सुत्नोस्, मलाई यसै बस्न दिनोस् ! म तपाईहरू सबैको अंगालोमा गिजोल्लिएर बाँच्न सक्तिन । एकको बाहेक अरूकी पनि स्वास्नी भएर बाँच्नुभन्दा म मर्न बरू राजी छु ।"

याङ्जेनको यो अप्रत्याशित आक्रोश र विद्रोह देखेर साङ्गे केही बोल्न सक्दैन । ऊ सोच्छ - "ठीक छ आज पहिलो दिन - पहिलो रातको असजिलो हो यो, भोलि त ठीक भइहाल्छ ।"

याङ्जेन उता रातभरि सुत्न सक्दिन ! आज त उसले आफ्नो अस्मिताको रक्षा गरी तर भोलि ..... ? उसभित्र पनि आशंका थिए र प्रबल आत्मविश्वास पनि साथै थियो - यसरी अरूको इच्छामा आफूलाई रोटीजस्तै बाँडेर बस्दिनं म !

✽ ✽ ✽

# जोगीमामा

"आकाशै बाँधौ..... पाताले बाँधौ ...... चारै किल्ला बाँधौ ...... चारै सुर बाँधौ ...... धुईं ..... धुईं ! भूतप्रेत, डाइनी, डङ्किनी, मसान, पिशाच सबैलाई बाँधौ, भगाऔं ...... धुईं ..... धुईं !"

मध्य रातको मस्त निद्राबाट बिउँझाइदिने यो स्वर र मृग वा बराँठको सिङ फुकेर बजाइने शङ्खको धुईं धुईं ले रात्रि निरवतामा प्रतिध्वनित आवाज केटाकेटीमा मेरालागि एउटा ठूलै आतङ्क बन्दथ्यो । त्यसपछि त्यो आवाजले रातभर तर्साउँथ्यो र निद्रालाई दशकोस टाढा भगाइदिन्थ्यो । भोलिपल्ट ती राती फेरी लाएर हिंडने मानिसहरूलाई भीक्षा बटुल्दै आएको देख्दा हामी डरले लुक्दथौं । रातीका भूत अहिले मान्छे भएर आए ! हाम्रो धारणा यस्तै रहन्थ्यो ।

समय बित्दै जाँदा त्यो स्वर र ती मानिसहरू आतङ्कको विषय रहेनन् । बरु त्यो आवाज सुन्दासाथ नजिकैको काभ्रे जिल्लाको मण्डन, महादेवस्थान, आदि गाउँहरूको चित्र आँखा अगाडि देखापर्छन् - तल बेंसीको पाउबाट अविरल बहने नीलो इन्द्रावती, त्यसको किनाराको माझी बस्ती-माझी गाउँ र त्यसकै अलिक माथि केही परको जोगी-बस्ती जोगीटार ! अनि तिनै जोगीटारका जोगीहरू र उनीहरूले मध्यरातमा लगाउँदै हिंडने फेरीप्रति बाल्यकालदेखि कै परिवर्तित सन्दर्भ र धारणाहरू !

"हन हो भाञ्जाबाबु, आरामै हुनुहुन्छ !" धेरै बर्षसम्म वर्षको दुई- पल्ट जेठ र कार्तिकतिर एकाबिहानै म त्यो आवाजबाट सम्बोधित भइरहें । त्यो आवाजसँगै तानिएर बाहिर डोहोरिएका मेरा पाइला घर बाहिर आँगनमा अडिन्थे र आँखामा एउटा जीर्ण अनुहार ठोक्किन्थे । पाँचफिट छ इन्च जतिको टङ्ग्रो उँचाइ, आँङमा ठाउँठाउँमा टालेको भोटो, अधोवस्त्रका रूपमा रातो माटोले रातै भएको र ठाउँ ठाउँमा बेसार दलिएर पहेंलै टाटो देखिने कछाड, शिरमा पसिना कटकटिएको त्यस्तै सेतो कोराको कल्पना समेत गर्न नसकिने मैलो टोपी, कुर्कुच्चा चर्चरी चिरिएका नाङ्गा खुट्टा ! ती आधा कैलो, आधा सेतो तिलचामले कपाल र असमयको वार्धक्यले निम्त्याएका अनुहारभरिका चाउरी धर्साहरू ! ती मानिस हुन्थे खड्गबहादुर जोगी अर्थात् - खड्गे जोगी ! उनको एक हातमा लट्ठी र अर्कोमा काँधमा झुण्डयाएको केही भरिएको, केही खाली धोक्रो हुन्थ्यो - रातभर फेरी लाउँदा उठेको सिधा ! उनका पछिपछि हुन्थे विर्खे र जंगे जोगी,

उनकै भाइ - छोरा ! उनीहरूको वेषभूषा पनि उस्तै, खासै भिन्नता देखिंदैनथ्यो । मात्र अनुहारमा अलिकति जवानीको छोपिंदै गएको चमकमा केही अन्तर अनुभव हुन्थ्यो । नत्र उही उदासीनता, उही अभाव र शोषणको तीव्र प्रहारले छाडेका चिन्हहरू । यस्ता यावत् अभाव र उत्पीडन परिलक्षित गर्ने विज्ञापन पढ्न सकिन्थ्यो उनीहरूको अनुहारमा ?

"सञ्चै छ मामा ! अनि तपाईंलाई ?" मेरो जवाफ मैं प्रश्न अन्तर्निहित हुन्थ्यो । हामीबीच मामा भाञ्जाको साइनो र सम्बोधन स्वाभाविक थियो । ऊ मेरो मावली गाउँले, म उसकी गाउँले चेलीको छोरो । अर्थात् मण्डनका ती गाउँहरूमध्ये एउटा मेरो मावली गाउँ थियो- चण्डेनी । र, अर्को उसको गाउँ थियो-जोगीटार । इन्द्रावतीनदीको दक्षिणी पाखोको माथि थाप्लोमा अवस्थित चण्डेनी गाउँ दुवैथरीको साझा बस्ती थियो र तल बेंसीको जोगीटारको केही भाग जोगीहरूको मात्र बस्ती थियो । बेंसीका प्राय भूस्वामी माथि गाउँकै धनीमानी थिए । इन्द्रावती कै किनारामा थियो माझीहरूको बस्ती- माझीटार !

"ह......ह....... के भन्या हाउ नानीले ! बिसञ्चो भा' भे भाञ्जानानीका घरआँगनाँ' यसरी उभिन सक्थें र ! सञ्चै छु नि बाबु ! उताहुँदी बाबुका मावलीमा पनि निकानन्दै छ - आउनु अघि जेठा मालिकलाई भेट्या हुँ !" उनी केही ठट्टालु पनि छन् ! आफ्ना अभाव, सङ्घर्ष र शोषणबाट जर्जर भएको निरस जीवनलाई यस्तै ठट्टालु बानीले केही हलुका बनाउने प्रयत्न गरिरहेका जस्ता लाग्छन् उनी । उनी आफूभित्रको पीडा देखाएर आफू पराजित बन्न चाहँदैनन् । म अनुमान गर्छु - भित्रभित्रै उनी पक्कै पनि मेरा मावली मामाहरूसँग सन्तुष्ट छैनन् होला । किनभने मेरा मावली त्यहाँका ठालु, अर्थात् गरीबहरूलाई परेको बेला सापटी दिएर दानी बन्दै त्यसकै साउँब्याज हिसाब गरेर आफ्नो जायज्यथा बढाउँदै जाने एउटा वर्गको प्रतिनिधि । यिनी तिनै शोषणको अत्याचारबाट सुकुम्बासी बन्ने शोषित वर्गको अर्को प्रतिनिधि ! सरसापट चलाउने नाउँमा सम्पत्ति हस्तान्तरण गर्दागर्दै बेघरबार भएर तिनैका हली गोठाला अर्थात् कमारा बन्ने यिनै जोगी दनुवार र घर्तीहरू !

तर पनि उनी आफूभित्रको विरोध-विद्रोह र घृणालाई आफूभित्रै पचाइरहेका देखिन्छन्, बाहिर प्रकट गर्दैनन् । अझ त्यही शोषक वर्गको भाञ्जो भएर पनि त्यस कार्य-व्यापारसँग कुनै नाता नरहेको मसँग त्यो वर्गीय कटुता प्रकट गर्नुको उनी कुनै अर्थ देख्दैनन् । अझ हुनसक्छ विरोध, विद्रोह र कटुता प्रकट गरेर भोलि फेरि आवश्यक पर्दा पाउन सकिने ऋणको ढोका बन्द नहोस् भन्ने-चाहना पनि उनीहरू भित्रै प्रबल होस् । कुन खालको चाहना र बाध्यताले उनी धरती भएर सबै असन्तोषलाई छातीभित्र दबाइरहेका छन्, त्यो मेरो अनुमानको सीमाभन्दा बाहिर देख्छु अथवा विष्फोटनका लागि परिपक्क हुने समयक्रमको प्रतीक्षामा छन् उनी !

"ए ....... उसोभए मावलीतिर सबैलाई राम्रै छ !" म संक्षिप्त प्रतिक्रिया प्रकट गर्दछु ।

"बाबु त फर्कनै पो छाड्नु भो' मावलीतिर ! कहिले पाल्नुहुन्छ अब ?" उनी आत्मीय आग्रह गर्छन् र मलाई लाग्छ यो आग्रहमा मात्र औपचारिकता थिएन । न त त्यस अनुरोधभित्र मेरा मावली र उनका वर्ग- बीचको निरन्तर गतिशील सङ्घर्षको कुनै कालो छायाको नै अनुभव गर्न सक्थें म ! त्यस आग्रहमा उनको स्वरको मिठास र कम्पनको हार्दिकता- बाहेक म केही फेला पार्न सक्दिनथें ।

उनको प्रश्नले मेरो मानसमा मावली गाउँलाई सादृश्य उभ्याइदिन्छ र एकपटक लामै समय मावली बस्दाको जीवन्त अनुभूति र जीवन्त पात्रहरूका प्रभाव छरपस्टै बिस्कुन भएर अगाडि आइदिन्छन् ।

शरीरभरि पसिना उमारेर जैसीथोकको विकट उकालो काट्दै त्यसको माथि थाप्लोमा अवस्थित चण्डेनी गाउँ स्वागतको सिर्सिरे हावाको चमर डोलाइरहेको अनुभव हुन्थ्यो । सुन्दर बस्तुको प्राप्ति र सौन्दर्यानुभूतिका लागि कष्ट सहन गर्न सक्नुपर्छ - जैसीथोकको विकट उकालो चढेर चण्डेनी भञ्ज्याङको थाप्लोमा पुग्दा मलाई यस्तै अनुभूति हुन्थ्यो । तल उत्तरतिरका बेंसीमा सुसाइरहेको इन्द्रावतीको हुङ्कार र पश्चिमी क्षितिज मुन्तिर आँखामा ठोक्किने नगरकोटका अग्ला डाँडाहरू, नजिकमा महादेवस्थान, ज्याम्दी, धाइटार, जोगीटार, आदि शान्त गाउँ बस्तीहरू र चण्डेनीमुनिको उत्तरी पाखाका साल, कट्टुस, ओखर र अरू वनस्पतिका विहड जङ्गल ! र, यी सबैको समष्टिरूप मण्डन !

मूलत: नेपाल थरका ब्राह्मण र अरू क्षेत्रीहरूको बाहुल्य रहेको मण्डनलाई जीवन्त राख्ने, जीवित राख्नेचाहिं सम्भवत: अरू नै थिए- दनुवार, घर्ती, माझी र यिनै जोगीहरू ! यिनकै पसिनाबाट यो ठाउँ जीवित थियो, जीवन्त थियो !

नेवारहरूको पनि एक दुई परिवार थियो । परम्परागत पेशा ब्यापार गर्थे उनीहरू । यिनैमध्ये एकजनाको ठूलै पसल थियो, चण्डेनीमा । नजिकका लामीडाँडा, पाँचखाल र अलि टाढाका धुलीखेल- बनेपा जान नसक्नेहरूका लागि यही बजारको आदिम रूप थियो । उनीहरूका सीमित दैनिक आवश्यकाका बस्तुहरू यही पसलले आपूर्ति गर्थ्यो । यही पसलबाट लगेर तल बेंसी र अन्यत्र गाउँका, घर्ती-माझी र जोगीहरू चुरोट, बिंडी र सलाईहरूसम्म पाइने नाङ्ले पसल थाप्थे आफ्नो गाउँ-टोलमा ।

त्यही पसलमा हाम्रो परिचय भएको थियो पहिलोपल्ट । त्यहाँ अलि सुकिलोमुकिलो देखिने एउटा नयाँ केटोलाई देखेर खड्गबहादुर जोगीले मेरा मामासँग सोधेका थिए - को हुन् यी नौला नानी ?

"यी ......! यी नानी शहरा' भाञ्जा हुन् ! मेरी बहिनीका छोरा । तँ त पुग्छस् होला नि फेरी लाउँदै !" उसको प्रश्नको जवाफ र थप प्रश्न पनि एकैसाथ निस्किएको थियो मेरा मामाको मुखबाट ।

"ए पुग्छु नि मालिक ! मेरै भागमा पर्छ भाञ्जाबाबुको घर गाउँ ।" उसले ठम्माएर भनेको थियो । त्यसरी त्यतिबेला उसको आत्मीय झैं मायालु प्रश्न र आफूबारे जान्न चाहने उसको जिज्ञासाबाट भित्रभित्रै म उससँग प्रभावित

भएको रहेछु । नबुझे पनि त्यतिबेला कानमा परेको फेरी लाउन खड्गबहादुर जोगी मेरो घरसम्म पनि पुगेका रहेछन् भन्ने दुईवटा कुरा चाहिं मेरो संझनामा रहिरहे ।

यसरी बाल्यावस्थाको एक कालखण्डमा त्यहाँको उन्मुक्त स्वच्छ हावा र जङ्गलका चराचुरुङ्गी अनि इन्द्रावतीका जलतरंग र त्यसका छातीमा तैरिने डुङ्गाभित्र विचरण गराएर गुजारेको थिएँ मैले । समवयस्क र केही जेठा-कान्छा दामुदाइ, पार्वती, सरस्वती, केशव हरि आदि आदिसँग दिनभर बराल्लिन्थ्यौं हामी ! काठको डुङ्गामा इन्द्रावतीको छातीमाथि हेल्लिन्थ्यौं र त्यसको सफा नीलो पानीमा मजासँग नुहाएर बगरको बालुवा वा चेप्टा ठूला ढुङ्गामाथि लम्पसार पल्टिन्थ्यौं । उखु पेल्ने याममा हामी उखु निचोर्ने कोलका गोरू लखेट्दै घुम्थ्यौं र सखर बनाउन रस तताउने ठूला ठूला रसेटाहरूमा आगो ताप्दै तात्तातो सखर जिभ्रो डाम्दै चाट्थ्यौं ।

जीवनकै स्वर्णिम त्यो कालखण्डको किशोर वयको मानसपटलमा अमिट छाप छाड्ने धेरै धेरै पात्रहरू अहिले पनि मस्तिष्कका पत्रबाट बाहिर निस्कन्छन् । र, आफूप्रति न्याय गर्न प्रेरित गरिरहेका हुन्छन् । यस्तै पात्र हुन यी खड्गबहादुर जोगी ।

त, यिनै खड्गबहादुर जोगी फेरी लाउँदै वर्षको दुईपल्ट मध्यरात र बिहानीपख मेरो घरवरिपरि घुम्थें । बराँठको सिंङ फुकेर भूतप्रेत बाँध्ने तथा भूतप्रेत र अनिष्टबाट सिङ्गो गाउँबस्ती र मुलुकलाई नै मुक्त गर्न रात्रिचर बन्थे । जय गोरखनाथको नाउँ सहित बिहानै सिधा ग्रहण गर्दै हिंड्थे । मध्य रातको निद्रा र नीरवता खलबल्याएर मेरा कानमा प्रतिध्वनित हुन्थे - खड्गबहादुर वा उनका भाइ बिर्खबहादुर र मेरै वयका छोरा जङ्गबहादुर जोगीका स्वरहरू । उनीहरूले खड्गबहादुर, बिर्खबहादुर र जङ्गबहादुरको आफ्नो नामलाई सके आफैंले पनि बिर्सिइसकेका होलान् । उनीहरूको सिङ्गो अस्तित्व अहिले खड्गे, बिर्खे र जङ्गेमा अडिरहेको थियो ।

किन किन म यिनीहरूसँग असाध्यै आकर्षित थिएँ । राती फेरी लाउँदा लाउँदैको अवस्थामा भेट्नुहुन्न उनीहरूमा भूतप्रेत चढेको हुन्छ भन्ने बाल्यकालदेखि नै सुनेको हाउले नरोक्ने भए रातमै उनीहरूलाई भेट्ने मेरो उत्कट इच्छा हुन्थ्यो । तर मनको कुन तहमा जमेर रहेको त्यो मनोवैज्ञानिक भयले त्यस उत्कट इच्छा मनमै दबाउन बाध्य हुन्थें ।

......आज कति घर भ्याउनुभयो त मामा ? भोलिपल्ट बिहान भने जय गोरखनाथको उद्घोष सहित राती फेरी लाएको दस्तुर धान, चामल र भेटी उठाउन आउनासाथ म उनलाई समाती हाल्थें ।

"कति भ्याउनु र नानी ! अरूअरू जोगी पुर्खाका अर्ती भुलेर चाँडै थाल्छन्, अबेरसम्म डुल्छन् र धेरै घर भ्याउँछन् । आफूलाई त्यस्तो गर्न चित्त बुझ्दैन, अनि तीस-चालीस घर-धुरी भ्याउन पनि हम्मे पर्छ ।" उनी आफ्नो विवशता र पुर्ख्यौली पेशागत इमान्दारीमा समेत क्षयोन्मुख प्रवृत्ति बढेको गुनासो एकै साथ पोखिदिन्छन् ।

"ए..... खासमा कतिबजेदेखि कतिबजेसम्म लाउनुपर्छ त फेरी मामा ? मेरो जिज्ञासा पनि बढ्छ ।

"बाबुले पनि मलाई अरूले जस्तै जिस्क्याउनु भएको त होइन ?" खड्गमामा एकाएक सतर्क भए । केटाकेटीले उल्याएर जिस्क्याए जस्तै मैले पनि उनलाई उपहास ठानेर जिस्क्याइरहेको त होइन ? उनको यो प्रश्न र शङ्का अस्वाभाविक पनि थिएन - उनी पाइला-पाइलामा अपमानित भएर हिंड्नुपर्थ्यो कुनै स्थान विशेषमा ।

"होइन .......... होइन मामा ! मैले साँच्चै जान्न चाहेको हुँ । मामालाई जिस्क्याएर मलाई के फाइदा हुन्छ र !"

"पुर्खादेखिको चलन हो बाबु ! मध्यरात बाह्रबजेदेखि बिहान उज्यालो हुनु अघि तीनबजेसम्म भूतप्रेतको बढी चलखेल हुन्छ भन्छन् । त्यही समयमा भूतप्रेत बाँध्नु पर्छ भनी भन्थे हाम्रा बाबुबाजे ! गोर्खा गएर गुरु गोरखनाथको मठमा गुरुमन्त्र लिंदा पनि गुरुले त्यसै भनेथे ।" उनको कुराले थाहा पाउँछु - गोरखनाथले चलाएका गोरखपन्थी मतका अनुयायी यी जोगीमामा र उनीजस्तै फेरी लाएर जीविका चलाउन पनि निश्चित नियम र आचरण अनुसरण गर्नुपर्दो रहेछ । बाह्र बर्षको उमेर पुगेपछि लोग्ने छोरालाई गोर्खा लगेर गुरुमन्त्र दिलाएपछि ऊ फेरी लाउन योग्य ठानिंदो रहेछ । त्यसपछि ऊ बाबुदाजुसँगै मध्यरामा घरघर घुमेर भूतप्रेत भगाउने क्रममा लाग्दोरहेछ ।

वर्षको दुईपल्ट फेरी लाउँदै आउने जोगीमामा कहिलेकाहीं हिउँद महिनामा ज्वानो र बेसार बेच्न पनि गाउँघर आउने गर्थे । त्यसरी बर्षको तीन-चार पटक भेटघाट भइरहने गरेका मामा एक पटक वर्षभर नै देखिएनन् । अरु पनि आएको थाहा भएन फेरी लाउन । त्यति वास्ता पनि भएन - आफू घर बाहिर गएको बेला पऱ्यो कि, उनीहरूको फेरी लाउने समय बद्लियो, खासै चासो पनि भएन । एक किसिमले उनको सम्झना मेरो स्मृतिमा पुरिंदै गयो ।

"जय गोरखनाथ ........ आकाशै बाँधौं ......... पाताले बाँधौं .........चारै किल्ला बाँधौं, चारै सुर बाँधौं ......!" एक रात फेरि त्यही चिरपरिचित आवाजको फेरीमन्त्र रातको निस्तब्धतामा प्रतिध्वनित भयो । अनुमान गरें, उनी पक्कै पनि जोगीमामा हुनुपर्छ । राती नै उनलाई भेट्ने उत्कट चाहना थियो, सोध्ने इच्छा थियो - कहाँ हराउनु भयो वर्षदिनसम्म ? तर रातमा उनीहरू भूतप्रेतद्वारा घेरिएका हुन्छन् भन्ने उही मनभित्रको भ्रामक भयका कारण त्यतिबेला मन मारेर बसें ।

"किन मामा, एक वर्षै हराउनु भयो नि ! के भयो ?" भोलिपल्ट फेरी लाएको सिधा लिन आएका उनको 'जय गोरखनाथ' उद्घोष सुन्नासाथ मैले बाहिर पुगेर सोधेंको थिएँ ।

"क्यार्नु भान्जा नानी ! अन्नपानीको शरीर त्यसमाथि अब त बुढ्यौलीले पनि घेरीहाल्यो । एक वर्षैजस्तो थलिएँ नि बिमारीले ! बल्ल अलि सञ्चो भएर आएँ बाबुहरूको घर आँगनमा !" उनले दुःख बिसाए ।

"आफूले नसक्दा छोरा- भतिजालाई पठाउनु भए पनि हुन्छ नि ! कति आफै दुःख गरिरहनु हुन्छ !" अलिकति सहानुभूति देखाउँदै भनें ।

"कहाँ बाबु, नयाँ केटाहरूलाई बाबुबाजेको पेशा र परम्परामा मन रमे पो ! त्यसमाथि यो पेशाले मात्र बाँच्न सकिने पनि होइन । जग्गाजमिन साहुका पञ्जामा परीहाले, गाउँमा अरू पेशा के नै पो छ र ! त्यसैले नयाँ केटाहरू त सबै मुग्लानतिर पो भास्सिदैछन् बाबु ! को बस्ने गाउँ पहाडमा ! पहिलाजस्तो श्रद्धा पनि त अब गर्दैनन् नि बाबु हामी फेरी-वाललाई !" जोगीमामा आफ्नो जातिका नयाँ पुस्तामा मूल्य-मान्यता र परम्पराप्रतिको उदासीनताप्रति चिन्तित पनि देखिन्छन् ।

हुन पनि मूल्य विघटन र परम्परागत प्रचलनप्रतिको अनास्था सबैतिर देखिदैछ - खासै औचित्यसिद्ध गर्न नसक्ने फेरीजस्ता परम्पराका त कुरै छाडौं । अर्थ, औचित्य र युगीन-मूल्य रहेका अभ्यास समेत छाडिँदैछन्; खुलापनको प्रवक्ताहरूद्वारा प्रोत्साहित भाषिक-सांस्कृतिक बाह्यप्रभावमा आफ्ना पनहरू, आफ्ना मूल्यहरू र आफ्ना मान्यताहरू बगिरहेका छन्, स्खलित भइरहेका छन् । तब खड्गबहादुर जोगीका जाति र परिवारमा यसको प्रभाव पर्नु अस्वाभाविक थिएन - उनीहरू स्वभावतः व्यवसाय र रोजगारीको नयाँ विकल्पको खोजीमा थिए । जंगबहादुरहरू परम्परा विपरीत छोरानातिको त्यो विकल्प खोजीप्रति सन्तुष्ट थिएनन् भन्ने चाहिं उनको अभिव्यक्तिबाट प्रष्टै बुझिन्थ्यो ।

"पृथ्वीनारान्का पालादेखिको काम हो नि नानी यो त ! अहिले चटक्कै छाड्न कसरी सकिन्छ र ! गुप्तचर र के के भनी घृणा गर्दा पनि नछुटेको पेशा के चटक्कै छुट्थ्यो र । हाम्रो शेषपछि भने चल्दैन होला । ...... यस वर्ष भाइ-भतिजालाई लिएर आएको छु, अर्को वर्ष आउन सकिएला जस्तो छैन !" जोगीमामा लामै अर्थ्याउँछन् ।

उनले एकपटक सुनाएका कुरा सम्झन्छु - यी जोगीहरूलाई काठमाडौंका केही मानिसले पृथ्वीनारायण शाहका गुप्तचर भन्दारहेछन् । पृथ्वीनारायण शाहले नेपाल एकीकरणका क्रममा उपत्यका विजय गर्नु कठिन कार्य थियो । उपत्यकाको बारेमा उनलाई कुनै सूचना र जानकारी थिएन । त्यहाँभित्र पसेर ती कुराहरू बुझ्नु पनि सहज थिएन । त्यसैले उनले एउटा जुक्ति निकालेछन् - गोरख सम्प्रदायका केही मानिसलाई भूतप्रेत भगाउने फिरन्ता साधुका भेषमा उपत्यकाभित्र पठाउने । झोलीतुम्बी बोकेर मध्यरातमा शङ्ख बजाउँदै भूत-प्रेत भगाउन आएका साधुहरूदेखेपछि धर्मभीरू उपत्यकावासीहरूले उनीहरूलाई स्वागत गर्दै प्रवेश दिने कुरामा पृथ्वीनारायण शाह विश्वस्त थिए । नभन्दै उनीहरूले स्वागत र प्रवेश पाए । दिइएको जिम्मेवारी अनुसार उनीहरूले कति सेना छ, सैनिक ब्यारेक कहाँ छ, अन्न पानीको आपूर्ति कहाँबाट र कसरी हुन्छ, राजा कहाँ बस्छन्, बाटोघाटो कस्तो छ भन्ने जस्ता यावत कुराको जानकारी बुझेर पृथ्वीनाराणको कानसम्म गोप्य रूपले पुऱ्याउने गरेछन् । नेपाल एकीकरणमा त्यसरी प्राण हत्केलामा राखेर गरेको योगदानस्वरूप नै उनीहरूलाई सन्तान दरसन्तान यही पेशा गर्ने र जीविकाका लागि विभिन्न ठाउँमा जग्गा

बिर्तासमेत पाउने व्यवस्था गरिदिएका रहेछन् । उनीहरूको यस्तै बिर्ता थियो जोगीमामा तर कालान्तरमा उनीहरूको स्वामित्वबाट ती जायजथा गाउँकै सामन्तहरूको हातमा पुगे । त्यसैले यिनीहरूलाई पृथ्वीनारायण शाहका गुप्तचर भनेर हेप्ने गरिएको रे । उनीहरूलाई, यो आरोप लाग्दा हीनताबोध नभएर बरू गर्वको अनुभव हुँदोरहेछ, माहानेपालको निर्माणमा सानै भए पनि सहयोगी बन्न पाएकोमा ! उनीहरूको यो भनाइ किम्बदन्ती मात्रै हो वा इतिहाससम्मत तथ्यहरू पनि यिनमा छन्, किटान गर्न सके कठिन छ ।

राष्ट्र निर्माणमा प्राण सुम्पने जंगेका परिवार मात्र होइन उसका- जस्ता सयौं-हजारौं परिवार इतिहासमा कतै देखापर्दैनन् - देखापर्छन् इतिहासका निर्माताहरू, राजा महाराजा र महासामन्तहरू ! जोगीमामाको कुरा सुनेर यस्तै यस्तै अनुभव भएथ्यो मलाई ।

इन्द्रावती अनवरत गतिमान छ र जोगीमामाको जीवन पद्धतिमा पनि अहिलेसम्म खास परिवर्तन देखिएको छैन । भविष्य यस्तै रहँदैन, त्यो पनि निश्चित छ- उपत्यकाको प्यासको बलि चढ्ने तर्खरमा इन्द्रावती पनि भोलि आजैको इन्द्रावती नरहन सक्छ । त्यसरी नै शोषक सामन्तहरूको पुस्तौंपुस्ता बलिचढेको जोगीमामाका सन्तान पनि यस्तै रहने छैनन् । उनीहरूमा कहिलेदेखि शोषण विरुद्धको ज्वालामुखी विष्फोट हुने हो, इन्द्रावतीको भविष्य गति जत्तिकै अनिश्चित छ, घोषणा गर्न नसकिने भविष्यवाणी जस्तै !

✽ ✽ ✽

# सम्पूर्ण क्रान्ति

सिंहदरबारको मूल प्रवेशद्वारमा गाडी पुग्नासाथ ढोका पालेदेखि सुरक्षा प्रहरी सबै सतर्क हुन्छन् । उनीहरूको फुर्तिलो स्यालुटलाई उनी खासै महत्त्व दिँदैनन् । उनी अखबार पढ्नमा व्यस्त रहेको बहाना गर्छन् । उनको अनुहारको भाव भने प्रष्ट देखिन्थ्यो- यिनीहरूको कर्तव्य नै हाम्रो सम्मान गर्नु हो, यस्तो कुरामा ध्यान दिइरहनु आवश्यक पनि छैन । अभिवादनको प्रत्युत्तर पदीय मर्यादा भित्र पर्दै पर्दैन ।

चिल्लो विदेशी गाडी सल्ल चिप्लँदै मूल प्रवेशद्वार भित्र छिर्छ र विशाल कार्यालय भवनको एक प्रखण्डको प्राङ्गणमा पुगेर कक्षप्रवेश गर्ने ढोकाको छेउमा पुगेर अडिन्छ । पाले, गार्ड र सुरक्षाकर्मीहरूमा हलचल मच्चिन्छ । सुरक्षा अधिकारी गाडीको अघिल्लो सिटबाट फुर्तिसाथ बाहिर निस्केर पछाडिको ढोका खोलिदिन्छ र स्यालुट हान्दै सतर्क भएर अटेन्सन उभिन्छ । उनी गाडीबाट बादशाही सानमा बाहिर निस्कन्छन् । बस्दा खुम्चिएको र खजमजिएको दौराको फेर र सुरुवालको मोहता तानतुन पारेर मिलाउँछन् । बेलायती ट्विडको दामी कोटको टाँक मिलाउँदै टलक्क टल्कने दामी इटालियन जुत्तामा नजर लाउँछन र कार्यालयको विशाल कक्ष भित्र प्रवेश गर्छन् ।

उनको प्रवेशसँगै सबै कर्मचारी र भेट्न आउने दर्शनार्थीहरूको भीडमा सलबलाहट र सतर्कताको तरङ्ग फैलन्छ । अभिवादनमा जम्ल्या- हातहरू जोडिँदै जान्छन् । दर्शन-नमस्कारको आवाजका समवेत स्वरहरू नाटकीय प्रभाव छाड्दै गुञ्जिन थाल्छन् । ती सबै सतर्कता, अभिवादनका विविध रूप, अदब र पदीय सम्मानका लागि नतमस्तक शिरहरूप्रति उनी ध्यान दिन आवश्यक ठान्दैनन् । ती जमिनमा घिस्रने तुच्छ जीव-समूह सरिका अस्तित्व भएकाहरू प्रत्युत्तर अभिवादन गर्नु उनको पदीय मर्यादा- शिष्टाचार विरुद्ध हुन्छ, उनी मनमनै यही ठहर गर्छन् ।

कार्यकक्षको बाहिर बसेको गार्ड जन्याकजुरुक उठेर स्यालुट ठोक्छ । अर्को छेउमा बसेको ढोकापाले पूरै झुकेर अभिवाद गर्छ र ढोका उघारिदिन्छ । उनी शक्तिमदले मस्त मत्ताहात्ती झैं कार्यकक्षभित्र छिर्छन् । गाडीबाट ब्रिफकेस बोकेर ल्याउने अर्दली उनकै पछिपछि भित्र पस्छ र त्यो ब्रिफकेस विशाल टेबिलको एक कुनामा राखेर अदबसाथ स्यालुट हान्दै निःशब्द अर्को कोठातिर पस्छ ।

उनी वातानुकूलित कक्षमा शरीरको कोटलाई अनावश्यक भार ठान्छन् र फुकालेर स्ट्याण्डको ह्याङ्गरमा झुण्ड्याउँछन् । कोट फुकाल्दा उनलाई बिहान घरमा श्रीमतीले कोट भिराइदिएको सम्झना हुन्छ र उनी सोच्छन्- एउटी केटी पीए चाहिएला जस्तो छ !

उनी सबैभन्दा पहिले अति आरामदायक विशाल आरामकुर्सीमा बस्ने काम सम्पन्न गर्छन् र केहीबेर आँखा चिम्लिएर सत्तासुखलाई आत्मसात गर्न थाल्छन् । केहीबेर पछि उठेर बस्छन् । उनी सन्तुष्ट छन् -ज्यान हत्केलामा थापेर गरेको सङ्घर्षको प्रतिफल सन्तोषजनक नै छ ! यो त अभ्यास र जीवनशैली परिवर्तनको प्रारम्भिक चरण न हो !

विशाल टेबिलको एक छेउमा रातो, सेतो, कालो विभिन्न रंगका चार-पाँचवटा टेलिफोन सेटहरू टलक्क टल्काएर राखिएका छन् । टेबिलमाथिको सिसा टलक्क टल्किएर ऐनाजस्तै देखिन्छ- अनुहार राम्ररी हेर्न सकिने । एक छेउमा सुन्दर कलमदानी, डायरी, नोटबुकहरू तहलाएर राखिएका छन् । कुर्सीको अलिपर कपडा झुण्ड्याउने आकर्षक स्ट्याण्ड र ह्याङ्गरहरू ! कोठाभरि टेक्नासाथ लचक्क भास्सिने महंगा विदेशी गलैंचा र भित्तामा पार्टीका नेताहरूको आदमकद तस्वीरहरू !

तिनै तस्वीरहरूका बीच टाँस्सिएको एउटा सूक्तिमा उनको आँखा बिझाउँछ- सादा जीवन, उच्च विचार ! त्यो देखेर उनी आफैंलाई गिज्याएको अनुभव गर्छन मानौं कसैले उनैलाई देखाउन त्यो टाँसिदिएको हो ।

उनको हात लामामध्येको एउटा टेलिफोनको रिसिभरमा पर्छ र इन्टरकमको अर्को टुंगोमा चट्याङ बजेजस्तै रिसाएको स्वर विष्फोट हुन्छ- तुरुन्त भित्र आउनोस् !

"हजूर !" कोठाभित्र पसेर निजी सचिव पर्सेको बोकोको म्याँ म्याँ जस्तै निरीह संबोधन गर्छ ।

"के टाँस्नु भएको त्यो ? यति सुन्दर पोर्ट्रेट र पेण्टिङको बीचमा त्यो कागत टाँसेर किन कोठालाई नै कुरूप बनाएको ! ल तुरुन्तै हटाइहाल्नोस् त्यसलाई !" बन्दुकबाट निस्किएको तातो गोली झैं निस्कन्छ उनको आदेश !

"कुन.... कुन हजूर ?" निजी सचिव अलमलिन्छन् । के झिक्ने ? के हटाउने भनेको भित्ताबाट ? कुनै अनावश्यक र कोठाको रूपै बिगार्ने कुरा त देखिंदैन !

"यस्तो मूर्ख भएर कसरी बन्नसक्नु हुन्छ तपाई मेरो निजी सचिव ! त्यति पनि बुझ्नुहुन्न ! के काम त्यो कागजमा टाँसेको कोटेसन यति सुन्दर तस्वीरहरूका बीच । यति सानो कुरा पनि बुझ्न नसक्ने इडियट !" उनी निजी सचिवको सातो खान्छन् ।

"माफ पाऊँ हजूर ! म निकाली हाल्छु !" जागिरको लागि हरकुरामा सम्झौता गर्दै आएका निजी सचिव आफ्नो कुनै गल्ती नहुँदा नहुँदै पनि माफी माग्छ ।

हुन त ऊ आफ्नै जोडले पीएमा सरुवा भएको हो । यो ठाउँमा भएर नै त उसले आफ्ना भाइबहिनी र छोराछोरी सबैलाई राम्रा-राम्रा ठाउँमा जागिर लाउन सकेको हो । छिमेकीका कति-कति पढेलेखेका योग्य केटाकेटी त्यसै लण्ठिएर रहेका छन् । चार-चार वर्ष लाएर एस.एल.सी गर्ने उसका बज्रस्वाँठहरू सबै बिकीसिके । त्यसमाथि शाखा अधिकृतको जागिरले सचिव-मन्त्रीको खर्च धानेको छ । राजधानीजस्तो ठाउँमा तीन-चार घडेरी र दुई-तीन बंगला बनिसके । यही पीए पदकै प्रभावले त हो ! नत्र कसले पत्याउँथ्यो । यो ठाउँ छाडेको भोलिपल्ट मरेको बाख्रोलाई उपियाँले छाडेजस्तो छाड्छन् सबैले । यही यथार्थबोधले नै उसलाई सबै अपमान र वचनवाण सहेर क्रीतदास बन्न हौसला दिन्छ । छन् नि अरू कति वचनवाण यसरी क्रीतदास बन्न नचाहेर सधैं अभावमा छट्पटाउनेहरू ! यही सबै सम्भेर ऊ उनको अपमानजनक आक्षेप र आरोपहरूलाई निधारको पसिना पुछेर फालेजस्तै फालिदिन्छ र भित्तामा टाँसिएको साधाजीवन उच्च विचारको पट् निकालेर आफूसँगै कोठाबाहिर लैजान्छन् ।

ऊ कहिलेकाही एक्लै एकान्तमा आफ्नै विगत सिंहावलोकन गर्छ । एउटा मध्यम वर्गको ऊ न सुख, न दुःखको स्थितिमा थियो । त्यही स्थितिमा साधारण विद्यालयमा र साधारण नै कलेजमा शिक्षा लिंदै आयो । उसको भन्दा तल्लो वर्गका दृष्टिमा ऊ सुखी थियो, सम्पन्न थियो । ऊ आफूभने माथिल्ला वर्गका अगाडि आफूलाई साह्रै हीन पाउँथ्यो, निरीह र तन्नम पाउँथ्यो । त्यही तल्लो र माथिल्लो वर्गको बीचमा ऊ माथिल्लो वर्गको जीवन भोग्ने इच्छा मनमै हुर्काइरहन्थ्यो र त्यो नपाउँदाको आक्रोशमा तल्ला वर्गप्रति सहानुभूतिशील बन्थ्यो, उनीहरूको दमित विद्रोह उकासेर नेतृत्व गर्ने चाहना राख्थ्यो ।

"यी शोषक वर्ग ! तपाई हाम्रै रगत चुसेर यिनका छोराछोरी महँगा स्कूलमा पढ्छन्, विदेशमा पढ्छन् । तपाई-हामीलाई हिलो छ्याप्दै चिल्लो कारमा गुड्छन् ! यिनका घरमा पालिएका कुकुर समेत दिनहुँ मासु- भात खान्छन् र गाडीमा गुड्छन् । तपाई हामी महिनौं हाड घोट्दा पनि दुई छाक र एक भुम्रो हात पार्न सक्तैनौं । यस्तो समाजलाई नष्ट पारौं, बद्लौं यो समाजलाई र तपाई हामी आफू जस्तैको राज्य बनाऔं, शासन चलाऔं ! तपाई हाम्रो सबैको हित गर्ने सरकार र व्यवस्था निर्माण गर्न आउनोस् हामी आन्दोलनमा जुटौं !" ऊ पनि आफू विद्यार्थी हुँदा यस्तै भाषण गर्थ्यो, विद्यार्थी संगठनका माध्यमबाट नवीन आर्थिक-सामाजिक-राजनीतिक पुनर्संरचनाको निमित्त आफूलाई समर्पण गरेको बताउँथ्यो ।

हो, त्यतिबेला उसको विद्यार्थी फाँटको नेता यिनै थिए, जसको अहिले ऊ निजी सचिव छ । उनी नै उसका आदर्श थिए । उनी ऊ जस्ता लाखौं मध्यमवर्गीय युवाहरूका आदर्श थिए नेता थिए । तल्ला तहका, तल्ला वर्गकाको त भन् हुने नै भए । उनी पनि उसकै वर्गका हुन् अर्थात्, निम्नमध्यम वर्गीय परिवारका । यो कुरा उसलाई राम्रैसँग थाहा थियो, उनको पनि उसकै जस्तो भित्री इच्छा आफ्नै मात्र वर्गपरिवर्तनकै लागि समर्पित होला भन्नेचाहिं उसले कल्पना गर्नसकेको थिएन । आफ्नो समयमा उनले ठूलै त्याग पनि गरेका हुन् ।

ज्यान हत्केलामा राखेर भूमिगत राजनीति गरे, संगठन विस्तार गरे, विदेशमा स्व-निर्वासित जीवन बिताए र कति समय जेल पनि बसे ।

ऊ आफूले भने त्यो सबै गर्न सकेन । विद्यार्थी जोस सकिए पछि पारिवारिक दबाबका कारण जागिरमा झुण्डियो । उसको वर्गीय चरित्रले पनि त्यसभन्दा माथि जान दिदैन थियो सायद ! ऊ वास्तवमा तल्लो वर्गलाई लिएर विरोध र विद्रोहमा उत्रन्थ्यो । तर उसको भित्री अभीष्ट हुन्थ्यो- उच्च वर्गले उपभोग गरेको सुविधा र जीवनशैली प्राप्त गर्ने । जागिरमा जस्तै ऊ वर्गीय स्थितिमा पनि पदोन्नति चाहन्थ्यो । उसको वर्गको वर्गीय चरित्र नै त्यही हो, यस कुरामा उसलाई कुनै भ्रम थिएन । यो वर्गीय चरित्र माथिल्लो वर्गको जीवनशैली उपभोग गर्न सक्ने अवस्थामा नपुगुन्जेल तिनको विरोधी बन्ने र त्यस विरोधका लागि आफूभन्दा तलको वर्गको संवेदनालाई हतियार बनाएर उनीहरूकै काँध चढेर सिँढी उक्लने ! यो वर्गीय चरित्र ऊ आफैंको पनि वर्गचरित्र हो, ऊ यसप्रति सचेत छ । अहिले उसलाई लाग्यो उनी पनि यही वर्ग चरित्र भित्रका उसको आफन्त नै रहेछन्, ऊ जस्तै उनी पनि सादा जीवन उच्च विचारको पूर्व आदर्शलाई फाटेको कोट जसरी नै फुकालेर फालिदिन समर्थ रहेछन् । आखिर उनी पनि उसकै वर्गका मानिस त हुन्- वर्षौं अभाव, दुःख र प्राणको भयबाट अब मुक्त भएपछि उनी पनि आफ्नो वर्गीय चाहनाको अभ्यन्तर इच्छापूर्तिमा युद्धरत छन् । यो प्रयासमा दोहोरो जीवन बाँच्न बाध्य उनी कहिले काहीं बोलीचाली र व्यवहारमा चिप्लिएको देख्दा उसलाई मनमनै मजा पनि लाग्छ - अझै मुखुण्डो ओढ्ने प्रयासमा छन् । जे होस उनले आफ्नो अभीष्ट पूरा गरेका छन्- उनको जीवनको सम्पूर्ण क्रान्ति !

"मन्त्रीजी त आइसक्नु भयो, कहिले भेट्न पाइने हो ?" भेटका लागि समय लिएर, नलिएर प्रतीक्षारत थुप्रै आगन्तुकहरुको प्रतिनिधि प्रश्न उसको सामु चुनौती बनेर उभिन्छ ।

"एक छिन त धैर्य गर्नोस् ... भर्खरै आउनु भएको छ, केही समयपछि त भेट पाइहाल्नुहुन्छ नि !" ऊ थामथुम पार्ने कोसिस गर्छ ।

"होइन, त्यसो भनेर कहाँ हुन्छ ! हाम्रो पनि त काम छ । समय लिएरै आएका हौं !" एउटा आक्रोश मिसिएको स्वर सुनिन्छ । ऊ मनमनै सोच्छ- यो प्रश्न कर्ता कि त उनको निर्वाचन क्षेत्रको ठूलै प्रभावशाली कार्यकर्ता हुनुपर्छ । नभए केन्द्रीय स्तरकै पार्टी कार्यकर्ता । नभए आफ्नो मर्का बिन्तिभाउ गर्दै न्यायको खोजीमा आउने निमुखा मतदाता भएको भए त्यति कड्किएको स्वरमा प्रश्न गर्नै सक्तैनथ्यो ।

"हजूर ...... भेट्न आउने थुप्रै हुनुहुन्छ !...... समय लिएरै आउने पनि हुनुहुन्छ, के गरौं ?" त्यो प्रभावशाली लाग्ने प्रश्न पछि ऊ पनि झस्किन्छ । यसलाई अवज्ञा गरौं, भोलि मन्त्रीलाई नै चुक्ली लाएर यहाँबाटै हटाइदियो भने के गर्ने ? हुम्ला जुम्ला पनि त पुर्‍याइदिन सक्छ । हिजोआज सबै नियम कानुन यिनै कार्यकर्ताको सिफारिशमा च्यातिन्छन्, भाँचिन्छन् । त्यसैले बरु उनको झपाराइ पाए पनि मसक्क सहन आँटेर उसले इण्टरकमबाट सोध्यो ।

"आज मेरो मुड ठीक छैन ! सबैलाई सम्झाएर फर्काइदिनोस्, भोलि भेटौंला ! कसैलाई पनि भेट्न सक्दिन आज म ।" उनी निर्णायात्मक आदेश दिन्छन् - मैले नभनी कसैलाई पनि भित्र नपठाउनु, बुझ्नुभयो !

अर्को समस्या आइपर्छ उसको अगाडि । हुनत उसले यस्ता समस्या हरेक दिनजस्तै भोग्नुपर्छ । तर आजभने भीड अलि बढी नै देखिन्छ र भेट्न आउने मध्ये कोही निकै पहुँचवाला पनि छन् कि भन्ने उसको अनुमान छ । यिनीहरूलाई चित्त बुझाएर फर्काउन महाभारत नै लडेजस्तो अनुभव हुन्छ उसलाई !

"आज मन्त्रीज्यू ज्यादै जरुरी काममा व्यस्त हुनुहुन्छ । त्यसैले कसैलाई पनि भेट दिन सक्नुहुन्न । भोलि यसैबेला पाल्नुहोस्, म भेट गराइदिन्छु !" तैपनि यो युद्ध त उसले लड्नै पर्छ । त्यसैले ऊ आँट गरेर भन्छ ।

"यत्रो समयदेखि कुराएर ........! यसकै लागि हो हामीले ज्यानको बाजी लगाएर जिताएको ? आज भेटसम्म पनि नपाउने भयौं हामीले !" भीडको आक्रोश पोखिन्छ ।

उसलाई पहिले नै अनुमान भइसकेको हो, आजका भेट्न आउनेहरू बडा जण्ड छन्, कसरी पो पन्छाउने हो !

"हेर्नोस्, कुरा बुझिदिनोस् ! आज उहाँ साच्चिचै व्यस्त हुनुहुन्छ ..... ! त्सैले उहाँको तर्फबाट म माफी माग्छु, भोलिलाई फरक पर्दैन !" ऊ जुम्ल्याहा हात गर्दै बिन्तीभाउ गर्छ । भोलि पनि के थाहा, मुड कस्तो हुने हो ? ऊ मनमनै अरु डराउँछ ।

पीए बस्नु पनि कम गाह्रो छैन, सम्झँदा त आजै भनूंजस्तो लाग्छ- मलाई अन्तै सारीदिनोस् हजूर ! बरु जहाँ पठाए पनि हुन्छ ! तर यी एक-दुई जोधाहा र यस्ता समस्याबाट आत्तियो भने अहिलेको फुर्ती र आमदानी पनि त सुक्छन् । ऊ आफैभित्र अँटिलो बन्न कोसिस गर्छ । मन्त्रीजी दाहिना हुन्जेल, पार्टीले आफ्नो ठान्नुन्जेल यिनीहरूसँग किन पो लत्रनु- तपाईहरू हल्लाखल्ला नगर्नोस्, त्यति हात जोडेर भन्दा पनि मान्नु- हुन्न भने पछि यस्तो भो, उस्तो भो नभन्नु होला !

निमुखा र न्यायको खोजीमा आएका सिधासाधाहरू उसको एकै धम्कीमा छार्तोस ठोके-के गर्नु आज यससँग झगडा गऱ्यो, भोलि झन समस्या थपिन्छ ! कहाँ गएर पोख्ने मनको पीडा !

एक-दुई अलि जिराहा अनुहार तैपनि उसलाई काँचै खाउँला- जस्तै अनुहार लाएर बसिनै रहे । उसले पनि देखायनदेख्यै गरेर बसिदियो, काममा व्यस्त देखाएर ।

"हजूर ! नबोलाई कसैलाई पनि भित्र नपठाउनु भन्नु भएको छ, के गर्ने ?" पीए धर्मसङ्कटमा पर्छ । सचिवज्यू सरासर ढोका खोलेर पस्नखोज्दा पालेले रोक्न सक्ने कुरै भएन, उसलाई के गरौं, कसो गरौं पऱ्यो । रोकुँ, सचिवजस्तो मान्छेलाई कसरी रोक्ने, सके जरुरी काम परेर नै मन्त्रीकहाँ पस्न खोजेका होलान् । नरोकुँ

आदेश नै त्यस्तै छ, पालना नगरे सचिवज्यूले पनि उनको क्रोधाग्निबाट जोगाउन सक्तैनन् । त्यसैले भएभरको आँट निकालेर भन्छ ।

सचिव रातो मुख पारेर फर्कन्छन्- यी सडकबाट सत्तामा आएकाहरू के सम्भन्छन् आफूलाई ? तर के गर्ने, अहिले यिनीहरूसंग टस गरेर पार पाइने होइन ! आफूजस्तै अरु कति तलुबा मिच्न पुग्छन् यिनकै, नियम मिचेर कमिसन जुटाइदिन्छन् र त अपमान गर्ने आँट पलाउँछ यिनीहरूमा । यिनीहरूलाई यो गर्न र नियम कानुनभन्दा माथिका शासक ठान्ने भ्रम जन्माइदिने हामी नै त हौं ! हामीले स्वार्थ त्यागेर कर्तव्य पालन गर्ने हो भने .....! केलाउछ यिनको ।

भित्र उनी लचकदार घुम्ने कुर्सीमा दिउँसै सपना देखिरहेका हुन्छन् । प्राय सपनामा उनी आफ्नो विगतबाट लखेटिन्छन्- तमोर खोलाको मुटु चिस्याउने तल फेदीबाट आएको सुसाइ, माथि अनकन्टार भीरमा पुलिसको बाघ-भम्टाबाट जोगिंदै हिंडेका छन् उनी । पुलिसको आँखा छल्दै छल्दै एउटा विपन्न हलीको आँगनमा पुगेका हुन्छन् र आफ्नै मुक्तिका लागि ज्यानको बाजी थापेर हिंडेको क्रान्तिकारी ठानेर त्यो हलीले उनलाई लुकाइदिन्छ ।

"ए..... भन ! कहाँ लुकाइस् त्यो अराष्ट्रिय तत्त्वलाई ? भर्खरै तेरै आँगनहुँदी आएको थियो त्यो । छिटो देखा, नत्र !" आँगनमा पुलिस-बुटको मुटु तर्साउनेआवाज तरङ्गित हुन्छ । पुलिसको हिंसक आवाज र प्रश्नले हलीको मात्र होइन छेउकै परालको अन्तरमा लुकेका उनलाई समेत शिताग्न बनाइदिन्छ ।

"को छ र साप् ! ..... यहाँ त कोही आएको छैन !" हली आफ्नै मुक्तिका लागि ज्यान जोगाएर भागेका क्रान्तिवीरलाई जोगाउन साहस गरेर भन्छ । जसरी हुन्छ उनलाई बचाउनु पर्छ, हलीको मनमा यो भाव दृढ रहेको पाएर उनी आश्वस्त बन्छन् ।

"किर्र ..... किर्र ......." टेबिलको टेलिफोनको घण्टीले उनी त्यो सपनाको अतीतबाट मुक्ति पाउँछन्- उफ ....... कहिल्यै नछाड्ने भयो यो विगत त्राशदीले पनि ! उनलाई त्यतिबेलाको डरलाग्दो स्थिति सम्भँदा भन्दा पनि त्यतिबेलाको संकटमा आफूलाई दुनियाँको कहर भेलेर बचाउने यस्तै हली-किसानहरूको निरीह आँखाले लखेटिरहन्छ । तर के गर्ने .... के नै गर्न सक्छ र ऊ उनीहरूका लागि ! त्यसमाथि एक मात्र हो र कति छन् कति यस्ता अनुहारहरू ! तिनलाई सम्भेर मात्र के गर्ने ? उनी बिर्सने भरमगदुर प्रयत्न गर्छन् ।

"हलो .....!"

"हजूर ... म क्वार्टरबाट मन्त्राणीज्यूको फोन !" पीएको अदबपूर्ण स्वर सुनिन्छ !

"ए ... ल दिनोस् !" उनी आदेश दिन्छन् ।

"हजूर बोलिस्या, हो ? ...."

"हो., किन मैयाँ ? के गर्नुपर्‍यो, ल भन !"

"केही होइन, एक्लै अल्छी लागेर ! बरु आइसिने होइन, आज संगै लञ्च खान सोल्टी जाउँला भनिस्याथ्यो नि, ! बिर्सीस्यो कि भनेर सम्भाउन गरेकी !"

"किन बिर्सन्थें नि, जनताको जस्तो हो र तिमीलाई दिएको वचन ! आइहाल्छु नि, ठीक परेर बस्नु ल ! ब्युटीपार्लर जान गाडी पठाइदिनु पर्ने हो कि ? .....ए गाडी त्यही छ, ल त म आउँछु !" उनी फ़ोन राख्छन् ।

कुर्सीबाट उठ्छन र भव्य सजावटयुक्त बाथरुम भित्र पस्छन् । कमोड टलक्क टल्किएको छ, पऱ्यो भने ऐनाको समेत काम लिन सकिने । अगाडि आदमकद ऐनामा उनी आफ्नै रूप र कस्सिएको देह देखेर मख्ख परे- नार्सिसस् जस्तै ! ऐनामा आफूले आफैंलाई चिन्न मुश्किल होलाजस्तो लाग्यो उनलाई- हिजोको लुरेदाउरे शरीरमा टम्म मासु भरिएर रातो पीरो देखिन्थे, चाउरी पर्न थालेको कान्तिहीन अनुहार आज टम्म मासु लागेर गालादेखि कञ्चटसम्म रगत चुहिएलाजस्तै देखिन्थ्यो । घिउरंगको लबेदा सुरुवाल र कलेजी रंगको ग्रेकोटमा छोपिएको उनको व्यक्तित्व हिजोकोसँग कतै मेल खाँदैनथ्यो । उनी आफैंलाई देखेर सोच्दैथिए - हामीले परिवर्तन त ठूलै ल्याएका हौं ! हाम्रो सम्पूर्ण क्रान्तिको परिणति यसभन्दा कति खोज्न सकिन्छ र !

उनलाई सिंगो जीवन साँच्चिकै सपनाजस्तो लाग्छ । हिजो जनताको घर आँगनमा उनकै स्नेहले पाइने मकै भट्मासमा अमृतको स्वाद भेट्ने उनी र उनका ती दिन, अनि लञ्च खान सोल्टी धाउने आजको यो हैसियत र यी दिन ! साँच्चै कति परिर्वतशील छ - समय, जीवन ! हिजो मायाले सुमसुम्याउने, भोकमा मकै-भटमासले सत्कार गर्ने र प्रहरीको क्रूरपञ्जाबाट जोगाउने ती दीनहीन अनुहारहरुलाई नलै छाडेर उनले कति ठूलो फड्को मारिसके, सम्झँदा उनी आफैंलाई विश्वास लाग्दैन । ओहो कति ठूलो परिवर्तन ! सिंगो संसार आफ्नो पाइताला मुनि भएको अनुभव हुन्छ उनलाई र लाग्छ उनको सपना पूरा भएको छ, सम्पूर्णक्रान्तिको सपना आज यथार्थ बनेको छ ! उनी गर्वले चुलिन्छन् !

❀ ❀ ❀

## आभार/ प्रकाशनक्रम

विश्वास / अविश्वास : त्रिरत्न, २०४५

हर्के केही बुझ्दैन : मधुपर्क, २०४६ भदौ, पूर्णाङ्क २४

आगोको फिलुङ्गो : गरिमा, २०४७ वैशाख, पूर्णाङ्क ८९

कोटाको सिकार : ध्वनि, २०४७ वैशाख-जेठ, वर्ष २६ अंक १/२

स्वतन्त्रताको मूल्य : मिर्मिरे कथाविशेषांक २०४७ असार-साउन पूर्णाङ्क ८३

पारू : नौलो कोसेली, २०४७ असोज, सामयिक सङ्कलन १०

छायामुक्ति : मधुपर्क, २०५३ मंसिर, पूर्णाङ्क २३०

भग्न आस्थाको खण्डहर : गरिमा, २०५३ माघ, पूर्णाङ्क १७०

एउटा निर्दोष प्रश्न : समकालीन कथा विशेषांक -२, २०५४ वैशाख-असार पूर्णाङ्क २६

युगयुगकी जानकी : मधुपर्क, २०५४ असार, पूर्णाङ्क ३३७

चर्केको घर : मधुपर्क, २०५५ असोज, पूर्णाङ्क ३५१

रणनीति : अनुराग, २०५५ मंसिर- माघ, वर्ष ७ अङ्क ११

धमिरो : मधुपर्क, २०५५ माघ, पूर्णाङ्क ३५५

रगतको फूल : गोधुली - ९, २०५५

बाढीमाथिको उडान : उत्साह त्रैमासिक, २०५६ साउन, पूर्णाङ्क ५५

द्रौपदी नियति : गरिमा, २०५६ असोज, पूर्णाङ्क २०२

सम्पूर्ण क्रान्ति : नौलो कोसेली, २०५६ असोज

जोगी मामा : मधुपर्क, २०५६ कार्तिक, पूर्णाङ्क ३६३



**जन्म:** २००८ असार, आरुवारी

**शिक्षा:** एम. ए., बी. एड.
पत्रकारितामा डिप्लोमा

**सेवा:** पत्रकारिता
(कार्यकारी सम्पादक, गोरखापत्र)
प्राध्यापन, पशुपति क्याम्पस

**सम्पादन :**

- साँ-ग्रिला (त्रैमासिक)
- सम्झना (भैरव-स्मृति अंक)
- बन्धु संगम १ र २
  (समसामयिक कविता संकलन)
- शैली पुस्तिका

**कृति:**

उपन्यास: होटल राँकीमा हत्या (२०३१)
अनि कुइरो फाट्छ (२०३६)
संस्कृति: डोटेली लोक संस्कृति (२०३९)
कथा: त्रिविध (संयुक्त, २०४४)
प्रयोग/प्रत्यारोपण (२०४७)
निबन्ध: अप्रिलको बेलायत (२०४५)
पत्रकारिता: समाचार सम्पादन (२०४५)

**बालसाहित्य :**

दयालु राजकुमार (२०४४)
सेवाका मूर्ति (२०४५)
अनौठो भूमिमा एलिस (२०५०)
हाम्रो वरिपरिको विज्ञान (२०५२)
बादलका बुट्टाहरु (२०५२)
हराएको मूर्ति (२०५६)

चालिसेले आफ्ना कथाहरुमा संघर्षस्थल अर्थात् परिवेशलाई बढी महत्व दिएका हुँदा कथाकारका रुपमा उनको प्रमुख विशेषता पनि परिवेश अर्थात भौतिक यथार्थको प्रकटीकरण देखिन्छ ।

**प्रा. मोहनराज शर्मा, त्रिविध ।**

२०३० साल पछिका वर्षमा कथा क्षेत्रमा देखिने चालिसे समाज-मनोविज्ञानका मूल्यहरुलाई जीवनसँग समन्वित गरेर उतार्ने कथाकार हुन् । नेपाली र नेपाली इतर समाजका सांस्कृतिक र सामाजिक मूल्यहरु चालिसेका कथाबाट आवश्यकताभन्दा बढ्ता कथात्मक कला प्रस्तुत गर्न सफल भएका छन् । चिन्तन र विश्लेषणका दृष्टिले प्रगतिमूलक मूल्य प्रस्तुत गर्ने चालिसे पनि नेपाली कथा जगत्मा एक सचेत र प्रखर प्रतिभाका रुपमा उपस्थित भइसकेका छन् भन्ने तथ्य उनका कथाले प्रमाणित गर्छन् ।

**- प्रा राजेन्द्र सुवेदी**
**रचना वैशाख-जेष्ठ, २०४५**

राष्ट्रिय दृष्टिकोण राखेर व्यापक रुपले सोच्दै समाजका स्वीकृति र विकृति, राम्रा र नराम्रा पक्षहरुलाई आफ्ना कथाका पात्रहरुको माध्यमबाट राम्ररी कथ्यात्मक अभिव्यक्ति दिन चालिसेले सफलता पाएका छन् ।

**- प्रा. घटराज भट्टराई**